o'

# नेपाली शिक्षक निर्देशिका

## कक्षा १०

लेखकहरू
डा.धनप्रसाद सुवेदी
ध्रुवप्रसाद ढुङ्गाना

२०७४

नेपाल सरकार

शिक्षा मन्त्रालय

पाठ्यक्रम विकास केन्द्र

सानोठिमी, भक्तपुर

**प्रकाशक**

नेपाल सरकार

शिक्षा मन्त्रालय

**पाठ्यक्रम विकास केन्द्र**

सानोठिमी, भक्तपुर

© पाठ्यक्रम विकास केन्द्र

**यस** शिक्षक निर्देशिकासम्बन्धी सम्पूर्ण अधिकार पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुरमा निहित छ । पाठ्यक्रम विकास केन्द्रको लिखित स्वीकृतिविना यसको पूरै वा आंशिक भाग हुबहु प्रकाशन गर्न, परिवर्तन गरेर प्रकाशन गर्न, कुनै विद्युतीय साधन वा अन्य प्रविधिबाट रेकर्ड गर्न र प्रतिलिपि निकाल्न पाइने छैन ।

प्रथम संस्करण - २०७४

मुद्रण

यस शिक्षक निर्देशिकासम्बन्धी पाठकहरूका कुनै पनि प्रकारका टिप्पणीहरू भएमा पाठ्यक्रम विकास केन्द्र, सम्पादन तथा प्रकाशन शाखामा पठाइदिनुहुन अनुरोध छ । पाठकहरूबाट आउने टिप्पणीहरूलाई यो केन्द्र स्वागत गर्दछ ।

## हाम्रो भनाइ

माध्यमिक शिक्षा पाठ्यक्रम (२०७१) अनुसार तयार गरिएको कक्षा १० को नेपाली पाठ्यपुस्तकका आधारमा यो शिक्षक निर्देशिका तयार गरिएको छ । पाठ्यपुस्तकमा रहेका विधाहरूलाई विभिन्न पाठ्यवस्तु र पाठ्य घन्टीमा विभाजन गरी प्रत्येक पाठ्यवस्तुका निम्ति अनुमानित घन्टीसमेत निर्धारण गरिएको छ । प्रत्येक पाठको अध्यापन कार्य सस्वरवाचन र शुद्धोच्चारणबाट आरम्भ गरी सामान्यतया पाठको अन्तमा पाठयक्रमले निर्धारण गरेका र पाठ्यपुस्तकमा समावेश भएका व्याकरणको अध्यापन गर्ने गरी यो निर्देशिका तयार गरिएको छ । व्याकरणको अध्यापन गर्दा सकेसम्म उदाहरणहरूलाई पढाइएको पाठबाट नै दिनु उपयुक्त हुने छ । यस्तै विद्यार्थीहरूलाई पनि उदाहरण खोज्न लगाउँदा उनीहरूले पढेका पाठबाट नै खोज्न लगाउन सकियो भने उनीहरूमा व्याकरणलाई छुट्टै एकल रूपमा हेर्ने र अध्ययन गर्ने बानीको सट्टा भाषागत एकीकृत रूपमा व्याकरण अध्ययन गर्ने बानीको विकास हुने छ । विद्यार्थीहरूलाई शिक्षण सिकाइमा अधिकतम सहभागी गराउन शिक्षकलाई सहयोग मिलोस् भन्ने उद्देश्यले शिक्षक निर्देशिकाका अघि विभिन्न पाठहरू (एकाइ) मा विविध क्रियाकलापलाई समावेश गरिएको छ । शिक्षण सिकाइबाट विद्यार्थीहरूमा सिर्जनशीलता र आत्मविश्वास जाग्नुका साथै भाषालाई शुद्धसँग सुन्न, बोल्न, पढ्न र लेख्न सक्ने दक्षताको विकास हुन सकोस् भन्ने लक्ष्य पनि त्यत्तिकै रहेको छ ।

व्याख्यान विधिभन्दा खोज, अनुसन्धान, छलफल, प्रश्नोत्तर आदि अध्यापन विधिबाट कक्षाकोठामा अध्यापन गर्न सकियो भने सिकाइ प्रभावकारी हुने छ । किनभने भाषाको सुनाइ सिपको विकास गर्न सुन्नु नै पर्छ भने लेखाइ सिपको विकासका लागि पनि स्वयम्ले नै लेख्नुपर्छ । यस्तै पढाइ सिपको विकासका लागि बोलेर वा सुनेर वाञ्छित मात्रामा पढाइ सिप हासिल गर्न सकिँदैन । अत: भाषिक चार ओटै सिपको विकासमा विद्यार्थीहरूलाई अधिक मात्रामा सहभागी गराउन शिक्षकलाई मदत मिल्न सकोस् भन्ने उद्देश्यले शिक्षक निर्देशिकाका पाठका क्रियाकलापहरूलाई समायोजन गरिएको छ । निर्देशिकालाई यस स्वरुपमा ल्याउन केन्द्रका कार्यकारी निर्देशक कृष्णप्रसाद काप्री तथा विषय समितिका अध्यक्ष प्रा.डा.रमेशप्रसाद भट्टराई, डा. नवराज कट्टेल, डा.गीता खरेल, जानुका पौडेल, नारायणजङ्ग थापा, रेणुका पाण्डेलगायतका महानुभावहरूको महत्त्वपूर्ण योगदान रहेको छ । यसको विषयवस्तु सम्पादन रजनी धिमाल र भाषा सम्पादन चिनाकुमारी निरौलाबाट भएको हो । निर्देशिका विकास कार्यमा संलग्न सबैप्रति केन्द्र कृतज्ञता ज्ञापन गर्दछ ।

पाठ र पाठअन्तर्गतका क्रियाकलापहरूलाई निर्धारण गरिएका घन्टीहरू अनुमानित मात्र हुन् । अनुभवी शिक्षकहरूले शिक्षण सिकाइको क्रममा आवश्यकताअनुसार थपघट गरी परिवर्तन गर्न सक्नुहुने छ । यस्तै पाठअन्तर्गत उल्लेख गरिएका क्रियाकलापहरू पनि नमुनाका लागि रहेका छन् । अध्यापनको क्रममा अन्य क्रियाकलापहरू आवश्यक ठानिएको खण्डमा थप्न र अनावश्यक भएका क्रियाकलापलाई छोटो गराउन पनि सक्नुहुने छ । उदाहरणका लागि जीवनी अध्यापनका क्रममा दिइएका केही क्रियाकलापहरू शिक्षकलाई आवश्यक लाग्यो भने अन्य विधाको अध्यापनमा पनि प्रयोग गर्न सकिने छ । यस्तै कुनै पाठमा रहेको ‘बुँदाटिपोट’ क्रियाकलापलाई अन्य पाठमा पनि उत्तिकै प्रयोग गर्न सकिने छ । कक्षा १० मा समावेश भएका विधामा सम्बन्धित विधाको जानकारी दिने उद्देश्यले विधा परिचय दिइरहेको छ । सकेसम्म यस निर्देशिकालाई निर्माण गर्दा कक्षा १० को नेपाली पाठ्यपुस्तकलाई अध्यापन गर्ने शिक्षकलाई सहयोग पुगोस् भनी प्रशस्त प्रयास गरिएको छ । यसलाई अझ राम्रो र परिष्कृत गराउन यसका प्रयोक्ताबाट आगामी दिनमा प्राप्त हुने अमूल्य सुझाव र टिप्पणीलाई पाठ्यक्रम विकास केन्द्र हार्दिक स्वागत गर्दछ ।

शिक्षा मन्त्रालय

पाठ्यक्रम विकास केन्द्र

सानोठिमी, भक्तपुर

# विषयसूची

| क्र.सं. | पाठशीर्षक | विधा | पृष्ठसङ्ख्या |
|---|---|---|---|
| १. | जन्मभूमि | कथा | |
| २. | सन्तुष्टि | कविता | |
| ३. | सन्दुक रुइत | जीवनी | |
| ४. | थाङ्का | निबन्ध | |
| ५. | म पनि सक्छु | मनोवाद | |
| ६. | व्यापारिक चिठी | चिठी | |
| ७. | प्रत्यागमन | कथा | |
| ८. | वर्षा | कविता | |
| ९. | हाम्रो संस्कृति | निबन्ध | |
| १०. | स्थानीयकरणभन्दा व्यापारीकरण वेश | वादविवाद | |
| ११. | लक्ष्मीपूजा | कथा | |
| १२. | क्लारा जेटकिन | कथा | |
| १३. | जय भुँडी | निबन्ध | |
| १४. | म सडक बोल्दै छु | कविता | |
| १५. | टीका | एकाङ्की | |
| १६. | माउजङ बाबुसाहेबको कोट | कथा | |

## पाठगत पाठ्यभार वितरण तालिका (अनुमानित)

| पाठ | पाठ शीर्षक | विधा | अनुमानित पाठ्यभार |
|---|---|---|---|
| १ | जन्मभूमि | कथा | ११ |
| २ | सन्तुष्टि | कविता | ११ |
| ३. | सन्दुक रुइत | जीवनी | ११ |
| ४. | थाङ्का | प्रबन्ध | ९ |
| ५. | म पनि गर्न सक्छु | मनोवाद | १० |
| ६. | व्यापारिक चिठी | चिठी | १० |
| ७. | प्रत्यागमन | कथा | ११ |
| ८. | वर्षा | कविता | ११ |
| ९. | हाम्रो संस्कृति | प्रबन्ध | १२ |
| १०. | स्थानीयकरणभन्दा व्यापीकरण बेस | वादविवाद | १२ |
| ११. | लक्ष्मीपूजा | कथा | १२ |
| १२. | क्लारा जेटकिन | जीवनी | १० |
| १३. | जय भुँडी | निबन्ध | १० |
| १४. | म सडक बोल्दै छु | कविता | १० |
| १५. | टीका | एकाङ्की | १० |
| १६. | माउजङ बाबुसाहेबको कोट | कथा | १० |
| | जम्मा | | १७० |

## सिकाइ सहजीकरण प्रक्रिया गराउँदा भाषा शिक्षकले विशेष ध्यान दिनुपर्ने कुराहरू

### १. समूह निर्माण गर्दा

- युग्म समूह निर्माण गर्दा समान्यत: एक जना छात्र र एक जना छात्रा तथा सिकाइ क्षमता कम र बढी भएको आधारमा गर्नुपर्ने हुन्छ ।
- दुईभन्दा बढी विद्यार्थीको समूह निर्माण गर्दा लिङ्गीय, जातीय, भाषिक, अपाङ्गता, कम जान्ने, अधिक जान्ने आदि सबै खाले विद्यार्थीलाई समूहभित्र समेट्ने गरी समावेशी समूह निर्माण गर्नुपर्छ ।
- एउटा क्रियाकलाप गराउँदा बनाएको समूहलाई नै अर्को क्रियाकलाप गराउँदा पनि निरन्तरता नदिई सामान्यत: अर्को क्रियाकलाप गराउँदा समूह सदस्यमा हेरफेर गर्नुपर्छ ।
- भाषिक त्रुटि पहिचान गर्ने काममा समान मातृभाषा बोल्ने विद्यार्थीहरूलाई एउटै समूहमा राख्नुपर्छ ।

### २. समूहको समूह नेता छनोट गर्दा

- समूह क्रियाकलापका लागि समूहको समूह नेता छनोट गर्दा फरक फरक क्रियाकलापमा फरक फरक विद्यार्थी समूह नेता बन्नुपर्ने प्रावधान बनाई त्यसलाई अनिवार्य रूपमा लागु गर्ने संस्कारको विकास गर्नुपर्छ ।
- समूह नेता समूहका सदस्यलाई समन्वय गरी तोकिएको समयभित्र काम सम्पन्न गराउन सहयोग पुऱ्याउने नेतृत्वकर्ता हो भन्ने बोध विद्यार्थीका बिचमा गराउनुपर्दछ । ऊ नै प्रस्ततुतकर्ता हो भन्ने बोध भएमा समूहका बाँकी सदस्य निष्क्रिय रहने सम्भावना बढी हुन्छ ।

### ३. विद्यार्थी क्रियाकलापको प्रस्तुतीकरण गर्दा र गराउँदा

- समूहले गरेको कार्यको प्रस्तुतीकरण गराउँदा समूह कार्य सम्पन्न भइसकेपछि मात्र समूहका सदस्यमध्येबाट गोला प्रथा गराई प्रस्तुतकर्ता छनोट गर्ने परम्पराको विकास गर्नुपर्छ । यसले गर्दा प्रस्तुतीकरणको काम मेरो भागमा

पनि पर्न सक्छ भन्ने ठानी सबै सदस्यहरू उत्तिकै मात्रामा सचेत भई समूह कार्यमा सक्रिय हुन्छन् ।

- अघिल्लो क्रियाकलापमा प्रस्तुतकर्ता भइसकेको समूह सदस्य भएमा उसलाई छोडेर अरू सदस्यका बिचमा मात्र गोला प्रथा गराउनुपर्दछ । यसले गर्दा सबै विद्यार्थीलाई प्रस्तुतीकरण गर्ने समान सहभागिताको अवसर प्राप्त हुन्छ ।

- गोला प्रथा विधिबाट छनोट भएको प्रस्तुतकर्ताले आफ्नै समूहबाट एक जना सहयोगी लिन सक्ने प्रावधान राख्नुपर्छ । यसो गर्दा प्रस्तुतकर्ता प्रस्तुतिको क्रममा अलमलिएमा सो सहयोगीले विषयवस्तुलाई स्पष्ट पार्ने काममा सहयोग गर्न सक्छ भन्ने विश्वास हुँदा प्रस्तुतकर्ता स्वयम्को आत्मबलमा वृद्धि आउने गर्दछ । साथै समूहको प्रस्तुति पनि प्रभावकारी हुन्छ ।

- समूह कार्यको प्रस्तुतीकरण गर्दा समान्यत: कक्षा अगाडि आएर प्रस्तुत गर्ने मौका दिनुपर्छ र विषयवस्तुको प्रस्तुति गर्नुअघि सबैलाई नमस्कार गर्दै प्रस्तुतकर्ताको नाम, प्रस्तुत गरिने कार्यको विषय, समूह सदस्यहरूको नाम भन्नुपर्ने जस्ता व्यवहार कुशल सिपको उपयोग गर्नुपर्ने नियम राख्नुपर्दछ ।

- हरेक समूह कार्यको प्रस्तुति लगत्तै अन्य समूहलाई पालैपालो सो प्रस्तुतिका सम्बन्धमा टिप्पणी गर्ने मौका दिनुपर्छ । यसरी टिप्पणी गर्दा पहिला सबल पक्षहरू र पछि मात्र सुधार गर्नुपर्ने पक्षहरूलाई भन्नुपर्ने व्यवहार कुशल सिपको संस्कारलाई विकास गराउनुपर्छ ।

- टिप्पणी कार्य सकिएपछि सो समूहको कार्य प्रस्तुतिका लागि ताली बजाई सम्मान गर्ने बानीको समेत विकास गराउनुपर्छ ।

### ४. शिक्षकले सहजीकरण गर्दा

- वर्तमान पाठ्यक्रममा ''शिक्षण सिकाइ क्रियाकलाप'' भन्ने पुरानो पाठ्यक्रमको पदावलीलाई हटाई त्यसको सट्टा ''सिकाइ सहजीकरण प्रक्रिया'' राख्नुको अर्थ कक्षामा शिक्षकको काम केवल पढाई दिने मात्र होइन । उसले त जो कक्षामा धेरै जान्ने छन् तिनीहरूलाई हैन कि जो विद्यार्थीहरू सिकाइमा पछि परेका छन् तिनीहरूलाई बढी र विशेष ध्यान दिई थप सिकाइका लागि सबै प्रकारका सहयोग उपलब्ध गराउने हो भन्ने कुरा राम्ररी बुझ्नुपर्छ ।

- सहजीकरण गर्दा शिक्षकले अवलोकनकर्ता, निर्देशनकर्ता, परामर्शदाता र सहयोगीको भूमिका निर्वाह गर्नुपर्छ ।

- विद्यार्थीहरूले समूह वा एकल कार्य गर्दा सबैतिर उत्तिकै ध्यान पुऱ्याई जहाँ विद्यार्थीहरू वा समूह अलमलमा परेका छन्, त्यहाँ पुगी समस्या समाधानमा सहयोग पुऱ्याउनुपर्दछ ।

- सहजीकरण गर्दा विशेष गरी अपाङ्गता भएका, ढिलो सिकाइ क्षमता रहेका र इतर नेपाली मातृभाषा भएका विद्यार्थीहरूलाई विशेष ध्यान दिई आवश्यक सहयोग पुऱ्याउनुपर्छ ।

- यस्तो सहजीकरण कार्यमा सहपाठी सिकाइ (धेरै जान्ने विद्यार्थीले कम जान्ने विद्यार्थी साथीलाई सहयोगात्मक सिकाइ गर्ने) पद्धतिको उपयोगमा पनि जोड दिनु ज्यँदै प्रभावकारी हुन्छ ।

### ५. पृष्ठपोषण दिँदा

- विद्यार्थीहरूबाट हरेक क्रियाकलाप प्रस्तुत गरेपछि शिक्षकले सबभन्दा पहिले उनीहरूले गरेका राम्रा पक्षहरूको प्रशंसा गर्नुपर्छ । सुधार गर्नुपर्ने पक्षहरूलाई स्पष्ट पँर्दै सुधारात्मक शिक्षण गर्नुपर्छ र अन्त्यमा फेरि पछिका दिनमा थप सुधार हुने आत्मबल प्रदान गर्दै सबलीकरण गर्नुपर्छ ।

- स्मरण रहोस् सुधार गर्नुपर्ने पक्षहरूमा विद्यार्थीलाई व्यक्तिगत रूपमा नाम नलिई वा सङ्केत नगरी समग्र विद्यार्थीलाई भने जस्तो गरी पृष्ठपोषण दिनुपर्छ ।

### ६. दैनिक विद्यार्थी मूल्याङ्कन गर्दा

- विद्यार्थीहरूको कक्षा मूल्याङ्कन कार्य हरेक दिनको पूरै पाठको अध्यापनपछि अर्को कुनै प्रश्नहरू सोधेर लिखित अभिव्यक्तिलाई मात्र आधार मानी मूल्याङ्कन गर्ने परम्परा रही आएकामा त्यसलाई चिर्दै हरेक क्रियाकलाप सम्पन्न गरेपछि विद्यार्थीहरूले सम्पन्न गरेका हरेक क्रियाकलापको अन्त्यमा एउटा व्यक्ति वा समूहले प्रस्तुत गरेको कार्य कस्तो भयो र प्रस्तुतकर्ताले कुन कुन कुरामा सुधार गर्नुपर्छ भनी अरू विद्यार्थीहरूबाट नै मूल्याङ्कन गर्ने कार्यका लागि प्रोत्साहित गर्नुपर्छ ।

- शिक्षकले विशेष गरी सुधारात्मक शिक्षण कार्यका लागि कक्षा मूल्याङ्कन कार्यलाई उपयोग गर्नुपर्छ ।

- अभिलेखका लागि मूल्याङ्कन गर्दा भने विद्यार्थीहरूले हरेक कक्षा क्रियाकलापहरू गर्दै गर्दा उनीहरूको बोध पक्ष (सुनाइ र पढाइ), अभिव्यक्ति पक्ष (बोलाइ र लेखाइ), कक्षा कार्यमा सक्रियता एवम् सहभागिता, सिर्जनात्मक कार्य, समालोचनात्मक चिन्तन, प्रस्तुतीकरण शैली, व्यावहारिक परिवर्तन आदि समग्र पक्षको अवलोकन गरी व्यक्तिगत मूल्याङ्कन अभिलेख राख्नुपर्छ ।

- धेरै विद्यार्थीहरू भएका कक्षामा भने कतिपय लिखित सामग्रीलाई विद्यार्थीहरूमा एक आपसमा वा समूहमा साटासाट गराई मूल्याङ्कन कार्य सम्पादन गर्न सकिन्छ ।

## ७. गृहकार्य, परियोजना कार्य वा सिर्जनात्मक कार्य दिँदा

- सामान्य अर्थमा गृहकार्य भन्नाले विद्यार्थीलाई घरमा गएर गर्न दिने कार्य हो । यस्तो कार्य दिँदा विशेष गरी विषयवस्तु जति कक्षामा सिकाउने र पाठमा भएका अभ्यासहरूलाई जतिसक्दो बढी दिने चलन छ । यस्तो कार्यको अन्त्य गरी पाठमा भएका अभ्यास कार्यलाई कक्षा क्रियाकलापमा नै समायोजन गरी क्रियाकलापमुखी कार्य गाउनु पर्दछ ।

- निर्धारित समयभित्र पाठमा दिइएका केही अभ्यासलाई कक्षा क्रियाकलापमा समेट्न नसकिएको अवस्था वा कुनै विषयवस्तुमा बढी अभ्यास गराउनुपर्ने भएको स्थिति वा धेरै दिन विद्यालयमा विभिन्न कारणले उपस्थित हुन नसकेका विद्यार्थीका हकमा मात्र गृहकार्य दिनु उपयुक्त हुन्छ ।

  अर्को ध्यान दिनुपर्ने कुरा के छ भने एउटा विषयको गृहकार्य विशेषत: आधा घन्टाभन्दा बढी समयको लागि दिनु हुँदैन किनभने नेपाली भाषा विषय बाहेकका अन्य विषयको पनि गृहकार्यको बोझ विद्यार्थीमा हुन्छ भन्ने कुरालाई मनन् गर्नुपर्छ ।

- परियोजना कार्य भनेको विद्यार्थीले आफैँले सोधखोज, अध्ययन, अनुसन्धान गरी दिइएको विषयवस्तु सम्बन्धित कार्य सम्पादन गरी त्यसको लिखित वा मौखिक प्रतिवेदन पेस गर्ने कार्य हो । यस किसिमको कार्यबाट विद्यार्थीले आफैँले गरेर सिक्ने बानीको विकास हुन्छ र यस्तो सिकाइ पनि दिगो हुन्छ । यसका अतिरिक्त परियोजना कार्यले विद्यार्थीमा प्रभावकारी सञ्चार तथा अन्तरवैयक्तिक सम्बन्धी सिप, निर्णय तथा समालोचनात्मक सोचाइ सम्बन्धी सिप र आत्म व्यवस्थापन सम्बन्धी सिप आदि जीवनोपयोगी सिपहरूको विकासमा पनि सहयोग पुऱ्याउँछ । त्यसैले विद्यार्थीलाई गृहकार्यलाई भन्दा भाषिक सिप विकास सम्बन्धी परियोजना कार्यमा जोड दिनु उत्तम हुन्छ ।

- सिर्जनात्मक कार्य भनेको विद्यार्थीले  आफ्नै मौलिक शिल्प र शैलीको प्रयोग गरी सिकाइमा प्रभावकारिता ल्याउने तरिका हो । यस किसिमको कार्य दिँदा विद्यार्थीको अन्तर्निहित प्रतिभाको विकास हुनुका साथै विद्यार्थीहरूमा तार्किक एवम् कल्पनात्मक क्षमताको विकासमा पनि ठुलो मदत पुऱ्याउँछ । त्यसैले यसलाई पनि गृहकार्यको रूपमा दिनु प्रभावकारी हुन्छ ।

- स्मरण रहोस् सबै किसिमका गृहकार्यलाई काम गर्न दिने मात्र दिने होइन कि अर्को दिनको कक्षामा प्रस्तुतीकरण गर्ने अवसर दिनु अनिवार्य हुन्छ ।

## ८. पठन सिप विकासका सम्बन्धमा

शैक्षिक गुणस्तर परीक्षण केन्द्रको प्रतिवेदनबाट हाम्रा आधारभूत तहका विद्यालयमा नेपाली भाषा विषय तर्फ विशेष गरी विद्यार्थीको पठन सिपको गुणस्तर ज्यादै निम्न रहेको देखाएको छ । यसै सन्दर्भमा विद्यालयमा शिक्षकले स्वयम् पढ्ने र विद्यार्थीलाई सस्वर शुद्ध पढ्ने अभ्यास गराउने पक्षमा बेवास्ता गर्ने परम्परलाई चटक्कै त्यागनुपर्ने देखिन्छ । शिक्षकले पाठका कुनै अंशको नमुना वा आदर्श वाचन बाहेक सबै पठन क्रियाकलापमा विद्यार्थीलाई नै अनिवार्य रूपमा सहभागी गराउने क्रियाकलापमा जोड दिनुपर्ने छ ।

## ९. सुनाइ र बोलाइ सिपको परीक्षणका सम्बन्धमा

पाठ्यक्रमले तोकेअनुसारको ढाँचामा विद्यार्थीको सुनाइ र बोलाइ पक्षको प्रयोगात्मक मूल्याङ्कनका लागि पाठगत रूपमा निर्धारण भएका सुनाइ बोलाइका क्रियाकलापमा प्रशस्त अभ्यास गराउनुपर्ने हुन्छ । कक्षा ९ र १० मा २५ प्रतिशत प्रयोगात्मक मूल्याङ्कनको व्यवस्था भएकाले पाठगत रूपमा निर्धारण भएका क्रियाकलापमा सुनाइ र बोलाइका क्रियाकलापलाई एकीकृत रूपमा अभ्यास गराउनुपर्ने छ ।

## १०. शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोग सम्बन्धमा

यस निर्देशिकामा शैक्षणिक सामग्रीको रूपमा गोजीतालिका, फलाटिन पाटी जस्ता सामग्रीलाई उल्लेख गरिए पनि सूचना प्रविधिको पहुँच पुगेको स्थानमा सुनाइ र बोलाइ शिक्षणका लागि मोबाइलको उपयोग गर्न सकिन्छ भने विभिन्न नमुना

सामग्री र लेख्ने तरिकाका निर्देशन दिनका लागि पावर प्वाइन्ट प्रोजेक्टरको आदिको प्रयोग गर्दा बढी प्रभावकारी र उपयोगी हुन्छ । जहाँ इन्टरनेटको सुविधा छ, त्यहाँ कतिपय सन्दर्भ र शैक्षणिक सामग्री त्यहींबाट डाउनलोड गरी सिकाइलाई दिगो बनाउने प्रयास पनि गर्न सकिन्छ ।

## ११. शिक्षक निर्देशिकाको सम्बन्धमा

यो निर्देशिका शिक्षकका लागि आधारभूत साधन हो । शिक्षक आफैँ साध्य हो । पाठ्यपुस्तकमा भएका पाठहरूलाई आधार मानी यो शिक्षक निर्देशिका तयार पारिएको हो ।  पाठ्यपुस्तकमा रहेका विधाहरूलाई विभिन्न पाठ्यवस्तु र पाठ्यघन्टीमा विभाजन गरी प्रत्येक पाठ्यवस्तुलाई अनुमानित घन्टी समेत निर्धारण गरिएको छ । यस निर्देशिकामा भएका पाठ्यवस्तु विभाजन योजना नमुनाका रूपमा भएकाले यसलाई आधार मानी यसभन्दा थप प्रभावकारी गर्नका लागि आवश्यकतानुसारका विषयवस्तु र सिकाइ सहजीकरण प्रक्रिया अपनाउन सकिने छ ।

**पाठ : एक**

**कथा** **जन्मभूमि**

एकाइगत पाठ्यवस्तु विभाजन योजना

| क्र.स. | पाठ्यवस्तुहरू | पाठ्यभार |
|---|---|---|
| १ | सस्वरवाचन र शुद्धोच्चारण | १ |
| २ | शब्दार्थ शिक्षण र वाक्यमा प्रयोग | १ |
| ३ | श्रुतिबोध र पठन बोध | १ |
| ४ | छोटो उत्तर लेखन | १ |
| ५ | बुँदा टिपोट र सारांश लेखन | १ |
| ६ | घटना वर्णन र निर्देशित कथा लेखन | १ |
| ७ | लामो उत्तर लेखन | २ |
| ८ | कार्यमूलक व्याकरण (धातु : सामान्य, नाम र प्रेरणार्थक) पहिचान र प्रयोग | १ |
| ९ | कार्यमूलक व्याकरण (निपात र विस्मयादिबोधक शब्द पहिचान र प्रयोग) | १ |
| १० | दुर्व्यसन र लागु औषधीका बारेमा अभिव्यक्ति | १ |
| जम्मा | | ११ |

**दिन : पहिलो** **समय ४५ मिनेट**

**पाठ शीर्षक : जन्मभूमि (कथा)**
**पाठ्यवस्तु : सस्वरवाचन र शुद्धोच्चारण**
**अपेक्षित सिप विकास : सुनाइ, बोलाइ र पढाइ**

**१. विशिष्ट उद्देश्य**

यस क्रियाकलापको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) कथालाई शुद्धसँग हाउभाउसहित सस्वरवाचन गर्न

(ग) कथामा प्रयुक्त शब्दहरूको शुद्धसँग उच्चारण गर्न

**२. शैक्षणिक सामग्री**

- शब्दपत्तीहरू र गोजीतालिका

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १**

- आफ्नो समुदायमा चल्तीमा रहेका लोक कथाका शीर्षकहरू विद्यार्थीहरूलाई सोध्नुहोस् र उनीहरूले भनेका उत्तरलाई शैक्षणिक पाटीमा लेख्दै जानुहोस् ।
- टिपिएका लोककथामध्ये कुनै एउटा कथा भन्न लगाउनुहोस् ।

**क्रियाकलाप २**

- शिक्षकले जन्मभूमि कथाको कुनै एक अनुच्छेद गति, यति मिलाई हाउभाउसहित आदर्श वाचन गरेर सुनाउनुहोस् ।
- विद्यार्थीलाई पालैपालो एक एक अनुच्छेद गति, यति मिलाई शुद्धसँग सस्वरवाचन गराउनुहोस् । अन्य विद्यार्थीलाई साथीले वाचन गरेका शब्दहरूको उच्चारण शुद्ध भए/नभएको ध्यानपूर्वक सुनी मूल्याङ्कन गर्न निर्देशन दिनुहोस् । गल्ती भएमा वाचन कार्य रोकी सच्याउन लगाउनुहोस् ।
- सस्वरवाचनका क्रममा भएको उच्चारण पक्षलाई अवलोकन गर्दै उच्चारणगत दृष्टिले कठिन भएका शब्दहरूलाई शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

**क्रियाकलाप ३**

- विद्यार्थीलाई सुनाइ अभ्यासको प्रश्न १ देखि ३ सम्मका क्रियाकलाप गराउनुहोस् र गल्ती कमजोरी भएका स्थानमा सुधार गरिदिनुहोस् ।

**क्रियाकलाप ४**

- विद्यार्थीबाट उच्चारणगत समस्या भएका शब्दहरू माग गरी शैक्षणिक पाटीमा टिप्नुहोस् र ती शब्दहरूको शुद्धोच्चारण गर्न विद्यार्थीलाई नै प्रोत्साहित गर्नुहोस् ।
- पाठको लक्षित शब्दहरूको शब्दपत्ती र गोजीतालिकामार्फत प्रस्तुत गर्नुहोस् । विद्यार्थीलाई सामूहिक तथा एकल शुद्धोच्चारण अभ्यास गराउनुहोस् ।
- आवश्यकताअनुसार विद्यार्थीहरूलाई सहपाठी सिकाइमा प्रोत्साहित गर्नुहोस् ।
- उच्चारणगत दृष्टिले सिकाइको गति ढिलो भएका विद्यार्थीलाई प्रोत्साहन गरी उनीहरूलाई थप समय दिएर उच्चारण गर्न लगाउनुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

- विद्यार्थीहरूले उच्चारण गर्न सिकेका नयाँ शब्दहरू आआफ्नो कापीमा टिपोट गर्न लगाउनुहोस् ।
- उच्चारण गर्न सिकाइएका शब्दहरू शैक्षणिक पाटीमा लेखिदिनुहोस् र सामूहिक रूपमा उच्चारण गर्न लगाउनुहोस् ।

**५. गृहकार्य**

- पाठको अभ्यासको प्रश्न न. ४ को अभ्यास गरेर ल्याउन निर्देशन दिनुहोस् ।

| दिन : दोस्रो | समय ४५ मिनेट |
| --- | --- |

**पाठ शीर्षक : जन्मभूमि (कथा)**
**पाठ्यवस्तु : शब्दार्थ शिक्षण र वाक्यमा प्रयोग**
**अपेक्षित सिप विकास : शब्दार्थ र वाक्य निर्माण**

**१. विशिष्ट उद्देश्य**

यस पाठको अन्तमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) पाठमा प्रयुक्त कठिन शब्दहरूको अर्थ बताउन

(ख) पाठमा प्रयुक्त कठिन शब्दहरूको प्रयोग गरी अर्थयुक्त वाक्य निर्माण गर्न

**२. शैक्षणिक सामग्री**

- गोजीतालिका, शब्दार्थ सूची, वाक्य सूची

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १**

- अघिल्लो पाठको पुनरावृत्ति गराई आजको पाठ्यवस्तुको जानकारी दिनुहोस् ।

**क्रियाकलाप २**

- १५ मिनेटको समय दिई विद्यार्थीहरूलाई पाठबाट अर्थबोध नभएका शब्द टिपोट गर्न लगाउनुहोस् ।
- विद्यार्थीबाट टिपोट गरेका शब्दहरू भन्न लगाई नदोहोरिने गरी शैक्षणिक पाटीमा लेखिदिनुहोस् ।
- लेखिएका शब्दहरूका अर्थ बताउन विद्यार्थीहरूलाई प्रोत्साहन गर्नुहोस् । उनीहरूले भनेका अर्थ शैक्षणिक पाटीमा लेख्दै जानुहोस् । त्यसरी लेखेको अर्थ सही भए वा नभएको स्पष्ट गरिदिनुहोस् ।
- विद्यार्थीबाट अर्थ नआएका शब्दहरूका लागि शैक्षणिक सामग्री प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस् । यस क्रममा कठिन शब्दका अर्थहरू आआफ्नो कापीमा समेत टिपोट गर्न निर्देशन गर्नुहोस् ।

**क्रियाकलाप ३**

- विद्यार्थीहरूलाई आफूले लगेको वाक्यपत्ती प्रदर्शन गर्नुहोस् । दुई दुई जनाको समूहमा १५ मिनेटको समय दिई पाठको अभ्यास ५ का शब्द वा त्यस्तै प्रकृतिका अन्य शब्दहरू दिई एक एक ओटा वाक्य निर्माण गर्न निर्देशन दिनुहोस् । समूह समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।
- समूह कार्य सम्पन्न भएपछि विभिन्न समूहलाई प्रस्तुतीकरण गर्न लगाई बाँकी विद्यार्थीलाई मूल्याङ्कनका लागि प्रोत्साहित गर्नुहोस् ।
- अन्त्यमा समग्रमा उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

४. **प्रतिबिम्बन/मूल्याङ्कन**

- विद्यार्थीहरूलाई अर्को साथीलाई शब्दको अर्थ र वाक्यमा प्रयोग गर्ने प्रश्नोत्तर क्रियाकलाप गर्न १० मिनेटको समय दिनुहोस् ।

७. **गृहकार्य**

- निम्न शब्दहरूलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गरेर ल्याउन निर्देशन दिनुहोस् :

  स्वजन, दुर्दशा, ताजा, नित्यकर्म, योग्य, कलङ्क, प्रतीक्षा, अविस्मरणीय, कार्यभार, आदर्श

| दिन : तेस्रो | समय ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : जन्मभूमि (कथा)**

**पाठ्यवस्तु : श्रुतिबोध र पठन बोध**

**अपेक्षित सिप विकास : सुनाइ, बोलाइ र पढाइ**

**१. विशिष्ट उद्देश्य**

यस पाठको अन्तमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) पाठका निर्दिष्ट अनुच्छेद राम्ररी सुनी सोधिएका प्रश्नको उत्तर दिन

(ख) पाठका निर्दिष्ट अनुच्छेद राम्ररी पढी सोधिएका प्रश्नको उत्तर दिन

२. **शैक्षणिक सामग्री**

- बोध प्रश्नहरूको सूची र फलाटिन पाटी

३. **सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १**

- अघिल्लो दिनको गृहकार्य ठाउँ ठाउँबाट प्रस्तुतीकरण गर्न लगाई आपसमा पृष्ठपोषण आदानप्रदान गर्न लगाउनुहोस् र आजको घन्टीमा गरिने मुख्य क्रियाकलापलाई शैक्षणिक पाटीमा लेखी विद्यार्थीहरूलाई सिकाइप्रति उत्प्रेरणा जगाउनुहोस् ।

**क्रियाकलाप २**

- कुनै एक विद्यार्थीलाई कथा पाठ सस्वरवाचन गर्न लगाई बाँकीलाई ध्यान दिई सुन्न निर्देशन दिनुहोस् । सोपछि किताब बन्द गर्न लगाई पालैपालो पाठको अभ्यासको प्रश्न न. २ र ६ का प्रश्नोत्तर क्रियाकलाप गराउनुहोस् ।

**क्रियाकलाप ३**

- विद्यार्थीलाई पाठको अभ्यासको प्रश्न न. ९ को क्रियाकलाप गराउनुहोस् र आवश्यक सहजीकरण गरिदिनुहोस् ।

**क्रियाकलाप ४**

- विद्यार्थीलाई उपयुक्त समावेशी समूहमा विभाजन गरी पाठको अभ्यासको प्रश्न न. ११ को पठन बोध सम्बन्धित क्रियाकलाप गराउनुहोस् ।
- विद्यार्थी समूहले लेख्दै गर्दा प्रत्येक समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।

- समूह कार्य सम्पन्न भएपछि विभिन्न समूहलाई प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।
- अन्त्यमा विद्यार्थीहरूले गरेका सकारात्मक पक्षहरूको प्रशंसा गर्दै सुधार गर्नुपर्ने पक्षहरू औंल्याई उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

### ४. प्रतिबिम्बन/मूल्याङ्कन

- निम्न लिखित प्रश्नहरू सोध्नुहोस् :

  (१) किन विभीषण रातभर निदाउन सकेनन् ?

  (२) लक्ष्मण खुसी हुनाको कारण के थियो ?

  (३) लङ्का कस्तो थियो ?

  (४) किन विभीषण लङ्काको राजा हुन चाहँदैन थिए ?

  (५) रामले लक्ष्मणलाई के भनेर सम्झाए ?

  (६) "जन्मभूमि" कथाले के सन्देश दिएको छ ?

### ५. गृहकार्य

- पाठको २१ र २२ अनुच्छेद पढी ती अनुच्छेदको मूल भाव लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

**शिक्षकका लागि थप निर्देशन**

- विद्यार्थीलाई पठन बोधको नमुना दिई पठन बोध सम्बन्धी प्रश्नको उत्तर यसै निर्देशिकाको **पाठ ९ को तेस्रो दिन**को क्रियाकलापमा दिइएको छ । त्यसकै अनुसरण गरी सो क्रियाकलाप गराउनु सक्नुहुने छ ।

| दिन : चौथो | समय ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : जन्मभूमि (कथा)**

**पाठ्यवस्तु : मौन पठन र छोटो उत्तर लेखन**

**अपेक्षित सिप विकास : पढाइ र लेखाइ**

### १. विशिष्ट उद्देश्य

(क) कथा पढेको आधारमा सोधिएका प्रश्नहरूको छोटो उत्तर दिन

### २. शैक्षिणिक सामग्री

- प्रश्न सूची र सङ्क्षिप्त उत्तर लेखिएको नमुना

### ३. सिकाइ सहजीकरण प्रक्रिया

क्रियाकलाप १

- कुनै प्रासङ्गिक प्रश्न सोधेर उत्प्रेरणात्मक क्रियाकलाप सम्पन्न गर्नुहोस् र आजका विषयवस्तु शैक्षणिक पाटीमा लेखी विद्यार्थीहरूलाई जानकारी गराउनुहोस् ।

क्रियाकलाप २

- विद्यार्थीहरूलाई उपयुक्त समूहमा विभाजन गर्नुहोस् । शैक्षणिक सामग्रीको रूपमा लगेको छोटो उत्तर लेखिएको नमुना प्रस्तुत गर्नुहोस् र उत्तर लेख्ने तरिकाबारे विद्यार्थीका बिचमा छलफल गराउनुहोस् । आवश्यक थप प्रबोधीकरण गर्नुहोस् ।

**छोटो उत्तरको नमुना प्रश्नोत्तर**

**प्रश्न : लक्ष्मणका विचारमा रावणको दुर्दशा हुनुको कारण के हो ?**

**उत्तर** : लक्ष्मणका विचारमा रावणको दुर्दशाका विभिन्न कारणहरू छन् । लक्ष्मणले विभीषणसँग गरेको कुराकानीअनुसार रावण आफ्नै कारणलले युद्धमा मर्नु परेको हो । रावण एउटा ठुलो वीर र वैज्ञानिक भए पनि उसले आफ्नो शक्तिको दुरुपयोग गऱ्यो । उसमा मभन्दा ठुलो कोही छैन भन्ने

घमन्ड गऱ्यो । लोभ लालसा र भ्रष्ट विचारले उन्मत्त भयो । सीता जस्ता महान् नारीको अपहरण गर्ने दुष्कर्म गऱ्यो । ऐश, आराम, सुख सयल र सम्पन्नताको शान्त राज्य रावणको घमन्डले नै क्षत विच्छेद हुन पुग्यो । आफू वीर, बुद्धिमान् हुँदैमा सबैलाई आफ्नो वशमा राख्न खोज्नु उसको सबैभन्दा ठुलो भुल थियो । रावणले आफ्नो शक्ति र हैसियतको दुरुपयोग गऱ्यो जसका कारण ऊ आफैँ पतन हुन पुग्यो भन्ने धारणा लक्ष्मणको छ ।

- विद्यार्थीहरूको समूहमा पाठको प्रश्न न. १४ को (ख), (ग), (घ) र (ङ) बाट प्रति समूह कुनै एक प्रश्न पर्ने गरी दिनुहोस् र छोटो उत्तर लेख्न निर्देशन दिनुहोस् ।
- विद्यार्थीहरूले उत्तर लेख्दै गर्दा समूह समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।
- समय समाप्त भएपछि प्रश्नका उत्तरहरू समूह नेताबाट पालै पालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् । प्रत्येक प्रस्तुतिपछि विद्यार्थीहरूबाटै सुधार गर्नुपर्ने पक्षमाथि टिप्पणी गर्न प्रोत्साहित गरी अन्त्यमा आफूले उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

- प्रत्येक विद्यार्थीलाई कथा पाठबाट कुनै एक सङ्क्षिप्त उत्तर आउने प्रश्न लेख्न लगाउनुहोस् । सो प्रश्न आफ्नो नजिकको साथीलाई दिने र सो साथीको प्रश्न आफूले समाधान गरी आआपसमा पृष्ठपोषण लिनेदिने कार्य गर्न निर्देशन दिई विद्यार्थी प्रतिबिम्बन/मूल्याङ्कन गर्ने कार्य सम्पन्न गर्नुहोस् ।

**५. परियोजना कार्य**

- विद्यार्थीलाई तलको कार्य गर्ने परियोजना कार्य दिनुहोस् :

  आफ्नो टोल छिमेकमा प्रचलित कुनै चार ओटा गाउँखाने कथा र त्यसका उत्तर समेत खोजेर त्याई कक्षाको प्रदर्शन पाटीमा टाँस्नुहोस् ।

| दिन : पाँचौँ | समय : ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : जन्मभूमि (कथा)**

**पाठ्यवस्तु : बुँदा टिपोट र सारांश लेखन**

**अपेक्षित सिप विकास : लेखाइ**

**१. विशिष्ट उद्देश्य**

(क) पाठका निर्दिष्ट अनुच्छेदबाट बुँदा टिपोट गर्न

(ख) निर्दिष्ट अनुच्छेदलाई एक तृतीयांशमा सारांश लेख्न

**२. शैक्षणिक सामग्री**

- बुँदा टिपोटको नमुना र सारांश लेखनको नमुना

**३. सिकाइ सहजीकरण प्रक्रिया**

क्रियाकलाप १

- छोटो तर रोचक कुनै पौराणिक कथा सुनाउनुहोस् र त्यसका मुख्य मुख्य बुँदा बताउनुहोस् । यसका माध्यमबाट विद्यार्थीहरूको ध्यान खिची उत्प्रेरणा जगाउनुहोस् ।
- आजको घन्टीको प्रमुख कार्यहरूबारे विद्यार्थीलाई जानकारी गराउनुहोस् ।

क्रियाकलाप २

- पाठको तेस्रो अनुच्छेदमा आधारित बुँदा टिपोटको नमुना र सारांश लेखनको नमुना प्रस्तुत गर्नुहोस् र विद्यार्थीहरूलाई बुँदा टिपोट तथा सारांश लेखनको तरिकाबारे स्पष्ट पार्नुहोस् :

नमुना सामग्री :

**दिइएको अनुच्छेद**

आज लक्ष्मण सारै खुसी छन् । भाउजू सीता अपहरण मुक्त भएकी छन् । लङ्कामाथिको विजय चानचुने सफलता होइन भन्ने लागेको छ । चौध बर्से वनवासको अवधि पनि पूराहुन लागेको छ । त्यसो त आफ्नो युगकै सर्वाधिक वीर भनेर चिनिएको इन्द्रजितलाई लक्ष्मणले नै परास्त गरेका हुन् । यी सबै कुरा त छँदै छन् रावणले मर्ने बेलामा रामसँग भनेको एउटा कुराले उनलाई झन् अपार खुसी दिएको छ । मर्ने बेलामा रावणले रामसँग भनेको थियो, “हे राम, यो युद्ध तिमीले जित्यौ किनकि तिम्रा भाइ लक्ष्मण तिम्रा साथमा थिए । मैंले युद्ध हारो किनकि मेरो भाइ विभीषण मेरो विपक्षमा थियो ।”

**टिपोट गरिएका मुख्य चार बुँदाहरू**

१. सीता अपहरणमुक्त भई लङ्कामाथि विजय हासिल हुनु

२. आफूबाटै इन्द्रजित परास्त हुनु र वनबासको अवधि पूराहुन लाग्नु

३. मर्ने बेलामा रावणले लक्ष्मणको साथले गर्दा रामको जित भएको बताउनु

४. यस्ता कारणहरूले लक्ष्मण धेरै खुसी हुनु

**एक तृतीयांशमा सारांश लेखन**

**लक्ष्मणको खुसी**

सीताको मुक्ति, लङ्कामाथिको विजय, वनबासको अवधि पूराहुन लागेको अवस्था, इन्द्रजित जस्तो योद्धालाई उनैले परास्त गर्न सक्नु र मर्ने वेला रामणले उनको प्रशंसा गर्नु जस्ता कारणले लक्ष्मण धेरै खुसी भएका छन् ।

पूरा शब्द सङ्ख्या : ९८

सारांशकृत सङ्ख्या : ३२

- पाठको कुनै एक अनुच्छेदमा आधारित भई बुँदा टिपोटका बारेमा छलफल चलाउनुहोस् । विद्यार्थीहरूको टिप्पणी लिई आवश्यक सहजीकरण गर्नुहोस् ।

**क्रियाकलाप ३**

- विद्यार्थीहरूलाई उपयुक्त समूहमा विभाजन गरी पाठका केही अनुच्छेद दिई प्रति अनुच्छेद चार ओटा बुँदा टिपोट गर्न निर्देशन दिनुहोस् ।
- समय समाप्त भएपछि पालैपालो समूहहरूलाई बुँदाहरू सुनाउन लगाउनुहोस् । बाँकी समूहलाई सो प्रस्तुति उपर टिप्पणी गर्न प्रोत्साहित गर्नुहोस् ।
- बुँदा टिपोटका सम्बन्धमा उपयुक्त पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**क्रियाकलाप ४**

- समूह कार्यकै रूपमा क्रियाकलाप २ मा बुँदाहरूको आधारमा एक तृतीयांशमा सारांश लेख्न उपयुक्त समय दिनुहोस् ।
- समूह कार्य हुँदा आवश्यक सहजीकरण गर्नुहोस् ।
- निर्दिष्ट समय समाप्तिपश्चात् पालैपालो सारांशको कक्षा प्रस्तुतीकरण गर्न लगाउनुहोस् । साथीको सारांश प्रस्तुतीकरणका विषयमा प्रतिक्रिया माग्नुहोस् ।
- अन्त्यमा विद्यार्थीहरूका सकारात्मक प्रयासको प्रशंसा गर्दै समग्रमा बुँदा टिपोट र सारांश लेखन गर्ने तरिकाबारे थप स्पष्ट पार्नुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

- तलको अनुच्छेद पढी चार ओटा बुँदा टिपोट गरी सारांशसमेत लेख्नुहोस् :

| |
|---|
| लक्ष्मणलाई अझै निद्रा परेन । उनका मनमा आफ्ना बाल्यकालदेखिका एक एक घटनाहरू ताजा भएर आए । उनले आफ्ना दाजुभाइ राम, भरत र शत्रुघ्नसँग खेल्दै बिताएको बाल्यकाल सम्झे । दाजुभाइ मिलेर लेखपढ गरेको, वाण हान्न सिकेको, घोडा चढ्न सिकेको अनि जङ्गल जङ्गल चहारेको सम्झे । दाइ रामचन्द्रले जनकको दरबारमा रहेको शिवधनु सजिलै उचालेर सीतासँग बिहे गरेको सम्झिँदा उनलाई आनन्द आयो । उनले आमा सुमित्रा र पत्नी उर्मिलालाई सम्झे । राम सीतासँगै वनवास आएको, सीताको अपहरण भएदेखि हालसम्मका घटनाहरू त झन् उनको सम्झनामा नआउने कुरै भएन । |

५. **गृहकार्य**

- पाठको एक्काइसौँ अनुच्छेद पढी त्यसबाट चार ओटा बुँदा टिपी उक्त अनुच्छेदलाई एक तृतीयांशमा शीर्षक सहित सारांश लेख्न निर्देशन दिनुहोस् ।

| दिन : छैटौँ | समय : ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : जन्मभूमि (कथा)**

**पाठ्यवस्तु : घटना वर्णन तथा निर्देशित कथा लेखन**

**अपेक्षित सिप विकास : बोलाइ र लेखाइ**

१. **विशिष्ट उद्देश्य**

(क) आफूले देखेभोगेका घटनालाई हाउभाउसहित सिलसिला मिलाई भन्न

(ख) निर्देशित बुँदाहरूको आधारमा कथा लेख्न

२. **शैक्षणिक सामग्री**

- निर्देशित कथा लेखनको नमुना

३. **सिकाइ सहजीकरण प्रक्रिया**

क्रियाकलाप १

- विद्यार्थीहरूको उमेर र स्तर सुहाउँदो छोटो तर घतलाग्दो छोटो कथा (नैतिक, उपदेशात्मक, चरित्रप्रधान आदि) सुनाई विद्यार्थीहरूलाई उत्प्रेरित गर्नुहोस् ।
- कुनै पनि विषयवस्तुको प्रस्तुति पश्चात् हौसला प्रदान गर्ने संस्कारको विकास गराउन विद्यार्थीहरूलाई ताली बजाउन निर्देशन दिनुहोस् ।

क्रियाकलाप २

- सर्वप्रथम अनुमान र घटना वर्णन गर्ने तरिकाका बारेमा लघु प्रवचन दिनुहोस् । यस क्रममा विद्यार्थीबाट आएका हरेक जिज्ञासाको पूर्ति गर्नुहोस् ।

क्रियाकलाप ३

- शिक्षक आफूले आफ्नै जीवनमा घटेको विशेष घटनाको नमुनाको रूपमा वर्णन गरेर सुनाउनुहोस् ।
- प्रत्येक विद्यार्थीलाई आफ्नो जीवनमा घटेका कुनै एक महत्त्वपूर्ण घटना सोच्नका लागि २ मिनेटको समय दिनुहोस् र पालैपालो घटना वर्णन क्रियाकलाप गराउनुहोस् ।
- विद्यार्थीको घटना वर्णन गरेको सुनेको आधारमा राम्रा पक्षहरूको प्रशंसा गर्दै सुधार गर्नुपर्ने पक्ष देखिएमा आवश्यक सुधारका लागि थप पथ प्रदर्शन गर्नुहोस् ।

क्रियाकलाप ४

- शिक्षकले न्युजप्रिन्टमा ठुला अक्षरले लेखिएको तलको निर्देशित कथा लेखनको नमुना प्रदर्शन गर्नुहोस् ।

निम्न बुँदाको आधारमा छोटो कथा लेख्नुहोस् :

एउटा छोडाको बछेडो - आमाले उसलाई एक बोरा गहुँ खोलापारि गई पिनेर ल्याउन अह्राउनु - बाटामा एउटा नदी भेट्टाउनु - उसले एउटा गोरुलाई नदी तर्न सकिन्छ कि सकिँदैन भनी सोध्नु - गोरुले पानी धेरै छैन तर्न सकिन्छ भन्नु - बाटामा लोखर्के पनि भेटिनु - लोखर्केले पानीमा डुबिने कुरो बताई नदी तर्न नदिनु - बछेडो अलमल परी घर फर्कनु र आमालाई सबै कुरा भन्नु - आमाले गोरु अग्लो र लोखर्के सानो भएको कुरा बताई बुद्धि लगाउन भन्नु -बछेडोले कुरा बुझ्नु - ऊ नदी तरी सजिलै पारी पुग्नु र आफ्नो काम गरी फर्कनु ।

**कुरा सुन्नु अग्रजको**

धेरै धेरै वर्ष पहिले सडक र यातायातको अभाव भएको गाउँमा एउटा धनी परिवार बस्थे । त्यस परिवारमा घोडाहरू पनि थिए । त्यस परिवारको सबारी साधन र ढुवानी गर्ने साधनको रूपमा घोडाहरू थिए ।

एक दिन घोडीले आफ्नो बछेडोलाई एक बोरा गहुँ खोलापारि लगी घट्टमा पिँधेर ल्याउन अह्राई । खोलावारि घट्ट थिएन । बछेडो गह्रा बोकेर घट्टमा पिँध्न जाँदै थियो । बछेडालाई खोलो तर्न सकिँदैन कि भन्ने डर र शङ्का लागेको थियो । बाटामा उसले एउटा गोरुलाई भेट्यो । गोरुलाई सोध्यो, “ए गोरु दाइ, त्यो नदी तर्न सकिन्छ कि सकिदैन ? गोरुले भन्यो, “त्यो नदीमा पानी धेरै छैन सजिलै तर्न सकिन्छ ।” बछेडो आँट र साहसका साथ खोलो तर्नै लाग्दा लोखर्केलाई भेट्यो र सोध्यो, “ए लोखर्के १ यो नदी तर्न सकिन्छ ?” लोखर्केले भनेछ,“अहो ! बछेडो भाइ ! यो नदी त ठुलो छ । यहाँ त चुर्लुम्मै डुबिन्छ, खोला नतर ।” लोखर्केका कुरा सुनेर बछेडो अलमल परी घर फर्कियो र आमालाई सबै कुरा सुनायो ।

उसकी आमाले भनिन्, “बाबु ! गोरु अग्लो र बलियो हुन्छ । त्यो नदीको पानीले उसलाई केही गर्न सक्दैन, सजिलै तर्न सक्छ । तिमी गोरुभन्दा साना छौ र त्यति बलिया पनि छैनौ । त्यसैले गोरुलाई सजिलो भएको काम तिमीलाई गाह्रो पनि हुन सक्छ । लोखर्के तिमीभन्दा सानो छ । उसले गर्न नसक्ने काम तिमी सहजै गर्न सक्छौ । त्यसैले काम गर्दा आफ्नो बुद्धि लगाउनुपर्छ । कुरा बुझ्यौ बाबु, तिमी खोला तर्न सक्ने भएर नै मैले तिमीलाई पठाएको हो ।”

आमाले भनेको कुरा बछेडाले राम्ररी बुझ्यो । अनि उसले कसैको कुरा नसुनी सजिलोसँग नै खोला तऱ्यो र गहुँ पनि पिनेर ल्यायो । यसैले धेरै अरूका कुरा नसुनी आफ्नो बुद्धि पनि लगाउनुपर्छ र पाका बाबुआमाको कुरालाई सुन्नुपर्छ भन्ने शिक्षा यस कथाले दिन्छ ।

क्रियाकलाप ५

- विद्यार्थीलाई उपयुक्त समूहमा विभाजन गरी तलका बुँदाहरूको आधारमा सिलसिला मिलाई कथा लेख्नका लागि १० मिनेटको समय दिनुहोस् :

भारद्वाज ऋषिका छोरा यवक्रितलाई नपढीकन विद्या आर्जन गर्ने विचार आउनु - नदी किनारमा गएर तपस्या गर्न थाल्नु - तपस्याको कारण बुझ्न इन्द्र देवता आउनु - इन्द्रले उनको कुरा सुन्नु - इन्द्रले तपस्याबाट विद्या हुँदैन, पढेर विद्या आर्जन गर्नुपर्छ भन्ने सल्लाह दिनु - इन्द्रको सल्लाह यवक्रितले नमान्नु - यवक्रितले तपस्यालाई निरन्तरता दिनु - ब्राह्मणको भेष लिएर इन्द्र फेरि यवक्रितले तपस्या गरेको नदी किनारमा आउनु - ब्राह्मण भेषधारी इन्द्रले किनारको बालुवा खन्दै नदीमा बगाउँदै गर्नु - यवक्रित ब्राह्मणको छेउमा जानु - बालुवा नदीमा बगाउनका कारण सोध्नु - नदीमा पुल बनाउनलाई त्यसो गरेको भन्ने जबाफ पाउनु -त्यसरी पुल बन्दैन भनेर यवक्रितले भन्नु -तपाईंले तपस्याबाट विद्या आर्जन गर्न सक्नुहुन्छ भने यसरी पनि पुल बन्छ भनेर जबाफ पाउनु - यवक्रितका आँखा खुल्नु - यवक्रित पढ्न थाल्नु - छिटै विद्वान् बन्नु ।

- विद्यार्थी समूहले लेख्दै गर्दा प्रत्येक समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।
- सो लेखिएको कथा ठाउँ ठाउँबाट प्रस्तुति गर्नका लागि निर्देशन दिनुहोस् । बाँकी विद्यार्थीलाई साथीको प्रस्तुति सुनी त्यसका बारेमा टिप्पणी गर्न प्रोत्साहित गर्नुहोस् ।

- अन्तमा आजको कक्षामा विद्यार्थीले प्रदर्शन गरेका सबल पक्षहरूको प्रशंसा गर्दै थप सुधारका लागि उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

- आजको कथा लेखन र घटना वर्णन क्रियाकलाप गर्दा सिकेका महत्त्वपूर्ण कुराहरू टिपोट गरी कक्षामा सुनाउन निर्देशन दिनुहोस् ।

**५. सिर्जनात्मक कार्य**

- आफ्नो गाउँटोलमा प्रचलित कुनै एउटा कथा लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

| **दिन : सातौँ र आठौं** | **समय : ४५ मिनेट** |
|---|---|

**पाठ शीर्षक : जन्मभूमि (कथा)**

**पाठ्यवस्तु : लामो उत्तर लेखन**

**अपेक्षित सिप विकास : लेखाइ अभिव्यक्ति**

**१. विशिष्ट उद्देश्य**

(क) 'जन्मभूमि' लोक कथा पढी सोधिएका प्रश्नको लामो उत्तर दिन

**२. शैक्षणिक सामग्री**

- लामो उत्तर लेखनका लागि बुँदाहरू

**३. सिकाइ सहजीकरण प्रक्रिया**

क्रियाकलाप १

- एक दुई विद्यार्थीलाई उनीहरूले पढेका/सुनेका/देखेका कुनै प्रसङ्ग वा घटनाका बारेमा सुनाउन प्रोत्साहन गरी उत्प्रेरणात्मक क्रियाकलाप सञ्चालन गर्नुहोस् ।

क्रियाकलाप २

- सर्वप्रथम विद्यार्थीहरूलाई लामो उत्तर लेख्ने तरिका बारे स्पष्ट धारणा दिनुहोस् :

**लामो उत्तर दिने तरिका :**

प्रश्न : **सुन्दर र सम्पन्न लङ्काको राजकाज छाडेर किन राम अयोध्या गए ? कथाका आधारमा विवेचना गर्नुहोस् ।**

उत्तर :

'जन्मभूमि' रामकथामा आधारित पौराणिक कथा हो । कक्षा १० को नेपाली पाठ्यपुस्तकका लेखक समूहबाट तयार पारिएको यस कथामा जन्मभूमिको महत्त्वलाई जोड दिइएको छ ।

रामचन्द्र वनबासमा रहेका बेला लङ्काको राजा रावणले रामकी पत्नी सीताको अपहरण गऱ्यो । सीतालाई अपहरणमुक्त गर्न र रावणसँग बदला लिन रामले आफ्नो फौजसहित रावणको राज्यमाथि हमला गरे । लडाइमा रावण पक्षको हार भयो । रावणको भाइ विभीषण रामको पक्षमा लागेकाले पनि रामलाई युद्ध जित्न सजिलो भयो ।

लङ्काको राजा रावणलाई युद्धमा परास्त गरेका हुनाले रामले चाहेका भए उनी सजिलै लङ्काको राजा हुने थिए । विभीषण र लक्ष्मणको पनि त्यही चाहना थियो । रामको जन्मभूमि अयोध्याभन्दा लङ्का सुन्दर सम्पन्न थियो । तर पनि रामले लङकाको राजकाजमा लोभ गरेनन् । रामका विचारमा

आमा र जन्मभूमि संसारमा सबैभन्दा ठुला हुन् । संसारको सबैभन्दा सुन्दर र सुखी ठाउँ भनिएको स्वर्गभन्दा पनि जन्मभूमि ठुलो हो भन्ने रामको धारणा थियो । त्यसैले लङ्का जतिसुकै सुन्दर र सम्पन्न भए पनि रामका लागि आफ्नो जन्मभूमि अयोध्या नै प्यारो लाग्यो । उनले लङ्काको राजकाज छाडे र उनी अयोध्यातिर लागे ।

संसारमा सबैभन्दा प्रिय ठाउँ आफ्नो जन्मभूमि हो भन्ने रामको विचार थियो । उनी जन्मभूमि र आमालाई स्वर्गभन्दा पनि महान् ठान्थे । त्यसैले उनले आफ्नो जन्मभूमि अयोध्याभन्दा धेरै सुन्दर र सम्पन्न लङ्काको राजा हुने अवसरलाई छाडेर आफ्नो जन्मभूमि अयोध्या फर्के । रामको यस कार्यले संसारमा आफ्नो जन्मभूमिभन्दा ठुलो कुनै पनि ठाउँ हुन सक्तैन भन्ने सन्देश दिएको छ ।

क्रियाकलाप २

- विद्यार्थीहरूलाई दुई दुई जनाको समूहमा विभाजन गरी जन्मभूमि कथाका मुख्य बुँदाहरू प्रदर्शित गरी तिनै बुँदाहरूको आधारमा २० मिनेटको समय निर्धारण गरी लामो उत्तर लेख्न निर्देश गर्नुहोस् :

**प्रश्न : किन रामचन्द्रलाई लङ्काको राजा हुनका लागि प्रस्ताव गरिएको हो ? विभीषण र लक्ष्मणका विचारका आधारमा विवेचना गर्नुहोस् ।**

**बुँदाहरू**

- लङ्का सुन्दर र सम्पन्न राज्य रहेको
- रामले लङ्काको राजा रावणसहित उसको सम्पूर्ण फौजलाई परास्त गर्नु
- विजेताले विजित राज्यको राजा हुने परम्परा रहेको
- रावणको भाइ विभीषणले रामलाई सहयोग गरेका
- उनी आफू राजा हुन इच्छुक नभएको
- अयोध्यामा रामका भाइ भरत राजा भएको
- युद्धमा महत्त्वपूर्ण भूमिका पूरा गर्ने लक्ष्मणको राजकाज गर्ने इच्छा नभएको
- राम नै राजा हुनुपर्छ भन्ने दुवैको निष्कर्ष रहेको
- तर रामले राजा बन्न अस्वीकार गरेको ।

- विद्यार्थीले लेख्दै गर्दा प्रत्येक समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।
- प्रत्येक समूहका समूह नेतालाई उनीहरूले तयार पारेका उत्तर कक्षा प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।
- अन्त्यमा आवश्यकता अनुसारको उपयुक्त पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## ४. प्रतिबिम्बन/मूल्याङ्कन

- लामो उत्तर दिँदा ध्यान दिनुपर्ने कुराहरू आफ्ने कापीमा टिपोट गर्नुहोस् र कुनै कुरा छुटेको भएमा यकिन गर्न नजिकको साथीसँग सुझाव लिनका लागि केही समय दिनुहोस् ।

## ५. गृहकार्य

- तलको प्रश्नलाई लामो उत्तर लेखेर ल्याउन निर्देशन दिनुहोस् :

  जन्मभूमिको प्रेमका लागि रामचन्द्रको कार्य अनुकरणीय र प्रशंसनीय हुनाको कारण के हो ? जन्मभूमि कथाका आधारमा विवेचना गर्नुहोस् ।

**शिक्षकका लागि थप सामग्री**

**सामान्यत: लामो उत्तरमा निम्न लिखित खण्ड रहन्छन् :**

**(क) पहिलो खण्ड**

यो लामो उत्तरको प्रारम्भिक खण्ड हो । यो खण्ड एक अनुच्छेदको हुन्छ । लेखकको सामान्य तथा छोटो परिचय र पाठको मूल कथन यस खण्डमा रहन्छ ।

**(ख) दोस्रो खण्ड**

यो लामो उत्तरको प्रमुख खण्ड हो । प्रश्नमा केन्द्रित रहेर यस खण्डलाई विषयवस्तुको प्रकृतिअनुसार विभिन्न अनुच्छेदमा विभाजन गर्न सकिन्छ ।

**(ग) तेस्रो खण्ड**

यो लामो उत्तरको निष्कर्ष खण्ड हो । विशेषत: दोस्रो खण्डलाई सङ्गठित गरी सार रूपमा आफ्नो दृष्टिकोण यस खण्डमा उल्लेख गरिन्छ । निष्कर्ष खण्डलाई एक अनुच्छेदमा टुङ्ग्याइन्छ ।

**दिन : नवौँ** **समय : ४५ मिनेट**

**पाठ शीर्षक : जन्मभूमि (कथा)**

**पाठ्यवस्तु : सामान्य धातु, नामधातु र प्रेरणार्थक धातुको पहिचान र प्रयोग**

**अपेक्षित सिप विकास : कार्यमूलक व्याकरण**

## १. विशिष्ट उद्देश्य

(क) धातुको पहिचान गर्न

(ख) सामान्य धातु, नामधातु र प्रेरणार्थक धातुको पहिचान गर्न

## २. शैक्षणिक सामग्री

- धातु र तिनका प्रकार लेखिएको चार्ट, गोजीतालिका र वाक्यपत्तीहरू

## ३. सिकाइ सहजीकरण प्रक्रिया

**क्रियाकलाप १**

- विद्यार्थीहरूलाई स्वत: स्फूर्त रूपमा आफूभित्र रहेका विशेष प्रतिभा प्रदर्शन गर्न केही समय दिई उत्प्रेरणात्मक क्रियाकलाप सञ्चालन गर्नुहोस् । आजको घन्टीमा गरिने मुख्य क्रियाकलाप शैक्षणिक पाटीमा उल्लेख गर्नुहोस् ।

**क्रियाकलाप २**

- शैक्षणिक सामग्रीका रूपमा लगेको सामग्री प्रदर्शन गर्नुहोस् । यस्तो तालिका बनाउन सकिन्छ :

| शब्द | धातु |
|---|---|
| गर्नु, बस्छ, हिँड्यो, लेख्नु, पढ्छिन्, हुनु, बटार्नु, झार्छ, स्विकार्छ, दियो | गर्, बस्, हिँड्, लेख्, पढ्, हु, झार्, स्वीकार, दि |
| मोटाउनु, थुप्रिनु, छोटिन्छ, बङ्ग्याउँछ, बाङ्गिनु | मोटाउ, थुप्रि, छोटि, बङ्ग्याउ, बाङ्गि |
| गराउनु, लेखाउन, पढाउँछ, झस्काउँछ, लगाउनु, सुनाउँछ, सिकाउँछ, खुवाउनु, बसाउँछ | गराउ, लेखाउ, पढाउ, झस्काउ, लगाउ, सुनाउ, सिकाउ, खुवाउ, बसाउ |

- पाठको २२ औँ अनुच्छेदका क्रियापदहरू उत्तरपुस्तिकामा लेख्न लगाई ती क्रियापदबाट धातु छुट्याउन लगाउनुहोस् ।
- धातुलाई सामान्य धातु, नामधातु र प्रेरणार्थक धातु गरी तिन प्रकारमा वर्गीकरण गर्न सकिन्छ भन्ने कुरा सिकाउनका लागि तलको तालिका प्रदर्शन गर्नुहोस् :

| शब्द | धातु | प्रकार |
|---|---|---|
| बस्छन्, सुत्यो, हेर्नु, देखो | बस्, सुत्, हेर्, देख् | सामान्य धातु |
| कुम्ल्याउनु, चिसिनु, भित्रिनु, मोटायो | कुम्ल्याउ (कुम्लो +याउ)<br>चिसि (चिसो + इ)<br>भित्रि (भित्र + इ)<br>मोटि (मोटो + इ) | नाम धातु (नाम, विशेषण र अव्यय शब्दबाट बनेका धातु) |
| पढाउँछ, सिकाउँछ, सुनाई, देखाउनु, बसायो, उठाउनुहुन्छ | पढाउ, सिकाउ, सुनाउ, देखाउ, बसाउ, उठाउ | प्रेरणार्थक धातु |

**क्रियाकलाप ३**

- ♦ विद्यार्थीलाई तिन समूहमा विभाजन गर्नुहोस् । समूहको नेता पनि छान्न लगाउनुहोस् र गोलाप्रथाबाट ती समूहलाई सामान्य धातु, नाम धातु र प्रेरणार्थक धातु समूहमा विभाजन गर्नुहोस् ।
- ♦ सबै समूहलाई तलका क्रियापदको सूची वितरण गरी त्यसबाट आफ्ना आफ्ना भागको धातु छुट्याई तालिकामा प्रस्तुत गर्न लगाउनुहोस् ।

**क्रियापदहरूको सूची**

रहनु, मुन्टिनु, पहेँलिनु, मोटियो, बर्बराउनु, पछ्याउनु, सुनाउनु, कस्नु, कसाउनु, बाट्नु, धिक्कार्छ, लियो, रोगाउनु, हकार्नु, गर्नु, तोड्छ, हिँडाउनु, गराउनु, हुनु, बटार्नु, झार्छ, स्विकार्छ, दियो, बङ्ग्याउँछ, बाङ्गिनु, झर्छ, झस्काउँछ, लगाउनु, लाग्नु, सुनाउँछ, सिकाउँछ, खुवाउनु, पठाउनु, बसाउँछ ।

- निर्धारित समयपछि हरेक समूहलाई आफ्ना आफ्ना भागको धातुहरूको सूची प्रस्तुत गर्न लगाउनुहोस् ।
- समूहबाट प्रस्तुत धातुहरूमा विद्यार्थीहरूबाट टिप्पणी गर्न लगाई त्रुटि फेला परेका सच्याउन लगाउनुहोस् ।

**क्रियाकलाप ३**

- व्याकरण खण्डको अभ्यास न. १ लाई कक्षाकार्यका रूपमा लेख्न निर्देशन दिई सहपाठी मूल्याङ्कन कार्य सम्पादन गर्नुहोस् । यस क्रममा अलमलमा परेका समूह तथा विद्यार्थीलाई सहजीकरण गर्नुहोस् ।
- अन्त्यमा विद्यार्थीहरूबाट गरिएका सकारात्मक पक्षलाई प्रशंसा गर्दै सुधार गर्नुपर्ने पक्षका लागि उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

- सामान्य धातु, नाम धातु र प्रेरणार्थक धातुहरूको प्रयोग गरी १० ओटा वाक्यमा आजको कक्षामा भएका घटनाहरूको वर्णन गर्न निर्देशन दिनुहोस् र सहपाठी मूल्याङ्कनका आधारमा त्यसरी लेखेको मिल्यो मिलेन जाँच्न लगाउनुहोस् । यसमा आवश्यक सहजीकरण गर्नुहोस् ।

**५. गृहकार्य**

- व्याकरण खण्डको अभ्यास २ र ३ लाई लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

| दिन : दसौँ | समय : ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : जन्मभूमि (कथा)**

**पाठ्यवस्तु : निपात र विस्मयादिबोधक शब्दको पहिचान र प्रयोग**

**अपेक्षित सिप विकास : कार्यमूलक व्याकरण**

## १. विशिष्ट उद्देश्य

(क) निपातको पहिचान र प्रयोग गर्न

(ख) विस्मयादिबोधक शब्दको पहिचान गर्न

## २. शैक्षणिक सामग्री

- निपात र विस्मयादिबोधक शब्द लेखिएको चार्ट, वाक्यपत्तीहरू र गोजीतालिका

## ३. सिकाइ सहजीकरण प्रक्रिया

**क्रियाकलाप १**

- विद्यार्थीहरूलाई स्वत: स्फूर्त रूपमा आफूभित्र रहेका विशेष प्रतिभा प्रदर्शन गर्न केही समय दिई उत्प्रेरणात्मक क्रियाकलाप सञ्चालन गर्नुहोस् । आजको घन्टीमा गरिने मुख्य क्रियाकलाप शैक्षणिक पाटीमा उल्लेख गर्नुहोस् ।
- शैक्षणिक पाटीमा निम्न तालिका बनाई विद्याथीहरूबाट शब्द भन्न लगाई लेख्नुहोस् :

| निपात शब्दहरू | विस्मयादिबोधक शब्दहरू |
|---|---|
| | |

**क्रियाकलाप २**

- आफूले शैक्षणिक सामग्रीका रूपमा लगेका निपात र विस्मयादिबोधक शब्दका बारेमा लेखिएको चार्ट प्रदर्शन गर्नुहोस् । विद्यार्थीहरूद्वारा प्रयोग क्रियापदबाट निपात र विस्मयादिबोधक शब्दका उदाहरण दिएर प्रस्ट पारिदिनुहोस् ।

**क्रियाकलाप ३**

- विद्यार्थीहरूको सङ्ख्याका आधारमा २, ४, ६ (जोडा) समूहमा विभाजन गरी समूह नेता पनि छान्न लगाउनुहोस् ।
- गोलाप्रथाबाट समूहलाई निपात वा विस्मयादिबोधक शब्द टिपोट गर्न टुङ्गो लगाउनुहोस् र त्यही अनुसारनिर्देशन दिनुहोस् ।
- निर्धारित समयपछि समूहको प्रस्तुति गर्न लगाउनुहोस् । पूर्व समूहले प्रस्तुत गरेका शब्दहरू नदोहोरिने गरी शब्दहरूको प्रस्तुति गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ४**

- व्याकरण खण्डको अभ्यास न. ४ र ५ लाई कक्षाकार्यका रूपमा लेख्न निर्देशन दिई सहपाठी मूल्याङ्कन कार्य सम्पादन गर्नुहोस् । यस क्रममा अलमलमा परेका समूह तथा विद्यार्थीलाई सहजीकरण गर्नुहोस् ।
- अन्त्यमा विद्यार्थीहरूबाट गरिएका सकारात्मक पक्षलाई प्रशंसा गर्दै सुधार गर्नुपर्ने पक्षका लागि उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

## ४. प्रतिबिम्बन/मूल्याङ्कन

- निपात र विस्मयादिबोधक शब्दहरूको प्रयोग गरी १ ओटा अनुच्छेद लेख्न लगाउनुहोस् र सहपाठी मूल्याङ्कन गराउनुहोस् ।

## ५. गृहकार्य

- व्याकरण खण्डको अभ्यास ६ र ७ लाई लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

| दिन : एघारौँ | समय : ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : जन्मभूमि (कथा)**

**पाठ्यवस्तु : दुर्व्यसन र लागु औषधीका बारेमा अभिव्यक्ति**

**अपेक्षित सिप विकास : बोलाइ तथा लेखाइ**

**१. विशिष्ट उद्देश्य**

- दुर्व्यसन र लागु औषधीका बारेमा बोलेर तथा लेखेर आफ्नो अभिव्यक्ति प्रकट गर्न सक्ने

**२. शैक्षणिक सामग्री**

- उपलब्ध भएमा दुर्व्यसन र लागु औषधीका बारेमा प्रस्तुत गरिएका श्रव्य, दृश्य सामग्री, फलाटिन पाटी

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १**

- अघिल्लो दिनको गृहकार्य/परियोजना कार्यलाई कक्षा प्रस्तुति गर्न लगाएर आवश्यक पृष्ठपोषण दिनुहोस् ।
- आजको कक्षामा गरिने मुख्य क्रियाकलापलाई जानकारी गराउनुहोस् ।

**क्रियाकलाप २**

- कक्षाको बसाइ व्यवस्थापन सम्पूर्ण रूपमा समावेशी भएको सुनिश्चित गर्नुहोस् ।

**क्रियाकलाप ३**

- शैक्षणिक सामग्रीको रूपमा लगिएको श्रव्य दृश्य वा लिखित सामग्री प्रदर्शन गर्नुहोस् ।
- समूहगत छलफलका लागि विद्यार्थी सङ्ख्याका आधारमा ३ वा ४ समूह बनाउनुहोस् ।
- हरेक समूहमा दुर्व्यसन र लागु औषधीका बारेमा छलफल गर्न १५ मिनेट र निष्कर्ष लेख्नका लागि ५ मिनेट गरी २० मिनेटको समय दिनुहोस् ।
- समूहभित्र छलफलमा सबै विद्यार्थी सहभागी गराउनका लागि आवश्यक सहजीकरण गर्नुहोस् ।

**क्रियाकलाप ४**

- समूहबाट प्रस्तुतिका लागि एक एक जना टोलीनेता छान्न लगाउनुहोस् र हरेक समूहलाई तिन- तिन मिनेटको समय दिनुहोस् ।
- बाँकी विद्यार्थीलाई ध्यानपूर्वक सुनी सुधारका लागि टिप्पणी गर्न लगाउनुहोस् ।
- सकेसम्म विद्यार्थीहरूबाटै सुधारको लागि निष्कर्षमा पुऱ्याउनुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

- समूहमा सक्रिय नभएका कुनै विद्यार्थीलाई दुर्व्यसन र लागु औषधीका बारेमा सङ्क्षिप्त अभिव्यक्ति गर्न लगाई प्रतिबिम्बन/मूल्याङ्कन कार्य सम्पन्न गर्नुहोस् ।

**५. परियोजना कार्य**

- दुर्व्यसन र लागु औषधीका बारेमा कम्तीमा ३ ओटा अनुच्छेद लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

**थप क्रियाकलाप**

**विद्यार्थीहरूलाई निम्नानुसारका प्रश्नहरूको उत्तर लेख्न लगाई उनीहरूको सिकाइको मूल्याङ्कन गर्न सक्नु हुने छ :**

१. तलका निपात शब्दको प्रयोग गरी कुनै घटनाको चर्चा गर्नुहोस् (५) :

त, नि, पो, रे, पो

२. सङ्क्षिप्त उत्तर लेख्नुहोस् : (५)

जन्मभूमि कथाको शीर्षक कतिको सार्थक छ ? लेख्नुहोस् ।

३. सप्रसङ्ग व्याख्या गर्नुहोस् :(५)

यो युद्ध तिमीले जित्यौ किनकि तिम्रा भाइ लक्ष्मण तिम्रा पक्षमा थिए ।

४. तल दिइएका बुँदाहरूका आधारमा कथा लेख्नुहोस् : (५)

गुरु द्रोर्णाचार्यले आफ्ना चेलाहरूको परीक्षा लिन जङ्गलमा लैजानु.......एउटा रुखको हाँगामा बसेको चरो देखाएर त्यसको दाहिने आँखामा वाण हानेर खसाल्नु पर्ने कुरा सुनाउनु...... अहिले के देखेका छौ भनेर शिष्यहरूसँग पालैपालो सोध्नु..... दुर्योधनले आफ्ना वरपर देखेका सबै कुरा भन्नु.......कर्णले रुखको हाँगामा चरो देखेको बताउनु........अर्जुनले चराको दाहिने आँखा मात्र देखेको बताउनु........अर्जुनको जबाफले गुरु खुसी हुनु........अर्जुन परीक्षामा प्रथम हुनु........त्यही वेलादेखि अर्जुन दृष्टि भन्ने भनाइ प्रचलित हुनु .......।

पाठ २

कविता

# सन्तुष्टि

एकाइगत पाठ्यवस्तु विभाजन तालिका

| क्र.स. | पाठ्यवस्तु | पाठ्यभार |
|---|---|---|
| १. | लयबद्ध वाचन र शुद्ध उच्चारण | १ |
| २. | शब्दार्थ र वाक्यमा प्रयोग | १ |
| ३. | भावबोध | १ |
| ४. | मौन पठन र व्याख्या | १ |
| ५. | सप्रसङ्ग व्याख्या | १ |
| ६. | अनुच्छेद रचना (लैङ्गिक भूमिका तथा समताका बारेमा) | १ |
| ७. | व्याकरण (धातुको रूपायन) | १ |
| ८. | ह्रस्व, दीर्घ, श, ष, स र चन्द्रबिन्दु को प्रयोग | १ |
| ९. | लेख्य चिह्नको पहिचान र प्रयोग | १ |
| १०. | सिर्जनात्मक कार्य (कविता लेखन प्रतियोगिता) | २ |
|  | जम्मा | ११ |

**दिन : पहिलो** **समय ४५ मिनेट**

**पाठ शीर्षक : सन्तुष्टि (कविता)**

**पाठ्यवस्तु : लयबद्ध पठन र शुद्ध उच्चारण**

**अपेक्षित सिप विकास : सुनाइ र बोलाइ (उच्चारण शिक्षण)**

**१. विशिष्ट उद्देश्य**

(क) 'सन्तुष्टि' कवितालाई लयबद्ध वाचन गर्न

(ख) पाठमा प्रयुक्त शब्दहरूको शुद्ध रूपमा उच्चारण गर्न

**२. शैक्षणिक सामग्री**

- पद्य कविताको अंश, पाठ्यपुस्तक र बोध सम्बन्धी शब्दहरूको सूची

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १**

- शिक्षकले कुनै सान्दर्भिक पद्य कविताको अंश लयबद्ध वाचन गरी कक्षामा सुनाउनुहोस् । सो कवितामार्फत पद्य कविताका विषयमा लघु प्रवचन दिई पाठको शीर्षक शैक्षणिक पाटीमा लेख्नुहोस् र त्यस घन्टीमा गरिने मुख्य क्रियाकलापका बारेमा विद्यार्थीहरूलाई जानकारी दिनुहोस् ।

**क्रियाकलाप २**

- शिक्षकले सबभन्दा पहिले विद्यार्थीमध्येबाट 'सन्तुष्टि' कविता लयबद्ध वाचन गर्न प्रोत्साहित गर्नुहोस् । विद्यार्थीबाट सम्भव नभएमा उनीहरूलाई ध्यानपूर्वक सुन्न निर्देश दिँदै आफैंले दुई तिन पटक आदर्श वाचन गरी कविता सुनाउनुहोस् ।

- यसरी लयबद्ध पठन अभ्यास गराउँदा कविताको प्रत्येक पङ्क्ति लय हालेर पढ्नुहोस् र सोही अनुसार विद्यार्थीलाई पनि समूहगत रूपमा लय हालेर पढ्ने अभ्यास गराउनुहोस् ।

- सामूहिक कविता वाचन अभ्यास गराइसकेपछि दुई समूहका (भएमा केटा र केटी) बिचमा , बेन्चगत समूहमा र अन्तिममा व्यक्ति व्यक्तिमा लयबद्ध वाचनको अभ्यास गराउनुहोस् ।

**क्रियाकलाप ३**

- विद्यार्थीहरूलाई उच्चारण गर्न अप्ठ्यारो लागेका शब्दहरू पाठबाट खोजी टिपोट गर्न लगाउनुहोस् । पछि विद्यार्थीलाई सोध्दै शैक्षणिक पाटीमा टिप्दै जानुहोस् ।

- ती शब्दहरूको पालैपालो विद्यार्थीहरूबाट नै उच्चारण गर्न प्रोत्साहित गर्नुहोस् । उनीहरूबाट शुद्ध उच्चारण हुन नसकेका शब्दहरूलाई शिक्षकले अक्षर अक्षर छुट्याई शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् । यसरी उच्चारण अभ्यास गराउँदा आफूले लगेको शब्द सूची पनि प्रदर्शन गरी शुद्ध उच्चारण सम्बन्धी थप अभ्यास गराउनुहोस् ।

- इतर नेपाली मातृभाषा भएका र उच्चारणमा बढी कठिनाइ भएका विद्यार्थीहरूलाई शुद्ध उच्चारणको अभ्यास गराउँदा उनीहरूको उच्चारणगत त्रुटि क्षेत्र पहिचान गरी थप अभ्यासको अवसर प्रदान गर्नुहोस् ।

- सुस्त श्रवण भएका विद्यार्थीको हकमा सकेसम्म साङ्केतिक भाषाको प्रयोग गर्नुहोस् । अन्यथा उनीहरूलाई ती शब्दहरूलाई अनु लेखन गर्न निर्देश गर्नुहोस् ।

**क्रियाकलाप ४**

- पाठको सुनाइ अभ्यासका प्रश्न न. १ , २ र ३ न. का क्रियाकलापहरू गराउनुहोस् । विद्यार्थी अलमल परेको अवस्थामा आवश्यक सहजीकरण गर्नुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

निम्नलिखित प्रश्नहरू सबै विद्यार्थी समक्ष राखेर प्रतिबिम्बन/मूल्याङ्कन कार्य सम्पन्न गर्नुहोस् :

- आज पढेको कविताको कुनै चार हरफहरू लयबद्धवाचन गरेर साथीलाई सुनाउनुहोस् ।

  तपाईंले आज उच्चारण गर्न सिकेका नयाँ शब्दहरूको सूची बनाई कक्षामा उच्चारण गरेर सुनाउनुहोस् ।

**५. परियोजना कार्य**

- रेडियो, एफ.एम. वा टिभीबाट देखेसुनेको तपाईंलाई मनपर्ने कुनै कविता वा गीत राम्रा अक्षर पारी छुट्टै पानामा लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

| दिन : दोस्रो | समय ४५ मिनेट |
| --- | --- |

**पाठ शीर्षक : सन्तुष्टि (कविता)**

**पाठ्यवस्तु : शब्दार्थ र वाक्यमा प्रयोग**

**अपेक्षित सिप विकास : बोलाइ र लेखाइ**

**१. विशिष्ट उद्देश्य**

(क) पाठमा प्रयुक्त कठिन शब्दहरूको अर्थ बताउन

(ख) पाठमा प्रयुक्त कठिन शब्दहरूलाई वाक्यमा प्रयोग गर्न

**२. शैक्षणिक सामग्री**

- पाठ्यपुस्तक, शब्दार्थपत्ती, वाक्यपत्ती, गोजीतालिका र फलाटिन पाटी

## ३. सिकाइ सहजीकरण प्रक्रिया

**क्रियाकलाप १**

- गत दिन परियोजना कार्यलाई केही विद्यार्थीहरूलाई प्रस्तुतीकरण गर्न लगाउनुहोस् र बाँकी विद्यार्थीका सामग्रीलाई प्रदर्शन पाटीमा टाँस्न लगाउनुहोस् । यस प्रकार उत्प्रेरणात्मक क्रियाकलाप सञ्चालन गरी आज अध्ययन गरिने विषयवस्तुका बारेमा जानकारी दिनुहोस् ।

**क्रियाकलाप २**

- विद्यार्थीहरूलाई 'सन्तुष्टि' कविता मनमनै पठन गर्न निर्देशित गरी आफूलाई नयाँ लागेका शब्दहरू आफ्ना कापीमा टिप्न निर्देश गर्नुहोस् ।
- विद्यार्थीहरूले टिपोट गरेका नयाँ शब्दहरू शिक्षक आफूले शैक्षणिक पाटीमा लेख्दै जानुहोस् ।
- ती सङ्कलित शब्दका अर्थ विद्यार्थीहरूमध्येबाट भन्न प्रोत्साहित गर्नुहोस् ।
- अन्त्यमा आफूले लगेको शब्द पत्ती प्रदर्शन गरी थप स्पष्ट पार्नुहोस् ।

**क्रियाकलाप ३**

- आफूले वाक्यमा प्रयोग गरी लगेको तिन ओटा नमुना वाक्यपत्तीको प्रदर्शन गर्नुहोस् र अर्थयुक्त वाक्य निर्माण गर्ने विषयमा छलफल गराउनुहोस् ।
- विद्यार्थीहरूलाई चार चार जनाको समूहमा विभाजन गरी समूह नेता छान्न लगाउनुहोस् । लक्षित शब्दहरूको आशय खुल्ने गरी वाक्यमा प्रयोग गर्न १५ मिनेटको समय दिई प्रोत्साहित गर्नुहोस् ।
- विद्यार्थीले समूह कार्य गर्दा उपयुक्त स्थानमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।
- समूह कार्य सकिएपछि पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् । मूल्याङ्कनका लागि विद्यार्थीलाई नै प्रोत्साहित गर्नुहोस् । अन्त्यमा उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

**क्रियाकलाप ४**

- पाठको अभ्यासका ४ र ५ का क्रियाकलापहरू प्रत्येक विद्यार्थीलाई गर्न लगाउनुहोस् । विद्यार्थीले अभ्यास गरिरहँदा उनीहरूले गरेको कार्यको अवलोकन गर्दै अलमल परेको देखिएमा आवश्यक सहजीकरण गर्नुहोस् ।

## ४. प्रतिबिम्बन/मूल्याङ्कन

- 'तातो कुर्सी' खेल विधिको प्रयोग गर्दै शब्दार्थ र वाक्य प्रयोग कार्यको मूल्याङ्कन तथा प्रतिबिम्बन/मूल्याङ्कन कार्य सम्पन्न गर्नुहोस् ।

## ५. गृहकार्य

- पाठको अभ्यास ५ लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

| दिन : तेस्रो | समय ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : सन्तुष्टि (कविता)**

**पाठ्यवस्तु : आशय /भावार्थ लेखन**

**अपेक्षित सिप विकास : लेखाइ**

## १. विशिष्ट उद्देश्य

(क) 'सन्तुष्टि' कविताका निर्दिष्ट पङ्क्तिहरूको आशय खुलाउन

## २. शैक्षणिक सामग्री

- पाठ्यपुस्तक, कवितांशको आशय वा भाव खुलाइएको नमुना

## ३. सिकाइ सहजीकरण प्रक्रिया

**क्रियाकलाप १**

- गत दिनको गृहकार्यलाई कक्षा अगाडि आएर केही विद्यार्थीलाई प्रस्तुतीकरण गर्न गगाउनुहोस् । पत्येक प्रस्तुतिपछि राम्रा पक्षहरूको प्रशंसा गर्दै ताली बजाएर अन्य साथीलाई सम्मान गर्न निर्देश गर्नुहोस् । आवश्यक पृष्ठपोषण दिई आजको पाठ्यवस्तुका बारेमा जानकारी गराउनुहोस् ।

**क्रियाकलाप २**

- आफूले लगेको एउटा कवितांशको आशय खुलाइएको नमुना सामग्री प्रदर्शन गर्नुहोस् र सो लेखन सम्बन्धमा छलफल गराई लेख्ने तरिकाका बारेमा प्रशिक्षण दिनुहोस् ।

**क्रियाकलाप ३**

- विद्यार्थीहरूलाई उपयुक्त समावेशी समूहमा विभाजन गरी समूह नेता समेत तोक्न लगाउनुहोस् । 'सन्तुष्टि' कविताका कम्तीमा दुई दुई श्लोक एउटा समूहलाई पर्ने गरी नमुनाअनुसार १५ मिनेटको समय दिई भाव विस्तार गर्न निर्देशन दिनुहोस् ।
- विद्यार्थीहरूले समूहमा बसी भाव विस्तार लेख्दै गर्दा समूह समूहमा पुगी अवलोकन गर्नुहोस् । यदि अलमलिएका अवस्था देखिएमा आवश्यक सहयोग पुऱ्याउनुहोस् ।
- लेखन कार्य सकिएपछि समूह नेताबाट पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् । एक समूहको प्रस्तुतिपछि सो समूहलाई ताली बजाई सम्मान गर्ने संस्कारको विकास गराउनुहोस् । स्मरण रहोस् टोली नेता दिनपिच्छे फरक फरक पर्ने गरी नेतृत्व गर्नुपर्ने नियम बनाउनुपर्छ ।
- समूहको प्रत्येक प्रस्तुतिपछि सुधार गर्नुपर्ने पक्षमाथि विद्यार्थीहरूबाटै छलफल गराई शिक्षकले समग्रमा उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

## ४. प्रतिबिम्बन/मूल्याङ्कन

- तलका पङ्क्तिको आशय लेख्न लगाई मूल्याङ्कन तथा प्रतिबिम्बन/मूल्याङ्कन कार्य सम्पन्न गर्नुहोस् :

  छन् आँखा दुइटा हाम्रा हेर्नुपर्छ दुवैतिर

  कान छन् दुइटै हाम्रा सुन्नुपर्छ दुवैतिर ।

## ५. गृहकार्य

- लेखाइ अभ्यासअन्तर्गतको प्रश्न न. ३ को अभ्यास घरमा गरेर ल्याउन निर्देशन दिनुहोस् ।

**शिक्षकका लागि निर्देशन**

- यसै निर्देशिकाको पाठ १० को पाँचौँ दिनको क्रियाकलापमा भाव विस्तारको नमुना र लेख्ने तरिकासम्म दिइएको छ । सोहीअनुसारका क्रियाकलाप गराउन सक्नु हुने छ ।

**पाठ शीर्षक : सन्तुष्टि (कविता)**

**पाठ्यवस्तु : मौन पठन र व्याख्या**

**अपेक्षित सिप विकास : पढाइ र लेखाइ**

## १. विशिष्ट उद्देश्य

(क) निर्दिष्ट कविताांशको व्याख्या गर्न

## २. शैक्षणिक सामग्री

- व्याख्याको नमुना

## ३. सिकाइ सहजीकरण प्रक्रिया

**क्रियाकलाप १**

- कुनै रोचक घटना वा चुटकिला सुनाएर उत्प्रेरणात्मक क्रियाकलाप सम्पन्न गर्नुहोस् र आजको विषयवस्तु शैक्षणिक पाटीमा लेखी विद्यार्थीहरूलाई जानकारी गराउनुहोस् ।

**क्रियाकलाप २**

- विद्यार्थीहरूलाई उपयुक्त समूहमा विभाजन गर्नुहोस् र समूह नेता तोक्न निर्देश गर्नुहोस् । शैक्षणिक सामग्रीको रूपमा लगेको व्याख्या गरिएको नमुना प्रस्तुत गर्नुहोस् । व्याख्या गर्ने तरिकाबारे विद्यार्थीका बिचमा छलफल गराई निष्कर्ष दिनुहोस् ।
- विद्यार्थीलाई गोला प्रथा विधिको प्रयोग गरी प्रति समूह तलका कविताांश मध्येबाट कुनै एक कविताांश पर्ने गरी नौ मिनेटभित्र व्याख्या गरी लेख्न निर्देशन दिनुहोस् :

  (क) नखाई सञ्चिता गर्ने लोभीको चैन छैन रे !<br>
  खाएर नगरे काम अर्को पापी हुँदैन रे !

  (ख) अर्काको भाग खोसेमा डाँका अर्को हुँदैन रे !<br>
  आफ्नो भर परे आफैँ लाञ्छनाले छुँदैन रे !

  (ग) बलले रचना निस्कोस् बुद्धिले सिर्जना नयाँ<br>
  मनले ममता माता तनले चेतना नयाँ ।

  (घ) पृथिवी तल नै स्वर्ग जनता नै जनार्दन<br>
  उपकार सदा पूजा फल हो दुःख मोचन ।

- विद्यार्थीहरूले उत्तर लेख्दै गर्दा समूह समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।
- समय समाप्त भएपछि उत्तरहरू समूह नेताबाट पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् । प्रत्येक प्रस्तुतिपछि विद्यार्थीहरूबाटै सुधार गर्नुपर्ने पक्षमाथि टिप्पणी गर्न प्रोत्साहित गरी अन्त्यमा आफूले उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

## ४. प्रतिबिम्बन/मूल्याङ्कन

- पाठबाट कविताको कुनै अंश शैक्षणिक पाटीमा लेखी त्यसको व्याख्या गर्न चाहनेहरूलाई हात उठाउन लगाउनुहोस् र हात उठाउनेहरूमध्येबाट गोलाप्रथाबाट एक जनालाई छनोट गरी तोकिएको कवितांशको मौखिक रूपमा व्याख्या गर्न निर्देशन दिनुहोस् ।

## ५. परियोजना कार्य

- विद्यार्थीलाई तलको कार्य गर्ने परियोजना कार्य दिनुहोस् :

  आफ्नो टोल छिमेकमा प्रचलित कुनै चार ओटा गाउँखाने कथा र त्यसका उत्तर समेत खोजेर त्याई कक्षाको प्रदर्शन पाटीमा टाँस्नुहोस् ।

**शिक्षकका लागि थप सामग्री**

- व्याख्या गरेको नमुना र उत्तर लेख्ने तरिकाका बारेमा यसै निर्देशिकाको पाठ १३ को पाँचौं दिनमा दिइएको छ । त्यसलाई पनि अनुसरण गरी गर्न गराउन सक्नु हुने छ ।

| दिन : पाँचौं | समय ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : सन्तुष्टि (कविता)**

**पाठ्यवस्तु : सप्रसङ्ग व्याख्या**

**अपेक्षित सिप विकास : लेखाइ**

## १. विशिष्ट उद्देश्य

- कविताका विशिष्ट पङ्क्तिहरूको सप्रसङ्ग व्याख्या गर्न

## २. शैक्षणिक सामग्री

- पाठ्यपुस्तक , कवितांशको सप्रसङ्ग व्याख्या गरिएको नमुना

## ३. सिकाइ सहजीकरण प्रक्रिया

**क्रियाकलाप १**

- कुनै मुक्तक , गीत, लघु कवितामध्ये कुनै एक सुनाई उत्प्रेरणात्मक क्रियाकलाप सम्पन्न गर्नुहोस् । आज गरिने मुख्य क्रियाकलापबारे शैक्षणिक पाटीमा लेखी विद्यार्थीहरूलाई जानकारी गराउनुहोस् ।

**क्रियाकलाप २**

- कविताका कुनै एक श्लोकको सप्रसङ्ग व्याख्या गरेको नमुना शैक्षणिक सामग्री प्रदर्शन गर्नुहोस् र सप्रसङ्ग व्याख्या गर्ने तरिकाका बारेमा विद्यार्थीहरूका बिचमा छलफल गराउनुहोस् । अन्त्यमा आफूले निष्कर्ष दिई सप्रसङ्ग व्याख्या गर्ने बारेमा थप स्पष्ट पार्नुहोस् ।
- विद्यार्थीहरूलाई तिन तिन जनाको समूहमा विभाजन गरी समूह नेता छनोट गर्न निर्देश दिनुहोस् । पाठको लेखाइ अभ्यासको पश्न न. ३ का दुई विशिष्ट पङ्क्तिहरूमध्ये एउटा समूहमा एकको मात्र पर्ने गरी कार्य विभाजन गर्नुहोस् र १५ मिनेटको समय तोकी अभ्यास गर्न लगाउनुहोस् । समूह कार्यको अवलोकन गर्दै विद्यार्थी अलमल परेको समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।

**क्रियाकलाप ३**

- निर्दिष्ट समय समाप्त भएपछि तिन चार ओटा समूह नेताबाट पालैपालो लिखित सामग्रीको प्रस्तुतीकरण गर्न लगाउनुहोस् र बाँकी समूहलाई उनीहरूले प्रस्तुत गरेका सामग्रीको मूल्याङ्कन गरी पृष्ठपोषणका दिन प्रोत्साहित गर्नुहोस् । सबै समूहको प्रस्तुतिका लागि समय कम हुने भएमा बाँकी समूहको सामग्रीलाई प्रदर्शन पाटीमा टाँस्न निर्देशन दिनुहोस् ।
- अन्त्यमा विद्यार्थीहरूले आजको कक्षामा गरेका सबल पक्षहरूको प्रशंसा गर्दै सुधार गर्नुपर्ने पक्षहरू औंल्याई समग्रमा उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

४. **प्रतिबिम्बन/मूल्याङ्कन**

- प्रत्येक विद्यार्थीलाई 'सन्तुष्टि' (कविता) पाठबाट कुनै दुई पङ्क्तिको सप्रसङ्ग व्याख्या गर्ने प्रश्न लेख्न लगाउनुहोस् । सो प्रश्न आफ्नो नजिकको साथीलाई दिने र सो साथीको प्रश्न आफूले समाधान गरी आआपसमा पृष्ठपोषण लिनेदिने कार्य गर्न निर्देशन दिई प्रतिबिम्बन/मूल्याङ्कन कार्य सम्पन्न गर्नुहोस् ।

५. **गृहकार्य**

- निम्न लिखित पङ्क्तिहरूको सप्रसङ्ग व्याख्या गरेर ल्याउन निर्देश गर्नुहोस् :

  (क) नआओस् आत्तिने दु:ख मात्तिने धन सम्पत्ति
  यतिले राम्ररी चल्छ सारा जीवनको गति ।

  (ख) पृथिवी तल नै स्वर्ग जनता नै जनार्दन
  उपकार सदा पूजा फल हो दु:ख मोचन ।

**शिक्षकका लागि थप सामग्री**

- यसै निर्देशिकाको पाठ १४ को दिन पाँचौंमा सप्रसङ्ग व्याख्या गरिएको नमुना र गर्ने तरिकासमेत दिइएको छ । सो अध्ययन गरी सोही अनुसार गर्नु गराउन सकिने छ ।

| **दिन : छैटौं** | **समय : ४५ मिनेट** |
|---|---|

**पाठ शीर्षक : सन्तुष्टि (कविता)**

**पाठ्यवस्तु : लैङ्गिक भूमिका र समताबारे अनुच्छेद लेखन**

**अपेक्षित सिप विकास : बोलाइ तथा लेखाइ**

१. **विशिष्ट उद्देश्य**

- लैङ्गिक भूमिका र समताबारे बोलेर तथा लेखेर आफ्नो अभिव्यक्ति प्रकट गर्न सक्ने

२. **शैक्षणिक सामग्री**

- उपलब्ध भएमा लैङ्गिक भूमिका र समताबारे अनुच्छेद लेखनबारेमा प्रस्तुत गरिएका श्रव्य, दृश्य सामग्री, यस विषयमा लेखिएको सामग्री र फलाटिन पाटी

३. **सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १**

- अघिल्लो दिनको गृहकार्य/परियोजना कार्यलाई कक्षा प्रस्तुति गर्न लगाएर आवश्यक पृष्ठपोषण दिनुहोस् ।
- आजको कक्षामा गरिने मुख्य क्रियाकलापलाई जानकारी गराउनुहोस् ।

**क्रियाकलाप २**

- कक्षाको बसाइ व्यवस्थापन सम्पूर्ण रूपमा समावेशी भएको सुनिश्चित गर्नुहोस् ।
- शैक्षणिक सामग्रीको रूपमा लगिएको श्रव्य दृश्य वा लिखित सामग्री प्रदर्शन गर्नुहोस् ।
- समूहगत छलफलका लागि विद्यार्थी सङ्ख्याका आधारमा ३ वा ४ समूह बनाउनुहोस् ।
- हरेक समूहमा लैङ्गिक भूमिका र समताबारेमा छलफल गर्न पाँच मिनेट त्यसबारेमा ३ ओटा अनुच्छेद लेख्नका लागि १५ मिनेट गरी २० मिनेटको समय दिनुहोस् ।
- समूहभित्र छलफलमा सबै विद्यार्थी सहभागी गराउनका लागि आवश्यक सहजीकरण गर्नुहोस् ।

**क्रियाकलाप ३**

- समूहबाट प्रस्तुतिका लागि एक एक जना टोलीनेता छान्न लगाउनुहोस् र हरेक समूहलाई तिन तिन मिनेटको समय दिनुहोस् ।
- बाँकी विद्यार्थीलाई ध्यानपूर्वक सुनी सुधारका लागि टिप्पणी गर्न लगाउनुहोस् ।
- सकेसम्म विद्यार्थीहरूबाटै सुधारको लागि निष्कर्षमा पुऱ्याउनुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

- समूहमा सक्रिय नभएका कुनै विद्यार्थीलाई लैङ्गिक भूमिका र समताबारे सङ्क्षिप्त अभिव्यक्ति गर्न लगाई प्रतिबिम्बन/मूल्याङ्कन कार्य सम्पन्न गर्नुहोस् ।

**५. परियोजना कार्य :**

- विद्यार्थीहरूलाई आफ्नो घर, टोल र समाजमा पुरुषले गर्ने काम र महिलाले गर्ने काममा के कस्ता भिन्नता छन् भन्नेबारेमा सोधखोज गरी मुख्य मुख्य फरक लेखेर प्रदर्शन पाटीमा टाँस्न निर्देशन दिनुहोस् ।

**शिक्षकका लागि निर्देशन**

- यसै निर्देशिकाको पाठ १४ को दिन छैटौँमा अनुच्छेद लेखेको नमुना र लेख्ने तरिकासमेत दिइएको छ । सो अध्ययन गरी सोही अनुसार गर्नु गराउन सक्नु हुने छ ।

| दिन : सातौँ | समय : ४५ मिनेट |
| --- | --- |

**पाठ शीर्षक : सन्तुष्टि (कविता)**

**पाठ्यवस्तु : व्याकरण (धातु रूपावली )**

**अपेक्षित सिप विकास : कार्यमूलक व्याकरण**

**१. विशिष्ट उद्देश्य**

- धातुलाई लिङ्ग, वचन, पुरुष, आदर, काल र पक्षका आधारमा आवश्यक प्रत्यय लगाई क्रियापदको निर्माण गर्न

**२. शैक्षणिक सामग्री**

- उत्प्रेरणात्मकका लागि प्रश्न सूची, क्रियाकलाप १ का लागि प्रश्न सूची, शब्द पत्ती, प्रतिबिम्बन/मूल्याङ्कनका लागि दुई प्रश्न सूची, गोजीतालिका र फलाटिन पाटी

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १**

- अघिल्लो कक्षामा दिएको परियोजना कार्यअनुसार विद्यार्थीलाई सोधेर पुरुषले गर्ने काम र महिलाले गर्ने अलग अलग सूची बनाउनुहोस् । समाजमा पुरुष र महिलाले यस्ता भिन्न काम गरे पनि पुरुष वा महिला यही नै काम गर्नुपर्छ भन्ने कुरा ठिक होइन । पुरुष र महिलाले जुनसुकै काम पनि गर्नसक्छन् र गर्नुपर्छ भन्नेबारेमा स्पष्ट पार्नुहोस् ।
- शैक्षणिक पाटीमा लेखिएका कामसँग सम्बन्धित सूचीमा रहेका क्रियापदहरू (जस्तै : पकाउने, धुने, बढार्ने, काट्ने, पिँध्ने आदि ) लाई रेखाङ्कन गर्दै आज अध्ययन गरिने विषयवस्तुबारे विद्यार्थीलाई जानकारी दिनुहोस् ।

**क्रियाकलाप २**

- विद्यार्थीहरूलाइ चार चार जनाको समावेशी समूहमा विभाजन गरी हरेक समूहबाट व्याकरण खण्डको १ न. को अभ्यास गर्न लगाउनुहोस् ।
- विद्यार्थीहरूले क्रियाकलाप सम्पन्न गरेपछि थोरै विद्यार्थी भएको हकमा सबै समूहलाई र धेरै समूह भएमा ठाउँ ठाउँबाट प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।
- स्मरण रहोस्, धेरै विद्यार्थी भएका समूहमा एक पटक प्रस्तुतीकरण गरेको समूहलाई नै अर्को पटकको प्रस्तुतीकरणको मौका नदिई फरक समूहलाई अर्थात् प्रस्तुतीकरणको अवसर नपाएका समूहलाई मौका दिनुहोस् ।

**क्रियाकलाप ३**

- व्याकरण खण्डको प्रश्न न. २ को क्रियाकलाप गर्न विद्यार्थीहरूलाई चार चार जनाको समावेशी समूहमा विभाजन गरी सात मिनेटभित्र सो कार्य सम्पन्न गर्न निर्देशन दिनुहोस् ।
- विद्यार्थीहरूले क्रियाकलाप सम्पन्न गरेपछि क्रियाकलाप १ कै नीति अपनाई प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ४**

- चार चार जनाको समावेशी समूहमा विभाजन गरी पाँच मिनेटभित्र 'सन्तुष्टि' कवितामा प्रयोग भएका क्रियापद शब्दहरू खोज्न लगाई प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

- व्याकरण खण्डको प्रश्न न. ३ को क्रियाकलाप गर्न लगाउनुहोस् र सहपाठी मूल्याङ्कन विधिबाट मूल्याङ्कन गराउनुहोस् ।

**५. गृहकार्य**

- व्याकरण खण्डको प्रश्न न. ४ को क्रियाकलाप गरेर ल्याउन लगाउनुहोस् ।

| दिन : आठौँ | समय : ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : सन्तुष्टि (कविता)**

**पाठ्यवस्तु : वर्णविन्यास (ह्रस्व, दीर्घ र श, ष, र स को प्रयोग)**

**अपेक्षित सिप विकास : वर्णविन्याससम्बन्धी ज्ञान**

**१. विशिष्ट उद्देश्य**

(क) सुरुमा ह्रस्व, बिचमा ह्रस्व र अन्तिममा ह्रस्व हुने शब्दहरूको पहिचान गर्न

(ख) सुरुमा दीर्घ, बिचमा दीर्घ र अन्तिममा दीर्घ हुने शब्दहरूको पहिचान गर्न

(ग) श, ष, र स को प्रयोगका क्षेत्रको पहिचान गर्न

**२. शैक्षणिक सामग्री**

- सुरुमा ह्रस्व, बिचमा ह्रस्व र अन्तिममा ह्रस्व भएका शब्दहरूको सूची
- सुरुमा दीर्घ, बिचमा दीर्घ र अन्तिममा दीर्घ भएका शब्दहरूको सूची
- श, ष, र स को प्रयोग भएका शब्दहरूको सूची

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १**

- विद्यार्थीहरूलाई २ मिनेटको समय दिई 'सन्तुष्टि' कविताको पहिलो र दोस्रो श्लोक द्रुत लेखन गर्न निर्देशन दिनुहोस् र समय समाप्त हुनासाथ बुझाउनेलाई धन्यवाद दिई उत्प्रेरणात्मक क्रियाकलाप सम्पन्न गर्नुहोस् र आज सम्पन्न गरिने क्रियाकलापहरूकाबारेमा सङ्क्षिप्त प्रकाश पार्नुहोस् ।

**क्रियाकलाप २**

- विद्यार्थीहरूलाई 'सन्तुष्टि' पाठबाट सुरु, बिच र अन्तिममा ह्रस्व भएका शब्दहरू खोजेर भन्न लगाई शैक्षणिक पार्टीमा लेख्नुहोस् ।
- विद्यार्थीहरूलाई 'सन्तुष्टि' पाठबाट सुरु, बिच र अन्तिममा दीर्घ भएका शब्दहरू खोजेर भन्न लगाई शैक्षणिक पार्टीमा लेख्नुहोस् ।

- विद्यार्थीहरूलाई 'सन्तुष्टि' पाठबाट श, ष र सको प्रयोग भएका भएका शब्दहरू खोजेर भन्न लगाई शैक्षणिक पार्टीमा लेख्नुहोस् ।

**क्रियाकलाप ३**

- आफूले लगेको शैक्षणिक सामग्रीमध्ये सुरुमा ह्रस्व, बिचमा ह्रस्व र अन्तिममा ह्रस्व भएका शब्दहरूको सूची प्रस्तुत गनुहोस् र त्यसबारेमा स्पष्ट पानुहोस् ।
- आफूले लगेको सुरुमा दीर्घ, बिचमा दीर्घ र अन्तिममा दीर्घ भएका शब्दहरूको सूची प्रस्तुत गनुहोस् र त्यसबारेमा स्पष्ट पानुहोस् ।
- आफूले लगेको श, ष, र स को प्रयोग भएका शब्दहरूको सूची प्रस्तुत गनुहोस् र त्यसबारेमा स्पष्ट पानुहोस् ।

  यस्तो सूची प्रस्तुत गर्न सकिन्छ :

**१. सुरुमा ह्रस्व**

नुन, दुध, मित, सिङ, किरो, घिउ, बिरालो, हिउ, जिब्रो, इन्जिन, टिन, टिकट, मिल, इनाम, पिर, मितेरी, सिलौटो, जुरेली, कुनो, गुन, कुर्सी, उजुर, जुनार, बुढचाइ, उनी, तिनी, यिनी, तिमी, उहाँ, किन, बुढो, ठुलो, मिठो, तितो, बिस, तिस, तिनेक, बिसेक, तिसेक, चिसो, चिप्लो, दुब्लो, रित्तो, भित्र, तिर, सित, निर, हिजो, मुनि, उँभो, उँधो, तिर्छ, उठ्यो, किनिन्, धुत्यो, सुन्छन्, रुन्छिन् तिलक, तिरस्कार, दिवस, धिक्कार, उग्र, उक्त, गुण, गुरु, चुम्बन, त्रुटि, निबन्ध, नियम, नियन्त्रण, कुकुर, मुजुर  आदि ।

**२. बिचमा ह्रस्व**

इन्जिनियर, बिल्डिङ, मिटिङ, पुजारी, पुलिस, कुकुर, मुजुर, मानिस, भानिज, भतिज, इन्जिन, अफिस, लाल्टिन, रेडियो, हरियो, अमिलो, खुकुलो, बाटुलो, सिकिस्त, नुनिलो, उन्नाइस, बत्तिस, चालिस, छयालिस, त्रिचालिस, बाहिर, दिउँसो, अधिक, अन्तिम, आदिम, कविता, कठिन, खनिज, गरिमा, चरित्र, नायिका, गायिका, पाक्षिक, पण्डित, प्राकृतिक, प्रतियोगिता, मन्दिर, अङ्कुश, अद्भुत्, आकुल, आतुर, इच्छुक आदि ।

**३. अन्त्यमा ह्रस्व**

नाति,  पनाति, जुवाइ, पोइ, भाइ, दाइ, दाजु, बराजु, भिनाजु, बाबु, पति, गोरु, भालु, गाउँ, हिउ, घिउ, धनु, हाउ, भाउ, ठाउँ, आलु, पिँडालु, विष्णु, नानु, सानु, अघि, पछि, अनि, पनि, देखि, कि, छि, बरु, फेरि, भोलि, अस्ति, चाहिँ, अगाडि, पछाडि, मुनि, माथि, पढाइ, बसाइ, सुनाइ, लेखाइ, यति, उति, कति, त्यति, जति, अलिकति आदि ।

**४. सुरुमा दीर्घ**

यी, ती, ऊ, ईश, कीट, क्रीडा, शून्य, सूचक, शीर्षक, सूर्य, पूर्व, पूर्ण आदि ।

**५. बिचमा दीर्घ**

अतीत, अधीन, गम्भीर, तृतीय, नवीन, प्राचीन, परीक्षा, पूजनीय, समूह आदि ।

**६. अन्त्यमा दीर्घ**

रेग्मी, राई, गुरागाई, भट्टराई, राई, ठिमी, गुल्मी, डोटी, कास्की, सुनौली, दिदी, बहिनी, सासू, फुपू, जोई, ढोई, गाई, भैंसी, भेडी, केटी, सिरानी, खरानी, ठेकी, थाली, थैली, आरी, खल्ती, यसरी, कसरी, राम्ररी, बेसरी, त्यसरी, सरासरी, जसरी आदि ।

**७. श, ष, स**

शिशु, शशि, शेष, शास्त्र, शासन, शासक, आश्वासन, प्रशंसा, आशा, आशीर्वाद, शारदा, शिला, शिल्प, शिव, शिविर, शिक्षा, दिशा, राशि, पश्चिम, निश्चय, आश्चर्य, श्राप, श्रावण, श्रोता, श्री, श्रद्धा, विश्राम, आश्रय, आश्रम, श्लोक, संश्लेषण, विश्लेषण, क्रमशः, प्रायशः आदि ।

उषा, ऋषि, औषधी, कृषि, कृषक, अष्टम, आषाढ, इष्ट, कष्ट, नष्ट, पुष्ट, सन्तुष्ट, शिष्ट, सृष्टि, दृष्टि, राष्ट्र, निष्कर्म, शुष्क, मस्तिष्क, बहिष्कार, परिष्कार, निष्काशन आदि ।

सेतो, सय, ससुरा, सुगा, बदमास, स्कुल, स्टेसन, सहर, साधारण, दास, सदन, साधन, साधु, स्नान, नमस्कार, पुरस्कार, प्रशस्त, स्तुति, स्त्री, सफल, सभा, सत्कार, सज्जन, सम्मान, सद्भाव, संयुक्त, संसद्, संस्था, सङ्गीत, सन्तान, सरस्वती, उत्सुक, आदि ।

**क्रियाकलाप ४**

- विद्यार्थीहरूलाई ३ समूहमा विभाजन गर्नुहोस् र समूह नेता पनि छान्न निर्देशन दिनुहोस् ।
- समूहहरूलाई चिट्ठा गरी ह्रस्व समूह, दीर्घ समूह र 'श, ष, स' समूह गरी विभाजन गर्नुहोस् ।
- ह्रस्व/दीर्घ समूहलाई सुरु, बिच र अन्तिममा ह्रस्व/दीर्घ हुने पाँच/पाँच ओटा र 'श, ष, स' समूहलाई श, ष र स प्रयोग भएका पाँच/पाँच ओटा शब्द लेखेर ल्याउन निर्देशन दिनुहोस् ।
- समय समाप्त भएपछि तिन ओटै समूह नेताबाट पालैपालो आफूले लेखेर ल्याएका शब्द प्रस्तुत गर्न लगाउनुहोस् ।
- विद्यार्थीबाट प्रस्तुत शब्दको वर्णविन्यासमा त्रुटि पाइएमा सच्याई दिनुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

- आजको कक्षामा विद्यार्थीहरूले सिकेका शब्दको हिज्जे बिगारेर विद्यार्थीलाई शुद्ध गर्न भन्नुहोस् ।

**५. परियोजना कार्य**

- ह्रस्व, दीर्घ, श, ष, स लागेका शब्दहरूमध्ये हरेकमा १०/१० ओटा शब्द घरमा लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

| दिन : नवौँ | समय : ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : सन्तुष्टि (कविता)**

**पाठ्यवस्तु : लेख्य चिह्न**

**अपेक्षित सिप विकास : लेख्य चिह्नको पहिचान र प्रयोग**

**१. विशिष्ट उद्देश्य**

(क) निर्दिष्ट अनुच्छेदको पठन गरी त्यसमा प्रयुक्त लेख्य चिह्नहरू पहिचान गर्न

(ख) लेख्य चिह्नहरू प्रयोग गरी वाक्य तथा अनुच्छेद अनुच्छेद लेख्न

**२. शैक्षणिक सामग्री**

- प्रश्नोत्तर सूची, अनुच्छेद लेखनको नमुना

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १**

- गत दिनको गृहकार्यलाई कक्षा अगाडि आएर केही विद्यार्थीलाई प्रस्तुतीकरण गर्न लगाउनुहोस् । राम्रा पक्षहरूको प्रशंसा गर्दै ताली बजाएर अन्य साथीलाई सम्मान गर्न निर्देश गर्नुहोस् । आवश्यक पृष्ठपोषण दिई आजको पाठ्यवस्तुकाबारेमा जानकारी गराउनुहोस् ।

**क्रियाकलाप २**

- तलको तालिका प्रस्तुत गरी जोडा मिलाउन लगाउनुहोस् :

| | | |
|---|---|---|
| ( । ) | निर्देशक | आश्चर्य, खुसी, दु:ख आदि प्रकट गर्दा |
| ( , ) | प्रश्नवाचक | वाक्य पूराहुँदा |

| | | |
|---|---|---|
| ( ? ) | दोहोरो उद्धरण | उही क्रममा आउने व्यक्ति, वस्तु आदिलाई छुट्याउन र छोटो विश्राममा |
| ( ! ) | पूर्णविराम | कृतिको नाम, विशेष जोड दिने विषय आदिमा |
| ( : ) | एकोहोरो उद्धरण | प्रश्न गर्दा |
| ("...") | अल्पविराम | कुनै उदाहरण दिँदा |
| ('...') | उद्गार | अरुको भनाइ जस्ताको तस्तै राख्दा |

**क्रियाकलाप ३**

- क्रियाकलाप २ का प्रश्नहरूको उत्तरका आधारमा विद्यार्थीमा रहेको लेख्य चिह्नको ज्ञानको अवस्था पहिचान गरी आवश्यक लेख्य चिह्नकाबारेमा थप जानकारी दिनुहोस् ।
- विद्यार्थीहरूलाई चार चार जनाको समावेशी (भाषिक, लिङ्गीय, जातीय, जान्ने र कम जान्ने आदि विद्यार्थीहरू मिलाएर) समूहमा विभाजन गरी समूह नेता छान्न लगाउनुहोस् ।
- विद्यार्थीहरूले चिह्न प्रयोग गर्दा शिक्षकले अवलोकन कर्ता र सहज कर्ताको भूमिका निर्वाह गर्दै अलमलिएका समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।
- अन्त्यमा सुधार गर्नुपर्ने पक्षमाथि शिक्षकले समग्रमा उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

- विभिन्न लेख्य चिह्न प्रयोग गर्न मिल्ने गरी अनुच्छेद लेख्नुहोस् र हरेक विद्यार्थीले आफ्ना उत्तर पुस्तिकामा त्यस अनुच्छेदलाई सार्न लगाई आवश्यक लेख्य चिह्न प्रयोग गर्न लगाउनुहोस् ।
- कुनै एक जना विद्यार्थीलाई बोलाई शैक्षिणक पार्टीमा लेखिएको अनुच्छेदमा लेख्य चिह्न लेख्न लगाउनुहोस् र हरेक विद्यार्थीको उत्तर पुस्तिकामा भएको आधारमा परीक्षण गर्न लगाउनुहोस् ।

**५. गृहकार्य**

- व्याकरणको प्रश्न न. ५ को उत्तर लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

| दिन : दसौँ र एघारौ | समय : ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : सन्तुष्टि (कविता)**

**पाठ्यवस्तु : सिर्जनात्मक कार्य (कविता लेखन प्रतियोगिता)**

**अपेक्षित सिप विकास : सिर्जनात्मक सिप**

**१. विशिष्ट उद्देश्य**

- आफूलाई मनपर्ने विषयमा पद्य कविता रचना गरी प्रतियोगितामा सहभागी हुन

**२. शैक्षणिक सामग्री**

- पद्य कविता वा मुक्तकका अंश, कविता प्रतियोगिताका लागि परीक्षण सामग्री, पुरस्कार दिने सामग्री

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १**

- शिक्षकले विद्यार्थीलाई आफूले लगेको पद्य कविता वा मुक्तकका नमुनाहरू वाचन गरी सुनाउनुहोस् र ती नमुनालाई कक्षाको प्रदर्शन पाटी वा भित्तामा टाँस्नुहोस् । आजको प्रतियोगिताकाबारेमा जानकारी दिनुहोस् ।

**क्रियाकलाप २**

- विद्यार्थीहरूलाई १५ मिनेटको समय दिई कक्षाको प्रदर्शन पाटीमा टाँसेका पद्य कविता वा मुक्तकको अध्ययन गर्न निर्देशन दिनुहोस् ।
- अध्ययनको समय समाप्त भएपछि विद्यार्थीहरूलाई चार चार जनाको समूहमा विभाजन गरी एउटा समूह नेता पनि छान्न लगाउनुहोस् ।
- उनीहरूको समूहलाई मनपर्ने कुनै एक शीर्षक छनोट गर्न लगाई १५ मिनेटको समय दिई एउटा पद्य कविता रचना गर्न निर्देशन दिनुहोस् ।
- विद्यार्थीले कविता लेख्दै गर्दा समूह कार्यको अवलोकन गर्दै आवश्यक स्थानमा सहजीकरण पनि गर्दै जानुहोस् ।

**क्रियाकलाप ३**

- तोकिएको समय समाप्त भएपछि समूह नेतालाई सबैले सुन्ने गरी हाउभाउ र लय मिलाई कविता वाचन गर्न निर्देशन दिनुहोस् । कविताहरूको निम्न लिखित आधारमा मूल्याङ्कन हुने जानकारी पनि दिनुहोस् :

| मूल्याङ्नका अआधारहरू | लयबद्धपठन | शुद्धता र स्पष्टता | हाउभाउपूर्ण प्रस्तुति | कविताको भाव | सिर्जनात्मकता | जम्मा |
|---|---|---|---|---|---|---|
| अङ्क भार | १० | १० | १० | १० | १० | ५० |
| १.समूह क | | | | | | |

**क्रियाकलाप ४**

- विद्यार्थीले कविता वाचन गरेको समयमा माथि दिइएको आधारमा प्रत्येक समूहको मूल्याङ्कन गरी प्राप्ताङ्कको आधारमा प्रथम, द्वितीय र तृतीय छुट्याई समूहलाई उचित पुरस्कार समेत वितरण गर्नुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

- समूह कार्यमा अग्रसर हुन नखोज्ने, अगाडि आउन, बोल्न धकाउने विद्यार्थी पहिचान गरी त्यस्ता विद्यार्थीलाई 'सन्तुष्टि' कविता लय मिलाई वाचन गर्न लगाउनुहोस् । आवश्यक सहजीकरण गर्नुहोस् ।

**५. परियोजना कार्य**

- विद्यार्थीहरूलाई आफूलाई मनपर्ने विषयमा कुनै एक गीत वा कविता घरबाट लेखेर ल्याई प्रदर्शन पाटीमा टाँस्न निर्देशन दिनुहोस् ।

**थप क्रियाकलाप**

**विद्यार्थीहरूलाई निम्नानुसारका प्रश्नहरूको उत्तर लेख्न लगाई उनीहरूको सिकाइको मूल्याङ्कन गर्न सक्नु हुने छ :**

१. खा, गर, सुन्, हेर् धातुको प्रयोग गरी कतै घुम्न जाँदाको वर्णन गर्नुहोस् । (५)

२. तलका लेख्य चिह्न प्रयोग गरी छोटो अनुच्छेद लेख्नुहोस् । (५)

लेख्य चिह्नहरू : अल्पविराम (,), प्रश्नवाचक (?), पूर्णविराम (।), योजक (-), निर्देशक (:)

३. सङ्क्षिप्त उत्तर लेख्नुहोस् : (५)

(क) कविताको आधारमा जीवनको गति कसरी चल्छ ?

४. सप्रसङ्ग व्याख्या गर्नुहोस् :(५)

पृथ्वी तल नै स्वर्ग जनता नै जनार्दन ।

उपकार सदा पूजा फल हो दु:ख मोचन ॥

पाठ ३

जीवनी

# सन्दुक रुइत

एकाइगत पाठ्यवस्तु विभाजन तालिका

| क्र.स. | पाठ्यवस्तु | पाठ्यभार |
|---|---|---|
| १. | सस्वरवाचन र शुद्ध उच्चारण | १ |
| २. | शब्दार्थ र अनेकार्थी शब्द | १ |
| ३. | शब्दभण्डार र वाक्यमा प्रयोग | १ |
| ४. | मुख्य घटनाक्रम टिपोट र वर्णन | १ |
| ५. | पठन बोध, छलफल र प्रश्नोत्तर | २ |
| ६. | व्याख्या र भाव विस्तार | २ |
| ७. | सङक्षिप्त र लामो उत्तर लेखन | १ |
| ८. | व्याकरण (संयोजक, नामयोगी र क्रियायोगी) | १ |
| ९. | सिर्जनात्मक कार्य (जीवनी लेखन) | १ |
| | जम्मा | ११ |

| दिन : पहिलो | समय ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : सन्दुक रुइत (जीवनी)**

**पाठ्यवस्तु : सस्वरवाचन र शुद्धोच्चारण**

**अपेक्षित सिप विकास : सुनाइ र बोलाइ**

**१. विशिष्ट उद्देश्य**

(क) निर्दिष्ट जीवनी पाठको अनुच्छेदलाई गति, यति मिलाई शुद्धसँग सस्वरवाचन गर्न

(ख) पाठमा प्रयुक्त उच्चारणगत समस्या भएका कठिन शब्दहरूको शुद्ध रूपमा उच्चारण गर्न

**२. शैक्षणिक सामग्री**

- शब्दपत्ती र गोजीतालिका

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १**

- आवश्यक उत्प्रेरणा दिई त्यस दिन शिक्षण गरिने पाठकाबारेमा जानकारी गराउनुहोस् ।
- सस्वरवाचनका लागि आवश्यक निर्देशन दिनुहोस् । जस्तै:
  - गति (छिटो छिटो) र यति (पद पदका बिचको विश्राम) मिलाई पढ्ने
  - विराम चिह्नहरू (अल्पविराम, अर्धविराम, पूर्णविराम, प्रश्नसूचन, उद्गार) को ख्याल गरी पढ्ने

- हिज्जे (वर्णहरूको लेख्य विन्यास) को ख्याल गरी शुद्ध उच्चारण गरी पढ्ने

**क्रियाकलाप २**

- शिक्षकले पाठको पहिलो अनुच्छेद सस्वरवाचन गरी सुनाउनुहोस् र यसपछि विद्यार्थीहरूलाई पालैपालो सस्वर र वाचन गराउनु हो । यस क्रममा निम्न क्रियाकलापमा ध्यान दिनुहोस् :
- छात्र र छात्रा दुवैलाई पालैपालो सस्वरवाचन गराउनुहोस् ।
- दोस्रो भाषी विद्यार्थीलाई बढी सहभागी गराउनुहोस् ।
- साथीले गरेको उच्चारण विद्यार्थीलाई ध्यान पूर्वक सुन्न निर्देशन दिनुहोस् र अशुद्ध उच्चारण भएका बिचमै रोकेर सच्याउन लगाउनुहोस् ।

**क्रियाकलाप ३**

- सस्वरवाचनको क्रियाकलाप पूराभएपछि विद्यार्थीहरूलाई पाठका कठिन शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण गर्ने अभ्यास गराउनुहोस् । यस क्रममा निम्न क्रियाकलापहरू गराउनुहोस् ।
- विद्यार्थीलाई उच्चारण गर्न समस्या परेका शैक्षणिक पाटीमा रिपोट गरिएका कठिन शब्दहरू विद्यार्थीबाट पालैपालो शुद्धउच्चारण गर्न लगाउनुहोस् ।
- शिक्षकले पहिलेनै तयार पारेर ल्याएका कठिन शब्दका शब्दपत्तीहरू गोजीतालिकामा राखेर देखाउँदै उनीहरूलाई शुद्ध उच्चारणको अभ्यास गराउनुहोस् :

  **लक्षित शब्दहरू :**

  भूपरिवेष्टित, शल्यक्रिया, सङ्कीर्ण, अन्तरिक्ष, खाने मुखलाई जुँघाले छेक्दैन, नाच्न नजान्ने आँगन टेढो

- ढिलो सिकाइ क्षमता भएका र दोस्रो भाषी विद्यार्थीलाई छुट्टाछुट्टै समूहमा विभाजन गरी उच्चारण हिज्जे शब्दसूची देखाएर बारम्बार उच्चारण अभ्यास गराउनुहोस् । जस्तै:

  भूपरिवेष्टित -भु.प.रि.बेस्.ठित्

  शल्यक्रिया - सल्.ल्य.किर्. या

  सङ्कीर्ण- सङ्. किर्. न

**क्रियाकलाप ४**

- शिक्षकले तयार पारी ल्याएका शब्दपत्तीलाई गोजीतालिकामा राखी विद्यार्थीलाई पालैपालो उच्चारण गर्न लगाउनुहोस् ।
- सस्वरवाचन र शुद्धोच्चारणका सबै क्रियाकलापहरू कुन कुन विद्यार्थीले पूरागरे कुन कुनले गरेनन् अवलोकन गरी तिनीहरूको नाम टिपी ती विद्यार्थीहरूको समस्या पहिचान गर्नुहोस् :
- समस्या पहिचान पश्चात् तिनीहरूको छुट्टै समूह बनाई अरु सरह सस्वरवाचन र शुद्धोच्चारणनगरेसम्म आवश्यक थप सामग्री उपलब्ध गराई ती शब्दहरूलाई बारम्बार शुद्धोच्चारणको अभ्यास गराउनुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

- निम्न लिखित शब्दलाई शुद्धोच्चारणगर्न लगाउनुहोस् :

  भूपरिवेष्टित, शल्यक्रिया, सङ्कीर्ण, अन्तरिक्ष, प्रारम्भिक, दृष्टान्त ।

**५. परियोजना कार्य**

- विद्यार्थीहरूलाई निम्न लिखित शब्दहरूको सही उच्चारण संरचना लेखेर ल्याउन निर्देशन दिनुहोस् :

  दुर्गम, वर्गीय, व्यापारिक, विशिष्ट, हिमशृङ्खला, प्रारम्भिक, दृष्टान्त ।

| | |
|---|---|
| दिन : दोस्रो | समय : ४५ मिनेट |

**पाठ शीर्षक : सन्दुक रुइत (जीवनी)**

**पाठ्यवस्तु : शब्दार्थ र अनेकार्थी शब्द**

**अपेक्षित सिप विकास : शब्दभण्डार र प्रयोग**

## १. विशिष्ट उद्देश्य

(क) पाठमा प्रयुक्त कठिन तथा नयाँ शब्दहरूको अर्थ बताउन

(ख) अनेकार्थी शब्दबारे थाहा पाउन

## २. शैक्षणिक सामग्री

- शब्द र अर्थपत्ती, वाक्यपत्ती, गोजीतालिका र फलाटिन पाटी

## ३. सिकाइ सहजीकरण प्रक्रिया

### क्रियाकलाप १

- शिक्षकले विद्यार्थीहरूलाई त्यस दिन शिक्षण गरिने पाठ्यवस्तुको जानकारी गराउँदै सबैलाई एकमिनेट शान्तपूर्वक रही आँखा चिम्लन लगाउनुहोस् । हिजो उच्चारणका क्रममा कठिन भएका शब्दहरू सम्झन लगाउनुहोस् । समय सकिएपछि आँखा खोल्न लगाई दुई मिनेटको समय दिएर द्रुत गतिमा ती शब्द कापीमा टिपोट गर्न निर्देशन गर्नुहोस् र समय सकिनासाथ कलम बन्द गराई कसले कति धेरै शब्द सम्झिएर लेख्न सक्यो भन्न लगाई सबभन्दा बढी लेख्नेलाई ताली बजाएर स्याबासी दिनुहोस् ।

### क्रियाकलाप २

- शब्दार्थ शिक्षणका लागि निर्दिष्ट पाठबाट आफूलाई अर्थ कठिन लागेका शब्द खोजी कापीमा टिपोट गर्न निर्देशन दिनुहोस् र ती शब्दहरू भन्न पनि लगाउँदै आफूले शैक्षणिक पाटीमा रिपोट गर्दै जानुहोस् ।

### क्रियाकलाप ३

- विद्यार्थीहरूलाई निम्न शब्दहरू दिई तिनको अर्थ बताउन लगाउनुहोस् :
- विशिष्ट, दुर्गम, वर्गीय, व्यापारिक, दार्जिलिङ, भूपरिवेष्टित, शल्यक्रिया, सङ्कीर्ण
- उल्लिखित शब्दको अर्थ बताउन नसकेमा आफूले तयार पारी ल्याएको शब्दार्थ सूची फलाटिन पाटीमा टाँस गरी सही अर्थ पहिचान गरी भन्न लगाउनुहोस् ।

### क्रियाकलाप ४

- शैक्षणिक पाटीमा तलको सूची प्रस्तुत गरी एउटै शब्दका अनेक अर्थ पनि हुन सक्छन् (अनेकार्थी शब्द) भन्ने कुरा बुझाउनुहोस् :

  जस्तै :

  तर : मलाई दुधको तर मिठो लाग्छ ।

  तर : खोलो तर र पारी जाऊ ।

  रहर : उसले पसलबाट रहरको दाल किन्यो ।

  रहर : मलाई पोखरा डुल्ने रहर छ ।

### क्रियाकलाप ५

- पाठको अभ्यास खण्डअन्तर्गत प्रश्न न. १९ को अभ्यास गर्न लगाउनुहोस् ।

## ४. प्रतिबिम्बन/मूल्याङ्कन

- आज अभ्यास गराइएका शब्दहरूको अर्थ सोधी प्रतिबिम्न गर्नुहोस् ।

## ५. परियोजना कार्य

- विद्यार्थीलाई चार चार ओटा अनेकार्थी शब्द खोजी लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

| दिन : तेस्रो | समय ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : सन्दुक रुइत (जीवनी)**

**पाठ्यवस्तु : विविध क्षेत्रका शब्दको वाक्यमा प्रयोग**

**अपेक्षित सिप विकास : शब्दभण्डार र प्रयोग**

## १. विशिष्ट उद्देश्य

(क) पाठमा प्रयुक्त प्राविधिक शब्दहरूको अर्थ भन्न र खुल्ने गरी वाक्यमा प्रयोग गर्न

## २. शैक्षणिक सामग्री

- शब्द र अर्थपत्ती, वाक्यपत्ती, गोजीतालिका र फलाटिन पाटी

## ३. सिकाइ सहजीकरण प्रक्रिया

### क्रियाकलाप १

- विद्यार्थीहरूलाई विषय क्षेत्र (जस्तै : कानुन, चिकित्सा, कम्प्युटर, खेलकुद, विज्ञान आदि) छुट्याई त्यस्ता क्षेत्रका शब्दहरू भन्न लगाउनुहोस् र त्यसलाई शैक्षणिक पाटीमा लेख्नुहोस् । नयाँ र अनौठो शब्द उच्चारण गर्नेलाई स्याबास, वा, जस्ता उत्प्रेरक शब्दले प्रशंसा गर्दै अरुलाई ताली बजाउन लगाएर प्रोत्साहन गर्नुहोस् । पाँच मिनेट जति यो प्रक्रिया चालु गरेपछि आजको विषयबारे प्रकाश पार्नुहोस् ।

### क्रियाकलाप २

- तलका शब्द शैक्षिक पार्टीमा लेखी तिनका एक एक ओटा वाक्य बनाऊ र जसले चाँडो वाक्य बनाइसक्छ, उसले उठेर सकेँ भन्नु भनी निर्देशन दिनुहोस् ।

  **लक्षित शब्दहरू**

  - विशिष्ट, दुर्गम, वर्गीय, व्यापारिक, भूपरिवेष्टित, शल्यक्रिया, सङ्कीर्ण, अन्तरिक्ष, खाने मुखलाई जुँघाले छेक्दैन, नाच्न नजान्ने आँगन टेढो

### क्रियाकलाप ३

- जुन विद्यार्थी पहिले उठ्छ, उसलाई कुनै एउटा वाक्य शैक्षणिक पार्टीमा लेख्न पढ्न लगाउनुहोस् र क्रमश: दोस्रो, तेस्रो उठ्ने क्रममा एक एक ओटा वाक्य लेख्न लगाउनुहोस् ।
- उनीहरूले प्रस्तुत गरेको वाक्य मिले नमिलेको बाँकी विद्यार्थीलाई मूल्याङ्कन गर्न प्रोत्साहित गर्नुहोस् र अन्त्यमा आफुले गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

### क्रियाकलाप ४

- पाठ भित्रबाट र बाहिरबाट निम्न लिखित पारिभाषिक तथा अन्य शब्द, टुक्का, निपात र अनुकरणात्मक शब्द दिई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :
- मानचित्र, शृङ्खला, मोतीबिन्दु, शिखर, प्रवेशिका, भयावह, भावुक, लटरम्म, गल्र्यामगुर्लुम, सरक्क, हतारहतार, नि, पो, लौ, है, नै, खै, आँखा लाग्नु, डाँडो काट्नु, नाक काट्नु, आकाशको फल, सिँगौरी खेल्नु, पौँठाजोरी खेल्नु
- वाक्यमा प्रयोगका क्रियाकलापहरू कुन कुन विद्यार्थीले गर्न सकेनन् तिनीहरूको पहिचान गरी उक्त विद्यार्थीहरूको सिकाइ समस्या पत्ता लगाउनुोस् ।
- समस्या पहिचानपछि तिनीहरूको छुट्टै समूह बनाई निर्दिष्ट र अन्य प्रयोग गराई अरु सरह सक्षम बनाउन उपचारात्मक शिक्षण गर्नुहोस् ।

**क्रियाकलाप ५**

- शिक्षकले विद्यार्थीलाई चार समूहमा विभाजन गर्नुहोस् र ती समूहलाई क, ख, ग, घ यस्तै कुनै नाम राख्नुहोस् । समूह 'क' लाई परिभाषिक शब्द, समूह 'ख' लाई टुक्का, समूह 'ग' लाई अनुकरणात्मक र समूह 'घ' लाई निपात शब्द पाठबाट खोजेर र त्यस्तै अरु पाँचपाँच ओटा बाहिरबाट समावेश गरी वाक्य प्रयोगको सूची तयार गरी ल्याउन र कक्षामा प्रस्तुत गर्न निर्देशन दिनुहोस् ।

## ४. प्रतिबिम्बन/मूल्याङ्कन

- आजको कक्षामा प्रस्तुत गरिएका केही शब्दहरूलाई वाक्यमा प्रयोग गर्न लगाई प्रतिबिम्बन/मूल्याङ्कन गर्ने ।

## ५. परियोजना कार्य

- विद्यार्थीलाई चार समूहमा विभाजन गरी निम्न लिखित शब्दहरूलाई वाक्यमा प्रयोग गरी लेखेर त्याई प्रदर्शन पाटीमा टाँस्न निर्देशन दिनुहोस् :

  साइबर, लोकतन्त्र, समावेशिता, सङ्घीयता, निवृत्तिभरण, आधुनिकीकरण, साधना, मनोनयन, पाण्डुलिपि, परियोजना, परिपत्र, प्रशोधन, कुपोषण, महामारी, अन्तःशुल्क, ऐलानी, विस्थापित, शल्यक्रिया, किबोर्ड

## शिक्षकका लागि थप अध्ययन सामग्री

१. सन्दर्भ सामग्री -

- शब्दार्थ शिक्षण र वाक्यमा प्रयोगका लागि हेमाङ्गराज अधिकारीद्वारा लिखित नेपाली भाषा शिक्षण (कुञ्जल प्रकाशन २०५०) नामक पुस्तकको पृष्ठ ८९ को शब्दार्थ शिक्षण खण्ड अध्ययन गर्नुहोस् ।

| दिन : चौथो | समय ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : सन्दुक रुइत (जीवनी)**

**पाठ्यवस्तु : मुख्य घटनाक्रम टिपोट र वर्णन**

**लक्षित सिप : लेखाइ र बोलाइ**

## १. विशिष्ट उद्देश्य

(क) निर्दिष्ट जीवनी पाठका मुख्यमुख्य घटनाक्रमको टिपोट गर्न

(ख) टिपोटका आधारमा घटनाक्रमलाई मौखिक तथा लिखित रूपमा वर्णन गर्न

## २. शैक्षणिक सामग्री

(क) सन्दुक रुइतको जीवनका मुख्यमुख्य घटनाको सूची ।

(ख) राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रका विशिष्ट व्यक्तित्वको जीवनका मुख्यमुख्य घटनाको सूची ।

(ग) फलाटिन पाटी

## ३. सिकाइ सहजीकरण प्रक्रिया

**क्रियाकलाप १**

- राष्ट्रिय वा अन्तर्राष्ट्रिय क्षेत्रका कुनै विशिष्ट व्यक्तिका जीवनका मुख्य घटनाको सूची उदाहरणका रूपमा प्रस्तुत गर्दै सिकाइतर्फ उत्प्रेरित गर्नुहोस् ।

**क्रियाकलाप २**

- सन्दुक रुइतका जीवनमा घटेका मुख्य मुख्य घटनाहरू आउने गरी प्रश्न बनाएर विद्यार्थीलाई सोध्नुहोस् । जस्तै :

  - रुइतको जन्म कहिले र कहाँ भएको हो ?

  - रुइतका पिता र माताको नाम के के हो ?

  - रुइतले कहिले प्रवेशिका उत्तीर्ण गरे ?

- सन्दुक रुइतले के केको आविष्कार गरे ?

- रुइतले के कस्ता सम्मान र पुरस्कार पाए ?

- विद्यार्थीले बताएका उत्तरहरू शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।
- टिपोट गरिएका मुख्य घटनाहरू विद्यार्थीलाई पालैपालो सोधेर भन्न लगाउनुहोस् ।

**क्रियाकलाप ३**

- विद्यार्थीहरूलाई सन्दुक रुइतका जीवनका मुख्य -मुख्य घटना किताबबाट आफ्ना-आफ्ना कापीमा टिप्न लगाउनुहोस् ।
- विद्यार्थीले टिपीसकेपछि तिनलाई भन्न लगाउनुहोस् ।
- विद्यार्थीले टिपेका घटनाहरू नदोहारिने गरी शैक्षणिक पाटीमा टिपोट गर्दै जानुहोस् ।
- विद्यार्थीहरूसँग छलफल गरी घटनाक्रम सूचीलाई क्रमबद्ध पारी सबै विद्यार्थीहरूलाई आ-आफ्ना कापीमा टिप्न लगाउनुहोस् । यसरी टिप्दा नाम, जन्ममिति, जन्मस्थान, बाल्यकाल, शिक्षा, जीवनको सङ्घर्ष, सफलता, उपलब्धि, सम्मान, पुरस्कार आदिको क्रमअनुसार घटनाक्रम मिलाउन लगाउनुहोस् ।
- ढिलो सिकाइ भएका विद्यार्थीलाई शिक्षकले उनीहरू बसेका ठाउँमा पुगी सहजीकरण गर्दै आवश्यक निर्देशन दिई घटनाक्रम रिपोटमा प्रोत्साहित गर्नुहोस् ।

**क्रियाकलाप ४**

- अघि तयार पारिएका क्रमबद्ध सूचीका बुँदाका आधारमा घटना र जीवन वृत्तका विषय वस्तुलाई सिलसिलाबद्ध रूपमा वर्णन गर्न लगाउनुहोस् ।
- ढिलो सिकाइ भएका र कमजोर विद्यार्थीले वर्णन गर्न नसकेमा शिक्षकले तयार पारी ल्याएका घटनाक्रम सूची फलाटिन पाटीमा टाँस गरी घटनाक्रमकाबारे स्पष्ट पँर्दै आवश्यकतानुसार टिपोट गर्न लगाउनुहोस् ।
- बुँदा विद्यार्थीले तयार पारेका घटनाक्रम रिपोट पालैपालो पहिले लिखित रूपमा र पछि मौखिक रूपमा वर्णन गरेर सुनाउन लगाउनुहोस् । यसक्रममा विद्यार्थीहरूलाई आवश्यक पृष्ठपोषण पनि दिनुहोस् ।
- घटनाक्रम वर्णनलाई निम्न तरिकाले प्रस्तुत गर्न लगाउन सकिन्छ :

- व्यक्तिगत रूपमा एक्ला-एक्लै लिखित तथा मौखिक वर्णन गराएर प्रस्तुत गराउने ।
- विद्यार्थीलाई आ–आफ्ना बेन्चमा बसालेर प्रत्येक बेन्चका चार या पाँच जनाको समूह बनाई सामूहिक रूपमा काम गराएर एकजना समूह नेताद्वारा प्रस्तुत गराई लिखित रूपमा प्रदर्शन गरेर वर्णन गर्न लगाउने ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

- निम्न प्रश्नहरू सोधी व्यक्तिगत रूपमा घटना वर्णन गर्न लगाउनुहोस् :

  - सन्दुक रुइतको जन्म कहाँ र कहिले भएको थियो ?

  -उनको बाल्यकाल कसरी बित्यो ?

  – उनले प्रारम्भिक शिक्षा कहाँ कसरी आर्जन गरे ?

  - उनी किन आँखा सम्बन्धी अध्ययनमा आकृष्ट भए ?

  - उनले केको आविष्कार गरे ?

  - उनलाई के कस्ता उपाधि र सम्मान प्राप्त भएका छन् ?

**५. परियोजना कार्य**

- शिक्षकले विद्यार्थीलाई आवश्यकताका आधारमा चार वा पाँच समूहमा विभाजन गर्नुहोस् । ती समूहको कुनै नाम राख्नुहोस् । प्रत्येक समूहलाई न्युजप्रिन्टमा सन्दुक रुइतको जीवनमा घटेका घटनाहरू रिपोट गरी ल्याउन निर्देशन दिनुहोस् ।

**शिक्षकका लागि थप अध्ययन सामग्री**

- पच्चिस प्रतिभा (सम्पादक गोपाल पराजुली), काठमाडौँ : रत्न पुस्तक भण्डार को भाग १ र २ पुस्तक अध्ययन गर्न सकिने छ ।

| दिन : पाँचौँ र छैटौँ | समय : ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : सन्दुक रुइत (जीवनी)**

**पाठ्यवस्तु : पठन बोध, छलफल र प्रश्नोत्तर**

**लक्षित सिप : पढाइ र लेखाइ**

**१. विशिष्ट उद्देश्य**

(क) निर्दिष्ट पाठका अनुच्छेदहरू पठन गरी बोध प्रश्नहरूको उत्तर दिन

(ख) निर्दिष्ट जीवनी पाठका विषयवस्तु सम्बन्धी प्रश्नका लिखित रूपमा उत्तर दिन

**२. शैक्षणिक सामग्री**

- प्रश्नहरूको सूची र फलाटिन पाटी

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १**

- शिक्षकले सिकाइ अभिमुखीकरणका रूपमा अघिल्लो दिन पठन गरेको घटना र वर्णनकाबारे एकछिन सम्झन लगाउनुहोस् र आजको पाठ्यवस्तुकाबारे जानकारी दिनुहोस् ।

**क्रियाकलाप २**

- पाठलाई पालैपालो सस्वरवाचन गराउनुहोस् र शिक्षकले त्यसको अवलोकन गर्नुहोस् र गल्ती भएमा सच्चाइदिनुहोस् ।
- व्यक्तिगत रूपमा पुन: सस्वरवाचनको क्रियाकलाप गराउनुहोस् । यस क्रममा शिक्षकले विद्यार्थीले पढे नपढेको अवलोकन गर्दै कक्षामा डुल्नुहोस् र आवश्यक स्थानमा सहजीकरण गनुहोस् ।

**क्रियाकलाप ३**

- शिक्षकले निम्न प्रश्नसूची फलाटिन पाटीमा टाँस गरी प्रदर्शन गर्नुहोस् :
  - सन्दुक रुइत कहाँ जन्मिएका थिए ?
  - रुइतको जीवन कसरी सङ्घर्षशील हुन पुग्यो ?
  - रुइतले कहाँबाट कहिले एमबिबिएस पूरागरे ?
  - रुइतको बाल्यकाल कसरी बित्यो ?
  - रुइतेक्टोमी भनेको के हो ?
  - रुइतको जीवनबाट के प्रेरणा पाउन सकिन्छ ?
  - रुइतको के कस्तो सपना छ ?
- शिक्षकले फलाटिन पाटीमा टाँस गरेको प्रश्नहरूको सूची विद्यार्थीलाई पढ्न लगाउनुहोस् र छलफलका लागि निर्दिष्ट पाठबाट उत्तर खोज्न मौन पठन गराउनुहोस् ।

- विद्यार्थीले पढेनपढेको शिक्षकले अवलोकन गर्दै जानुहोस् र आवश्यक अवस्थामा सहजीकरण गर्नुहोस् ।
- निर्दिष्ट क्रियाकलाप पूराभएपछि आपसमा छलफल गराउनुहोस् । छलफलका क्रममा माथिका प्रश्नहरू सोध्नुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

- तलका प्रश्न सोध्नुहोस् :

  - सन्दुक रुइत कस्ता व्यक्ति हुन् ?
  - सन्दुक आँखाको उपचारतिर आकृष्ट हुनुको कारण के हो ?
  - सन्दुकको वाल्यकाल कसरी बित्यो ?

**५. गृहकार्य**

- माथिका प्रश्नको छोटो उत्तर लेखेर ल्यान निर्देशन दिनुहोस् ।

| दिन : सातौँ र आठौा | समय : ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : सन्दुक रुइत (जीवनी)**

**पाठ्यवस्तु : व्याख्या र भाव विस्तार**

**लक्षित सिप : लेखाइ**

**१. विशिष्ट उद्देश्य**

(क) निदिष्ट जीवनी पाठका विशिष्ट उक्तिको व्याख्या र भाव बिस्तार गर्न

**२. शैक्षणिक सामग्री**

- विशिष्ट पङ्क्तिहरूको सूची, व्याख्या र भाव विस्तारको नमुना र फलाटिन पाटी

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १**

- सन्दुक रुइतको जीवनका घत पर्ने कुराहरू के के हुन् ? भनी सामूहिक प्रश्न गर्नुहोस् । राम्रा उत्तरलाई प्रोत्साहन गर्नुहोस र आजको विषयबारे स्पष्ट पार्नुहोस् ।

**क्रियाकलाप २**

- पाठबाट विशिष्ट वा भाव विस्तार गर्न सकिने पङ्क्तिहरू खोज्नका लागि १० मिनेटको समय दिनुहोस् ।
- विद्यार्थीले खोजेका पङ्क्तिहरू नदोहोऱ्याई शैक्षणिक पाटीमा लेख्नुहोस् ।
- विद्यार्थीले भनेका पङ्क्तिहरूमध्ये भाव विस्तार गर्न नसकिने छन् भने यस कारणले भाव विस्तार हुन सकतैन भनी स्पष्ट पारिदिनुहोस् र तिनलाई सूचीबाट हटाउनुहोस् ।
- आफूले ल्याएको सूची टाँस गरी विद्यार्थीको सूचीसँग रुजु गराउनुहोस् ।

**क्रियाकलाप ३**

- भाव विस्तारको नमुना प्रस्तुत गर्दै कसरी भाव विस्तार गर्न सकिन्छ भन्ने वारेमा विद्यार्थीलाई स्पष्ट पारिदिनुहोस् ।
- कुनै एउटा विषय दिएर समूहमा भाव विस्तार गर्न निश्चित समय दिनुहोस् ।
- निर्धारित समयपछि समूहबाट प्रस्तुति गर्न लगाउनुहोस् ।
- आवश्यक पृष्ठपोषण दिनुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

- कुनै विषयमा कुनै विद्यार्थीलाई मौखिक रूपमा सङ्क्षिप्तमा भाव विस्तार गर्न निर्देशन दिनुहोस् ।

**उपचारात्मक शिक्षण**

- कुन कुन विद्यार्थीले भाव विस्तार गर्न सके र कुन कुनले गर्न सकेनन् तिनीहरूको पहिचान गरी ती विद्यार्थीको सिकाइ समस्या पत्ता लगाउनुहोस् ।
- समस्या पहिचान भएपछि तिनीहरूको छुट्टै समूह बनाई हल गर्न नसकेको विषयमा लेख्न उत्प्रेरित गर्नुहोस् । अरु विद्यार्थी सरह सिपालु नबनेसम्म थप अभ्यास गृहकार्य आदि दिएर पटक पटक अभ्यास गराई शिक्षकले कापी जाँचिदिनुहोस् ।
- गल्ती गरेका ठाउँमा सच्चाइदिएर पुन: लेखेर ल्याउन पटक पटक अभ्यास गराउनुहोस् ।

**५. गृहकार्य**

- विद्यार्थीलाई तलका प्रसङ्गको भाव विस्तार गरी ल्याउनका लागि निर्देशन दिनुहोस् :

  'प्रत्येक जातिको आफ्नो जातीय, भाषिक र धार्मिक पहिचान हुन्छ ।'

| दिन : नवौँ | समय : ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : सन्दुब रुइत (जीवनी)**

**पाठ्यवस्तु : सङ्क्षिप्त र लामो प्रश्नोत्तर**

**लक्षित सिप : लेखाइ**

**१. विशिष्ट उद्देश्य**

(क) निदिष्ट जीवनी पाठका विषयवस्तु सम्बन्धी प्रश्नका लिखित रूपमा उत्तर दिन

**२. शैक्षणिक सामग्री**

- प्रश्नहरूको सूची, छोटो र लामो उत्तरको नमुना र फलाटिन पाटी

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १**

- कुनै प्रेरक व्यक्तिका जीवनका प्रेरक प्रसङ्ग सुनाएर विद्यर्थीमा उत्प्रणा जगाउनुहोस् र आजको विषयकाबारेमा स्पष्ट पार्नुहोस् ।

**क्रियाकलाप २**

- प्रश्नोत्तर क्रियाकलापका लागि शिक्षकले कक्षाको आकार हेरी विद्यार्थीलाई समूह समूहमा बाँड्नुहोस् । यसरी समूह विभाजन गर्दा छलफलमा सक्रिय तुल्याउन समूहमा जेहेनदार मध्यम र कमजोर गरी मिश्रित समूह निर्माण गर्नुहोस् । यसका लागि पहिलेनै तयार पारेर ल्याएको प्रश्नहरू छुट्टा छुट्टै समूहमा छलफलका लागि प्रस्तुत गर्नुहोस् :

  प्रश्न सूची :

  - रुइतको जीवन कसरी सङ्घर्षशील हुन पुग्यो ?
  - रुइतेक्टोमी भनेको के हो ?
  - रुइतको जीवनबाट के प्रेरणा पाउन सकिन्छ ?

- प्रश्नोत्तरका लागि हरेक समूहमा भइरहेको छलफलको राम्रो अवलोकन गर्नुहोस् र उक्त कार्य गर्दा सबैको सक्रिय सहभागिता छ या छैन अवलोकन गरी सबैलाई सक्रिय बनाउने प्रयत्न गर्नुहोस् ।

- शिक्षकले विद्यार्थीहरू बसेको समूहमा डुल्दै प्रश्नको विषयवस्तु समेट्ने गरी उत्तर तयार पार्ने पाठका अनुच्छेद अनुच्छेदमा खोज्न लगाउनुहोस् र उनीहरूलाई कठिन लागेमा कुन प्रश्नको उत्तर कुन अनुच्छेदमा छ सो बताई सहजीकरण गरिदिनुहोस् ।

**क्रियाकलाप ३**

- प्रत्येक समूहबाट कम्तीमा एउटा प्रश्नको उत्तर भन्न लगाउनुहोस् । अन्य समूहलाई ध्यानपूर्वक सुनेर त्यसमा आवश्यक कुरा भए टिप्पणी गर्न लगाई सबैलाई सहभागी गराउनुहोस् ।
- विद्यार्थीले दिएको उत्तर ठिक नभएमा वा नमिलेमा आवश्यक कुरा बताइदिनुहोस् । विद्यार्थीले नजानेमा त्यसका आवश्यक उत्तर बताइदिएर पृष्ठपोषण गर्नुहोस् ।

**क्रियाकलाप ४**

- नयाँ समूह बनाएर तलको प्रश्नमा लामो उत्तर लेख्न लगाउनुहोस् :

  प्रश्न : रुइतको जीवनमा मुख्य घटनाहरू उल्लेख गर्दै उनले मानव समाजलाई दिएको योगदानको विवेचना गर्नुहोस् ।
- सम्भव भए प्रत्येक समूहबाट र त्यो सम्भव नभएमा कुनै एउटा समूहबाट प्रश्नको उत्तर भन्न लगाउनुहोस् । अन्य समूहलाई ध्यानपूर्वक सुनेर त्यसमा आवश्यक कुरा भए टिप्पणी गर्न लगाई सबैलाई सहभागी गराउनुहोस् ।
- आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

- मूल्याङ्कनका लागि तलका मध्ये कुनै प्रश्न सोध्नुहोस् :

  - पाठको सारांश बताउनुहोस् ।
  - सन्दुक रुइतले आँखा रोगीका लागि के कस्ता काम गरेका छन् ?
  - सन्दुक रुइतको जीवनीबाट हामीले सिक्नुपर्ने कुरा के हो ?
- विद्यार्थीलाई कक्षामा सबै प्रश्नको उत्तर लेखेर प्रस्तुत गर्न सम्भव नहुने हुँदा विभिन्न प्रश्नहरू विभिन्न विद्यार्थीलाई बाँडी एक जना विद्यार्थीलाई एक ओटा मात्र प्रश्न पारी कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् र बाँकी प्रश्न गृहकार्यको रूपमा दिनुहोस् ।

**५. परियोजना कार्य**

- शिक्षकले विद्यार्थीलाई व्यक्तिगत रूपमा सङ्क्षिप्त र लामो प्रश्न दिई घरबाट त्यसको उत्तर लेखेर ल्याउन निर्देशन गर्नुहोस् ।

**शिक्षकका लागि थप सामग्री**

- छाटो उत्तरको नमुना र उत्तर लेख्ने तरिकाकाबारेमा यसै निर्देशिकाको पाठ १२ को तेस्रो दिनमा दिइएको छ । त्यसलाई पनि अनुसरण गरी गर्न गराउन सक्नु हुने छ ।

| दिन : दसौ | समय : ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : सन्दुक रुइत (जीवनी)**

**पाठ्यवस्तु : व्याकरण (संयोजक, नामयोगी र क्रियायोगी)**

**लक्षित सिप : शब्दवर्ग पहिचान**

**१. विशिष्ट उद्देश्य**

(क) उदाहरण दिई संयोजक, नामयोगी र क्रियायोगीको परिचय दिन

(ख) संयोजक, नामयोगी र क्रियायोगी पदको पहिचान गरी प्रयोग गर्न

## २. शैक्षणिक सामग्री

- शब्दपत्ती, वाक्यपत्ती र फलाटिन पाटी

## ३. सिकाइ सहजीकरण प्रक्रिया

**क्रियाकलाप १**

- संयोजक, नामयोगी र क्रियायोगी शब्दहरू शैक्षणिक पाटीमा लेख्नुहोस् र तिनीहरूको पदवर्ग छुट्याई उपयुक्त वाक्य निर्माण गर्न लगाउँदै सिकाइतर्फ उत्प्रेरित गरी आज सिकाइने विषय वस्तुको जानकारी गराउनुहोस् ।

**क्रियाकलाप २**

- निम्न किसिमका शब्दहरू लेखिएको शब्दपत्ती प्रस्तुत गर्दै यी कस्ता शब्द हुन् भनी सोध्नुहोस् :
- अनि, पनि, किनकी, माथि, तल, सम्बन्धी, देखि, सरासर, खान, गर्न, बिस्तारै, किनभने, त्यसैले, बाहिर, धेरै, जहाँ, जब, तापनि किनभने, हिजो, भोलि ।
- विद्यार्थीले छुट्याउन नजानेमा शिक्षकले बताइदिनुहोस् र ती शब्दलाई वाक्यमा प्रयोग पनि गर्न लगाउनुहोस् ।
- पाठको व्याकरण खण्डका १, २, ३ र ४ का अभ्यास गराउनुहोस् ।
- आफूले तयार पारी ल्याएका वाक्यपत्तीहरू प्रदर्शन गर्दै ती वाक्यमा रेखाङ्कन गरेका शब्दहरूको पदवर्ग छुट्याउन लगाउनुहोस् ।

  नमुना वाक्य:

  - तिमीलाई कविता सम्बन्धी के कस्तो जानकारी छ ?
  - ऊ भन्छु तर लेख्दैन ।
  - छिरिङ धेरै पढ्दैनन् तापनि राम्रो लेख्छन् ।
  - घरमाथि मन्दिर छ, मन्दिरतल जङ्गल छ ।
  - रीता तल आइन् अनि गीता माथि गइन् ।
  - घरअगाडि खोलो छ ।
  - ऊ अगाडि गयो ।
  - ऊ पढ्छ र लेख्छ ।

- विद्यार्थीहरूलाई कठिन भएमा अन्य उदाहरणहरू दिएर प्रोत्साहित गर्दै पदवर्ग पहिचान गर्न लगाउनुहोस् । शिक्षकले सहजीकरणको भूमिका निर्वाह गर्नुहोस् ।

**क्रियाकलाप ३**

- शिक्षकले संयोजक, नामयोगी र क्रियायोगी शब्दको सोदाहरण परिचय दिनुहोस् :

**संयोजक :**
र, पनि, अनि, तर, तापनि, तैपनि, किन्तु, परन्तु, त्यसकारण, तसर्थ, त्यसैले न, वा, कि, अथवा, भने, भन्ने, भनी,जो, जुन, जब, जता, जसरी आदि संयोजक हुन् र दुई वा दुईभन्दा बढी पद, पदावली र वाक्यहरूलाई जोड्ने अविकारी शब्दलाई संयोजक भनिन्छ ।

**नामयोगी :**
बाहिर, माथि, मुनि, देखि, बाट, सम्बन्धी, अनुसार, सँग, सित आदि नामयोगी शब्द हुन् । नाम वर्गका शब्दसँग जोडिएर आउने शब्दलाई नामयोगी भनिन्छ । नाम वर्गका शब्दको अर्थसँग सम्बन्धित भएर आउने अनिकारी शब्द नै नामयोगी हुन् ।

**क्रियायोगी :**
बाहिर, सरासर, गर्न, खान, धमाधम, माथि, मुनि, भोलि, पर्सि आदि क्रियायोगी शब्द हुन् । क्रियासँग सम्बन्धित भएर कहाँ, कहिले, कसरी, किन र कस्तो प्रश्नको जबाफ लिने शब्दलाई क्रियायोगी भनिन्छ ।

**क्रियाकलाप ४**

- पाठको पृष्ठ २६ प्रश्न न.४ को अभ्यास गराउनुहोस् ।
- शिक्षकले कक्षामा डुल्दै उनीहरू अलमलिएका ठाउँमा पुगी सहजीकरण गरिनिदुहोस् । यसै बिचमा उनीहरूले सिके नसिकेको मूल्याङ्कन गर्नुहोस् ।
- अन्त्यमा उनीहरूले गरेको कक्षाकार्यको अभ्यासको उत्तर बताई उनीहरूले नजानेको कुराका आवश्यक पृष्ठपोषण दिई सबल पक्षको प्रशंसा गर्नुहोस् ।
- शिक्षकले पाँच ओटा संयोजक, पाँच ओटा नामयोगी र पाँच ओटा क्रियायोगी शब्द शैक्षणिक पाटीमा लेखी तिनलाई वाक्यमा प्रयोग गर्न निर्देशन दिई प्रस्तुत गर्न लगाउनुहोस् ।

**४. प्रतिबिम्वन :**

- विद्यार्थीलाई आज सिकेको अभ्यासका आधारमा पाठको अनुच्छेद १ बाट संयोजक र नामयोगी शब्द नदोहोऱ्याई कापीमा टिपेर भन्न लगाउनुहोस् ।

**५. परियोजना कार्य**

- भिन्न भिन्न संयोजक, नामयोगी र क्रियायोगी शब्दहरूको प्रयोग गरी पाँच पाँच वाक्यहरू बनाएर ल्याउन निर्देशन दिनुहोस् ।

| दिन : एघारौ | समय : ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : सन्दुक रुइत (जीवनी)**

**पाठ्यवस्तु : सिर्जनात्मक लेखन (जीवनी लेखन )**

**लक्षित सिप : लेखाइ**

**१. विशिष्ट उद्देश्य**

(क) दिइएको विवरणका आधारमा जीवनी लेख्न

**२. शैक्षणिक सामग्री**

- जीवनी लेखनका लागि बुँदा र जीवनी लेखनको नमुना र फलाटिन पाटी

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १**

- कुनै प्रसिद्ध व्यक्तिको जीवनीका कुनै रोचक सन्दर्भ प्रस्तुत गरी उत्प्रेरण जगाउने आज सिकाइने विषय वस्तुको जानकारी गराउनुहोस् ।
- केही राष्ट्रिय तथा केही अन्तर्राष्ट्रिय व्यक्तित्वहरूको तस्विर (फोटो) देखाउँदै ती व्यक्तित्वहरूका सम्बन्धमा छलफल चलाउनुहोस् ।

**क्रियाकलाप २**

- आफूले तयार पारी लगेको जीवनीको नमुना फलाटिन पाटीमा टाँस गरी कुनै एक विद्यार्थीलाई सबैले सुन्ने गरी सस्वर पढेर सुनाउन लगाउनुहोस् ।
- जीवनी लेखनका सैद्धान्तिक पक्षका विषयमा छलफल गर्नुहोस् र जीवनी लेख्ने तरिकाकाबारेमा निम्न लिखित कुरामा स्पष्ट पारिदिनुहोस् :

> - जीवनी लेखन गर्दा पहिलो अनुच्छेदमा जन्मदेखि शिक्षासम्म खुलाउने ।
> - दोस्रो अनुच्छेदमा कामहरू, कृतिहरू र विशेषता वा गुण आदि खुलाउने ।

| |
|---|
| ● अन्तिम अनुच्छेदमा मान सम्मान र मृत्यु खुलाई अमरत्वकाबारेमा लेख्ने । |

**क्रियाकलाप ३**

- विद्यार्थीहरूलाई आवश्यकतानुसार समूहमा विभाजन गर्नुहोस् र आवश्यक बुँदाहरू दिई जीवनी लेख्न लगाउनुहोस् ।
- सबै समूहमा पुगी आवश्यक सहजीकरण गरिदिनुहोस् । त्यसका लागि समय तोकेर लेख्न निर्देश गर्नुहोस् ।
- निर्धारित समय पूराभएपछि उनीहरूलाई आ-आफ्नो समूहबाट पालैपालो फलाटिन पाटीमा टाँस गरी प्रस्तुत गर्न लगाउनुहोस् । अरु समूहलाई ध्यानपूर्वक सुनी आफ्नो प्रतिक्रिया दिन लगाउनुहोस् ।
- अन्त्यमा सबैको प्रस्तुति सुनिसकेपछि शिक्षकले आफ्नो तर्फबाट पृष्ठपोषण सहित प्रतिक्रिया दिई सुधार गर्नुपर्ने भए बताइदिनुहोस् ।

## ४. प्रतिबिम्बन/मूल्याङ्कन

- निम्न प्रश्न सोधी प्रतिबिम्बन/मूल्याङ्कन कार्य सम्पन्न गर्नुहोस् :

  (क) जीवनी भनेको के हो ?

  (ख) जीवनी लेखनको ढाँचा कस्तो हुनुपर्छ ?

## ५. परियोजना कार्य

- विद्यार्थीहरूलाई तलका बुँदाहरूमा आधारित भई एउटा जीवनी लेखेर ल्याउन निर्देशन दिनुहोस् :

नाम : लक्ष्मीप्रसाद देवकोटा

जन्म : वि.सं.१९६६ कार्तिक २७

जन्म स्थान : धोबीधारा, काठमाडौँ

पितामाता : तिलमाधव देवकोटा/अमर राज्यलक्ष्मी

प्रमुख साहित्यिक कृति :

महाकाव्य : शाकुन्तल, सुलोचना, वनकुसुम, महाराणा प्रताप, पृथ्वीराज चौहान

खण्डकाव्य : मुनामदन, लुनी, कुञ्जिनी, सृजामाता आदि

उपन्यास : चम्पा

कथा : लक्ष्मी कथा सङ्ग्रह

साहित्यिक योगदान : नेपाली साहित्यका महाकवि, प्रकृतिप्रेमी, देशभक्त तथा विशिष्ट प्रबन्धकार, एकेडेमीका संस्थापक, नेपाली साहित्यका प्रचारक

साहित्यिक विशेषता : स्वच्छन्तावादी कवि, मानवतावादी विचार, कल्पनाशीलताको प्रस्तुति

मृत्यु : वि.सं. २०१६

## थप क्रियाकलाप

**विद्यार्थीहरूलाई निम्नानुसारका प्रश्नहरूको उत्तर लेख्न लगाई उनीहरूको सिकाइको मूल्याङ्कन गर्न सक्नु हुने छ :**

१. तलका अनेकार्थी शब्दलाई भिन्न भिन्न अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् । (५)

दर, हार, जाली, मास, अर्थ ।

२. रेखाङ्कित शब्दको शब्दवर्ग छुट्याई लेख्नुहोस् । (५) :

घरअगाडि बगैँचा छ । बगैँचाभित्र किसिम किसिमका फल र फूलका रुख छन् । ढकमक्क फुलेका फूल अनि लटरम्म फलेका फलले बगैँचाको शोभा बढाएका छन् । त्यसैले जब म बगैँचामा पस्छु, तब म सारा दु:ख बिर्सन्छु । बगैँचामा बसेर पढ्न मलाई क्या आनन्द लाग्छ । मलाई मेरो बगैँचाप्रति गर्व छ ।

३. सङ्क्षिप्त उत्तर लेख्नुहोस् : (५)

रुइतको जीवनीबाट के कुरा सिक्न सकिन्छ ?

४. भाव स्पष्ट गर्नुहोस् :(५)

प्रत्येक जातिको आफ्नो जातीय, भाषिक र धार्मिक पहिचान हुन्छ ।

पाठ ४

प्रबन्ध **थाङ्का**

एकाइगत पाठ्यवस्तु विभाजन तालिका

| क्र.स. | पाठ्यवस्तु | पाठ्यभार |
|---|---|---|
| १. | सस्वरवाचन र शुद्ध उच्चारण | १ |
| २. | शब्दार्थ र वाक्यमा प्रयोग | १ |
| ३. | पठन बोध | १ |
| ४. | सङ्क्षिप्त उत्तर लेखन र रचना | १ |
| ५. | व्याख्या | १ |
| ६. | व्याकरण (नाम, सर्वनाम, विशेषण र क्रिया) | २ |
| ७. | वैज्ञानिक तथा व्यावसायिक विषयमा निबन्ध रचना | २ |
| | जम्मा | ९ |

**दिन : पहिलो** **समय ४५ मिनेट**

**पाठ शीर्षक : थाङ्का (प्रबन्ध)**

**पाठ्यवस्तु : सस्वरवाचन र शुद्धोच्चारण**

**लक्षित सिप : बोलाइ (उच्चारण शिक्षण)**

**१. विशिष्ट उद्देश्य**

(क) निर्दिष्ट प्रबन्ध पाठको अनुच्छेदलाई गति, यति, लिाई शुद्धसँग सस्वरवाचन गर्न

(ख) पाठमा प्रयुक्त शब्दहरूको शुद्ध रूपमा उच्चारण गर्न

**२. शैक्षणिक सामग्री**

- शब्दपत्ती र गोजीतालिका

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १**

- निर्दिष्ट पाठको शीर्षक थाङ्का लेखी केही विद्यार्थीलाई आफ्नो परिचय दिन लगाई आफूले पनि परिचय दिई एकले अर्कालाई भित्री रूपमा बुझ्नुपर्ने कुराको भाव बताउँदै त्यस दिन गरिने क्रियाकलापकोबारेमा अर्थाउनुहोस् ।

**क्रियाकलाप २**

- पाठको पहिलो अनुच्छेद आदर्श वाचन गरेर सुनाउनुहोस् र आफूले जस्तै पाठमा प्रयुक्त विराम चिह्नहरूको ख्याल गरी गति, यति मिलाएर पालैपालो एक एक अनुच्छेद शुद्ध रूपमा सस्वरवाचनको लागि आवश्यक निर्देशन दिनुहोस् ।
- बाँकी विद्यार्थीलाई साथीले शुद्ध उच्चारण गरे नगरेको ध्यानपूर्वक सुन्न र अशुद्ध भएमा रोकेर सच्चाउन निर्देशन दिनहोस् ।
- शिक्षकले विद्यार्थी उच्चारणगत पक्षलाई राम्ररी सुनेर उनहिरूलाई समस्या परेका शब्दहरू शैक्षणिक पाटामा रिपोट गर्नुहोस् र कमजोर उच्चारण क्षमताका विद्यार्थीलाई पालैपालो थप सस्वरवाचन गराउनुहोस् ।

- पाठमा प्रयुक्त अल्पविराम, प्रश्नसूचक, उदगार चिह्न आदिको ख्याल गरी यति, मिलाई विद्यार्थीले वाचन गरे नगरेको ख्याल गर्नुहोस् ।

**क्रियाकलाप ३**

- शैक्षणिक पाटीमा रिपोट गरिएका निम्न उच्चारण गत गठिनाइ भएका शब्दहरूलाई शब्दपत्तीमा देखाई गोजीतालिकामा राखेर सही उच्चारण सिकाउनुहोस् ।

  उच्चारण अभ्यास गराउने तरिका :

  थाङ्का - थाङ्.का, वज्रसत्व- बज्.र.सत्.त्व

- उल्लिखित शब्दहरूको उच्चारण अभ्यास गराइसकेपछि विशेषत: दोस्रो भाषी तथा कमजोर उच्चारण क्षमता भएका विद्यार्थीलाई पालैपालो पाठका कुनै अनुच्छेदहरू पटक पटक शुद्धोच्चारणको लागि अभ्यास गराउनुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

- पाठको आफूलाई मन पर्ने कुनै अनुच्छेद सस्वरवाचन गरी आफ्नो साथीलाई सुनाउन उत्प्रेरित गर्नुहोस् ।

**५. गृहकार्य**

- आगामी दिनको अभ्यासात्मक कार्यको तयारीका लागि पाठलाई गहन रूपमा पढेर आउन निर्देशन दिनुहोस् ।

| दिन : दोस्रो | समय ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : थाङ्का (प्रबन्ध)**

**पाठ्यवस्तु : शब्दार्थ र वाक्यमा प्रयोग**

**लक्षित सिप : शब्दभण्डार र वाक्यमा प्रयोग**

**१. विशिष्ट उद्देश्य**

(क) ‘थाङ्का’ पाठमा प्रयुक्त कठिन शब्दहरूको अर्थ बताउन

(ख) कठिन शब्दहरूको प्रयोग गरी उपयुक्त वाक्य निर्माण गर्न

**२. शैक्षणिक सामग्री**

- शब्दार्थ सूची, वाक्यपत्ती, गोजीतालिका र फलाटिन पाटी

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १**

- सिकाइप्रति उत्प्रेरणा जगाउन सुनाइ अभ्यासका प्रश्न न. १ को अभ्यास गराउनुहोस् ।

**क्रियाकलाप २**

- शिक्षकले विद्यार्थीलाई ‘थाङका’ पाठ मनमनै पढ्न लगाउनुहोस् । त्यस क्रममा उनीहरूलाई अर्थ कठिन लागेका शब्दहरू कापीमा टिपोट गरी भन्न लगाई शैक्षणिक पाटीमा लेख्दै जानुहोस् ।
- निर्दिष्ट शब्दका अर्थ विद्यार्थीबाट नै पालैपालो सोधेर भन्न लगाउनुहोस् । ती शब्दहरू अर्थ विद्यार्थीहरूले नजानेका शब्दार्थ सूचीको प्रदर्शन गर्दै कठिन शब्दका अर्थ बोध गराउनुहोस् ।
- शिक्षकले आफूले लगेको वाक्यपत्ती प्रदर्शन गर्दै शब्दार्थ शिक्षणपछि विद्यार्थीलाई नै वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । मूल्याङ्कन र पृष्ठोषणका लागि विद्यार्थीहरूलाई नै प्रोत्साहित गर्नुहोस् ।

**क्रियाकलाप ३**

- विद्यार्थीहरूलाई सुनाइ अभ्यासको प्रश्न न. २ र ३ का क्रियाकलाप गराउनुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

- विद्यार्थीहरूलाई दुई समूहमा विभाजन गरी शब्दार्थ र वाक्यमा प्रयोगसम्बन्धी हाजिरी जवाफ गर्नका लागि १० मिनेटको समय दिनुहोस् ।

**५. गृहकार्य**

- थाङ्काका मुख्य देवी देवताको रङहरू के के हुन् ? घरबाट लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

| दिन : तेस्रो | समय ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : थाङ्का (प्रबन्ध)**

**पाठ्यवस्तु : पठन बोध**

**लक्षित सिप : पढाइ र लेखाइ**

**१. विशिष्ट उद्देश्य**

(क) निर्दिष्ट पाठ गहन पठन गरी सोधिएका बोध प्रश्नहरूको उत्तर दिन

**२. शैक्षणिक सामग्री**

- पाठ्यपुस्तक ।

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १**

- छात्र छात्रा मिलाएर कुनै तिन जना विद्यार्थीलाई कक्षाकोठा अगाडि बोलाउनुहोस् र पालैपालो एकले अर्काको परिचय दिन लगाई उत्प्रेरणा जगाउनुहोस् । गत दिनको गृहकार्य बिच बिचबाट प्रस्तुतीकरण गर्न लगाउनुहोस् । ती क्रियाकलाप पूराभएपछि त्यसदिनको मुख्य पाठ्यवस्तुकाबारेमा जानकारी दिनुहोस् ।

**क्रियाकलाप २**

- विद्यार्थीलाई पढाइ अभ्यासको प्रश्न न. १ को क्रियाकलाप गराउनुहोस् । विद्यार्थीले वाचन गरेको समयमा अवलोकन गर्दै आवश्यक सहजीकरण गर्नुहोस् ।

**क्रियाकलाप ३**

- विद्यार्थीहरूलाई तिन तिन जनाको समूहमा विभाजन गरी ७ मिनेटभित्र पाठको अभ्यासको प्रश्न नं ९ को उत्तर लेख्न निर्देश गर्नुहोस् । विद्यार्थीले लेख्दै गर्दा सहजकर्ताको भूमिका निर्वाह गर्नुहोस् ।
- समूह कार्य सकिएपछि पालैपालो प्रस्तुतीकरण गर्न लगाई अरू समूहलाई मूल्याङ्कन र पृष्ठपोषणका लागि प्रोत्साहित गर्नुहोस् ।

**क्रियाकलाप ४**

- विद्यार्थीहरूलाई चार चार जनाको समूहमा विभाजन गरी १२ मिनेट दिई अभ्यासको प्रश्न नं ११ को क्रियाकलाप गर्न निर्देश गर्नुहोस् । शिक्षकले सहजकर्ताको भूमिका निर्वाह गर्नुहोस् ।
- समूह कार्य सकिएपछि कुनै समूहलाई प्रस्तुतीकरण गर्न लगाई अरू समूहलाई मूल्याङ्कन र पृष्ठपोषणका लागि प्रोत्साहित गर्नुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

- पाठको कुनै अनुच्छेद पढ्न लगाई त्यसको सारांश भन्न लगाउनुहोस् ।

**५. गृहकार्य**

- अभ्यासको प्रश्न न. १४ को उत्तर घरबाट लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

**शिक्षकका लागि थप सामग्री**

- पठन बोधको नमुना र उत्तर लेख्ने तरिकाकाबारेमा यसै निर्देशिकामा रहेका सम्बन्धित क्रियाकलापलाई अनुसरण गरी गर्न गराउन सक्नु हुने छ ।

| **दिन : चौथो** | **समय ४५ मिनेट** |
|---|---|

**पाठ शीर्षक : थाङ्का (प्रबन्ध)**

**पाठ्यवस्तु : सङ्क्षिप्त उत्तर लेखन**

**लक्षित सिप : लेखाइ**

**१. विशिष्ट उद्देश्य**

(क) 'थाङका' निबन्धको आधारमा सोधिने प्रश्नको सङक्षिप्त उत्तर दिन

(ख) विषवस्तु सम्बन्धित लेख्य अभिव्यक्ति दिन

**२. शैक्षणिक सामग्री**

- सङ्क्षिप्त उत्तर लेखिएको नमुना र फलाटिन पाटी

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १**

- गत दिनको गृहकार्य कुनै विद्यार्थीबाट प्रस्तुतीकरण गर्न लगाउनुहोस् । त्यस दिनको मुख्य पाठ्यवस्तुकाबारेमा जानकारी दिनुहोस् ।

**क्रियाकलाप २**

- शिक्षकले आफूले तयार पारी लगेको नमुना सङ्क्षिप्त उत्तर फलाटिन पाटीमा टाँस गरी सङ्क्षिप्त उत्तर लेख्ने तरिकाबारे छलफल चलाई आवश्यक प्रबोधीकरण गर्नुहोस् । यस क्रममा विद्यार्थीहरूबाट आएका जिज्ञासाहरूलाई सम्बोधन गर्नुहोस् ।
- विद्यार्थीहरूलाई तिन तिन जनाको समूहमा विभाजन गरी प्रत्येक समूहलाई एउटा एउटा प्रश्न पर्ने ९ मिनेटको समय दिई लेखाइ अभ्यासको प्रश्न नं २ का प्रश्नहरूको सङ्क्षिप्त उत्तर लेख्न निर्देश गर्नुहोस् । विद्यार्थीले लेख्दै गर्दा शिक्षकले अवलोकनकर्ता र सहजकर्ताको भूमिका निर्वाह गर्नुहोस् ।
- समूह कार्य सकिएपछि पालैपालो प्रस्तुतीकरण गर्न लगाई अरू समूहलाई मूल्याङ्कन र पृष्ठपोषणका लागि प्रोत्साहित गर्नुहोस् ।

**क्रियाकलाप ३**

- विद्यार्थीहरूलाई दुई दुई जनाको समूहमा विभाजन गरी १० मिनेटको समय दिई लेखाइ अभ्यासको प्रश्न नं ५ को क्रियाकलाप गर्न निर्देश गर्नुहोस् । विद्यार्थीले लेख्दै गर्दा शिक्षकले अवलोकनकर्ता र सहजकर्ताको भूमिका निर्वाह गर्नुहोस् ।
- समूह कार्य सकिएपछि पालैपालो प्रस्तुतीकरण गर्न लगाई अरू समूहलाई मूल्याङ्कन र पृष्ठपोषणका लागि प्रोत्साहित गर्नुहोस् ।

**क्रियाकलाप ४**

- विद्यार्थीहरूलाई दुई दुई जनाको समूहमा विभाजन गरी १५ मिनेट दिई लेखाइ अभ्यासको प्रश्न नं १ र ४ को क्रियाकलाप गर्न निर्देश गर्नुहोस् । विद्यार्थीले लेख्दै गर्दा सहजकर्ताको भूमिका निर्वाह गर्नुहोस् ।
- समूह कार्य सकिएपछि कुनै एक समूहलाई प्रस्तुतीकरण गर्न लगाई अरू समूहलाई मूल्याङ्कन र पृष्ठपोषणका लागि प्रोत्साहित गर्नुहोस् ।
- विद्यार्थीहरूले त्यस दिनमा गरेका सकारात्मक कार्यहरूको प्रशंसा गर्दै सुधार गर्नुपर्ने पक्षहरू औंल्याई समग्रमा उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

## ४. प्रतिबिम्बन/मूल्याङ्कन

- प्रत्येक विद्यार्थीलाई 'थाङका' निबन्ध पाठबाट दुई ओटा सङ्क्षिप्त उत्तर आउने प्रश्न बनाउन लगाउनुहोस् । उक्त प्रश्न सान्दर्भिक भए नभएको सम्बन्धमा आफ्नो नजिकका साथीबाट आपसमा पृष्ठपोषण लिनेदिने कार्य गर्न केही समय प्रदान गर्नुहोस् ।

## ५. गृहकार्य

- पाठको ११ औँ अनुच्छेदका आधारमा तलको प्रश्नको छोटो उत्तर लेखेर ल्याउन लगाउनुहोस् :

  थाङ्का नेपालीहरूको राम्रो व्यवसाय हुन्छ भन्ने कुराका आधार के के हुन् ?

**शिक्षकका लागि थप सामग्री**

- सङ्क्षिप्त उत्तर लेखिएको नमुना र उत्तर लेख्ने तरिकाकाबारेमा यसै निर्देशिकामा समावेश गरिएका सन्दर्भलाई अनुसरण गर्न सक्नु हुने छ ।

| दिन : पाँचौं | समय : ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : थाङ्का (निबन्ध)**

**पाठ्यवस्तु : व्याख्या लेखन**

**लक्षित सिप : लेखाइ अभिव्यक्ति**

## १. विशिष्ट उद्देश्य

(क) निबन्ध पाठभित्रका विशिष्ट पङ्क्तिहरूको व्याख्या गर्न

## २. शैक्षणिक सामग्री

- व्याख्या गरिएकोको नमुना र फलाटिन पाटी

## ३. सिकाइ सहजीकरण क्रियाकलाप

**क्रियाकलाप १**

- गत दिनको परियोजना कार्य विद्यार्थीहरू मध्ये केहीबाट प्रस्तुत गर्न लगाई उत्प्रेरणात्मक क्रियाकलाप सम्पन्न गरी आजको कक्षामा गरिने क्रियाकलापकाबारेमा विद्यार्थीहरूलाई जानकारी दिनुहोस् ।

**क्रियाकलाप २**

- सर्वप्रथम शिक्षकले आफूले तयार पारी लगेको कुनै एक विशिष्ट पङ्क्तिको व्याख्या गरिएको नमुना फलाटिन पाटीमा टाँस गरी व्याख्या गर्ने तरिका र सोको संरचना सम्बन्धी प्रश्नोत्तर क्रियाकलाप सञ्चालन गर्नुहोस् । यस क्रममा विद्यार्थीहरूबाट आएका हरेक जिज्ञासाहरूलाई स्पष्ट पार्नुहोस् ।

**क्रियाकलाप ३**

- विद्यार्थीहरूलाई दुई दुई जनाको समूह बनाउनुहोस् र १५ मिनेटको समय दिई प्रत्येक समूहलाई निम्न लिखित उद्धरणहरूको व्याख्या गर्न निर्देश गर्नुहोस् :

  "बुद्ध र हिमाल दुवै नेपालका पहिचान हुन् ।"

- विद्यार्थीले लेख्दै गर्दा प्रत्येक समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।
- निर्धारित समय पूराभएपछि समूहको समूह नेताबाट पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र बाँकी समूहलाई मूल्याङ्कन गरी पृष्ठपोषणका दिनका लागि प्रोत्साहित गर्नुहोस् ।

**क्रियाकलाप ४**

- थप १० मिनेटको समय दिई विद्यार्थीहरूबाट लेखिएको सामग्री एक अर्को समूहमा साटासाट गर्न लगाई त्यसमा भएका अशुद्धि सच्च्याउन लगाउनुहोस् र वर्णविन्यासगत पक्षमा देखिएका त्रुटिहरू पनि पालैपालो भन्न पनि लगाउनुहोस् ।

- अन्त्यमा त्यस दिन विद्यार्थीहरूले प्रदर्शन गरेका सबल पक्षहरूको प्रशंसा गर्दै सुधार गर्नुपर्ने पक्षकाबारेमा समग्रमा अवाश्यक पृष्ठपोषण दिनुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

- प्रत्येक विद्यार्थीलाई निबन्ध पाठबाट एउटा नयाँ व्याख्या गर्ने प्रश्न बनाउन लगाउनुहोस् । उक्त प्रश्न सान्दर्भिक भए नभएको सम्बन्धमा आफ्नो नजिकको साथीबाट आपसमा पृष्ठपोषण लिनेदिने कार्य गर्न केही समय प्रदान गर्नुहोस् ।

**५. गृहकार्य**

- तलको उद्धरणको व्याख्या गरी ल्याउन निर्देशन दिनुहोस् :

  'जहाँ विविधता हुन्छ, त्यहाँ अनेक सम्भावना हुन्छ ।'

| दिन : छैटौँ र सातौा | समय : ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : थाङ्का (निबन्ध)**

**पाठ्यवस्तु : व्याकरण (नाम, सर्वनाम, विशेषण र क्रिया)**

**लक्षित सिप : शब्द वर्ग पहिचान**

**१. विशिष्ट उद्देश्य**

(क) नाम, सर्वनाम, विशेषण र क्रियाको पहिचान गर्न

(ख) नाम, सर्वनाम, विशेषण र क्रिया पदको प्रयोग गर्न

**२. शैक्षणिक सामग्री**

- नाम, सर्वनाम, विशेषण र क्रिया पद जनाउने शब्दापत्तीहरू, वाक्यपत्ती, गोजीतालिका र फलाटिन पाटी

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १**

- शिक्षकले अघिल्लो दिन विद्यार्थीलाई दिएको परियोजना कार्य प्रस्तुत गर्न लगाउनुहोस् र सिकाइतर्फ उत्प्रेरणा जगाउँदै उक्त दिन सिकाइने पाठ्यवस्तुकाबारेमा जानकारी दिनुहोस् ।

**क्रियाकलाप २**

- शब्दपत्तीमा निम्न किसिमका शब्दहरू प्रस्तुत गर्दै ती शब्दहरूलाई तलको तालिकामा लेख्न लगाउनुहोस्, जस्तै :

  तिनीहरू, घर, राम, काठमाडौँ, खान्छ, लेख्छ, उर्मिला, आफू, कुन, जुन, राम्रो, लेख्छु, खसल, खराब, धेरै, ऊ, म, दया, पढाइ, पचास, हामी, गुलियो, तितो, ठुलो, स्कुल, सहर, ती, तपाई, सूर्य, लेख्छ, गयो, आयो, उनी, चकचके, फोहोर

तालिका

| नाम | सर्वनाम | विशेषण | क्रिया |
|---|---|---|---|
| | | | |

- विद्यार्थीले छुट्याउन नजानेमा शिक्षकले बताउनुहोस् र ती शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ३**

- व्याकरण अभ्यासका प्रश्न १ र २ को अभ्यास गर्न लगाउनुहोस् ।

- यो क्रियाकलाप पूराभएपछि शिक्षकले नाम, सर्वनाम, विशेषण र क्रियापदको सोदाहरण परिचय दिनुहोस् ।

**क्रियाकलाप ४**

- विद्यार्थीलाई पाठको पृष्ठ ३६ बाट प्रश्न न. ३ र ४ का अभ्यास गराउनुहोस् । अलमलिएका ठाउँमा गई सहजीकरण गरिदिनुहोस् ।
- कुनै विद्यार्थीलाई अगाडि बोलाई विद्यार्थीले भर्खरै गरेको कक्षा कार्यको उत्तर शैक्षणिक पाटीमा लेख्न लगाउनुहोस् । विद्यार्थीहरूलाई मिले नमिलेकोबारेमा सोध्नुहोस् आवश्यक पृष्ठपोषण दिई सबल पक्षको प्रशंसा गर्नुहोस् ।

## ४. प्रतिबिम्बन/मूल्याङ्कन

- पाठको ११ औँ अनुच्छेदबाट नाम, सर्वनाम, विशेषण र क्रियापद नदोहोऱ्याई कापीमा टिपेर भन्न लगाउनुहोस् ।

## ५. गृहकार्य

- पाठको १० औँ अनुच्छेदबाट नाम, सर्वनाम, विशेषण र क्रियापद नदोहोऱ्याई लेखेर ल्याउन निर्देश गनुहोस् ।

| दिन : आठौँ र नवौा | समय : ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : थाङ्का (निबन्ध)**

**पाठ्यवस्तु : निबन्ध लेखन**

**लक्षित सिप : सिर्जनात्मक लेखन**

## १. विशिष्ट उद्देश्य

(क) कुनै शीर्षकमा स्वतन्त्र रूपमा निबन्ध लेखन गर्न

## २. शैक्षणिक सामग्री

- नमुना निबन्ध र फलाटिन पाटी

## ३. सिकाइ सहजीकरण प्रक्रिया

**क्रियाकलाप १**

- अघिल्लो दिनको गृहकार्य प्रस्तुत गर्न लगाई आवश्यक पृष्ठपोषणसहित उत्प्रेरणात्मक क्रियाकलाप सम्पन्न गर्ने र त्यस दिन सिकाइने विषय वस्तुका बारमो जानकारी दिनुहोस् ।

**क्रियाकलाप २**

- शिक्षकले सर्वप्रथम निबन्ध लेखनका लागि आफूले तयार पारी ल्याएका निबन्ध शीर्षकका सूची फलाटिन पाटीमा टाँस गरी विद्यार्थीहरूसँग छलफल गर्नुहोस् । उनीहरूले दिएको निष्कर्षलाई समेत समावेश गरी तलका कुराहरू बताइदिनुहोस् :

**निबन्धका शीर्षकहरू :**

(क) सूचना प्रविधि (ख) माछा पालन (ग) सूचनाको हक

(घ) मेरो देश नेपाल (ङ) वैदेशिक रोजगार

निबन्ध लेख्दा ध्यान दिनुपर्ने कुराहरू :

- निबन्ध रचना गर्दा सर्वप्रथम लेखिने निबन्धको शीर्षकसँग सम्बन्धित कुराहरू के के हुन् सक्छन् सोचेर चिन्तन गरी बुँदाका रूपमा तिनलाई टिपोट गर्नुपर्छ ।
- बुँदा टिपोट गर्दा आदि, मध्य र अन्त्य छुट्टा छुट्टै भागलाई खेस्राको रूपमा तयार गर्नुपर्छ । यो क्रम निबन्ध लेखनमा अभ्यस्त नभएसम्म अपनाउनु राम्रो मानिन्छ ।
- निबन्ध लेखनमा विषयवस्तुको प्रस्तुतीकरण गर्दा वाक्य वाक्य वा अनुच्छेदका बिच सङ्गति मिलाउँदै शुद्ध, सरल र स्पष्ट भाषाको प्रयोग गरी अन्तिम रूप दिनुपर्दछ ।
- यस किसिमको निबन्ध लेखन गर्दा २०० शब्दमा नघटाई लेख्नुपर्छ ।

**क्रियाकलाप ३**

- यी कुराहरू बताइसकेपछि शिक्षकले विद्यार्थीलाई फलाटिन पाटीमा टाँस गरी प्रस्तुत गरिएको निबन्धका आफूलाई जानकारी भएको कुनै एक शीर्षक छनोट गर्न लगाउनुहोस् ।
- शीर्षक छनोट गरेपछि त्यस शीर्षकसँग सम्बन्धित बुँदाहरू टिपोट गर्न लगाउनुहोस् ।
- बुँदा टिपोटपछि निम्न खण्डका कुरा स्मरण गरी विद्यार्थीलाई बिस मिनेटको समय तोकी निबन्ध लेख्न निर्देश गर्नुहोस् ।

(क) आदिभाग - शीर्षकको परिचय वा परिभाषा दिने ।

(ख) मध्य भाग - विषयवस्तुको वर्णन, महत्त्व, उपयोगिता, चिन्तन, राम्रा नराम्रा पक्षकाबारेमा व्याख्या गर्ने ।

(ग) अन्त्य भाग - सार एवम् निष्कर्ष, आफ्नो विचार वा टिप्पणी लेखेर समापन गर्ने ।

- यस क्रममा शिक्षक आफू कक्षामा डुल्दै विद्यार्थीलाई लेख्न कठिन भएका ठाउँमा गई सहजीकरण गरेर सुरुमा खेस्रा तयार गरी लेख्न निर्देशन दिनुहोस् । यसो गर्दा पनि उनीहरूलाई कठिन लागेमा आफूले तयार पारेर ल्याएको निबन्धको नमुना प्रस्तुत गर्नुहोस् र सो आधारमा लेख्न उत्प्रेरित गर्नुहोस् ।
- समय पूराभएपछि आफूले तयार पारेको निबन्ध पालैपालो पढेर प्रस्तुत गर्न लगाउनुहोस् । यस क्रममा विद्यार्थीहरूलाई नै प्रस्तुतिको मूल्याङ्कन गर्न लगाउनुहोस् । अन्त्यमा शिक्षकले उनीहरूको लेखनको प्रशंसा गर्दै अवाश्यक सुझाव सहित पृष्ठपोषण दिनुहोस् ।

## ४. प्रतिबिम्बन/मूल्याङ्कन

- कक्षामा निबन्ध प्रस्तुत गर्न नभ्याएका नपाएका विद्यार्थीहरूलाई उनीहरूले लेखेका निबन्धको सुरु, बिच वा अन्त्यका अनुच्छेदहरू सुनाउन लगाउनुहोस् ।

## ५. परियोजना कार्य

- विद्यार्थीहरूलाई 'वातावरण प्रदूषण' शीर्षकको निबन्ध लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

## ६. शिक्षकका लागि थप सामग्री

### निबन्धको ढाँचागत परिचय

**निबन्ध परिचय**

- कुनै विषय शीर्षकमा केन्द्रित रही त्यस सम्बन्धी विषयवस्तुलाई विस्तार गरी गद्य शैलीमा क्रमबद्ध तथा व्यवस्थित रूपमा प्रस्तुत गरी लेखिएको वस्तुपरक अभिव्यक्तिलाई निबन्ध भनिन्छ ।

**निबन्ध लेख्दा ध्यान दिनुपर्ने कुराहरू**

सर्वप्रथम निबन्धको शीर्षक लेख्नुपर्दछ । सम्बन्धित शीर्षकलाई समेट्ने गरी निबन्धको संरचना बनोट लाई तिन भागमा वितरण गर्नुपर्दछ ।

**(क) परिचय भाग**

यो भाग निबन्धको शीर्षक लेख्नुपर्दछ । सम्बन्धित निबन्धको शीर्षक परिचय दिइन्छ । यस खण्डमा लेख्न लागिएको निबन्धको मूल भाव वा विचारलाई छोटो र प्रभावपूर्ण ढङ्गले प्रस्तुत गरिन्छ । यसलाई करिब एक अनुच्छेदमा लेखिन्छ ।

**(ख) विस्तार भाग**

यो भाग निबन्धको मध्य भाग हो । यसलाई निबन्धको मुख्य खण्ड मानिन्छ । यसमा निबन्धको विस्तृत रूपमा विस्तार गरिएको हुन्छ । शीर्षकसँग सम्बन्धित विषयवस्तुलाई क्रमिक र सङ्गठित रूपमा प्रस्तुत गरिएको हुन्छ । यो खण्ड आवश्यकता अनुसार परिचय खण्डभन्दा पाँच गुणा बढी हुन्छ ।

**(ग) अन्त्य भाग**

यो निबन्धको अन्तिम भाग हो । यसलाई निबन्धको निष्कर्ष वा उपसंहारका रूपमा लिइन्छ । यस भागमा निबन्धको बिचको विस्तार खण्डलाई निचोडका रूपमा प्रस्तुत गरिन्छ । यो खण्ड निबन्धको परिचय खण्ड जत्तिकै एक अनुच्छेदको हुन्छ ।

**थप क्रियाकलाप :**

**विद्यार्थीहरूलाई निम्नानुसारका प्रश्नहरूको उत्तर लेख्न लगाई उनीहरूको सिकाइको मूल्याङ्कन गर्न सक्नु हुने छ :**

१. तलका शब्दको प्रयोग गरी एक एक ओटा वाक्य निर्माण गर्नुहोस् : २

ऊ, माया, राम्रो, मायालु ।

२. निम्न लिखित शब्दको अर्थ लेख्नुहोस् : २

सौन्दर्य, समृद्ध, व्यापक, मनकामना

३. रेखाङ्कित शब्दको पदवर्ग छुट्याउनुहोस् : ३

रमेश पढाइमा अब्बल छ । उसले हरेक परीक्षामा राम्रो गरेको छ ।

४. सङ्क्षिप्त उत्तर दिनुहोस् : ५

थाङ्का किन सबैको प्रिय छ ?

५. निम्न लिखित शीर्षकमा आधारित भई एउटा निबन्ध लेख्नुहोस् : ८

(क) नेपाली संस्कृति (ख) मलाई मनपर्ने पर्व (ग) चित्र कला

**शिक्षकका लागि परियोजना कार्य :**

- विद्यार्थीहरूको उत्तर पुस्तिका परीक्षण एक हप्ताभित्रमा गरी प्रत्येक परीक्षार्थीले सुधार गर्नुपर्ने पक्षसमेत रातो मसीले औँल्याई उ.पु. विद्यार्थीहरूलाई वितरण गर्नुहोस् । सोको भोलिपल्ट एकाइ परीक्षामा सोधिएका प्रश्नको उत्तर दिने तरिकाबारे केन्द्रित भई उपचारात्मक शिक्षणको बेग्लै पाठ योजना बनाई सुधारात्मक शिक्षण गर्नुहोस् ।

पाठ : ५

मनोवाद

# म पनि सक्छु

एकाइगत पाठ्यवस्तु विभाजन तालिका

| क्र.स. | पाठ्यवस्तु | पाठ्यभार |
|---|---|---|
| १. | सस्वरवाचन र शुद्ध उच्चारण | १ |
| २. | शब्दार्थ र वाक्यमा प्रयोग | १ |
| ३. | बुँदा टिपोट र सारांश लेखन | २ |
| ४. | पठन बोध | १ |
| ५. | श्रुति लेखन | १ |
| ६. | मूल शब्द र व्युत्पन्न शब्दको प्रयोग | १ |
| ७. | व्याकरण (वर्तमान र भविष्यत् काल पहिचान) | १ |
| ८. | सिर्जनात्मक कार्य (मनोवाद लेखन) | २ |
| | जम्मा | १० |

**दिन : पहिलो** **समय ४५ मिनेट**

**पाठ शीर्षक : म पनि गर्न सक्छु (मनोवाद)**

**पाठ्यवस्तु : सस्वरवाचन र शुद्धोच्चारण**

**अपेक्षित सिप विकास : बोलाइ (उच्चारण शिक्षण)**

**१. विशिष्ट उद्देश्य**

(क) पाठलाई गति, यति मिलाई सस्वरवाचन गर्न

(ख) पाठमा प्रयुक्त कठिन शब्दहरूको शुद्धसँग उच्चारण गर्न

**२. शैक्षणिक सामग्री**

- कठिन शब्दहरूको सूची, शब्दपत्ती, गोजीतालिका

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १**

- विद्यार्थीलाई मनोवाद लेख्ने बानी छ भनी प्रश्न गर्नुहोस् । यदि उनीहरूमा त्यस्तो बानी रहेछ भने सुनाउन अभिप्रेरित गराई मनोवाद लेखनकाबारेमा केही बताएर उत्प्रेरणा जगाउन सक्नुहुन्छ ।

**क्रियाकलाप २**

- विद्यार्थीको बसाइलाई समावेशी गराउनुहोस् ।
- विद्यार्थीहरूलाई पालैपालो अनुच्छेद सस्वर पठन गर्न निर्देशन दिनुहोस् । अन्य विद्यार्थीहरूलाई साथीले पढेको ध्यानपूर्वक सुन्न र हेर्न लगाउनुहोस् ।

- प्रत्येक अनुच्छेदको पठन पश्चात् विद्यार्थीले गरेका उच्चारणगत त्रुटिलाई विद्यार्थीहरूकै सक्रियतामा समाधान गराउनुहोस् । विद्यार्थीहरूबाट समस्या समाधान हुन नसकेमा शिक्षकले सहजीकरण गर्नुहोस् ।

**क्रियाकलाप ३**

- पाठलाई पूरै सस्वर पठन गराई सकेपछि विद्यार्थीहरूबाट उच्चँरणगत समस्या भएका शब्दहरू भन्न लगाई शैक्षिक पाटीमा टिप्नुहोस् ।
- उच्चारणगत दृष्टिले कठिन शब्दलाई विद्यार्थीहरूबिच सामूहिक छलफल गराई निराकरण गराउनुहोस् ।
- यस क्रममा आफूले शैक्षणिक सामग्रीका रूपमा लगेको शब्दपत्ती गोजीतालिकामा राखी प्रस्तुत गर्नुहोस् ।
- विभिन्न कारणले सिकाइको गति ढिला भएका विद्यार्थीहरूलाई सहपाठी सिकाइका निमित्त प्रोत्साहन गर्नुहोस् । उनीहरूलाई थप अभ्यास पनि गराउनुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

- बोलाइ खण्डको अभ्यास न. १ व्यक्तिगत रूपमा भन्न लगाई मूल्याङ्कन कार्य सम्पादन गर्नुहोस् ।

**५. परियोजना कार्य**

- पाठलाई राम्ररी पढी आफूलाई अर्थगत दृष्टिले कठिन लागेका शब्दहरूको सूची बनाएर ल्याउन निर्देशन दिनुहोस् ।

| दिन : दोस्रो | समय ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : म पनि गर्न सक्छु (मनोवाद)**

**पाठ्यवस्तु : शब्दार्थ शिक्षण र वाक्यमा प्रयोग**

**अपेक्षित सिप विकास : शब्दभण्डार र वाक्य निर्माण**

**१. विशिष्ट उद्देश्य**

(क) पाठमा प्रयुक्त कठिन शब्दहरूको अर्थ बताउन

(ख) पाठमा प्रयुक्त कठिन शब्दहरूलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न

**२. शैक्षणिक सामग्री**

- शब्दार्थपत्ती, वाक्यपत्ती र गोजीतालिका

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १**

- विद्यार्थीहरूलाई आफूलाई अत्यन्तै प्रभाव परेमा क्षणहरूको स्मरणलाई सुनाउन लगाउनुहोस् ।

**क्रियाकलाप २**

- विद्यार्थीहरूलाई पाठको मौन वाचन गरी अर्थका दृष्टिले कठिन लागेका शब्दहरूको सूची बनाउन निर्देशन दिनुहोस् ।
- विद्यार्थीलाई अर्थगत दृष्टिले कठिन लागेका शब्दहरूलाई शैक्षणिक पाटीमा लेख्नुहोस् र छलफल गर्न लगाई कठिन शब्दको अर्थबारे धारणा स्पष्ट गर्न सहजीकरण गर्नुहोस् ।
- यदि छलफलबाट समेत शब्दार्थको धारणा स्पष्ट हुन नसकेमा शैक्षिणक सामग्री प्रदर्शन गरी कठिन शब्द निराकरण गर्नुहोस् ।
- शब्दार्थपत्तीमा नपरेका शब्दहरू शब्दकोशको सहायताले पत्ता लगाउन अभिप्रेरित गर्नुहोस् ।

**क्रियाकलाप ३**

- विद्यार्थीहरूलाई पाठमा प्रयुक्त अर्थहरूबारे धारणा दिए पश्चात् निम्न लिखित शब्दहरूलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

- प्रवृत्ति, तिरस्कार, प्रयत्न, जीविकोपार्जन, समावेशिता, जर्जर
- वाक्यमा प्रयोग पछि विद्यार्थीहरूलाई कक्षा प्रस्तुति गर्न लगाई बाँकी विद्यार्थीहरूलाई साथीको वाक्यमाथि टिप्पणी गर्न लगाउनुहोस् ।
- वाक्यमा प्रयोग सम्बन्धी स्पष्ट धारणाका लागि वाक्यपत्तीको प्रदर्शन गर्नुहोस् ।
- अन्त्यमा विद्यार्थीहरूबाट भएको सकारात्मक व्यवहारको प्रशंसा गर्दै आवश्यक पृष्ठपोषण दिनुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

- आज सिकेका महत्तवपूर्ण कुराहरू आआफ्नो कापीमा टिपेर साथीहरूसँग अन्तरक्रिया गर्न केही समय दिनुहोस् ।

**५. गृहकार्य**

- लेखाइ खण्डको अभ्यास न. ४ गरेर ल्याउन निर्देशन दिनुहोस् ।

| दिन : तेस्रो र चौथो | समय ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : म पनि गर्न सक्छु (मनोवाद)**

**पाठ्यवस्तु : बुँदा टिपोट र सारांश लेखन**

**अपेक्षित सिप विकास : लेखाइ**

**१. विशिष्ट उद्देश्य**

(क) पाठको निर्दिष्ट अनुच्छेदबाट महत्त्वपूर्ण बुँदाहरू टिपोट गर्न,

(ख) निर्दिष्ट अनुच्छेदबाट शीर्षकीरण सहित एक तृतीयांशमा सारांश लेख्न

**२. शैक्षणिक सामग्री**

- बुँदा टिपोटको नमुना, सारांश लेखनको नमुना

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १**

- मस्तिष्क मन्थनसँग सम्बन्धित कुनै प्रश्न सोधेर उत्प्रेरणात्मक क्रियाकलाप सम्पन्न गर्नुहोस् ।
- आजको कक्षामा गरिने मुख्य विषयवस्तुबारे विद्यार्थीहरूलाई जानकारी गराउनुहोस् ।

**क्रियाकलाप २**

- विद्यार्थीहरूको बसाइलाई धर्म, जाति,वर्ण, लिङ्ग, कान नसुन्ने, आँखा नदेख्ने, बोल्न नसक्ने, कम जान्ने आदिका आधारमा समावेशी भएको सुनिश्चित गर्नुहोस् । सोही आधारमा समूह विभाजन गर्नुहोस् ।
- शिक्षकले शैक्षणिक सामग्रीको रूपमा आफूले लगेका बुँदाहरूलाई प्रदर्शन गराई विद्यार्थीका समूहहरूबिच छलफल चलाउनुहोस् ।

**क्रियाकलाप ३**

- आफूले शैक्षणिक सामग्रीको रूपमा लगेको सारांश लेखनको नमुनालाई कक्षामा कुनै विद्यार्थी मार्फत वाचन गर्न लगाउनुहोस् ।
- सारांश लेखनबारे कक्षामा छलफल चलाउनुहोस् । आवश्यक भएमा पृष्ठपोषण दिनुहोस् ।

**क्रियाकलाप ४**

- पाठको छैटौं अनुच्छेदलाई मौन पठन गरी आशय खुल्ने गरी चार ओटा बुदा टिपोट गर्न १० मिनेटको समय दिनुहोस् ।
- विद्यार्थीका समूहले बुँदा टिपोट गरिसकेपछि समूह समूहबिच मूल्याङ्कन गर्न लगाउनुहोस् । उक्त कार्यको अवलोकन गर्दै आवश्यक सहजीकरण गर्नुहोस् ।

**क्रियाकलाप ५**

- पाठको छैटौँ अनुच्छेदबाट शीर्षकीकरण सहित एक तृतीयांशमा सारांश लेख्न १५ मिनेटको समय दिनुहोस् ।
- निर्धारित समय सकिएपछि प्रत्येक समूह नेताबाट कक्षा प्रस्तुति गर्न लगाउनुहोस् । अन्य विद्यार्थीलाई साथीको प्रस्तुति सुनी सारांशबारे प्रतिक्रिया दिन लगाउनुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

- आजको समूह कार्यमा सर्वोत्कृष्ट ठानिएका दुई ओटा बुँदा टिपोट र तिन ओटा सारांश लेखनका नमुनालाई प्रदर्शन पाटीमा टाँस्न लगाई ताली बजाएर विद्यार्थीहरूलाई हौसला प्रदान गर्न निर्देश दिनुहोस् ।

**५. गृहकार्य**

- विद्यार्थीहरूलाई पाठको अभ्यास न. १३ घरमा लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

| दिन : पाँचौा | समय ४५ मिनेट |
| --- | --- |

**पाठ शीर्षक : म पनि गर्न सक्छु (मनोवाद)**

**पाठ्यवस्तु : पठनबोध र प्रश्नोत्तर**

**अपेक्षित सिप विकास : पढाइ र लेखाइ**

**१. विशिष्ट उद्देश्य**

(क) सम्बन्धित प्रश्नहरूको उत्तर दिन

**२. शैक्षणिक सामग्री**

- प्रश्नसूची, नमुना उत्तर र फलाटिन पाटी

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १**

- विद्यार्थीहरूमध्येबाट समसामयिक घटनालाई प्रस्तुत गर्न लगाई उत्प्रेरणात्मक क्रियाकलाप सम्पन्न गर्नुहोस् ।
- आजको कक्षामा गरिने मुख्य मुख्य विषयवस्तु शैक्षणिक पाटीमा लेख्नुहोस र यसबारे विद्यार्थीहरूलाई सङ्क्षिप्त जानकारी दिनुहोस् ।

**क्रियाकलाप २**

- सुनाइ अभ्यासको प्रश्न न. २ बाट निम्नलिखित प्रश्नहरूको सूची कक्षामा प्रस्तुत गर्नुहोस् :

  प्रश्नहरू :

  (क) कार्यक्रमका प्रमुख अतिथि को थिए ?

  (ख) कुमार पाठकको सफलताले के कुराको पुष्टि गर्छ ?

  (ग) किन कुमारका आँखा रसाए ।

  (घ) अपङ्गता हुनेले अरूले भन्दा बढी मिहेनत गर्नु पर्ने कारण के हो ?

  (ङ) मानिसले ठुला ठुला उपलब्धि हासिल गर्नका लागि आवश्यक पर्ने मुख्य दुई कुरा के के हुन् ?

**क्रियाकलाप ३**

- विद्यार्थीहरूलाई पाठको दोस्रो अनुच्छेद मौन पठन गरी माथिका प्रश्नहरूको छोटो छरितो उत्तर लेख्न १५ मिनेटको समय दिनुहोस् ।

- निर्धारित समयको समाप्तिपछि विद्यार्थीहरूलाई पालैपालो उत्तर भन्न लगाउनुहोस् । प्रत्येक प्रस्तुतिपछि विद्यार्थीहरूबाटै सुधार गर्नु पर्ने पक्षमा टिप्पणी गर्न लगाउनुहोस् ।
- शिक्षकले शैक्षणिक सामग्रीको रूपमा लगेको नमुना उत्तर लेखन प्रदर्शन गर्नुहोस् । विद्यार्थीको उत्तर र नमुना उत्तरबिच तुलना गर्न लगाउनुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

- आजको पाठ्यवस्तुमा आधारित भई विद्यार्थीका समूहहरूका बिचमा प्रश्नोत्तर क्रियाकलाप सञ्चालन गर्नुहोस् ।

**५. गृहकार्य**

- लेखाइ खण्डको अभ्यास न. १ घरमा लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

| दिन : छैटौँ | समय : ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : म पनि गर्न सक्छु (मनोवाद)**

**पाठ्यवस्तु : श्रुति लेखन**

**अपेक्षित सिप विकास : सुनाइ र लेखाइ**

**१. विशिष्ट उद्देश्य**

(क) नेपाली भाषामा प्रयोग हुने वर्णविन्यासको उपयुक्त प्रयोग गर्दै श्रुति लेखन गर्न

**२. शैक्षणिक सामग्री**

- पाठको चौथो र पाँचौं अनुच्छेदका अनुच्छेद पत्ती र फलाटिन पाटी

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १**

- विद्यार्थीहरूलाई गत कक्षाको गृहकार्य कक्षा अगाडि आएर प्रस्तुतीकरण गर्न लगाउनुहोस् । उनीहरूको प्रयासलाई ताली बजाएर सम्मान गर्न निर्देशन दिनुहोस् ।
- आजको कक्षा क्रियाकलापको पाठ्यवस्तुकाबारेमा जानकारी दिनुहोस् ।

**क्रियाकलाप २**

- प्रत्येक विद्यार्थीका लागि अभ्यास पुस्तिका र कलम लिई लेख्नका लागि तयारी रहन निर्देशन दिनुहोस् ।
- पाठका निर्दिष्ट अनुच्छेद वा श्रुति लेखनका लागि शिक्षकले तयार पारेको अनुच्छेद मौन पठन गर्न १० मिनेटको समय दिनुहोस् ।
- विद्यार्थीका समूहबाट अनुच्छेद दिइएको भए सो सङ्कलन गर्नुहोस् । पाठ्यपुस्तकको अनुच्छेद लेख्न लगाउने भए पुस्तक बन्द गर्न लगाउनुहोस् ।
- श्रुति लेखनका लागि तयार रहन लगाउनुहोस् ।

**क्रियाकलाप ३**

- श्रुति लेखनका लागि पाठका निर्दिष्ट अनुच्छेद वा श्रुति लेखनका लागि शिक्षकले तयार पारेको अनुच्छेद पठन गर्नुहोस् ।
- श्रुति लेखन कार्य समाप्तिपछि साथीसाथी/समूह समूहबिचमा कापी साटासाट गराएर सहपाठी मूल्याङ्कन गर्न निर्देशन दिनुहोस् ।
- अलमलमा परेका विद्यार्थी वा समूहलाई आवश्यक सहजीकरण गर्नुहोस् ।

**क्रियाकलाप ४**

- आजको श्रुति लेखनका अप्ठ्यारो भएका शब्दहरू विद्यार्थीलाई सोध्नुहोस् र ती शब्दहरू शैक्षणिक पाटीमा लेखेर देखाइ दिनुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

- आजको कक्षामा सिक्न अझै कठिन भएका कुरालाई साथीहरूसँग छलफल गरी शिक्षकलाई सुनाउनका लागि केही समय दिनुहोस् ।

**५. गृहकार्य**

- पाठको लेखाइ खण्डको अभ्यास १२ (क) लाई घरमा लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

| दिन : सातौँ | समय : ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : म पनि गर्न सक्छु (मनोवाद)**

**पाठ्यवस्तु : मूल शब्द र व्युत्पन्न शब्दको पहिचान र प्रयोग**

**अपेक्षित सिप विकास : कार्यमूलक व्याकरण**

**१. विशिष्ट उद्देश्य**

(क) मूल शब्द र व्युत्पन्न शब्दको पहिचान गर्न

(ख) मूल शब्द र व्युत्पन्न शब्दको प्रयोग गर्न

**२. शैक्षणिक सामग्री**

- अनुच्छेद पत्ती र फलाटिन पाटी

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १**

- चलन चल्तीमा रहेका गाउँखाने कथा सोधी वा सोध्न लगाई मस्तिष्क मन्थन गराउनुहोस् ।
- आजको कक्षा क्रियाकलापको पाठ्यवस्तुकाबारेमा जानकारी दिनुहोस् ।

**क्रियाकलाप २**

- सर्वप्रथम विद्यार्थीहरूको बसाइलाई जाति, धर्म, वर्ण, लिङ्ग, बोल्न नजान्ने, सिकाइका गति ढिला भएका, फरक सिकाइ क्षमता भएका आदिका आधारमा समावेशी बनाउनुहोस् । प्रत्येक बेन्चलाई एक समूह गराउनुहोस् ।
- पाठको व्याकरणको प्रश्न न. १ को अभ्यास गराउनुहोस् ।

**क्रियाकलाप ३**

- शैक्षणिक सामग्रीका रूपमा लगेको मूल शब्द र व्युत्पन्न शब्दसँग सम्बन्धित अनुच्छेद पत्तीलाई प्रदर्शन गर्नुहोस् ।
- प्रदर्शित शब्दहरूबाट मूल शब्द र व्युत्पन्न शब्द छुट्याउन १० मिनेटको समय दिनुहोस् ।
- समूह कार्यको समाप्तिपछि साथीसाथीमा कापी साटासाट गराएर सहपाठी मूल्याङ्कन गराउनुहोस् । आवश्यक सहजीकरण गर्नुहोस् । उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

**क्रियाकलाप ४**

- शैक्षणिक सामग्रीका रूपमा लगेको मूल शब्द र व्युत्पन्न शब्दका बिचको फरक जनाउने उदाहरण पत्तीलाई प्रदर्शन गर्नुहोस् ।
- प्रस्तुत सामग्रीका आधारमा छलफल गराई मूल शब्द र व्युत्पन्न शब्दकाबारेमा स्पष्ट पार्नुहोस् ।
- व्याकरण खण्डको अभ्यास न. २ र ३ कक्षा कार्यका रूपमा लेख्न निर्देशन दिनुहोस् ।

४. **प्रतिबिम्बन/मूल्याङ्कन**

- निम्न लिखित शब्दहरूबाट मूल शब्द र व्युत्पन्न शब्द छुट्याउन लगाउनुहोस् :

  विनम्र, राम्रो, घर, मिठोमिठो, उपाध्यक्ष, बौद्धिक, भातसात, डाँडाघरे, घर, बसाइ

५. **गृहकार्य**

- व्याकरण खण्डको अभ्यास नं. १ मा दिइएका व्युत्पन्न शब्दहरूको मूल शब्द छुट्याई लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

| **दिन : आठौँ** | **समय : ४५ मिनेट** |
|---|---|

**पाठ शीर्षक : म पनि गर्न सक्छु (मनोवाद)**

**पाठ्यवस्तु : वर्तमान र भविष्यत् कालको पहिचान**

**अपेक्षित सिप विकास : कार्यमूलक व्याकरण**

१. **विशिष्ट उद्देश्य**

(क) वर्तमान र भविष्यत् कालको पहिचान गर्न

२. **शैक्षणिक सामग्री**

- अनुच्छेद पत्ती र फलाटिन पाटी

३. **सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १**

- एक जना विद्यार्थीलाई अगाडि उसलाई आफ्नो भविष्यको योजना बताउन लगाउनुहोस् । उसलाई तालीले सम्मान गर्न लगाई आजको कक्षा क्रियाकलापको पाठ्यवस्तुकाबारेमा जानकारी दिनुहोस् ।

**क्रियाकलाप २**

- विद्यार्थीहरूको बसाइलाई समावेशी बनाउनुहोस् । प्रत्येक बेन्चलाई एक समूह गराउनुहोस् ।
- हरेक समूहमा पाठको व्याकरणको प्रश्न न. ४ को अभ्यास गराउनुहोस् ।

**क्रियाकलाप ३**

- शैक्षणिक सामग्रीका रूपमा लगेको वर्तमान काल र भविष्यत् काल बुझ्ने अनुच्छेद प्रस्तुत गर्नुहोस् । ती कालकाबारेमा स्पष्ट पारिदिनुहोस् ।
- समूहमा व्याकरण खण्डका प्रश्न न. ५ र ६ का उत्तर लेख्न लगाउनुहोस् ।
- समूह कार्यको सकिएपछि समूह समूहमा कापी साटासाट गराएर मूल्याङ्कन गराउनुहोस् । आवश्यक सहजीकरण गर्नुहोस् ।

४. **प्रतिबिम्बन/मूल्याङ्कन**

- वर्तमान काल भए भविष्यत् कालमा र भविष्यत् काल भए वर्तमान कालमा परिवर्तन गर्नका लागि केही वाक्यहरू दिनुहोस् र पहिले सक्ने विद्यार्थीहरूमध्ये बाट एक जनालाई एक वाक्यका दरले भन्न लगाउनुहोस् ।

५. **गृहकार्य**

- वर्तमान काल र भविष्यत् कालको एक एक अनुच्छेद लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

**दिन : नवौ र दसौ** **समय : ४५ मिनेट**

**पाठ शीर्षक : म पनि गर्न सक्छु (मनोवाद)**

**पाठ्यवस्तु : सिर्जनात्मक कार्य (मनोवाद लेखन)**

**अपेक्षित सिप विकास : लेखाइ**

## १. विशिष्ट उद्देश्य

(क) आफ्नै र कुनै पनि शीर्षकमा सिलसिलाबद्ध रूपमा मनोवाद रचना गर्न

## २. शैक्षणिक सामग्री

- मनोवादको नमुना र फलाटिन पाटी

## ३. सिकाइ सहजीकरण प्रक्रिया

### क्रियाकलाप १

- इच्छुक विद्यार्थीहरूलाई ५ मिनेटको समय दिई स्वर नक्कल (क्यारिकेचर) गर्न लगाउनुहोस् । आजको सिकाइ विषयवस्तुकाबारेमा जानकारी गराउनुहोस् ।

### क्रियाकलाप २

- शैक्षणिक सामग्रीका रूपमा लगेको मनोवादको नमुनालाई फलाटिन पाटीमा टाँस्नुहोस् ।
- उक्त मनोवादलाई पालैपालो वाचन गर्न निर्देशन दिनुहोस् ।
- प्रदर्शित मनोवादका आँधारमा मनोवाद लेख्ने तरिका प्रस्ट पार्नुहोस् :

**मनोवाद लेख्ने तरिका**

(१) मनोवाद लेख्ने पृष्ठको सिरानमा देब्रेतिर साल, महिना, गते र बार लेख्ने,

जस्तै : २०७३ वैशाख १ गते बुधबार

(२) मनोवाद लेखकले आफूलाई प्रभाव पार्ने व्यक्ति तथा घटनाको सन्दर्भ उल्लेख गर्दै त्यसले आफ्नो मनमा उब्जिएका भावनाहरूलाई सिलसिलाबद्ध रूपमा लेख्ने । आवश्यकता अनुसारका अनुच्छेदहरू राख्ने ।

### क्रियाकलाप ३

- कुनै कुरीति वा अन्धविश्वास देख्दा मनमा उब्जिएका कुरा समेटेर मनोवाद लेखनका लागि छलफल गर्न ५ मिनेटको समय दिनुहोस् ।
- उक्त शीर्षकमा छलफल गरी मनोवाद लेख्न १५ मिनेटको समय दिनुहोस् ।
- अलमलमा परेका विद्यार्थी वा समूहलाई आवश्यक सहजीकरण गर्नुहोस् ।

### क्रियाकलाप ४

- निर्धारित समय सकिएपछि व्यक्तिगत वा सामूहिक रूपमा कक्षा प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।
- अन्य विद्यार्थीहरूलाई सुधारका लागि सुझाव दिन ध्यानपूर्वक सुन्नलाई निर्देशन दिनुहोस् ।
- सकेसम्म आवश्यक सुधारहरू विद्यार्थीहरूबाटै पहिल्याउन लगाउनुहोस् । सम्भव नभएमा पृष्ठपोषणसाथ निष्कर्षका रूपमा तरिकाहरू बताइदिनुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

- आजको कक्षा प्रस्तुतीकरणमध्येबाट सर्वोत्कृष्ट तिन ओटा मनोवादलाई छान्नका लागि विद्यार्थीहरूलाई निर्देशन दिनुहोस् र तिनीहरू उत्कृष्ट हुनाका कारण भन्न लगाई प्रतिबिम्बन/मूल्याङ्कन कार्य सम्पन्न गर्नुहोस् ।

**५. गृहकार्य**

- सिर्जनात्मक अभ्यासमा दिइएका मनोवादका विषयहरूमध्ये कुनै एक विषयमा मनोवाद लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

**थप क्रियाकलाप**

**विद्यार्थीहरूलाई निम्नानुसारका प्रश्नहरूको उत्तर लेख्न लगाई उनीहरूको सिकाइको मूल्याङ्कन गर्न सक्नु हुने छ :**

१. तल दिइएका शब्दहरूबाट मूल र व्युत्पन्न शब्द छुट्याउनुहोस् : (५)

रतन्धो, रात, घर, घरेलु, विद्यालय, उपकार, वन, बिसन्चो, मायालु, ऐँचोपैँचो ।

२. कोष्ठकमा दिएको धातु र सङ्केतका आधारमा वाक्य पूरागर्नुहोस् : (५)

(क) गणेश भात.... । (खा : सामान्य वर्तमान)

(ख) जगदीश साहित्यकार .... । (बन् : सामान्य भविष्यत्)

(ग) अस्मिता गणेश भात.... । (खा : सामान्य वर्तमान)

(घ) डोल्मा गीत .... । (गाउ : अपूर्ण वर्तमान)

(ङ) रामविलास धनगढी.... । (जा : पूर्ण भविष्यत्)

३. कुनै गरिब मानिस देख्दा तपाईंको मनमा खेलेका कुराहरू समेटेर छोटो मनोवाद लेख्नुहोस् । (५)

४. कुनै ठाउँमा भ्रमणमा जाँदा अनुभव गरेका दु:खसुखका भाव समेटेर छोटो मनोवाद लेख्नुहोस् । (५)

पाठ : ६

चिठी

# व्यापारिक चिठी

एकाइगत पाठ्यवस्तु विभाजन तालिका

| क्र.स. | पाठ्यवस्तु | पाठ्यभार |
|---|---|---|
| १. | सस्वरवाचन र शुद्ध उच्चारण | १ |
| २. | शब्दार्थ र वाक्यमा प्रयोग | १ |
| ३. | पर्यायवाची र विपरीतार्थक शब्दको पहिचान र प्रयोग | १ |
| ४. | चिठी लेखन (व्यापारिक) | २ |
| ५. | चिठी लेखन (कार्यालयीय) | २ |
| ६. | व्यावहारिक लेखन (शुभकामना तथा निमन्त्रणा पत्र) | १ |
| ७. | वर्णविन्यास (दीर्घ इकार र ऊकार) | १ |
| ८. | व्याकरण (भूतकालको पहिचान र प्रयोग ) | १ |
| | जम्मा | १० |

**दिन : पहिलो** **समय ४५ मिनेट**

**पाठ शीर्षक : व्यापारिक चिठी**

**पाठ्यवस्तु : सस्वरवाचन र शुद्ध उच्चारण**

**लक्षित सिप : बोलाइ (उच्चारण शिक्षण)**

**१. विशिष्ट उद्देश्य**

(क) निर्दिष्ट व्यापारिक चिठी पाठ गति, यति मिलाई शुद्धसँग उच्चारण गर्न

(ख) चिठी पाठमा प्रयुक्त कठिन शब्दहरूको शुद्ध रूपमा उच्चारण गर्न

**२. शैक्षणिक सामग्री**

- शब्दपत्ती, गोजीतालिका

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १**

- चिठी भनेको के हो ? भन्ने प्रश्नमा छलफल गराई चिठी कुन कुन प्रयोजनमा लेखिन्छ भन्ने जानकारी दिदैँ सिकाइपति उत्प्रेरित गनुहोस् ।

**क्रियाकलाप २**

- चिठीका प्रकार के कति छन् ? भन्ने विषयमा कक्षामा छलफल गराउनुहोस् । छलफलका क्रममा कक्षा ९ पढेका घरायसी चिठी र निवेदनको सन्दर्भ स्मरण गराउँदै चिठीका मुख्य प्रकार : घरायसी, निवेदन, कार्यालयीय र व्यापारिक चिठीकाबारेमा जानकारी दिनुहोस् ।

**क्रियाकलाप ३**

- शिक्षकले विद्यार्थीलाई सर्वप्रथम सस्वरवाचन सिकाउन निर्दिष्ट पाठको पहिलो अनुच्छेद अनुकरणवाचन गरेर सुनाउनुहोस् र सस्वर वाचनका लाथि उपयुक्त वातावरण तयार गर्नुहोस् :

  जस्तै : गति, यतिको ख्याल गरी सस्वर पढ्न, लेख्य चिह्नहरूको ख्याल गरी पढ्न, हिज्जेको ख्याल गरी शुद्ध उच्चारण गर्न

- यसपछि विद्यार्थीलाई पालैपालो एकएक अनुच्छेद शुद्ध सस्वरवाचन गर्न निर्देशन दिनुहोस् र बाँकी विद्यार्थीलाई साथीले शुद्ध उच्चारण गरे नगरेको ध्यानपूर्वक सुन्न र अबुद्ध भएमा रोकेर सच्चाउन निर्देशन दिनुहोस् ।
- शिक्षकले विद्यार्थीको उच्चारणगत पक्षलाई राम्ररी सुनेर उनीहरूलाई समस्या परेका शब्दहरूलाई आफूले शैक्षणिक पाटीमा रिपोट गर्दै जानुहोस् र कमजोर उच्चारण क्षमता भएका विद्यार्थीलाई आलोपालो सस्वरवाचन गराउनुहोस् ।
- पाठका अनुच्छेद वाचन गरिसकेपछि वाचनको क्रममा उच्चारणगत समस्या भएका शब्दहरू विद्यार्थीहरूबाट भन्न लगाउनुहोस् र ती शब्दहरू शैक्षणिक पाटीमा रिपोट गर्दै जानुहोस् । यस क्रममा सक्षम र कमजोर उच्चारण क्षमता भएका विद्यार्थीलाई आलोपालोले वाचन गराउनुहोस् ।

**क्रियाकलाप ४**

- शैक्षणिक पाटीमा रिपोट गरिएका निम्न शब्दहरू शब्दपत्तीमार्फत गोजीतालिकामा प्रदर्शन गर्दै हिज्जे मिलाई उच्चारण अभ्यास गराउनुहोस् :

  लक्षित शब्दहरू: निबन्धक, उल्लिखित, उपर्युक्त, बिक्री, शीघ्रातिशीघ्र, पेस्की, भुक्तानी ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

- निर्दिष्द चिठी पाठ गति, यति मिलाई सस्वरवाचन गर्न लगाउनुहोस् ।
- चिठीमा दिइएका कृति र लेखकका नाम सस्वरवाचन गरी सुनाउन लगाउनुहोस् ।

**५. परियोजना कार्य**

- विद्यार्थीलाई विभिन्न प्रकारका चिठीका नमुनाहरू खोजी ल्याउन निर्देशन दिनुहोस् ।

| दिन : दोस्रो | समय ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : व्यापारिक चिठी**

**पाठ्यवस्तु : शब्दार्थ र वाक्यमा प्रयोग**

**लक्षित सिप : शब्दभण्डार र प्रयोग**

**१. विशिष्ट उद्देश्य**

(क) 'व्यापारिक चिठी' पाठमा प्रयुक्त कठिन शब्दहरूको अर्थ बताउन

(ख) उक्त शब्दहरूलाई प्रयोग गरी उपयुक्त वाक्य निर्माण गर्न

**२. शैक्षणिक सामग्री**

- शब्द र अर्थपत्ती, वाक्यपत्ती र गोजीतालिका

### ३. सिकाइ सहजीकरण प्रक्रिया

**क्रियाकलाप १**

- शिक्षकले कुनै एउटा निवेदन पत्रको नमुना ल्याई विद्यार्थीलाई सस्वरवाचन गर्न लगाई सबैको सामु सुनाउन लगाउनुहोस् र हिजो पढेको चिठी र आजको पत्रको लेखाइ ढाँचा बिचमा तुलना गरी भिन्नता भन्न लगाई सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।

**क्रियाकलाप २**

- शिक्षकले विद्यार्थीलाई सर्वप्रथम 'व्यापारिक चिठी' पाठ मौन पठन गराउनुहोस् र आफूलाई अर्थ कठिन लागेका शब्दहरू पाठमा चिनो लगाउन लगाई पालैपालो भन्न लगाई शिक्षकले शैक्षणिक पाटीमा रिपोट गर्ने लक्षित शब्दहरू :

  प्रबन्धक, उल्लिखित, उपर्युक्त, बिक्री, शीघ्रातिशीघ्र, भुक्तानी, पेस्की

- निर्दिष्ट शब्दको अर्थ विद्यार्थीहरूसँग नै पालैपालो सोध्नुहोस् र ती शब्दको अर्थ नजानेमा अन्त्यमा शिक्षकले बताइदिनुहोस् ।

**शब्दार्थ शिक्षण गराउँदा निम्न सिकाइ विधि अपनाउनुहोस् :**

- शब्दार्थ प्रस्तुत गरी अर्थ बताउने
- समान गुण भएका शब्दबाट अर्थ बताउने
- विपरीतार्थक शब्द भन्न
- हाउभाउ वा अभिनयबाट अर्थ बताउने
- ठोस वस्तु प्रदर्शन गरी अर्थ बताउने
- पर्यायवाची शब्दबाट अर्थ बताउने
- पारिभाषिक शब्दबाट अर्थ बताउने
- वाक्यमा प्रयोग गरेर अर्थ बताउने
- चित्र देखाएर शब्द र अर्थ बताउन

**क्रियाकलाप ३**

- शिक्षकले आफूले लगेको वाक्यमा प्रयोग गरेको नमुना वाक्यसूची शब्दसूची एक एक प्रदर्शन गर्दै जाने र विद्यार्थीलाई त्यस्तै प्रकृतिका अन्य वाक्यपत्ती तथा शब्दपत्ती बनाउन निर्देशन दिई आफू यताउति हिड्दै सबैलाई सिकाइतर्फ उत्प्रेरित गगर्नुहोस् ।
- विद्यार्थीबाट निर्मित शब्दार्थ वाक्यमा प्रयोग भएका वाक्य तथा शब्द कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।
- शिक्षकले विद्यार्थीले प्रस्तुत गरेका क्रियाकलाप ठिक भयो वा सुधार्नुपर्छ त्यसको राम्ररी आवश्यक अनुगमन गरेर नमिलेको ठाउँमा सच्याउन लगाउने र आवश्यक परेमा पृष्ठपोषण समेत दिनुहोस् ।

### ४. प्रतिबिम्बन/मूल्याङ्कन

- निम्न प्रश्नको अर्थ बताउनुहोस् :

  प्रबन्धक, भुक्तानी, उल्लिखित, उपर्युक्त, बिक्री, शीघ्रातिशीघ्र, पेस्की

- उल्लिखित शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् ।

### ५. परियोजना कार्य

- शिक्षकले विद्यार्थीलाई व्यक्तिगत रूपमा छुट्टा छुट्टै शब्दार्थ र वाक्यमा प्रयोगको लागि पाठ भित्रको र बाहिर चिठी (पत्र रचना) सँग सम्बद्ध शब्दहरू खोजी वाक्यमा प्रयोग पूरागरेर ल्याउन निर्देशन दिनुहोस् ।

| दिन : तेस्रो | समय ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : व्यापारिक चिठी**

**पाठ्यवस्तु : शब्दभण्डार**

**अपेक्षित सिप विकास : पयार्यवाची शब्द र विपरीतार्थक शब्दको पहिचान र प्रयोग**

**१. विशिष्ट उद्देश्य**

(क) पयार्यवाची शब्द र विपरीतार्थक शब्दको पहिचान गर्न

(ख) पयार्यवाची शब्द र विपरीतार्थक शब्दको प्रयोग गर्न

**२. शैक्षणिक सामग्री**

- अनुच्छेद पत्ती र फलाटिन पाटी

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १**

- कुनै रमाइला चुटकिला भनी र भन्न लगाएर उत्प्रेरणा जगाउनुहोस् र सोही सन्दर्भलाई जोडी आजको कक्षा क्रियाकलापको पाठ्यवस्तुकाबारेमा जानकारी दिनुहोस् ।

**क्रियाकलाप २**

- सर्वप्रथम विद्यार्थीहरूको बसाइलाई जाति, धर्म, वर्ण, लिङ्ग, बोल्न नजान्ने, सिकाइका गति ढिला भएका, फरक सिकाइ क्षमता भएका आदिका आधारमा समावेशी बनाउनुहोस् । प्रत्येक बेन्चलाई एक समूह गराउनुहोस् ।
- पाठको पृष्ठ ४७ र ४८ मा दिइएको प्रश्न न. १२ को अभ्यास गराउनुहोस् ।
- पयार्यवाची शब्द र विपरीतार्थक शब्दकाबारेमा स्पष्ट पारिदिनुहोस् ।
- समूह कार्यको समाप्तिपछि साथीसाथीमा कापी साटासाट गराएर सहपाठी मूल्याङ्कन गराउनुहोस् । आवश्यक सहजीकरण र उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

- कक्षा कार्य गर्ने क्रममा भएको अनुभवलाई समूह समूहका बिच छलफल चलाउनुहोस् ।

**५. गृहकार्य**

- व्याकरण खण्डको अभ्यास न. ५ र ६ घरमा लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

| दिन : चौथो र पाँचौा | समय ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : व्यापारिक चिठी**

**पाठ्यवस्तु : व्यावहारिक लेखन (चिठी लेखन)**

**अपेक्षित सिप विकास : लेखाइ**

**१. विशिष्ट उद्देश्य**

(क) व्यापारी चिठी लेख्न

**२. शैक्षणिक सामग्री**

- चिठीको नमुना र फलाटिन पाटी

## ३. सिकाइ सहजीकरण प्रक्रिया

**क्रियाकलाप १**

- कुनै वद्यार्थीहरूलाई छोटो चुटकिला भन्न लगाई उत्प्रेरणा जगाउनुहोस् र आजको सिकाइ विषयवस्तुबारे जानकारी गराउनुहोस् ।

**क्रियाकलाप २**

- शैक्षणिक सामग्रीका रूपमा लगेको चिठीको नमुना प्रदर्शन गर्नुहोस् ।
- उक्त चिठीलाई पालैपालो वाचन गर्न निर्देशन दिनुहोस् ।

**क्रियाकलाप ३**

- प्रदर्शित चिठीका आँधारमा चिठी लेख्ने तरिका प्रस्ट पार्नुहोस् :

<u>चिठी लेखनका तरिका :</u>

१. व्यापारी चिठी लेख्ने पृष्ठको सिरानमा चिठी पठाउने व्यापारिक संस्था/प्रतिष्ठान/उद्योगको नाम र ठेगाना लेखिन्छ, जस्तै :

सुवेदी स्टिल उद्योग

गाईघाट, उदयपुर

२. व्यापारकि संस्थाको नामभन्दा तल दाहिनेतिर मिति (साल, महिना, गते र बार लेख्ने । जस्तै :

मिति : २०७३ फागुन २० गते शुक्रबार

३. मितिकै हाराहारीमा दाहिनेपट्टि पत्र सं. र त्यसमुनि चलानी नम्बर लेख्न सकिन्छ, जस्तै :

प. सं. : २०७३/०७४

च. न. : १८०

४. चलानी न. को मुनि विषय लेखिन्छ, जस्तै :

विषय : समान पठाइदिनेबारे ।

५. विषयमुनि पाउने संस्था, व्यक्ति वा प्रतिष्ठानलाई सम्बोधन गरिन्छ, जस्तै :

श्री विराट ढुवानी सेवा,

वरगाछी, विराटनगर ।

६. सम्बोधनको ठिकमुनि देब्रेपट्टि महोदय, लेख्न सकिन्छ ।

७. महोदय, को ठिकमुनिबाट चिठीको बेहोरा लेखिन्छ । बेहोराको अन्त्यमा अनुरोध गरिन्छ वा अनुरोध गर्दछु भन्ने प्रकारको नम्र भाषा प्रयोग गर्नुपर्छ ।

८. बेहोरा समाप्त भएपछि अन्त्यमा दाहिनेपट्टि **भवदीय** लेखेर त्यसमुनि पठाउने

हस्ताक्षर, नाम र पद लेख्नुपर्दछ ।

९. अन्त्यमा खामको नमुना बनाउनुपर्छ ।

- कुनै पठाउने र पाउने व्यापारिक संस्था वा प्रतिष्ठानको नाम, ठेगाना र चिठीको विषय शैक्षणिक पाटीमा लेखिदिनुहोस् र त्यसमा केन्द्रित भई चिठी लेख्नका लागि १५ मिनेटको समय दिनुहोस् ।
- अलमलमा परेका विद्यार्थी वा समूहलाई आवश्यक सहजीकरण गर्नुहोस् ।

**क्रियाकलाप ४**

- निर्धारित समय सकिएपछि व्यक्तिगत वा सामूहिक रूपमा कक्षा प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।
- अन्य विद्यार्थीहरूलाई सुधारका लागि सुझाव दिन ध्यानपूर्वक सुन्नलाई निर्देशन दिनुहोस् ।

- सकेसम्म आवश्यक सुधारहरू विद्यार्थीहरूबाटै पहिल्याउन लगाउनुहोस् । सम्भव नभएमा पृष्ठपोषणसाथ निष्कर्षका रूपमा तरिकाहरू बताइदिनुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

- आजको कक्षा प्रस्तुतीकरणमध्येबाट सर्वोत्कृष्ट तिन ओटा चिठीलाई छान्नका लागि विद्यार्थीहरूलाई निर्देशन दिनुहोस् र तिनीहरू उत्कृष्ट हुनाका कारण भन्न लगाई प्रतिबिम्बन/मूल्याङ्कन कार्य सम्पन्न गर्नुहोस् ।

**५. गृहकार्य**

- पाठको अभ्यास खण्डको १३ को (क) र (ख) को उत्तर लेखेर लेखेर ल्याउनुहोस् भन्ने गृहकार्य दिनुहोस् ।

| दिन : छैटौं र सातौा | समय : ४५ मिनेटे |
|---|---|

**पाठ शीर्षक : व्यापारिक चिठी**

**पाठ्यवस्तु : व्यावहारिक लेखन (कार्यालयीय चिठी लेखन)**

**अपेक्षित सिप विकास : लेखाइ**

**१. विशिष्ट उद्देश्य**

(क) कार्यालयीय चिठी लेख्न

**२. शैक्षणिक सामग्री**

- चिठीको नमुना र फलाटिन पाटी

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १**

- इच्छुक विद्यार्थीहरूलाई एउटा गीत गाउन लगाई विद्यार्थीलाई आजको सिकाइ विषय वस्तुकाबारेमा जानकारी गराउनुहोस् ।

**क्रियाकलाप २**

- शैक्षणिक सामग्रीका रूपमा लगेको चिठीको नमुनालाई फलाटिन पाटीमा टाँस्नुहोस् ।
- उक्त चिठीलाई पालैपालो वाचन गर्न निर्देशन दिनुहोस् ।
- प्रदर्शित चिठीका आधारमा व्यापारिक चिठी र कार्यालयीय चिठीमा रहेको समानता र भिन्नताबारे प्रस्ट पार्नुहोस् ।

**क्रियाकलाप ३**

- कार्यालयीय चिठी लेखनका लागि विषय दिनुहोस् र सो चिठी लेख्नका लागि १५ मिनेटको समय दिनुहोस् । यस्ता विषयहरू दिन सकिने छ :

  (क) विद्यालयले गाउँपालिका वा नगरपालिकालाई पुस्तकालयका लागि आर्थिक सहयोग मागेको पत्र ।

  (ख) गाउँपालिका वा नगरपालिका कार्यालयले विद्यार्थीहरूको रेकर्ड उपलब्ध गराइदिन भनी विद्यालयलाई लेख्ने पत्र ।

  (ग) कुनै व्यक्तिको जग्गाधनी पूर्जाको नाम सच्याउनका लागि वडा कार्यालयले गाउँपालिका वा नगरपालिकालाई गरेको सिफारिस पत्र । आदि ।

  - अलमलमा परेका विद्यार्थी वा समूहलाई आवश्यक सहजीकरण गर्नुहोस् ।
  - निर्धारित समय सकिएपछि व्यक्तिगत वा सामूहिक रूपमा कक्षा प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।
  - अन्य विद्यार्थीहरूलाई सुधारका लागि सुझाव दिन ध्यानपूर्वक सुन्न निर्देशन दिनुहोस् ।
  - सकेसम्म आवश्यक सुधारहरू विद्यार्थीहरूबाटै पहिल्याउन लगाउनुहोस् । सम्भव नभएमा पृष्ठपोषणसाथ निष्कर्षका रूपमा तरिकाहरू बताइदिनुहोस् ।

## ४. प्रतिबिम्बन/मूल्याङ्कन

- आजको कक्षा प्रस्तुतीकरणमध्येबाट सर्वोत्कृष्ट तिन ओटा चिठीलाइ छान्नका लागि विद्यार्थीहरूलाई निर्देशन दिनुहोस् र तिनीहरू उत्कृष्ट हुनाका कारण भन्न लगाई प्रतिबिम्बन/मूल्याङ्कन कार्य सम्पन्न गर्नुहोस् ।

## ५. गृहकार्य

- गाउँपालिका वा नगरपालिकाले आयोजना गरेको माध्यमिक विद्यालय स्तरीय हाजरीजवाफ कार्यक्रममा सहभागी गराउनका लागि आफ्नो विद्यालयका आफ्ना तीन जना विद्यार्थीको टिमलाई पठाएको बेहोरा खुलाई कार्यालययीय पत्र लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

| दिन : आठौँ | समय : ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : व्यापारिक चिठी**

**पाठ्यवस्तु : व्यावहारिक लेखन (शुभकामना तथा निमन्त्रणा पत्र लेखन)**

**अपेक्षित सिप विकास : लेखाइ**

## १. विशिष्ट उद्देश्य

(क) शुभकामना पत्र लेख्न

(ख) निमन्त्रणा पत्र लेख्न

## २. शैक्षणिक सामग्री

- ♦ शुभकामना पत्र तथा निमन्त्रणाका नमुना र फलाटिन पाटी

## ३. सिकाइ सहजीकरण प्रक्रिया

### क्रियाकलाप १

- इच्छुक विद्यार्थीलाई छोटो अभिनय गर्न लगाई आजको सिकाइ विषयवस्तुकाबारेमा जानकारी गराउनुहोस् ।

### क्रियाकलाप २

- शैक्षणिक सामग्रीका रूपमा लगेको शुभकामना पत्रको नमुनालाई फलाटिन पाटीमा टाँस्नुहोस् । यसका लागि पाठ्यपुस्तकको पृष्ठ ५२ मा दिइएको नमुना प्रयोग गर्न सक्नु हुन्छ ।
- उक्त शुभकामना पत्र पालैपालो वाचन गर्न निर्देशन दिनुहोस् ।
- शुभकामना पत्र लेख्ने तरिका प्रस्ट पार्नुहोस् ।

### क्रियाकलाप ३

- शुभकामना दिने व्यक्ति, विषय र शुभकामना पाउने व्यक्तिकाबारेमा शैक्षणिक पार्टीमा लेखिदिनुहोस् र त्यसमा केन्द्रित भई शुभकामना पत्र लेख्नका लागि १० मिनेटको समय दिनुहोस् ।
- अलमलमा परेका विद्यार्थी वा समूहलाई आवश्यक सहजीकरण गर्नुहोस् ।
- निर्धारित समय सकिएपछि व्यक्तिगत वा सामूहिक रूपमा कक्षा प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।
- अन्य विद्यार्थीहरूलाई सुधारका लागि सुझाव दिन ध्यानपूर्वक सुन्नलाई निर्देशन दिनुहोस् ।

### क्रियाकलाप ४

- शैक्षणिक सामग्रीका रूपमा लगेको निमन्त्रणा पत्रको नमुनालाई फलाटिन पाटीमा टाँस्नुहोस् । यसका लागि पाठ्यपुस्तकको पृष्ठ ५२ मा दिइएको नमुना प्रयोग गर्न सक्नु हुन्छ ।
- उक्त पत्र पालैपालो वाचन गर्न निर्देशन दिनुहोस् ।

- प्रदर्शित चिठीका आधारमा निमन्त्रणा पत्र लेख्ने तरिका प्रस्ट पार्नुहोस् ।

**क्रियाकलाप ५**

- निमन्त्रणा दिने व्यक्ति, विषय र निमन्त्रणा पाउने व्यक्तिकाबारेमा शैक्षणिक पार्टीमा लेखिदिनुहोस् र त्यसमा केन्द्रित भई निमन्त्रणा पत्र लेख्नका लागि १० मिनेटको समय दिनुहोस् ।
- अलमलमा परेका विद्यार्थी वा समूहलाई आवश्यक सहजीकरण गर्नुहोस् ।
- निर्धारित समय सकिएपछि व्यक्तिगत वा सामूहिक रूपमा कक्षा प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।
- अन्य विद्यार्थीहरूलाई सुधारका लागि सुझाव दिन ध्यानपूर्वक सुन्नलाई निर्देशन दिनुहोस् ।
- सकेसम्म आवश्यक सुधारहरू विद्यार्थीहरूबाटै पहिल्याउन लगाउनुहोस् । सम्भव नभएमा पृष्ठपोषणसाथ निष्कर्षका रूपमा तरिकाहरू बताइदिनुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

- आजको कक्षा प्रस्तुतीकरणमध्येबाट सर्वोत्कृष्ट तिन ओटा चिठीलाइ छान्नका लागि विद्यार्थीहरूलाई निर्देशन दिनुहोस् र तिनीहरू उत्कृष्ट हुनाका कारण भन्न लगाई प्रतिबिम्बन/मूल्याङ्कन कार्य सम्पन्न गर्नुहोस् ।

**५. गृहकार्य**

- पाठको सिर्जनात्मक अभ्यास खण्डको प्रश्न न. २ र ३ को उत्तर लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

| दिन : नवौं | समय : ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : व्यापारिक चिठी**

**पाठ्यवस्तु : वर्णविन्यास (ईकार र ऊकार)**

**अपेक्षित सिप विकास : लेखाइ**

**१. विशिष्ट उद्देश्य**

ईकार र ऊकारको पहिचान र प्रयोग गर्न

**२. शैक्षणिक सामग्री**

- ♦ शब्दपत्ती र फलाटिन पाटी

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १**

- कुनै छोटो चुटकिला सुनाएर उत्प्रेरणा जगाउनुहोस् र आजको विषयवस्तुकाबारेमा जानकारी गराउनुहोस् ।

**क्रियाकलाप २**

- शैक्षणिक सामग्रीका रूपमा लगेका शब्दपत्ती प्रदर्शन गर्नुहोस् ।
- शब्दपत्तीमा उल्लेख भएका शब्दको उच्चारण गर्न निर्देशन दिनुहोस् ।
- शब्दपत्तीमा प्रस्तुत भएका शब्दमा रहेका ईकार र ऊकारकाबारेमा छलफल गराई धारणा स्पष्ट गराउनुहोस् ।

**क्रियाकलाप ३**

- विद्यार्थीलाई समावेशी समूहमा विभाजन गर्नुहोस् ।
- हरेक समूहमा तलको शब्दसूची दिनुहोस् :

| |
|---|
| प्रतीक्षा, एकीकरण, यी, शील, श्लील, सीता, सीमा, ईश्वर, चीत्कार, पीडित, बीभत्स, भीषण, शीतल, स्वीकार, स्वीकृति, दूत, पूजा, भूमि, मूल, मूत्र, रूढ, शून्य, सूचक, सू, दीर्घ, ईर्ष्या, वीर्य, जीर्ण, शीर्ष, शीर्षक, तीर्थ, कीर्ति, मूर्ति, ऊर्जा, सूर्य, पूर्व, पूर्ण, स्फूर्ति, अतीत, ईश्वरीय, उल्लेखनीय, अधीन, कुलीन, निरीह, प्रवीण, गम्भीर, तृतीय, दयनीय, दर्शनीय, द्वितीया, नवीन, प्राचीन, परीक्षा, पूजनीय, पूर्वीय, प्रतीक, विद्युतीकरण, अङ्गीकार, प्रसूति, मयूर, मुहूर्त, समूह, ईश, कीट, क्रीडा, क्षीण, गीत, ग्रीष्म, जीव, टीका, तीव्र, धीर, दीन, दीप, नीच, नीति, पीडा, प्रीत, बीज, भीम, भीष्म, मीन, रीति, रेग्मी, राई, गुरागाई, भट्टराई, उप्रेती, गिरी, प्रसाई, पराजुली, सुवेदी, अधिकारी, कामी, दमाई, घर्ती, ठकुरी, जैसी, कराती, राई, किराती, धोबी, हली, भिखारी, ठिमी, गुल्मी, डोटी, कास्की, सुनौली, दमौली, सप्तरी, सर्लाही, इटहरी, महाकाली, गुल्मी, गोदावरी, दिदी, बहिनी, सासू, फुपू, जोई, ढोई, गाई, भैंसी, भेडी, केटी, कुटुनी, भोटिनी, छँडुली, मुडुली, फेरी, हेरी, देखी, लागी, सुनी, बोली, कराही, सिरानी, खरानी, ठेकी, थाली, थैली, आरी, खल्ती, कुल्फी, छुर्पी, पगरी, कोदाली, खोपी, टोपी, फर्सी, सिक्री, भित्री, छिमेकी, जुरेली, जुनेली, नेपाली, बङ्गाली, भारती, गफाडी, हाजिरी, इलमी, सिपाही, अरबी, फारसी, सिकर्मी, ज्यामी, डायरी, अङ्ग्रेजी, जापानी, फ्रान्सेली, हिन्दी, ग्रिसेली, बैँसी, यसरी, कसरी, राम्ररी, बेसरी, त्यसरी, सरासरी, जसरी, तसरी, जानू, खानू, हेर्नु, पढ्नू, सुन्नू, निस्की, उफ्री, फर्की, पढूँ, लेखूँ, सिकूँ, उनी, तिनी, आफू, हामी, तिमी, यिनी, तपाईँ, दुई, साठी, असी, पचासी, अठासी, ती, ऊ, लीला, वीणा, वीर, शीघ्र, शीत आदि । |

- शब्दसूचीबाट सुरुमा, बिचमा र अन्त्यमा दीर्घ भएका शब्दहरू छुट्याउन लगाउनुहोस् ।
- अलमलमा परेका विद्यार्थी वा समूहलाई आवश्यक सहजीकरण गर्नुहोस् ।
- निर्धारित समय सकिएपछि कुनै समूहबाट प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।
- अन्य विद्यार्थीहरूलाई ध्यानपूर्वक सुन्न र गल्ती भएमा सच्याउन निर्देशन दिनुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

- केही विद्यार्थीलाई अगाडि बोलाए ईकार र ऊकार लागेका पाँच/पाँच ओटा शब्द शैक्षणिक पाटीमा लेख्न लगाउनुहोस् ।

**५. परियोजना कार्य**

- सुरुमा, बिचमा र अन्त्यमा दीर्घ लेखिने शब्दहरूको लेखेर ल्याई प्रदर्शन पाटीमा टाँस्न लगाउने ।

| दिन : दसौँ | समय : ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : व्यापारिक चिठी**

**पाठ्यवस्तु : भूतकालको पहिचान र प्रयोग**

**अपेक्षित सिप विकास : लेखाइ**

**१. विशिष्ट उद्देश्य**

(क) भूतकालको पहिचान गर्न

(ख) भूतकालका पक्षहरू छुट्याउन

**२. शैक्षणिक सामग्री**

- वाक्यपत्ती र फलाटिन पाटी

## ३. सिकाइ सहजीकरण प्रक्रिया

**क्रियाकलाप १**

- इच्छुक विद्यार्थीलाई छोटो कथा भन्न लगाई उत्प्रेरणा जगाई आजको विषयवस्तुकाबारेमा जानकारी गराउनुहोस् ।

**क्रियाकलाप २**

- भूतकालकाबारेमा कक्षामा छलफल गर्ने र विद्यार्थीहरूले भनेका आधारमा परिचय र उदाहरणलाई शैक्षणिक पाटीमा लेख्नुहोस् ।
- आफूले लगेको वाक्यपत्तीका आधारमा भूत कालकाबारेमा थप स्पष्ट पारिदिनुहोस् ।

**क्रियाकलाप ३**

- विद्यार्थीलाई समावेशी समूहमा विभाजन गर्नुहोस् ।
- समूहमा पाठको व्याकरण अभ्यासको १ र २ को क्रियाकलाप गराउनुहोस् ।
- अलमलमा परेका विद्यार्थी वा समूहलाई आवश्यक सहजीकरण गर्नुहोस् ।
- निर्धारित समय सकिएपछि कुनै एउटा समूहबाट प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।
- अन्य समूहलाई सुधारका लागि सुझाव दिन ध्यानपूर्वक सुन्न निर्देशन दिनुहोस् ।

**क्रियाकलाप ४**

- विद्यार्थीहरूलाई ५ समूहमा विभाजन गर्नुहोस् र गोलाप्रथाबाट तिनलाई सामान्य, अपूर्ण, पूर्ण, अज्ञात र अभ्यस्तमा विभाजन गरी त्यहीअनुसार समूहको नामकरण गर्नुहोस् ।
- हरेक समूहलाई कुनै अनुच्छेद दिनुहोस् र त्यस अनुच्छेदलाई समूहको नामअनुसार भूतकालका पक्षहरूमा परिवर्तन गर्न लगाउनुहोस् ।

**नमुना अनुच्छेद**

बिहान पानी पर्छ । जयराम खेतमा निस्कन्छ । उसलाई काम प्यारो छ । ऊ गोरु जोत्छ । उसका छोरी, छोरा र श्रीमतीले पनि उसलाई काममा सघाउँछन् । दिउँसो उनीहरू घर आउँछन् र खाना खान्छन् । खानापछि आराम गर्दै रमाइला कुरा गर्ने उनीहरूको बानी छ । जयरामको परिवार सबैका लागि अनुकरणीय छ ।

- निर्धारित समय सकिएपछि समूहबाट प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।
- आवश्यक पृष्ठपोषण गर्नुहोस् ।

## ४. प्रतिबिम्बन/मूल्याङ्कन

- पाठको व्याकरण खण्डको प्रश्न न. ४ को अभ्यास गर्न लगाई प्रतिबिम्बन/मूल्याङ्कन कार्य पूरागर्नुहोस् ।

## ५. गृहकार्य

- पाठको व्याकरण खण्डका प्रश्न न. ६ र ८ को उत्तर लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

**थप क्रियाकलाप :**

**विद्यार्थीहरूलाई निम्नानुसारका प्रश्नहरूको उत्तर लेख्न लगाई उनीहरूको सिकाइको मूल्याङ्कन गर्न सक्नु हुने छ :**

१. कोष्ठकमा दिइएका धातु र सङ्केतका आधारमा खाली ठाउँ भर्नुहोस् । (५) :

(क) म घुम्न ...... । (जा : पूर्ण भूत) ।

(ख) अनन्त घर ......(आउ : अपूर्ण भूत)

(ग) युजन क्रिकेट......(खेल् : अभ्यस्त भूत)

(घ) मिङमार रुख ......(चढ् : पूर्ण भूत)

(ङ) रामकिशोर मनितालाई पुस्तक......(दि : सामान्य भूत)

२. दिदीको विवाहकाबारेमा एउटा निमन्त्रणा पत्रको नमुना बनाउनुहोस् । (५)

३. अल्लो तथा खाडीबाट बनेका विभिन्न विभिन्न डिजाइनका कपडा पठाई दिन भनी धनगढी हस्तकला पसल कैलालीले किमाथाङ्का बिक्री भण्डार ताप्लेजुङाई लेखेको चिठी लेख्नुहोस् (५)

४. स्थानीय तहको यस वर्षको शैक्षिक कार्यक्रमकाबारेमा जानकारी पाऊ भन्नेबारेमा आफ्नो विद्यालय रहेको गाउँपालिका वा नगरपालिका कार्यालयमा कक्षा १० का विद्यार्थीको तर्फबाट लेखिने निवेदनको नमुना तयार पार्नुहोस् । (५)

पाठ : ७

**कथा** **प्रत्यागमन**

एकाइगत पाठ्यवस्तु विभाजन तालिका

| **क्र.स.** | **पाठ्यवस्तु** | **पाठ्यभार** |
|---|---|---|
| १. | सस्वर पठन र शुद्ध उच्चारण | १ |
| २. | शब्दार्थ र वाक्यमा प्रयोग | १ |
| ३. | श्रुतिबोध र पठनबोध | १ |
| ४. | व्याख्या लेखन | १ |
| ५. | बुँदाका आधारमा कथा लेखन | १ |
| ६. | घटना वर्णन | १ |
| ७. | लामो उत्तर लेखन | १ |
| ८. | अपूर्ण पक्षको पहिचान र प्रयोग | १ |
| ९. | स्वतन्त्र रचना (तार्किक शिल्प) | २ |
| १०. | मनोरञ्जनमा आधारित रचना | १ |
| | जम्मा | ११ |

| **दिन : पहिलो** | **समय ४५ मिनेट** |
|---|---|

**पाठ शीर्षक : प्रत्यागमन (कथा)**

**पाठ्यवस्तु : सस्वरवाचन र शुद्धोच्चारण**

**अपेक्षित सिप विकास : बोलाइ (उच्चारण शिक्षण) र पढाइ**

**१. विशिष्ट उद्देश्य**

- यस क्रियाकलापको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

  (क) कथालाई शुद्धसँग भावानुकूल हाउभाउसहित सस्वरवाचन गर्न

  (ख) कथामा प्रयुक्त उच्चारणगत दृष्टिले समस्या भएका शब्दहरूको शुद्धसँग उच्चारण गर्न

**२. शैक्षणिक सामग्री**

- गोजीतालिका र शब्दपत्तीहरू

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १**

- आफूले सुनेका कुनै कथाका शीर्षकहरू विद्यार्थीहरूलाई सोध्नुहोस् र उनीहरूले भनेका उत्तरलाई शैक्षणिक पाटीमा लेख्दै जानुहोस् ।
- सिर्जनात्मक कथामा पौराणिक वा लोक कथामा जस्तो काल्पनिक कुरा नभएर यथार्थपरकता हुन्छ भन्ने स्पष्ट पारिदिनुहोस् ।

**क्रियाकलाप २**

- सर्वप्रथम छात्र/छात्रा, जातजातिमा, भाषाभाषी, सुस्त श्रवण, आँखा नदेख्ने, बोल्न नसक्ने आदि विद्यार्थीहरूको पहिचान गरी समावेशी कक्षा व्यवस्थापनको सुनिश्चितता गर्नुहोस् ।
- **प्रत्यागमन** कथाको कुनै एक अनुच्छेद गति, यति मिलाई हाउभाउसहित आदर्श वाचन गर्नुहोस् । विद्यार्थीहरूलाई पालैपालो एक एक अनुच्छेद सस्वरवाचनका लागि आवश्यक निर्देशन दिनुहोस् ।
- सस्वरवाचनलाई कठिन मान्ने विद्यार्थी, दोस्रो भाषी विद्यार्थी तथा फरक सिकाइ क्षमता भएका विद्यार्थी समेतलाई सिकाइमा सक्रिय गराउनुहोस् ।
- अन्य विद्यार्थीलाई साथीले वाचन गरेका शब्दहरूको उच्चारण शुद्ध भए/नभएको ध्यानपूर्वक सुनी मूल्याङ्कन गर्न निर्देशन दिनुहोस् । गल्ती भएमा वाचन कार्य रोकी सच्याउन निर्देशन गर्नुहोस् ।
- सस्वरवाचनका क्रममा भएको उच्चारण पक्षलाई मूल्याङ्कन/निगरानी/अवलोकन गर्दै उच्चारणगत दृष्टिले कठिन भएका शब्दहरूलाई शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

**क्रियाकलाप ३**

- विद्यार्थीबाट उच्चारणगत समस्या भएका शब्दहरू माग गरी शैक्षणिक पाटीमा टिप्नुहोस् र ती शब्दहरूको शुद्धोच्चारणगर्न विद्यार्थीलाई नै प्रोत्साहित गर्नुहोस् ।
- पाठको लक्षित शब्दहरूको शब्दपत्ती र गोजीतालिकामार्फत प्रस्तुत गर्नुहोस् । विद्यार्थीलाई सामूहिक तथा एकल शुद्धोच्चारणअभ्यास गराउनुहोस् ।
- आवश्यकताअनुसार विद्यार्थीहरूलाई सहपाठी सिकाइमा प्रोत्साहित गर्नुहोस् ।
- उच्चारणगत दृष्टिले सिकाइको गति ढिलो भएका विद्यार्थीप्रति सचेत रहनुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

- आजको कक्षामा विद्यार्थीहरूले उच्चारण गर्न सिकेका नयाँ शब्दहरू आआफ्नो कापीमा टिपोट गर्न निर्देशन दिनुहोस् ।

**५. गृहकार्य**

- पाठको कथा पढी उच्चारणमा कठिन भएका शब्दहरू उत्तर पुस्तिकमा टिपेर ल्याउन निर्देशन दिनुहोस् ।

| दिन : दोस्रो | समय ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : प्रत्यागमन (कथा)**

**पाठ्यवस्तु : शब्दार्थ शिक्षण र वाक्यमा प्रयोग**

**अपेक्षित सिप विकास : शब्दार्थ र वाक्य निर्माण**

**१. विशिष्ट उद्देश्य**

(क) पाठमा प्रयुक्त कठिन शब्दहरूको अर्थ बताउन

(ख) पाठमा प्रयुक्त कठिन शब्दहरूको प्रयोग गरी अर्थयुक्त वाक्य निर्माण गर्न

**२. शैक्षणिक सामग्री**

गोजीतालिका, शब्दार्थ सूची र वाक्य सूची

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १**

- गत दिनको क्रियाकलापकोबारेमा सङ्क्षिप्त चर्चा सहित पाठको पुनरावृत्ति गराई गत दिन र आजको पाठ्यवस्तुको संयोजन प्रस्तुत गर्नुहोस् ।

**क्रियाकलाप २**

- १५ मिनेटको समय दिई विद्यार्थीहरूलाई पाठको सस्वरवाचन गर्न निर्देशन गर्नुहोस् र अर्थबोध नभएका शब्द माग गरी शैक्षणिक पाटीमा टिप्नुहोस् ।
- उक्त शब्दका अर्थहरू बताउन विद्यार्थीहरूलाई नै प्रोत्साहित गर्नुहोस् ।
- विद्यार्थीबाट अर्थ नआएका शब्दहरूका लागि शैक्षणिक सामग्री प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस् । यस क्रममा कठिन शब्दका अर्थहरू आआफ्नो कापीमा समेत टिपोट गर्न निर्देशन गर्नुहोस् ।

**क्रियाकलाप ३**

- विद्यार्थीहरूलाई आफूले लगेको वाक्यपत्ती प्रदर्शन गर्नुहोस् र दुई दुई जनाको समूहमा १५ मिनेटको समय दिई त्यस्तै प्रकृतिका अन्य एक एक ओटा वाक्य निर्माण गर्न निर्देशन दिनुहोस् । विद्यार्थी समूहले काम गरेको समयमा समूह समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।
- समूह कार्य सम्पन्न भएपछि ठाउँ ठाउँ बाट प्रस्तुतीकरण गर्न लगाई बाँकी विद्यार्थीलाई मूल्याङ्कनका लागि प्रोत्साहित गर्नुहोस् ।
- अन्त्यमा समग्रमा उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

- विद्यार्थीहरूलाई अर्को साथीलाई शब्दको अर्थ र वाक्यमा प्रयोग गर्ने प्रश्नोत्तर क्रियाकलाप गर्न १० मिनेटको समय दिनुहोस् ।

**५. गृहकार्य**

- आजको कक्षामा पढेका शब्दहरू प्रयोग गरी कुनै विषयमा एक अनुच्छेद लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

| दिन : तेस्रो | समय ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : प्रत्यागमन (कथा)**

**पाठ्यवस्तु : श्रुतिबोध र पठन बोध**

**अपेक्षित सिप विकास : सुनाइ, बोलाइ र पढाइ**

**१. विशिष्ट उद्देश्य**

(क) पाठका कुनै अनुच्छेद सुनी सोधिएका प्रश्नको उत्तर दिन

(ख) पाठका कुनै अनुच्छेदको पढी त्यसबाट सोधिएका प्रश्नको उत्तर लेख्न

**२. शैक्षणिक सामग्री**

- बोध प्रश्नहरूको सूची र फलाटिन पाटी

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १**

- अघिल्लो दिनको परियोजना कार्य केही विद्यार्थीबाट प्रस्तुतीकरण गर्न लगाई आपसमा पृष्ठपोषण आदानप्रदान गर्न लगाउनुहोस् र आजको घन्टीमा गरिने मुख्य क्रियाकलापलाई शैक्षणिक पाटीमा लेखी विद्यार्थीहरूलाई सिकाइप्रति उत्प्रेरणा जगाउनुहोस् ।

**क्रियाकलाप २**

- कुनै एक विद्यार्थीलाई कथा पाठ सस्वरवाचन गर्न लगाई बाँकीलाई ध्यान दिई सुन्न निर्देशन दिनुहोस् । सोपछि किताब बन्द गर्न लगाई पालैपालो सुनाइ अभ्यासको प्रश्न न. १ र ३ का प्रश्नोत्तर क्रियाकलाप गराउनुहोस् । कुनै कमी कमजोरी पाइएमा सुधार गरिदिनुहोस् ।

**क्रियाकलाप ३**

- विद्यार्थीलाई दुई दुई जनाको समूहमा विभाजन गरी पाठको ९ (बोलाइ प्रश्न न. ५) को क्रियाकलाप गराउनुहोस् ।
- विद्यार्थी क्रियाकलापको अवलोकन गर्दै आवश्यक सहजीकरण गर्नुहोस् ।
- अन्त्यमा विद्यार्थीहरूले गरेका सकारात्मक पक्षहरूको प्रशंसा गर्दै सुधार गर्नुपर्ने पक्षहरू औंल्याई उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

- विद्यार्थीहरूलाई पाठसँग सम्बन्धित केही बोध प्रश्न सोधी प्रतिबिम्बन/मूल्याङ्कन कार्य सम्पन्न गर्नुहोस् ।

**५. गृहकार्य**

- पाठको प्रश्न न. १४ को उत्तर लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

| **दिन : चौथो** | **समय ४५ मिनेट** |
|---|---|

**पाठ शीर्षक : प्रत्यागमन (कथा)**

**पाठ्यवस्तु : व्याख्या लेखन**

**अपेक्षित सिप विकास : लेखाइ**

**१. विशिष्ट उद्देश्य**

(क) कथाको विशिष्ट वाक्यांशलाई व्याख्या गर्न

**२. शैक्षणिक सामग्री**

व्याख्या गरिएको नमुना र फलाटिन पाटी

**३. सिकाइ सहजीकरण प्रक्रिया**

क्रियाकलाप १

- कुनै रोचक प्रस्तुतीकरण गराई विद्यार्थीहरूलाई मनोवैज्ञानिक रूपमा उत्प्रेरणा प्रदान गर्नुहोस् र सोही सन्दर्भलाई जोड्दै आज कक्षामा सम्पन्न गरिने मुख्य कार्यबारे विद्यार्थीलाई जानकारी गराउनुहोस् ।

**क्रियाकलाप २**

- उद्देश्यमा उल्लिखित कुनै एक पद्यांशलाई व्याख्या गरिएको नमुना प्रदर्शन गर्नुहोस् । यसबारेमा छलफल चलाउनुहोस् । व्याख्या क्रम/तरिकाबारे धारणा स्पष्ट पार्नुहोस् ।

**क्रियाकलाप ३**

- विद्यार्थीलाई उपयुक्त समूहमा विभाजन गरी निम्न लिखित वाक्यलाई शैक्षणिक पाटीमा लेखी व्याख्या गर्न निर्देशन दिनुहोस् :

  "परमेश्वर, म कृतघ्न हुँ । मेरो पौरखलाई धिक्कार छ । "
- समूह कार्य हुँदा प्रत्येक समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।
- समूह कार्य सकिएपछि पालैपालो समूह कार्यलाई कक्षामा प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।
- अन्त्यमा विद्यार्थीको प्रयासको प्रशंसा गर्नुहोस् । व्यक्ति नतोकीकन समग्रमा सुधार गर्न आवश्यक पक्षहरूलाई स्पष्टसँग बताई उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

## ४. प्रतिबिम्बन/मूल्याङ्कन

- विद्यार्थीहरूले कक्षा कार्यका रूपमा गरेका उत्कृष्ट व्याख्यालाई प्रदर्शन पाटीमा टाँस्न लगाउनुहोस् ।

## ५. गृहकार्य

- लेखाइ खण्डको अभ्यासको प्रश्न न. २१ (ख) को व्याख्या लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

| दिन : पाँचौँ | समय : ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : प्रत्यागमन (कथा)**

**पाठ्यवस्तु : निर्देशित कथा लेखन**

**अपेक्षित सिप विकास : लेखाइ**

## १. विशिष्ट उद्देश्य

(क) बुँदाका आधारमा कथा लेख्न

## २. शैक्षणिक सामग्री

कथा लेखनका लागि बुँदा र कथा लेखनको नमुना

## ३. सिकाइ सहजीकरण प्रक्रिया

### क्रियाकलाप १

- कुनै चुटकिला वा रोचक कथा सुनाउनुहोस् र उत्प्रेरणा जगाउनुहोस् । आजको कक्षाको विषयबारे जानकारी गराउनुहोस् ।

### क्रियाकलाप २

- आफूले लगेको कथाका बुँदा प्रस्तुत गर्नुहोस् र ती बुँदा समेटेर कथा लेख्नका लागि निर्देशन दिनुहोस् ।
- सबैभन्दा पहिले कथा लेखिसक्ने विद्यार्थीलाई कथा वाचन गर्न लगाउनुहोस् ।
- आफूले लगेको कथा प्रस्तुत गरी विद्यार्थीले लेखेको कथासँग रुजु गर्न लगाउनुहोस् ।

### क्रियाकलाप ३

- विद्यार्थीलाई समावेशी समूहमा विभाजन गर्नुहोस् ।
- कथा लेखनका लागि सिर्जनात्मक अभ्यासको न. १ मा दिएका बुँदाहरूका आधारमा हरेक समूहले १५ मिनेटभित्र कथा लेख्न निर्देशन दिनुहोस् ।
- समय समाप्त भएपछि गोलाप्रथाबाट कुनै एक समूहलाई कथा प्रस्तुतिका लागि समय दिनुहोस् ।
- अन्य समूहबाट आवश्यक सुझाव र प्रतिक्रिया लिनुहोस् ।
- अन्त्यमा आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## ४. प्रतिबिम्बन/मूल्याङ्कन

- थोरै बुँदा दिएर कथा लेख्न लगाउनुहोस् र कुनै एक जना विद्यार्थीलाई प्रस्तुत गर्न लगाउनुहोस् ।

## ५. परियोजन कार्य

- आफ्नो गाउँ टोलमा प्रचलित कुनै एक लोककथा लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

| दिन : छैटौँ | समय : ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : प्रत्यागमन (कथा)**

**पाठ्यवस्तु : घटना वर्णन**

**अपेक्षित सिप विकास : बोलाइ र लेखाइ**

**१. विशिष्ट उद्देश्य**

(क) आफूले जानेसुनेका कथा वा घटनालाई हाउभाउसहित सन्दर्भ मिलाई भन्न

**२. शैक्षणिक सामग्री**

कुनै घटनाका बुँदाहरू

**३. सिकाइ सहजीकरण प्रक्रिया**

क्रियाकलाप १

- विद्यार्थीहरूको उमेर र स्तर सुहाउँदो छोटो तर घतलाग्दो छोटो घटना सुनाई विद्यार्थीहरूलाई उत्प्रेरित गर्नुहोस् ।
- कुनै पनि विषयवस्तुको प्रस्तुति पश्चात् हौसला प्रदान गर्ने संस्कारको विकास गराउन विद्यार्थीहरूलाई ताली बजाउन निर्देशन दिनुहोस् ।

**क्रियाकलाप २**

- शिक्षकले घटना वर्णन गर्ने तरिकाकाबारेमा लघु प्रवचन दिनुहोस् । यस क्रममा विद्यार्थीबाट आएका हरेक जिज्ञासाको पूर्ति गर्नुहोस् ।

**क्रियाकलाप ३**

- शिक्षक आफूले आफ्नै जीवनमा घटेको विशेष घटनाको नमुनाको रूपमा वर्णन गरेर सुनाउनुहोस् ।
- प्रत्येक विद्यार्थीलाई आफ्नो जीवनमा घटेका कुनै एक महत्त्वपूर्ण घटना सोच्नका लागि २ मिनेटको समय दिनुहोस् र पालैपालो घटना वर्णन क्रियाकलाप गराउनुहोस् ।
- विद्यार्थीको घटना वर्णन गरेको सुनेको आधारमा राम्रा पक्षहरूको प्रशंसा गर्दै सुधार गर्नुपर्ने पक्ष देखिएमा आवश्यक सुधारका लागि थप पथ प्रदर्शन गर्नुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

- आजको घटना वर्णन क्रियाकलाप गर्दा सिकेका महत्त्वपूर्ण कुराहरू टिपोट गरी कक्षामा सुनाउन निर्देशन दिनुहोस् ।

**५. सिर्जनात्मक कार्य**

- आफ्नो जीवनको अविस्मरणीय कुनै घटना लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

| **दिन : सातौँ** | **समय : ४५ मिनेट** |
|---|---|

**पाठ शीर्षक : प्रत्यागमन (कथा)**

**पाठ्यवस्तु : लामो उत्तर लेखन**

**अपेक्षित सिप विकास : लेखाइ अभिव्यक्ति**

**१. विशिष्ट उद्देश्य**

(क) 'प्रत्यागमन' कथा पढी सोधिएका प्रश्नको लामो उत्तर लेख्न

**२. शैक्षणिक सामग्री**

लामो उत्तर लेख्ने तरिकाको सूची र फलाटिन पाटी

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १**

- अघिल्लो कक्षाका गृहकार्यहरू मध्ये कुनै एक जना विद्यार्थीको गृहकार्य (घटना वर्णन) सुनाउन प्रोत्साहन गरी उत्प्रेरणात्मक क्रियाकलाप सञ्चालन गर्नुहोस् ।

क्रियाकलाप २

- विद्यार्थीहरूलाई लामो उत्तर  लेख्ने तरिकाको स्मरण गराउनुहोस् ।
- विद्यार्थीहरूलाई उपयुक्त समूहमा विभाजन गरी पाठको अभ्यास खण्डमा दिइएका लामो तथा विवेचनात्मक उत्तर दिने प्रश्नहरू प्रति समूहलाई एक एक ओटा पर्ने गरी उत्तर लेख्न निर्देशन दिनुहोस् ।

**केही प्रश्नहरू :**

(क) 'प्रत्यागमन' कथाकी शोभाको वानी व्यवहार कस्तो छ ?

(ख) 'प्रत्यागमन' कथाको सारांश लेख्नुहोस् ।

(ग) 'प्रत्यागमन' कथाले के सन्देश दिएको छ ? विस्तारमा लेख्नुहोस् ।

(घ) शोभा र रामुकी दुलहीको चरित्रमा के कस्तो भिन्नता छ ?

- विद्यार्थीले लेख्दै गर्दा प्रत्येक समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।
- उनीहरूले तयार पारेका उत्तर पालैपालो समूह नेताबाट प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।
- अन्त्यमा आवश्यकता अनुसारको उपयुक्त पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

- लामो उत्तर  दिँदा ध्यान दिनुपर्ने कुराहरू आफ्ने कापीमा टिपोट गर्नुहोस् र कुनै कुरा छुटेको भएमा यकिन गर्न नजिकको साथीसँग सुझाव लिनका लागि केही समय दिनुहोस् ।

**५. गृहकार्य**

- तलको प्रश्नलाई लामो उत्तर लेखेर ल्याउन निर्देशन दिनुहोस् :

प्रत्यागमन कथामा नेपाली समाजको के कस्तो चित्रण गरिएको छ ? विवेचना गर्नुहोस् ।

| दिन : आठौँ | समय : ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : प्रत्यागमन (कथा)**

**पाठ्यवस्तु  : अपूर्ण पक्षको पहिचान र प्रयोग**

**अपेक्षित सिप विकास : कार्यमूलक व्याकरण**

**१. विशिष्ट उद्देश्य**

(क) अपूर्ण पक्षको पहिचान गर्न

(ख) अपूर्ण पक्षको प्रयोग गर्न

**२. शैक्षणिक सामग्री**

अपूर्ण पक्षका प्रकार र उदाहरण लेखिएको चार्ट र फलाटिन पाटी

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १**

- विद्यार्थीहरूलाई स्वत: स्फूर्त रूपमा आफूभित्र रहेका विशेष प्रतिभा प्रदर्शन गर्न केही समय दिई उत्प्रेरणात्मक क्रियाकलाप सञ्चालन गर्नुहोस् रसोही सन्दर्भलाई जोडी आजको कक्षामा गरिने मुख्य क्रियाकलाप शैक्षणिक पाटीमा लेखी जानकारी गराउनुहोस् ।

**क्रियाकलाप २**

- शैक्षणिक पाटीमा निम्न अनुसारको तालिका प्रस्तुत गरी अपूर्ण भूत, अपूर्ण वर्तमान र अपूर्ण भविष्यत्काबारेमा सामान्य जानकारी दिई विद्यार्थीहरूबिच छलफल गराउनुहोस् :

| अपूर्ण भूत | अपूर्ण वर्तमान | अपूर्ण भविष्यत् |
| --- | --- | --- |
| हामी स्कुल जाँदै थियौं । हावा चल्दै थियो । पानी पर्दै थियो । असिना बर्सिंदै थियो । मानिसहरू यताउता दौडिँदै ओत लाग्ने ठाउँ खोज्दै थिए । आकाशमा हवाईजहाज कराउँदै थियो । टाढाबाट कुकुर भुकेको आवाज आइरहेको थियो । हाम्रो स्कुलको घन्टी बज्दै थियो । | हामी स्कुल जाँदै छौं । हावा चल्दै छ । पानी पर्दै छ । असिना बर्सिंदै छ । मानिसहरू यताउता दौडिँदै ओत लाग्ने ठाउँ खोज्दै छन् । आकाशमा हवाईजहाज कराउँदै छ । टाढाबाट कुकुर भुकेको आवाज आइरहेको छ । हाम्रो स्कुलको घन्टी बज्दै छ । | हामी स्कुल जाँदै हुने छौं । हावा चल्दै हुने छ । पानी पर्दै हुने छ । असिना बर्सिंदै हुने छ । मानिसहरू यताउता दौडिँदै ओत लाग्ने ठाउँ खोज्दै हुने छन् । आकाशमा हवाईजहाज कराउँदै हुने छ । टाढाबाट कुकुर भुकेको आवाज आइरहेको हुने छ । हाम्रो स्कुलको घन्टी बज्दै हुने छ । |

**क्रियाकलाप ३**

- विद्यार्थीहरूलाई अपूर्ण भूत, अपूर्ण वर्तमान र अपूर्ण भविष्यत गरी तिन समूहमा विभाजन गर्नुहोस् र त्यही अनुसार बसाइ व्यवस्था मिलाउनुहोस् ।
- विद्यार्थीहरूको पूर्व ज्ञानका आधारमा आफ्ना आफ्ना समूहका विद्यार्थीहरूलाई आफ्ना आफ्ना समूहमा परेको अपूर्ण पक्षका वाक्यहरू प्रयोग गरी एक एक अनुच्छेद लेख्न लगाउने ।
- निर्धारित समयपछि समूह कार्यलाई पालैपालो प्रस्तुत गर्न लगाउनुहोस् ।
- प्रत्येक समूहको प्रस्तुतिपछि अन्य समूहबाट टिप्पणी गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ४**

- व्याकरण खण्डको प्रश्न न. ३ र ४ लाई कक्षा कार्यका रूपमा लेख्न निर्देशन दिई सहपाठी मूल्याङ्कन कार्य सम्पादन गर्नुहोस् । यस क्रममा अलमलमा परेका विद्यार्थीलाई आवश्यक सहजीकरण गर्नुहोस् ।
- अन्तमा विद्यार्थीले प्रदर्शन गरेका राम्रा कामहरूको प्रशंसा गर्दै सुधार गर्ने पक्ष समेत औंल्याई कक्षा कार्य सम्पन्न गर्नुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

- अपूर्ण पक्षका वाक्यहरू सोधेर ती कुन कुन कालका अपूर्ण पक्ष हुन्, छुट्याउन लगाउनुहोस् ।

**५ गृहकार्य**

- व्याकरण खण्डको प्रश्न न. ५, ६ र ७ का प्रश्नको उत्तर लेखेर ल्याउने निर्देशन दिनुहोस् ।

| दिन : नवौं र दसौ | समय : ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : प्रत्यागमन (कथा)**

**पाठ्यवस्तु : स्वतन्त्र रचना (तार्किक शिल्प)**

**अपेक्षित सिप विकास : लेखाइ**

### १. विशिष्ट उद्देश्य

(क) पाठका प्रमुख पात्र/घटना/सन्दर्भसँग सम्बन्धित भएर तर्कपूर्ण उत्तर दिन

### २. शैक्षणिक सामग्री

प्रश्नहरूको सूची र फलाटिन पाटी

### ३. सिकाइ सहजीकरण प्रक्रिया

**क्रियाकलाप १**

- अघिल्लो दिनको गृहकार्यलाई कक्षा प्रस्तुति गर्न लगाउनुहोस् र आजको कक्षामा गरिने मुख्य क्रियाकलापबारे जानकारी गराउनुहोस् ।

**क्रियाकलाप २**

- कक्षाको बसाइ व्यवस्थापन सम्पूर्ण रूपमा समावेशी भएको सुनिश्चित गर्नुहोस् र शैक्षणिक सामग्रीको रूपमा लगिएको प्रश्नहरूको सूची प्रदर्शन गर्नुहोस् ।

  उदाहरण :

  (१) रामु छुट्टिएर बस्न आवश्यक थियो वा थिएन भन्ने विषयमा तर्क दिनुहोस् ।

  (२) यदि तपाईं रामुका ठाउँमा भएको भए के गर्नुहुन्थ्यो ?

- माथिका प्रश्नहरूमा आधारित भएर छलफल गर्न १० मिनेटको समय दिनुहोस् ।

**क्रियाकलाप ३**

- यदि तपाईं रामुका ठाउँमा भएको भए के गर्नुहुन्थ्यो ? भन्ने विषयमा आधारित भई तार्किक उत्तर लेख्न १५ मिनेटको समय दिनुहोस् ।
- निर्धारित समय सकिएपछि कक्षा प्रस्तुतीकरण गर्न लगाउनुहोस् । बाँकी विद्यार्थीलाई ध्यानपूर्वक सुनी सुधारका लागि टिप्पणी गर्न लगाउनुहोस् ।
- सकेसम्म विद्यार्थीहरूबाटै सुधारको लागि निष्कर्षमा पुऱ्याउनुहोस् ।

### ४. प्रतिबिम्बन/मूल्याङ्कन

- रामु छुट्टिएर बस्न आवश्यक थियो वा थिएन भन्ने विषयमा कक्षाकार्य गराई प्रतिबिम्बन/मूल्याङ्कन कार्य सम्पन्न गर्नुहोस् ।

### ५. परियोजना कार्य

- आफ्नो गाउँ वा टोलमा भएको कुनै घटना कसरी घट्यो र त्यसले के कस्तो असर पारेको छ भन्नेबारेमा ३०० शब्दमा नघटाई लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

### ६. शिक्षकका लागि थप सामग्री

- तार्किक उत्तर दिने नमुना र उत्तर लेख्ने तरिकाकाबारेमा यसै निर्देशिकाका सान्दर्भिक पाठमा दिइएको छ, खोज गरी त्यसलाई पनि सिकाइ सहजीकरणको आधार बनाउन सक्नु हुने छ ।

| दिन : एघारौँ | समय : ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : प्रत्यागमन (कथा)**

**पाठ्यवस्तु : मनोरञ्जनमा आधारित रचना**

**अपेक्षित सिप विकास : लेखाइ**

**१. विशिष्ट उद्देश्य**

(क) मनोरञ्जनमा आधारित विषयमा अनुच्छेद रचना गर्न

**२. शैक्षणिक सामग्री**

नमुना अनुच्छेद र फलाटिन पाटी

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १**

- अघिल्लो दिनको गृहकार्यलाई कक्षा प्रस्तुति गर्न लगाउनुहोस् र आजको कक्षामा गरिने मुख्य क्रियाकलापबारे जानकारी गराउनुहोस् ।

**क्रियाकलाप २**

- कक्षाको बसाइलाई व्यवस्थित बनाउनुहोस् ।
- विद्यार्थीहरू बिदामा के गर्छ रुचाउँछन् भन्नेबारेमा प्रश्न गर्ने र उनीहरूका उत्तरलाई नदोहोरिने गरी शैक्षणिक पाटीमा टिपोट गर्दै जाने ।
- विद्यार्थीहरूका रुचिका विषयलाई संश्लेषण गरी निश्चित र सीमित गर्ने, जस्तै : पौडी खेल्ने, गीत गाउने, घुम्न जाने, सिनेमा हेर्न जाने, किताब पढ्ने आदि ।

**क्रियाकलाप ३**

- क्रियाकलाप ३ मा निर्धारण भए अनुसारका विषयलाई उपयुक्त हुने गरी विद्यार्थीको समूह विभाजन गर्नुहोस् र गोलाप्रथाबाट विषय छुट्याई दिनुहोस् ।
- समूहले आफ्नो भागमा परेको विषयमा आधारित भई सम्बन्धित विषय किन मन पर्छ र त्यसबाट के कस्तो मनोरञ्जन लिन सकिन्छ भन्ने विषयमा आधारित भई विचार वा घटना लेख्नका लागि १५ मिनेटको समय दिनुहोस् ।
- निर्धारित समय सकिएपछि कक्षा प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।
- आवश्यक पृष्ठपोषण गर्नुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

- आज छलफल भएका विषयमा केही प्रश्नहरू सोधर प्रतिबिम्बन/मूल्याङ्कन गर्नुहोस् ।

**५. परियोजना कार्य**

- आफ्नो गाउँ वा टोलका मानिसहरू के कसरी मनोरञ्जन गर्छन् ? मनोरञ्जनका नाममा तास, जुवा खेल्ने, रक्सी खाने जस्ता घटना हुन्छन्, हुँदैनन् ? यसबारेमा केही अनुच्छेद लेखी प्रदर्शन पाटीमा टाँस्न लगाउनुहोस् ।

थप क्रियाकलाप :

**विद्यार्थीहरूलाई निम्नानुसारका प्रश्नहरूको उत्तर लेख्न लगाई उनीहरूको सिकाइको मूल्याङ्कन गर्न सक्नु हुने छ :**

१. अपूर्ण वर्तमान कालको प्रयोग गरी पाँच वाक्यमा आफूलाई मन पर्ने साथीको वर्णन गर्नुहोस् । (५)

२. 'प्रत्यागमन' कथाको शीर्षक कति उपयुक्त छ ? छोटो उत्तर दिनुहोस् । (५)

४. सप्रसङ्ग व्याख्या गर्नुहोस् : (५)

अहो ! संसार कति मतलबी छ ।

३. तलका बुँदाका आधारमा कथा तयार पार्नुहोस् : (५)

एकादेशमा एक जना ज्योतिषी हुनु ..........एक पटक ज्योतिषी आकाशका ताराहरूको अध्ययन गर्दै हिँड्नु ......... बाटामा कुवा नदेख्नु ......... ज्योतिषी कुवामा खस्नु.........एउटा युवकले देख्नु ......... युवकले ज्योतिषीलाई बाहिर निक्लन मद्दत गर्नु ......... ज्योतिषी खुसी हुनु ......... युवकलाई आफ्नो घरमा बोलाउनु ......... आफू ठुलो ज्योतिषी भएकाले उसको सबै भविष्य बताइदिन्छु भन्नु ........ 'आफ्नै अगाडिको कुवा नदेखेर त्यसमा खस्नेले अर्काको भविष्य बताउने' भन्दै युवक आफ्नो बाटो लाग्नु......... ज्योतिषीका आँखा खुल्नु......... धेरै ठुला ठुला कुरा गर्नेले ससाना कुरामा पनि ध्यान दिनु पर्ने सन्देश ।

**पाठ ८**

**कविता** **वर्षा**

एकाइगत पाठ्यवस्तु विभाजन तालिका

| क्र.स. | पाठ्यवस्तु | पाठ्यभार |
|---|---|---|
| १. | लयबद्ध पठन र शुद्ध उच्चारण | १ |
| २. | शब्दार्थ र वाक्यमा प्रयोग | १ |
| ३. | मौन पठन र सङ्क्षिप्त उत्तर | १ |
| ४. | आशय/ भावार्थ लेखन | १ |
| ५. | लामो उत्तर | १ |
| ६. | सप्रसङ्ग व्याख्या | १ |
| ७. | पर्यावरणीय समस्यामा आधारित अनुच्छेद रचना | १ |
| ८. | व्याकरण (उपसर्ग र प्रत्यय लगाई शब्दनिर्माण) | १ |
| ९ | क्रियापद पहिचान र प्रयोग | १ |
| १०. | सिर्जनात्मक लेखन (कविता) | २ |
| | जम्मा | ११ |

**दिन : पहिलो** **समय ४५ मिनेट**

**पाठ शीर्षक : वर्षा (कविता)**

**पाठ्यवस्तु : लयबद्ध पठन र शुद्ध उच्चारण**

**अपेक्षित सिप विकास : सुनाइ र बोलाइ (उच्चारण शिक्षण)**

**१. विशिष्ट उद्देश्य :**

(क) 'वर्षा' कवितालाई लयबद्ध वाचन गर्न

(ख) पाठमा प्रयुक्त शब्दहरूको शुद्ध रूपमा उच्चारण गर्न

**२. शैक्षणिक सामग्री**

- पद्य कविताको अंश, पाठ्यपुस्तक

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १**

- कुनै सान्दर्भिक पद्य कविताको अंश लयबद्ध वाचन गरी कक्षामा सुनाउनुहोस् । सो कवितामार्फत पद्य कविताका विषयमा लघु प्रवचन दिई पाठको शीर्षक शैक्षणिक पाटीमा लेख्नुहोस् र त्यस घन्टीमा गरिने मुख्य क्रियाकलापकाबारेमा विद्यार्थीहरूलाई जानकारी दिनुहोस् ।

**क्रियाकलाप २**

- सबभन्दा पहिले विद्यार्थीमध्येबाट 'सन्तुष्टि' कविता लयबद्ध वाचन गर्न प्रोत्साहित गर्नुहोस् । त्यसपछि दुई तिन पटक आदर्श वाचन गरी कविता सुनाउनुहोस् ।
- कविताको प्रत्येक पङ्क्ति लय हालेर पढ्नुहोस् र सोही अनुसार विद्यार्थीलाई पनि समूहगत रूपमा लय हालेर पढ्ने अभ्यास गराउनुहोस् ।
- सामूहिक कविता वाचन अभ्यास गराइसकेपछि दुई समूहका (भएमा केटा र केटी) बिचमा, बेन्चगत समूहमा र अन्तिममा व्यक्ति व्यक्तिमा लयबद्ध वाचनको अभ्यास गराउनुहोस् ।

**क्रियाकलाप ३**

- विद्यार्थीहरूलाई उच्चारण गर्न अप्ठ्यारो लागेका शब्दहरू पाठबाट खोजी टिपोट गर्न लगाउनुहोस् । ती शब्दहरू विद्यार्थीलाई सोध्दै शैक्षणिक पाटीमा टिप्दै जानुहोस् ।
- टिपोट गरेका शब्दहरूको पालैपालो उच्चारण गर्न प्रोत्साहित गर्नुहोस् । उनीहरूबाट शुद्ध उच्चारण हुन नसकेका शब्दहरूलाई शिक्षकले अक्षर अक्षर छुट्याई शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् ।
- आफूले लगेको शब्द सूची प्रदर्शन गरी शुद्ध उच्चारण सम्बन्धी थप अभ्यास गराउनुहोस् ।
- सुस्त श्रवण भएका विद्यार्थीको हकमा सकेसम्म साङ्केतिक भाषाको प्रयोग गर्नुहोस् । अन्यथा उनीहरूलाई ती शब्दहरूलाई अनु लेखन गर्न निर्देश गर्नुहोस् ।

**क्रियाकलाप ४**

- पाठको सुनाइ अभ्यासका प्रश्न न. १ , २ , ३ र ४ नं. का क्रियाकलापहरू गराउनुहोस् । विद्यार्थी अलमल परेको अवस्थामा आवश्यक सहजीकरण गर्नुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

- निम्नलिखित प्रश्नहरू सबै विद्यार्थी समक्ष राखेर प्रतिबिम्बन/मूल्याङ्कन कार्य सम्पन्न गर्नुहोस् :

  (क) आज पढेको कविताको कुनै चार हरफहरू लयबद्ध वाचन गरेर साथीलाई सुनाउनुहोस् ।

  (ख) आज उच्चारण गर्न सिकेका नयाँ शब्दहरूको सूची बनाई उच्चारण गरेर सुनाउनुहोस् ।

**५. परियोजना कार्य**

- रेडियो, एफ.एम. वा टिभीबाट सुनेको तपाईंलाई मनपर्ने कुनै कविता वा गीत राम्रा अक्षर पारी छुट्टै पानामा लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

| दिन : दोस्रो | समय ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : वर्षा (कविता)**

**पाठ्यवस्तु : शब्दार्थ र वाक्यमा प्रयोग**

**अपेक्षित सिप विकास : बोलाइ र लेखाइ**

**१. विशिष्ट उद्देश्य**

(क) पाठमा प्रयुक्त कठिन शब्दहरूको अर्थ बताउन

(ख) पाठमा प्रयुक्त कठिन शब्दहरूलाई वाक्यमा प्रयोग गर्न

**२. शैक्षिक सामग्री**

शब्दार्थपत्ती, वाक्यपत्ती र गोजीतालिका

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १**

- गत दिन परियोजना कार्यलाई केही विद्यार्थीहरूलाई प्रस्तुतीकरण गर्न लगाउनुहोस् र बाँकी विद्यार्थीका सामग्रीलाई प्रदर्शन पाटीमा टाँस्न लगाउनुहोस् । यस प्रकार उत्प्रेरणात्मक क्रियाकलाप सञ्चालन गरी आज अध्ययन गरिने विषयवस्तुकाबारेमा जानकारी दिनुहोस् ।

**क्रियाकलाप २**

- विद्यार्थीहरूलाई 'वर्षा' कविता मनमनै पठन गर्न निर्देशित गरी आफूलाई नयाँ लागेका शब्दहरू आफ्ना कापीमा टिप्न निर्देश गर्नुहोस् ।
- विद्यार्थीहरूले टिपोट गरेका नयाँ शब्दहरू शिक्षक आफूले शैक्षणिक पाटीमा लेख्दै जानुहोस् ।
- ती सङ्कलित शब्दका अर्थ विद्यार्थीहरूमध्येबाट नै भन्न प्रोत्साहित गर्नुहोस् ।
- अन्त्यमा आफूले लगेको शब्द पत्तीबाट प्रदर्शन गरी थप स्पष्ट पार्नुहोस् ।

**क्रियाकलाप ३**

- आफूले वाक्यमा प्रयोग गरी लगेको तिन ओटा नमुना वाक्यपत्तीको प्रदर्शन गर्नुहोस् । अर्थयुक्त वाक्य निर्माण गर्ने सम्बन्धी विषयमा छलफल गराउनुहोस् ।
- विद्यार्थीहरूलाई चार चार जनाको समूहमा विभाजन गरी समूह नेता छान्न लगाउनुहोस् । उद्देश्य महलमा दिइएका लक्षित शब्दहरूको आशय खुल्ने गरी वाक्यमा प्रयोग गर्न १५ मिनेटको समय दिई प्रोत्साहित गर्नुहोस् :
- विद्यार्थीले समूह कार्य गर्दा सबै समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।
- समूह कार्य सकिएपछि पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् । मूल्याङ्कनका लागि विद्यार्थीलाई नै प्रोत्साहित गर्नुहोस् । अन्त्यमा उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

**क्रियाकलाप ४**

- पाठका प्रश्न नं. ५, ६ र ७ का क्रियाकलापहरू प्रत्येक विद्यार्थीलाई कक्षामा गर्न लगाउनुहोस् । यसरी विद्यार्थीले अभ्यास गरिरहादा उनीहरूले गरेको कार्यको अवलोकन गर्दै अलमल परेको देखिएमा आवश्यक सहजीकरण गर्नुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

- 'तातो कुर्सी' खेल विधिको प्रयोग गर्दै शब्दार्थ र वाक्य प्रयोग कार्यको मूल्याङ्कन तथा प्रतिबिम्बन/मूल्याङ्कन कार्य सम्पन्न गर्नुहोस् ।

**५. गृहकार्य**

- पाठको अभ्यासअन्तर्गत प्र. नं. १० को अभ्यास घरबाट लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

| दिन : तेस्रो | समय ४५ मिनेट |
| --- | --- |

| दिन : तेस्रो | समय ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : वर्षा (कविता)**

**पाठ्यवस्तु : मौन पठन र सङ्क्षिप्त उत्तर लेखन**

**अपेक्षित सिप विकास : पढाइ र लेखाइ**

**१. विशिष्ट उद्देश्य**

(क) कविता पढेको आधारमा सोधिएका प्रश्नहरूको सङ्क्षिप्त उत्तर दिन

**२. शैक्षिक सामग्री**

प्रश्न सूची र सङ्क्षिप्त उत्तर लेखिएको नमुना

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १**

- मस्तिष्क मन्थन सम्बन्धी कुनै प्रासङ्गिक प्रश्न सोधेर उत्प्रेरणात्मक क्रियाकलाप सम्पन्न गर्नुहोस् ।
- आजका विषयवस्तु शैक्षणिक पाटीमा लेखी विद्यार्थीहरूलाई जानकारी गराउनुहोस् ।

**क्रियाकलाप २**

- पढाइ अभ्यासको प्रश्न नं. २ (पूरै अभ्यासको प्रश्न नं. १० ) का प्रश्नहरूको सूची कक्षामा प्रदर्शन गर्नुहोस् ।
- विद्यार्थीहरूलाई १० मिनेट कविताको मौन पठन गरी माथिका प्रश्नहरूको उत्तर खोजी लेख्ने निर्देशन दिनुहोस् ।

**क्रियाकलाप ३**

- विद्यार्थीहरूलाई दुई दुई जनाको समूहमा विभाजन गर्नुहोस् र समूह नेता तोक्न निर्देश गर्नुहोस् । शैक्षिक सामग्रीको रूपमा लगेको सङ्क्षिप्त उत्तर लेखिएको नमुना प्रस्तुत गर्नुहोस् र उत्तर लेख्ने तरिकाबारे विद्यार्थीका बिचमा छलफल गराउनुहोस् र आवश्यक थप प्रबोधीकरण गर्नुहोस् ।
- गोला प्रथा विधिको प्रयोग गरी प्रति समूह माथिका मध्ये कुनै एक प्रश्न पर्ने गरी ९ मिनेटभित्र सङ्क्षिप्त उत्तर लेख्न निर्देशन दिनुहोस् ।
- विद्यार्थीहरूले उत्तर लेख्दै गर्दा समूह समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।
- समय समाप्त भएपछि प्रश्नका उत्तरहरू समूह नेताबाट पालै पालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् । प्रत्येक प्रस्तुतिपछि विद्यार्थीहरूबाटै सुधार गर्नुपर्ने पक्षमाथि टिप्पणी गर्न प्रोत्साहित गरी अन्त्यमा आफूले उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

- प्रत्येक विद्यार्थीलाई ‘वर्षा’ (कविता) पाठबाट कुनै एक सङ्क्षिप्त उत्तर आउने प्रश्न लेख्न लगाउनुहोस् । उत्तर लेखिसकेपछि साथी साथीका बिचमा उत्तरपुस्तिका साटी मूल्याङ्कन गर्न लगाउनुहोस् ।

**५. परियोजना कार्य**

- आफूले सुनेका कुनै लोक गीत लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

| दिन : चौथो | समय ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : वर्षा (कविता)**

**पाठ्यवस्तु : आशय /भावार्थ लेखन**

**अपेक्षित सिप विकास : लेखाइ**

१. **विशिष्ट उद्देश्य :** यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) 'वर्षा' कविताका निर्दिष्ट पङ्क्तिहरूको आशय खुलाउन

२. **शैक्षणिक सामग्री**

पाठ्यपुस्तक, कवितांशको आशय वा भाव खुलाइएको नमुना

३. **सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १**

- गत दिनको गृहकार्यलाई कक्षा अगाडि आएर केही विद्यार्थीलाई प्रस्तुतीकरण गर्न गगाउनुहोस् । पत्येक प्रस्तुतिपछि राम्रा पक्षहरूको प्रशंसा गर्दै ताली बजाएर अन्य साथीलाई सम्मान गर्न निर्देश गर्नुहोस् । आवश्यक पृष्ठपोषण दिई आजको पाठ्यवस्तुकाबारेमा जानकारी गराउनुहोस् ।

**क्रियाकलाप २**

- शिक्षकले आफूले लगेको एउटा कवितांशको आशय खुलाइएको नमुना सामग्री प्रदर्शन गर्नुहोस् र सो लेखन सम्बन्धमा छलफल गराई लेख्ने तरिकाकाबारेमा प्रशिक्षण दिनुहोस् ।

**क्रियाकलाप ३**

- विद्यार्थीहरूलाइ तिन चार जना (आवश्यकता अनुसार) को समावेशी (लिङ्गीय ,जातीय,भाषिक आदि)समूहमा विभाजन गरी समूह नेता समेत तोक्न लगाउनुहोस् । 'वर्षा' कविताका कम्तीमा दुई दुई श्लोक एउटा समूहलाई पर्ने गरी नमुनाअनुसार १५ मिनेटको समय दिई आशय लेख्न प्रोत्साहित गर्नुहोस् । विद्यार्थीहरूले समूहमा बसी आशय लेख्दै गर्दा समूह समूहमा पुगी अवलोकन गर्नुहोस् । यदि अलमलिएका अवस्था देखिएमा आवश्यक सहयोग पुऱ्याउनुहोस् ।
- लेखन कार्य सकिएपछि समूह नेताबाट पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् । एक समूहको प्रस्तुतिपछि सो समूहलाई ताली बजाई सम्मान गर्ने संस्कारको विकास गराउनुहोस् । स्मरण रहोस् टोली नेता दिनपिच्छे फरक फरक पर्ने गरी नेतृत्व गर्नुपर्ने नियम बनाउनुहोस् ।
- समूहको प्रत्येक प्रस्तुतिपछि सुधार गर्नुपर्ने पक्षमाथि विद्यार्थीहरूबाटै छलफल गराई शिक्षकले समग्रमा उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

४. **प्रतिबिम्बन/मूल्याङ्कन**

- कुनै पङक्ति दिई आशय भन्न लगाई प्रतिबिम्बन/मूल्याङ्कन कार्य सम्पन्न गर्नुहोस् ।

५. **गृहकार्य**

- लेखाइ अभ्यासअन्तर्गतको प्रश्न न. २ (ख) को अभ्यास घरमा गरेर ल्याउन निर्देशन दिनुहोस् ।

**शिक्षकका लागि थप सहयोगी सामग्री**

१. लक्ष्मीप्रसाद देवकोटाको वर्षा कविताको भावार्थ :

महाकवि लक्ष्मीप्रसाद देवकोटाबाट रचित यस कवितामा वर्षालाई एउटी युवतीका रूपमा परिकल्पना गरी यस ऋतुको विशेषता, महत्त्व र मानवीय सम्बन्धलाई सुन्दर ढङ्गले प्रस्तुत गरेको पाइन्छ । यस कविताका श्लोकहरूको सङ्क्षिप्त भावार्थलाई तल प्रस्तुत गरिन्छ :

१. वायुपङ्खी विमान हरररर चढेर आउँदै गर्दा विमानको पाङ्ग्रा पहाडमा घस्रेको जस्तो ठुलो आवाज निकाल्दै वर्षा आउछिन् । यसको गर्जनले गर्दा आकाश नै थर्कमान हुन्छ । त्यसमाथि बिजुली चम्केको झिलिकमिलिकले मान्छेका अनुहार डरले निलाकाला हुन्छन् । यस्तो दृश्यले प्रकृतिका सबैतिर अचम्मको आभास हुन्छ ।

२. वर्षाले आफ्नो ओढ्ने विस्तारै फर्फर पार्दा पनि बादल गर्जन्छ । यस्ता बादलहरू उनका लाखौं मोतीका मालाजस्ता देखिन्छन् । यस्तै आभूषण र बहुमूल्य सम्पत्तिले भरिपूर्ण वर्षा मुसुक्क हाँस्दै आउँदै गर्दा उनको कुनै एउटा मोती चुँडिन पुग्छ । त्यसकै परिणामस्वरूप पहाडबाट मोतीकै दानाजस्तो पानी पर्न थाल्छ ।

३. वर्षाको समयमा केही होला कि भन्ने आशङ्काले चराहरू बचेरा तर्सेलान् भन्ने सम्झेर गुँडतिर लाग्छन् । कमिलाहरू पनि हतार हतार गर्दै दुलातिर भाग्छन् । चराहरू पनि आआफ्नो आश्रयतिर लाग्छन् ।

४. वर्षा आएपछि सबै धुलो बढाएर खोलाहरू शानसँग सलल बग्न थाल्दछन् । अमृतको लहर पाएको अनुभूत गर्दै सबै प्राणीहरू खुसी हुन्छन् । त्यहाँ समुद्रकी छोरी साम्य र करुणामय भावले आएजस्तो भान हुन्छ । पृथ्वी मुख पनि पानीको कारणले आनन्दमय हुन पुग्छ ।

५. वर्षा भएपछि बिजुलीजस्ता चञ्चल आँखा भएका युवतीहरू उज्यालो अनुहारमा गीत गाउँदै धान रोप्न थाल्दछन् । जतातत्तै अन्य बालीनाली सप्रँदै जान्छन् । घाँसपात उम्रिएर पृथ्वी नै हरियालीमय हुन्छ । यस समयमा सबैतिर कुनै समुद्ररूपी युवक आएर शक्तिशाली सङ्गीतको प्रेमपूर्ण खेल खेलेको समेत अनुभूति हुन्छ ।

६. वर्षाले गर्दा रूख बिरुवामा मिठा मिठा अमृतमय रस भएका फलफुलहरू फल्न थाल्दछन् । फलेका अनेकन् फलफुलका हाँगाहरू लच्कँदै शरद ऋतुमा दान दिनका लागि लच्कँदै गरिएको आभास हुन्छ । यो सबै वर्षाको इच्छा र आदेश हो ।

७. वर्षा आएकीले अमृतका धारा पिउनका लागि वनवनका रूख र बिरुवाहरू उठ्न थल्छन् । वर्षाका कणरूपी असीमित कनिका पृथ्वीले प्युँन थालिन् । अब सबै रूख बिरुवाहरूले पानी पाएर उफ्रिने र नाच्ने बेला अएको छ ।

८. यो वर्षा रस मिलनको बेला हो । यो सबैको प्राप्ति नै प्राप्तिको चाड पनि हो । यो आशाले गाना गाउने बेला हो भने जनजनमा कल्पनामा बहार ल्याउने समय हो । असारे फुलको झन्डा लहराउँदै मजुरको पुछारका विभिन्न रङहरूजस्तै मनहरू रङ्ग्याउँदै वर्षाको सुखजलधिमा पौडेर रमाउँदै बाँच्नु नै जीवनको सार्थकता हो ।

| **दिन : पाँचौँ** | **समय : ४५ मिनेट** |
|---|---|

**पाठ शीर्षक : वर्षा (कविता)**

**पाठ्यवस्तु : लामो उत्तर लेखन**

**अपेक्षित सिप विकास : लेखाइ**

**१. विशिष्ट उद्देश्य**

(क) कविता पढेको आधारमा सोधिएका लामो प्रश्नको उत्तर दिन ।

**२. शैक्षिक सामग्री**

- प्रश्न सूची र उत्तर लेखिएको नमुना

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १**

- इच्छुक विद्यार्थीलाई अभिनय गर्न वा गीत सुनाउन लगाई उत्प्रेरणात्मक क्रियाकलाप सम्पन्न गर्नुहोस् ।
- आजका विषयवस्तु शैक्षणिक पाटीमा लेखी विद्यार्थीहरूलाई जानकारी गराउनुहोस् ।

**क्रियाकलाप २**

- तलका प्रश्न शैक्षणिक पाटीमा लेख्नुहोस् :

  कविले 'वर्षा' कवितामा प्रकृतिको वर्णन कुन रूपमा गरेका छन् ?

- पाठबाट माथिको प्रश्नको उत्तरका लागि आवश्यक बुँदा टिपोट गर्नका लागि १० मिनेटको समय दिनुहोस् ।

**क्रियाकलाप ३**

- विद्यार्थीहरूलाई उचित समूहमा विभाजन गर्नुहोस् र समूह नेता तोक्न निर्देश गर्नुहोस् । पूर्व अभ्यासका अधारमा लामो उत्तर लेख्ने तरिका के कस्तो हुन्छ भन्नेबारेमा विद्यार्थीका बिचमा छलफल गराउनुहोस् र आवश्यक थप प्रबोधीकरण गर्नुहोस् ।
- माथिको प्रश्नको उत्तर लेख्न निर्देशन दिनुहोस् ।
- आवश्यक सहजीकरण गर्नुहोस् ।
- समय समाप्त भएपछि प्रश्नका उत्तरहरू समूह नेताबाट पालै पालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।
- प्रत्येक प्रस्तुतिपछि विद्यार्थीहरूबाटै सुधार गर्नुपर्ने पक्षमाथि टिप्पणी गर्न प्रोत्साहित गरी अन्त्यमा आफूले उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

'वर्षा' कविताको मूल भाव के हो ? भन्ने प्रश्नको लामो उत्तर लेख्नका लागि आवश्यक बुँदाहरू टिपोट गर्न लगाउनुहोस् । कुनै एक जनाले टिपेका बुँदाहरू शैक्षिणक पाटीमा लेख्न लगाई त्यसबारेमा कक्षामा छलफल गराउनुहोस् ।

**५. गृहकार्य**

- 'वर्षा' कविताको मूल भाव लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

| दिन : छैटौं | समय : ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : वर्षा (कविता)**

**पाठ्यवस्तु : सप्रसङ्ग व्याख्या**

**अपेक्षित सिप विकास : लेखाइ**

**१. विशिष्ट उद्देश्य**

(क) कविताका विशिष्ट पङ्क्तिहरूको सप्रसङ्ग व्याख्या गर्न

२. शैक्षिक सामग्री

- पाठ्यपुस्तक, कवितांशको सप्रसङ्ग व्याख्या गरिएको नमुना

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १**

- कुनै मुक्तक, गीत, लघु कवितामध्ये कुनै एक सुनाइ उत्प्रेरणात्मक क्रियाकलाप सम्पन्न गर्नुहोस् ।
- आज गरिने मुख्य क्रियाकलापबारे शैक्षणिक पाटीमा लेखी विद्यार्थीहरूलाई जानकारी गराउनुहोस् ।

**क्रियाकलाप २**

- कविताका कुनै दुई हरफको सप्रसङ्ग व्याख्या गरेको नमुना शैक्षिक सामग्री प्रदर्शन गर्नुहोस् ।
- सप्रसङ्ग व्याख्या गर्ने तरिकाकाबारेमा विद्यार्थीहरूका बिचमा छलफल गराउनुहोस् । अन्त्यमा आफूले निष्कर्ष दिई सप्रसङ्ग व्याख्या गर्नेबारेमा थप स्पष्ट पार्नुहोस् ।
- विद्यार्थीहरूलाई उपयुक्त समूहमा विभाजन गरी समूह नेता छनोट गर्न निर्देश दिनुहोस् ।
- पाठको अभ्यासको प्रश्न नं. १५ दुई विशिष्ट पङ्क्तिहरूमध्ये एउटा समूहमा एकको मात्र पर्ने गरी कार्य विभाजन गर्नुहोस् र १५ मिनेटको समय तोकी अभ्यास गर्न लगाउनुहोस् ।
- समूह कार्यको अवलोकन गर्दै विद्यार्थी अलमल परेको समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।

**क्रियाकलाप ३**

- निर्दिष्ट समय समाप्त भएपछि समूह नेताबाट पालैपालो लिखित सामग्रीको प्रस्तुतीकरण गर्न लगाउनुहोस् र बाँकी समूहलाई उनीहरूले प्रस्तुत गरेका सामग्रीको मूल्याङ्कन गरी पृष्ठपोषणका दिन प्रोत्साहित गर्नुहोस् ।
- अन्त्यमा विद्यार्थीहरूले आजको कक्षामा गरेका सबल पक्षहरूको प्रशंसा गर्दै सुधार गर्नुपर्ने पक्षहरू औंल्याई समग्रमा उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

- प्रत्येक विद्यार्थीलाई 'वर्षा' (कविता) पाठबाट कुनै दुई पङ्क्तिको सप्रसङ्ग व्याख्या गर्ने प्रश्न लेख्न लगाउनुहोस् । सो प्रश्न आफ्नो नजिकको साथीलाई दिने र सो साथीको प्रश्न आफूले समाधान गरी आआपसमा पृष्ठपोषण लिनेदिने कार्य गर्न निर्देशन दिई प्रतिबिम्बन/मूल्याङ्कन कार्य सम्पन्न गर्नुहोस् ।

**५. गृहकार्य**

- निम्न लिखित पङ्क्तिहरूको सप्रसङ्ग व्याख्या गरेर ल्याउन निर्देश गर्नुहोस् :

  लौ लौ गाओ दल दल वनै वृक्ष हो उठ सारा

  बर्से घैँटा घट घट गरी स्वर्ग पीयूष धारा ।

**शिक्षकका लागि थप अध्ययन सामग्री**

- सप्रसङ्ग व्याख्याको नमुना र उत्तर लेख्ने तरिकाकाबारेमा यसै निर्देशिका दिइएको छ । त्यसलाई पनि अनुसरण गरी सो क्रियाकलाप गर्न गराउन सक्नु हुने छ ।

| **दिन : सातौँ** | **समय : ४५ मिनेट** |
|---|---|

**पाठ शीर्षक : वर्षा (कविता)**

**पाठ्यवस्तु : पर्यावरणीय समस्यामा आधारित अनुच्छेद लेखन**

**अपेक्षित सिप विकास : पढाइ र लेखाइ**

**१. विशिष्ट उद्देश्य**

यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) निर्दिष्ट अनुच्छेदको मौन पठन गरी सोधिएका प्रश्नहरूको उत्तर दिन

(ख) विभिन्न विषयमा आधारित भई एउटा अनुच्छेद लेख्न

**२. शैक्षणिक सामग्री**

- अनुच्छेद लेखनको नमुना

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १**

- गत दिनको गृहकार्यलाई कक्षा अगाडि आएर केही विद्यार्थीलाई प्रस्तुतीकरण गर्न गगाउनुहोस् । राम्रा पक्षहरूको प्रशंसा गर्दै ताली बजाएर अन्य साथीलाई सम्मान गर्न निर्देश गर्नुहोस् । आवश्यक पृष्ठपोषण दिई आजको पाठ्यवस्तुकाबारेमा जानकारी गराउनुहोस् ।

**क्रियाकलाप २**

- आफूले लगेको कुनै एक विषयमा लेखिएको एउटा अनुच्छेदको नमुना प्रदर्शन गर्नुहोस् र अनुच्छेद लेख्ने तरिकाकाबारेमा केही समय छलफल गराई प्रशिक्षण दिनुहोस् ।

**क्रियाकलाप ३**

- विद्यार्थीहरूलाई उपयुक्त समावेशी (भाषिक , लिङ्गीय, जातीय, जान्ने र कम जान्ने आदि विद्यार्थीहरू मिलाएर) समूहमा विभाजन गरी समूह नेता छान्न लगाउनुहोस् ।

- हरेक समूहलाई अलग अलग रूपमा पाठको सिर्जनात्मक अभ्यासमा रहेका बुँदाका आधारमा पर्यावरणीय समस्याकाबारेमा १० मिनेटभित्र कम्तीमा दुई दुई अनुच्छेद लेख्न निर्देश दिनुहोस् ।
- विद्यार्थीहरूले लेख्दै गर्दा शिक्षकले अवलोकनकर्ता र सहजकर्ताको भूमिका निर्वाह गर्दै अलमलिएका समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।
- लेखन कार्य सकिएपछि सबै समूहले लेखेका अनुच्छेदहरूलाई शैक्षणिक बोर्डमा प्रदर्शन गर्न लगाउनुहोस् ।
- अन्त्यमा सुधार गर्नुपर्ने पक्षमाथि शिक्षकले समग्रमा उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

- निम्न लिखित प्रश्न सोधी प्रतिबिम्बन/मूल्याङ्कन कार्य सम्पन्न गर्नुहोस् :

  (क) पर्यावरण भनेको के हो ?

  (ख) हाल विश्वमा के कस्ता पर्यावरणीय समस्या देखापरेका छन् ?

  (ग) तपाईको टोल छिमेकमा भएका मुख्य पर्यावरणीय समस्याहरू के के छन् ?

**५. गृहकार्य**

- 'वायु प्रदूषण' विषयमा एक अनुच्छेद लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

| दिन : आठौं | समय : ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : वर्षा (कविता)**

**पाठ्यवस्तु : व्याकरण (उपसर्ग र प्रत्यय प्रक्रियाबाट शब्द निर्माण)**

**अपेक्षित सिप विकास : शब्द निर्माण प्रक्रिया पहिचान र अभ्यास**

**१. विशिष्ट उद्देश्य : यस** पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) उपसर्ग लगाएर शब्द निर्माण गर्न

(ख) प्रत्यय लगाएर शब्द निर्माण गर्न

**२. शैक्षणिक सामग्री**

- उपसर्ग र प्रत्यय प्रक्रियाबाट शब्द निर्माण गरिएका शब्दहरूको सूची, गोजीतालिका र फलाटिन पाटी

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १**

- विद्यार्थीहरूलाई सम्भव भएमा एक केटा एक केटी पर्ने गरी दुई दुई जनाको समूहमा विभाजन गर्नुहोस् र समूह नेता सामान्यत: केटीलाई नै छान्न निर्देशन दिनुहोस् । शैक्षणिक सामग्रीको रूपमा लगेको निम्न लिखित प्रश्न दिई सात मिनेटभित्र क्रियाकलाप सम्पन्न गर्न निर्देन दिनुहोस् :

  प्रश्न : तल उदाहरणमा दिएजस्तै गरी अरू दुई दुई शब्द निर्माण गर्नुहोस् :

  (क) उप + हार = उपहार　　(ख) वि + मान = विमान

  (ग) सम् + विधान = संविधान　　(घ) रस + इलो = रसिलो

  (ङ) सिप + आलु = सिपालु　　(च) सुन् + आइ = सुनाइ

- विद्यार्थीहरूले क्रियाकलाप सम्पन्न गरेपछि थोरै विद्यार्थी भएको हकमा सबै समूहलाई र धेरै समूह भएमा ठाउँ ठाउँबाट प्रस्तुतीकरण गर्न लगाउनुहोस् । स्मरण रहोस् , धेरै विद्यार्थी भएका समूहमा एक पटक प्रस्तुतीकरण गरेको समूहलाई नै अर्को पटकको प्रस्तुतीकरणको मौका नदिई फरक समूहलाई अर्थात् प्रस्तुतीकरणको अवसर नपाएका समूहलाई मौका दिनुहोस् ।

**क्रियाकलाप २**

- व्याकरण खण्डको प्रश्न न. १ को क्रियाकलाप गर्न विद्यार्थीहरूलाई चार चार जनाको समावेशी समूहमा विभाजन गरी सात मिनेटभित्र सो कार्य सम्पन्न गर्न निर्देशन दिनुहोस् ।

- विद्यार्थीहरूले क्रियाकलाप सम्पन्न गरेपछि क्रियाकलाप १ कै नीति अपनाई प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ३**

- सबै विद्यार्थीहरूलाई विभिन्न किसिमका उपसर्ग तथा प्रत्यय लगाई चार ओटा शब्द निर्माण गर्न लगाउनुहोस् । उनीहरूबाट निर्मित शब्दहरू प्रस्तुतीकरण गर्न लगाई अरू विद्यार्थीहरूलाई मूल्याङ्कन र पृष्ठपोषण दिन प्रोत्साहित गर्नुहोस् ।

- अन्त्यमा शिक्षकले विद्यार्थीलाई सुधार गर्नुपर्ने पक्ष औंल्याई समग्रमा उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

- तलको वाक्यमा प्रयोग भएका उपसर्ग लागेका र प्रत्यय लागेका दुई दुई शब्द खोजी निर्माण प्रक्रिया देखाउनुहोस् :

  पाल्पाली ढाका टोपी धेरै नेपालीले मन पराउँछन् अनि उपहार र दान प्रदान गर्नका लागि पनि यसको उत्तिकै उपयोग गरिएको पाइन्छ ।

**५. गृहकार्य**

- फरक फरक उपसर्ग र प्रत्यय लागेका दस दस शब्द खोजी ल्याउनुहोस् ।

| दिन : नवौँ | समय : ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : वर्षा (कविता)**

**पाठ्यवस्तु : व्याकरण (क्रियापदको पहिचान र प्रयोग)**

**अपेक्षित सिप विकास : क्रियापदको पहिचान र प्रयोग**

**१. विशिष्ट उद्देश्य**

(क) क्रियापदको पहिचान र प्रयोग गर्न

**२. शैक्षिक सामग्री**

- क्रियापदको प्रयोग भएका अनुच्छेद र वाक्यहरू, गोजीतालिका र फलाटिन पाटी

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १**

- आवश्यक उत्प्रेरणा गरी आजको विषयकाबारेमा स्पष्ट पार्नुहोस् ।

- आफूले लगेको अनुच्छेद प्रस्तुत गरी क्रियापदकाबारेमा स्पष्ट पार्नुहोस् ।

**क्रियाकलाप २**

- विद्यार्थीहरूलाई उपयुक्त समूहमा विभाजन गर्नुहोस् ।

- पाठको व्याकरण अभ्यासअन्तर्गत ६ नं. को अभ्यास गर्न १५ मिनेटको समय दिनुहोस् ।

- विद्यार्थीहरूले क्रियाकलाप सम्पन्न गरेपछि कुनै एक समूहलाई प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।

- अन्य समूहलाई आवश्यक टिप्पणी गर्न समय दिनुहोस् ।

**क्रियाकलाप ३**

- हरेक समूहलाई पाठ्यपुस्तकका अघिल्ला पाठका वा शिक्षकले तयार पारी लगेका अलग अलग अनुच्छेदबाट क्रियापद टिप्नका लागि समय दिनुहोस् ।
- समय समाप्त भएपछि समूहगत रूपमा प्रस्तुति गर्न लगाउनुहोस् ।
- आवश्यक पृष्ठपोषण गर्नुहोस् ।
- अन्त्यमा शिक्षकले विद्यार्थीलाई सुधार गर्नुपर्ने पक्ष औंल्याई समग्रमा उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

- विद्यार्थीहरूलाई एक एक ओटा क्रियापद भन्न लगाई प्रतिबिम्बन/मूल्याङ्कन गर्नुहोस् ।

**५. परियोजना कार्य**

- आफूले गर्ने दैनिक क्रियाकलापबारेमा एक अनुच्छेद लेख्ने र त्यसमा प्रयोग भएका क्रियापदलाई रेखाङ्कन गरी प्रदर्शन पाटीमा टाँस्नका लागि निर्देशन दिनुहोस् ।

| दिन : दसौँ र एघारौ | समय : ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : वर्षा (कविता)**

**पाठ्यवस्तु : सिर्जनात्मक कार्य (कविता लेखन )**

**अपेक्षित सिप विकास : सिर्जनात्मक सिप**

**१. विशिष्ट उद्देश्य**

(क) आफूलाई मनपर्ने विषयमा कविता रचना गर्न

**२. शैक्षिक सामग्री**

- कविता वा मुक्तकका अंश

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १**

- शिक्षकले विद्यार्थीलाई आफूले लगेको कुनै कविता वा मुक्तकका नमुनाहरू वाचन गरी सुनाउनुहोस् र ती नमुनालाई कक्षाको प्रदर्शन पाटी वा भित्तामा टाँस्नुहोस् ।
- आजको कार्यकाबारेमा जानकारी दिनुहोस् ।

**क्रियाकलाप २**

- विद्यार्थीहरूलाई २० मिनेटको समय दिई विद्यालयको पुस्तकालय, चौर वा नजिक कतै खुला ठाउँमा गएर वा कक्षा कोठामै बसेर आफूलाई मन परेको विषयमा कविता पद्य वा गद्य कविता लेख्न निर्देशन दिनुहोस् ।
- निर्धारति समय समाप्त भएपछि कविता सुनाउन इच्छुक विद्यार्थीहरूलाई नाम टिपाउन लगाउनुहोस् र पालैपालो आफ्नो कविता सुनाउन लगाउनुहोस् ।
- कविता सुनाउने विद्यार्थीहरूलाई आवश्यक प्रोत्साहन गर्नुहोस् र साथीहरूबाट पनि स्याबासी दिन लगाउनुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

- कविता सुनाउन इच्छुक नभएका वा निर्धारित समयमा कविता सुनाउन नभ्याएका केही विद्यार्थीलाई कविता सुनाउन लगाउनुहोस् ।

**५. परियोजना कार्य**

- विद्यार्थीहरूले लेखेका सबै कविता समावेश गरी भित्ते पत्रिका बनाएर निर्धारित ठाउँमा टाँस्न लगाउनुहोस् ।

**थप क्रियाकलाप :**

**विद्यार्थीहरूलाई निम्नानुसारका प्रश्नहरूको उत्तर लेख्न लगाई उनीहरूको सिकाइको मूल्याङ्कन गर्न सक्नु हुने छ :**

१. तलका शब्द र अर्थको जोडा मिलाउनुहोस् : २

| **शब्द** | **अर्थ** |
|---|---|
| आसमान : | संसार |
| धरा : | रमाइलो |
| तृण : | आकाश |
| बहाड : | पृथ्वी |
| | घाँस |

२. तलका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् : ३

साम्य, विटप, चपलवयसी ।

३. तलका वाक्यमा प्रयोग भएकामध्ये उपसर्ग लागेका तिन ओटा र प्रत्यय लागेका तिन ओटा शब्द टिपी निर्माण प्रक्रियासमेत देखाउनुहोस् : ३

संसारमा उत्प्रेरणा जगाउनेहरू अभिमान गर्दैनन् । यहाँ हास्ने र खेल्नेको पनि कमी छैन । त्यसमा पनि रत्यौलीमा रमाइलो नहुने कुरै भएन ।

४. तलकामध्ये कुनै एकको भाव विस्तार गर्नुहोस् : ४

(क) बर्से घैाटा घट घट गरी स्वर्ग पीयूष धारा ।

(ख) झिल्के झिल्का, अचल मुख भो त्रासले नील गाढा ।

५. तलकामध्ये कुनै एकको सप्रसङ्ग व्याख्या गर्नुहोस् : ४

(क) पोल्टो झोली रतन-निधिका स्नेहले मुस्कुराइन् ,
यौटा मोती-लुङ चुाडिन गै शैलमा झर्झराइन् ।

(ख) पृथ्वी फल्लिन् सलिल-कलिली धानले छापिएर
गाई रोप्लान् चपलवयसी, दृक्-बिजूली लिएर ।

६. तलकामध्ये कुनै एक विषयमा एउटा अनुच्छेद लेख्नुहोस् : ४

(क) वन विनासको प्रभाव　　　　(ख) वायु प्रदूषण

पाठ ९

प्रबन्ध

## हाम्रो संस्कृति

एकाइगत पाठ्यवस्तु विभाजन तालिका

| क्र.स. | पाठ्यवस्तु | पाठ्यभार |
|---|---|---|
| १. | सस्वरवाचन र शुद्ध उच्चारण | १ |
| २. | शब्दार्थ र वाक्यमा प्रयोग | १ |
| ३. | पठन बोध र प्रश्नोत्तर | १ |
| ४. | सङ्क्षिप्त उत्तर लेखन | १ |
| ५. | बुँदा टिपोट | १ |
| ६. | व्याख्या | १ |
| ७. | अनुच्छेद लेखन | १ |
| ८. | सिर्जनात्मक लेखन (निबन्ध) | २ |
| ९. | नेपाली वर्ण तथा अक्षर संरचना | १ |
| १०. | व्याकरण (द्वित्व प्रक्रियाबाट शब्द निर्माण) | १ |
| ११. | व्याकरण (समास प्रक्रियाबाट शब्द निर्माण) | १ |
| | जम्मा | १२ |

| दिन : पहिलो | समय ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : हाम्रो संस्कृति (प्रबन्ध)**

**पाठ्यवस्तु : सस्वरवाचन र शुद्धोच्चारण**

**लक्षित सिप विकास : सुनाइ र बोलाइ**

**१. विशिष्ट उद्देश्य**

यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) प्रबन्धका निर्दिष्ट अनुच्छेदहरू सस्वरवाचन गर्न

(ख) पाठमा प्रयुक्त उच्चारणगत समस्या भएका नयाँ शब्दहरूलाई शुद्धसँग उच्चारण गर्न

**२. शैक्षणिक सामग्री**

शब्दपत्तीहरू र गोजीतालिका

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १**

- शिक्षकले कुनै एक मस्तिष्क मन्थनसम्बन्धी प्रश्न विद्यार्थी समक्ष राखेर विद्यार्थीलाई सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।
- आज अध्ययन गरिने प्रबन्धको विषयवस्तुबारे जानकारी गराउनुहोस् ।

**क्रियाकलाप २**

- शिक्षकले प्रबन्धका कुनै एक अनुच्छेद सस्वरवाचन गरी विद्यार्थीलाई सुनाउनुहोस् । त्यसपछि विद्यार्थीलाई निम्न लिखित पक्षमा विशेष ध्यान दिई पालैपालो एक एक अनुच्छेद सस्वरवाचन गर्न निर्देश गर्नुहोस् :

| सस्वरवाचन गर्दा गराउँदा ध्यान दिनुपर्ने मूलभूत पक्ष : |
|---|
| ● वाक्यमा प्रयोग भएका लेख्य चिह्नहरूको निर्देश अनुसार पढ्ने |
| ● वाक्यको भावअनुसार पढ्ने |
| ● कक्षाको साइज अनुसार सबैले सुन्ने गरी पढ्ने |
| ● प्रत्येक शब्दलाई शुद्ध र स्पष्टसँग पढ्ने |
| ● गति, यति, आरोह अवरोह र अनुतान मिलाई पढ्ने |
| ● सबै खालका श्रोताले (सुस्त श्रवण र ढिलो सिकाइ भएका समेतले) बुझ्ने गरी पढ्ने |

- विद्यार्थीले वाचन गर्दै जाँदा माथिका कुराहरूलाई ध्यानमा दिई वाचन गरे नगरेको ध्यान दिनुहोस् र विद्यार्थीले गल्ती गर्ने बित्तिकै आफूले आदर्श वाचन गरी पुन: सोही शब्द वा वाक्य वाचन गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ३**

- विद्यार्थीलाई पाठको अभ्यासमा दिइएका प्रश्न न. १ देखि ३ सम्मका क्रियाकलाप गराउनुहोस् । कुनै गल्ती देखिएमा तत्काल सुधार गरिदिनुहोस् ।

**क्रियाकलाप ४**

- विद्यार्थीहरूबाट उच्चारणगत समस्या भएका शब्दहरूको माग गर्नुहोस् र शैक्षणिक पाटीमा टिप्दै जानुहोस् ।
- ती टिपिएका शब्दहरूको शुद्धोच्चारण गर्न पहिले विद्याथीलाई नै प्रोत्साहित गर्नुहोस् र अन्त्यमा आफूले लगेको लक्षित शब्दहरूको शब्दपत्ती गोजीतालिका मार्फत प्रदर्शन गरी शुद्ध उच्चारण गर्ने अभ्यास बारम्बार गराउनुहोस् ।
- आजको कक्षामा विद्यार्थीबाट प्रदर्शित सकारात्मक पक्षको प्रशंसा गर्दै सुधार गर्नुपर्ने पक्षलाई औंल्याई उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

- निम्न लिखित शब्दको पत्तीको उपयोग गरी चिठ्ठा खेल विधिको प्रयोग गरी शुद्ध उच्चारण सम्बन्धी प्रतिबिम्बन/मूल्याङ्कन कार्य सम्पन्न गर्नुहोस् :

  अभिन्न, ग्रहण, यथावत्, उद्गमस्थल, सहिष्णुता, उत्पीडन, प्रश्रय, प्रथा ।

**५. परियोजना कार्य**

- पाठको अध्ययन गरी आफूलाई नयाँ लागेका शब्दहरूको सूची निर्माण गरी ल्याउन निर्देशन दिनुहोस् ।

**शिक्षकका लागि थप अध्ययन सामग्री**

**मस्तिष्क मन्थन विधि**

कुनै प्रश्न राख्ने बित्तिकै उक्त प्रश्नको उत्तर तत्काल दिन नसक्ने एकछिन सोचेर वा मस्तिष्क मन्थन गरेर मात्र उत्तर दिन सकिने प्रश्नहरूलाई मस्तिष्क मन्थनसम्बन्धी प्रश्न भनिन्छ । यस्तो प्रश्न विशेष गरी विद्यार्थीहरूलाई अन्य विषयबाट नयाँ विषयतिर मोडी उत्प्रेरणा जगाउनका लागि उपयोग गरिन्छ । यस्ता प्रश्नहरू विशेष गरी निम्न लिखत प्रकृतिका हुन सक्छन् :

गाउँखाने कथा सोध्ने प्रश्न, समस्या पूर्ति कविता, शब्द जाल, रेखाहरू खिच्ने वा मिलाउने प्रश्न, प्रश्न गम्भीर लाग्ने तर उत्तर सजिलो हुने ठट्यौला प्रकृतिका प्रश्न, शब्दमा अल्मलिने प्रश्न, हिसाब मिलाउने प्रश्न, बौद्धिक परीक्षणसम्बन्धी प्रश्न, कोठेपद मिलाउने प्रश्न, दुई अर्थ भएका प्रश्न, दुई थरिका दृश्य ( देखिने खालका प्रश्न आदि ।

**उच्चारण शिक्षणको मूल्याङ्कनमा चिट्ठा खेल विधि गराउने तरिका**

शिक्षकले आफूले तयार पारेर ल्याएको उच्चारणगत समस्या भएको शब्दपत्तीलाई अघिल्लो बेन्चमा घोप्ट्याएर राख्नुहोस् र कुनै एक विद्यार्थीलाई अगाडि बोलाउनुहोस् । त्यसपछि उसलाई कुनै एक शब्दपत्ती उठाई शुद्धसँग उच्चारण गर्न लगाउनुहोस् र साथीहरूलाई शब्दपत्ती देखाई पुनः उच्चारण गर्न लगाउनुहोस् । यो क्रम अरूलाई पनि गर्नुहोस् ।

| दिन : दोस्रो | समय ४५ मिनेट |
| --- | --- |

**पाठ शीर्षक : हाम्रो संस्कृति (प्रबन्ध)**

**पाठ्यवस्तु : शब्दार्थ र वाक्यमा प्रयोग**

**लक्षित सिप विकास : पढाइ र लेखाइ**

**१. विशिष्ट उद्देश्य**

यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) पाठमा प्रयुक्त नयाँ शब्दहरूको अर्थ बताउन

(ख) नयाा शब्दहरूको प्रयोग गरी अर्थयुक्त वाक्य निर्माण गर्न

**२. शैक्षणिक सामग्री**

शब्दार्थ सूची, वाक्यसूची र गोजीतालिका

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १**

- प्रारम्भमा नै दुई मिनेटको समय दिई पाठको कुनै एक अनुच्छेद दिई व्यक्तिगत रूपमा द्रुत लेखन गर्न लगाउनुहोस् । जसले धेरै शब्द चाडो लेख्यो उसलाई ताली बजाई सम्मान गरी उत्प्रेरणा जगाउनुहोस् ।

**क्रियाकलाप २**

- गत दिनको गृहकार्यमा सङ्कलित शब्दहरू समेत अन्य अर्थबोध गर्न कठिन लागेका नयाँ शब्दहरू खोजी गरी विद्यार्थीहरूलाई कापीमा टिपोट गर्न लगाउनुहोस् र ती नयाँ शब्दहरू विद्यार्थीबाट माग गरी शैक्षणिक पाटीमा टिप्दै जानुहोस् ।
- पाटीमा टिपिएका शब्दहरूको अर्थ भन्न सर्वप्रथम विद्यार्थीहरूलाई नै प्रोत्साहित गर्नुहोस् । विद्यार्थीबाट अर्थ आउन नसकेका शब्दहरूका सम्बन्धमा आफूले लगेको सामग्री प्रदर्शन गरी अर्थबोध गराई अन्त्यमा आआफ्नो कापीमा टिपोट गर्न लगाउनुहोस् ।
- शब्दको प्रकृतिअनुसार शब्दार्थ शिक्षण विधिको प्रयोग गरी शब्दको अर्थबोध गराउनुहोस् ।

**क्रियाकलाप ३**

- शिक्षकले आफूले लगेको वाक्यमा प्रयोग गरेको नमुना वाक्यसूची एकएक गरी प्रदर्शन गर्दै जानुहोस् र त्यस्तै प्रकृतिका वाक्यहरू निर्माण गर्न हिँड्दै अन्तरक्रिया गर्दै विधिको प्रयोग गरी नयाँ वाक्य निर्माण गर्न प्रोत्साहित गर्नुहोस् ।
- विद्यार्थीहरूबाट निर्मित वाक्यहरू कक्षामा प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।
- मिल्यो/मिलेन बाँकी विद्यार्थीहरूलाई मूल्याङ्कन गर्न प्रोत्साहित गर्नुहोस् र अन्तिममा मात्र शिक्षकले आवश्यक सुधारात्मक सुझाव दिनुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

- तल दिइएका प्रश्नको उत्तर लेख्न र भन्न लगाई प्रतिबिम्बन/मूल्याङ्कन कार्य सम्पन्न गर्नुहोस् :

  (क) शब्द र अर्थ मिल्ने गरी जोडा मिलाउनुहोस् ।

| **शब्द** | **अर्थ** |
|---|---|
| कडी | खराब कुरा |
| पहिचान | सोकेला नाचको ताल |
| यथावत् | छुट्याउने काम |
| विगत | सहनशीलता, सहने गुण |
| सहिष्णुता | आड, भरोसा |
| सिली | चिनारी |
| विकृति | जुक्ति, उपाय |
| प्रश्रय | बितेको समय |
| विभेद | जस्ताको तस्तै, उस्तै |

- तल दिइएका शब्दलाई वाक्यमा प्रयोग गरी सुनाउनुहोस् :

  पारख, पहिचान, यथावत्, वाङ्मय, अनुसरण

**५. गृहकार्य**

- पाठमा प्रयुक्त तल दिइएका शब्दलाई वाक्यमा प्रयोग गरेर ल्याउन निर्देशन दिनुहोस् :

  जमात, कडी, जुक्ति, उन्मुख, हाउगुजी, लविगत, रहनसहन, सहरीकरण, संस्कार, समयानुकूल

| **दिन : तेस्रो** | **समय ४५ मिनेट** |
|---|---|

**पाठ शीर्षक : हाम्रो संस्कृति (प्रबन्ध)**

**पाठ्यवस्तु : पठन बोध र प्रश्नोत्तर**

**लक्षित सिप विकास : पढाइ र लेखाइ**

**१. विशिष्ट उद्देश्य : यस** पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) पाठका अनुच्छेदको मौन पठन गरी सोधिएका प्रश्नहरूको उत्तर दिन

**२. शैक्षणिक सामग्री**

- बोध प्रश्न सूची र फलाटिन पाटी

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १**

- विद्यार्थीलाई पाठको कुनै सानो अनुच्छेद दिई द्रुत लेखन प्रतियोगात्मक क्रियकलाप गराउनुहोस् । ठिकसँग छिटो लेख्ने तिन जनालाई कक्षा अगाडि ल्याएर ताली बजाई सम्मान गर्नुहोस् र आज गरिने क्रियाकलापको जानकारी दिनुहोस् ।

**क्रियाकलाप २**

- शिक्षकले तयार पारेर ल्याएको निम्न लिखित एउटा अनुच्छेद र त्यसको प्रश्नोत्तरको नमुना प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई बोध प्रश्नको उत्तर दिने तरिकाबारे छलफल गर्न लगाई निष्कर्ष निकाल्न सहयोग पुऱ्याउनुहोस् :

**अनुच्छेद :**

संस्कृति भूगोल, जातिअनुसार फरक हुन्छ । तराई मधेसमा गर्मी हुने भएकाले त्यहाँका मानिसको

पहिरन बढी खुला प्रकृतिको हुन्छ । हिमाली भेकमा अत्यधिक जाडो हुने भएकाले त्यहाँको पहिरन बढी नै बन्द प्रकृतिको हुन्छ । त्यस्तै पहाडको हावापानी धेरै गर्मी र धेरै जाडो नहुने भएकाले त्यहाँको पहिरन सोही प्रकृतिको हुन्छ । त्यस्तै खानपिन, मेला उत्सव, जीवन संस्कार, चाडपर्व, बोलीचाली आदि पनि हावापानीअनुसार फरक हुन्छन् । संस्कृति, जात फरक फरक हुन्छन् भन्ने उदाहरण हामीसँग जति पनि छन् । एउटै टोलमा बस्ने सेर्पाहरू ल्होसारमा, राईहरू साकेलामा, नेवारहरू लाखे जात्रामा, लिम्बुहरू धान नाचमा रमाउँछन् । महिला र पुरुषका पहिरन, गरगहना, बोली वचनमा पाइने भिन्नताका आधारमा पनि संस्कृति फरक हुने गरेको देखिन्छ ।

**प्रश्नहरू**

(क) कुन कुन कुराले जातिअनुसार फरक पार्दछ ?

(ख) हावापानीले मानिसका के कस्ता कुरामा प्रभाव पार्दछ ?

(ग) एउटै टोलमा बस्ने मानिसहरू किन फरक फरक तरिकाले रमाउँछन् ?

(घ) यस अनुच्छेदका लागि उपयुक्त शीर्षक के हुन सक्छ ?

(ङ) 'पहिरन' र 'बन्द' शब्दको अर्थ लेख्नुहोस् ।

**उत्तर**

(क) संस्कृति र भूगोलले जातिअनुसार फरक पार्दछ ।

(ख) हावापानीले मानिसका खानपिन, उत्सव, संस्कार, चाडपर्व र बोलीचालीमा प्रभाव पार्दछ ।

(ग) नेपालमा सांस्कृतिक विविधता भएकाले एउटै टोलमा बस्ने मानिसहरू पनि फरक फरक तरिकाले रमाउँछन् ।

(घ) यस अनुच्छेदका लागि उपयुक्त शीर्षक 'भूगोल र सांस्कृतिक विविधता' हुन सक्छ ।

(ङ) 'पहिरन' शब्दको अर्थ लवाइ हो भने 'बन्द' शब्दको अर्थ शरीरलाई खुल्ला नराखिएको टम्म भन्ने हो ।

- विद्यार्थीबाट आएको निष्कर्षलाई समाहित गर्दै बोध प्रश्नको उत्तर दिने तरिकाकाबारेमा थप स्पष्ट पार्नुहोस् ।

**क्रियाकलाप ३**

- विद्यार्थीहरूलाई उपयुक्त समूहमा विभाजन गर्नुहोस् र पाठको कुनै एक अनुच्छेद दिई सो सम्बन्धित पाँच ओटा बोध प्रश्न बनाई उत्तर लेख्न निर्देश गर्नुहोस् ।

**क्रियाकलाप ४**

- समूह कार्य हुँदै गर्दा प्रत्येक समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।
- समूह कार्य सकिएपछि पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र एउटा समूहको प्रस्तुति लगत्तै बाँकी समूहलाई टिप्पणी र सुधारका लागि सुझाव दिन प्रोत्साहित गर्नुहोस् ।
- सबै समूहको प्रस्तुति सकिएपछि विद्यार्थी समूहले क्रियाकलापको क्रममा प्रदर्शन गरेका सकारात्मक पक्षको प्रशंसा गर्दै थप सुधारका लागि उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

- बोध प्रश्नको उत्तर दिने तरिकाकाबारेमा प्रश्न सोधी प्रतिबिम्बन/मूल्याङ्कन कार्य सम्पन्न गर्नुहोस् ।

**५. सिर्जनात्मक कार्य**

- पाठको नवौं अनुच्छेद राम्ररी पढी तल सोधिएका प्रश्नहरूको उत्तर लेखेर ल्याउनुहोस् :

  (क) नेपालको राष्ट्रिय संस्कृतिको निर्माण कसरी भएको छ ?

  (ख) विशेष गरी पूर्वी तराईमा कुन कुन जातिका संस्कृतिहरू विद्यमान छन् ?

  (ग) नेपाली संस्कृतिको साझा रूप कसरी तयार भएको छ ?

  (घ) नेपाली संस्कृतिको मूलभूत विशेषता के हो ?

(ङ) 'समष्टि' र 'सहिष्णुता' शब्दको अर्थ लेख्नुहोस् ।

**शिक्षकका लागि थप अध्ययन सामग्री**

**द्रुत लेखन विधि**

कुनै अनुच्छेद दिई विद्यार्थीहरूलाई निश्चित समय तोकी व्यक्तिगत रूपमा छिटोछिटो लेख्न लगाउने ।

**पठन बोध प्रश्नको उत्तर दिने तरिका**

(क) दिइएको अनुच्छेदलाई दुई पटकसम्म गहन पठन गर्नुहोस् ।

(ख) अब प्रश्न हेर्नुहोस् र प्रश्नले सोधेको उत्तर कहाँनिर छ ? पत्ता लगाई त्यति मात्र रेखाङ्कन गर्नुहोस् ।

(ग) रेखाङ्कन गरिएको उत्तर सिधै नसारी आफ्नै मौलिक भाषा र शैलीमा सकेसम्म एउटै वाक्यमा र नसक्ने कुरा भए बढीमा दुई वाक्यमा मात्र उत्तर दिनुहोस् ।

(घ) शब्दको अर्थ सोधिएको भएमा त्यही अनुच्छेदको कुन प्रसङ्गमा शब्दको प्रयोग भएको छ, सोही अर्थ मात्र दिनुहोस् ।

(ङ) यदि उपयुक्त शीर्षक दिन भनिएको भए त्यो अनुच्छेदको मूल मर्मलाई समेटिने बढीमा तिन शब्दको उपयुक्त शीर्षक दिनुहोस् ।

(च) यदि तार्किक वा अनुमानात्मक प्रश्न सोधिएको छ भने आफ्नो तर्क तथा अनुमानको आधारमा आफ्नो स्वतन्त्र उत्तर दिनुहोस् ।

| दिन : चौथो | समय ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : हाम्रो संस्कृति (प्रबन्ध)**

**पाठ्यवस्तु : सङ्क्षिप्त उत्तर लेखन**

**लक्षित सिप विकास : पढाइ र लेखाइ**

**१. विशिष्ट उद्देश्य : यस** पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) पाठबाट सोधिएका प्रश्नहरूको सङ्क्षिप्त उत्तर दिन

**२. शैक्षणिक सामग्री**

नमुना सङ्क्षिप्त उत्तर र फलाटिन पाटी

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १**

- विद्यार्थीहरूलाई अन्ताक्षरी शब्द खेल विधिको उपयोग गरी उत्प्रेरणात्मक क्रियाकलाप सम्पन्न गर्नुहोस् र आजको कक्षामा गरिने मुख्य विषयवस्तु शैक्षणिक पाटीमा लेख्नुहोस र यसबारे विद्यार्थीहरूलाई संक्षिप्त जानकारी दिनुहोस् ।

**क्रियाकलाप २**

- विद्यार्थीहरूलाई पाठका अनुच्छेदहरू पालैपालो सस्वरवाचन गर्न लगाउनुहोस् ।
- विद्यार्थीले पढ्दै गर्दा वाक्यमा भएका लेख्य चिह्नहरूलाई ध्यानमा दिई गति र यति मिलाई पठन गरे नगरेको अवलोकन गरी नमिलेका ठाउँमा आदर्श पठन गरी पुन: पठन अभ्यास गराउनुहोस् ।

**क्रियाकलाप ३**

- विद्यार्थीहरूलाई तिन समूहमा विभाजन गरी एउटा समूहलाई अभ्यासको प्रश्न न. ८ र अर्को समूहलाई प्रश्न न. ९ र अर्को समूहलाई प्रश्न नं १२ को क्रियाकलापको तयारी गर्न केही समय दिनुहोस् ।
- विद्यार्थीले आआफ्नो समूहको क्रियाकलाप प्रदर्शनपश्चात् उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

**क्रियाकलाप ४**

- शिक्षकले आफूले तयार गरी लगेको कुनै एक प्रश्नको सङ्क्षिप्त उत्तर लेखेको नमुना प्रदर्शन गर्नुहोस् र उत्तर लेख्ने तरिकाबारे छलफल गराई निष्कर्ष दिनुहोस् :

**नमुना उत्तर**

**प्रश्न :** हाम्रो संस्कृति निबन्धको मुख्य सन्देश के हो ? सङ्क्षिप्त उत्तर दिनुहोस् ।

**उत्तर :** कुनै पनि राष्ट्र, जाति वा समुदायलाई चिनाउने मुख्य आधार र सामूहिक जीवन शैली नै संस्कृति हो । त्यस्तै भाषा, साहित्य, धर्म, कला, दर्शन, चाडपर्व, परम्परा आदिको समष्टि रूप नै संस्कृति भएको प्रसङ्ग उल्लेख गर्दै संस्कृतिको मर्म र भावनालाई आत्मसात् गरी संस्कृतिको वैज्ञानिक तथा परिस्कृत शैली अपनाउन आग्रह गरिएको छ ।

यसमा धर्म र संस्कृतिको तुलनात्मक प्रस्तुति गर्दै धर्म र संस्कृति एउटै नभई फरक फरक रहेको विचार व्यक्त गरिएको छ । धर्म मूलत: ईश्वर, स्वर्ग, नरक आदि विश्वाससँग सम्बन्धित हुने र संस्कृति मानिसको आचार व्यवहारसँग सम्बन्धित हुन्छ । प्रस्तुत निबन्धमा अन्धविश्वासमा विश्वास नगरी विज्ञानका सापेक्षतामा मानिसका आवश्यकता, खुसी, सुख र मनोरञ्जनका रूपमा संस्कृतिलाई ग्रहण गर्न आग्रह गरिएको छ । हाम्रा पुर्खाले राम्रो भनेर चलाएका चलनहरू र पुर्खाहरूको आविष्कार नै संस्कृति भएकाले आफ्नो पहिचान जोडिने संस्कृति नछोड्न निबन्धले सन्देश दिएको छ । नेपाल बहुजातीय, बहुधार्मिक, बहुभाषी र बहुसांस्कृतिक मुलुक भएकाले नेपालको राष्ट्रिय संस्कृति भनेकै विविधताको संस्कृति हो । यही सांस्कृतिक साझापन अनेकतामा एकता र आपसी सहिष्णुता नै नेपाली संस्कृतिको विशेषता हो । यसरी सबै धर्म, जाति, भाषा आदिको योगले नेपाली संस्कृतिको साझा रूप तयार भएकाले विविधता नै नेपाली संस्कृतिको मूल पहिचान हो ।

हाम्रो संस्कृतिले अभावका बिचमा पनि रमाउन, आफ्नै कमाइमा बाँच्न र श्रमको पूजा गर्न सिकाउँछ । अन्धविश्वास, विभेद, शोषण, उत्पीडन आदि संस्कृति नभएर विकृति भएकाले समाजबाट यस्ता पक्षको अन्त्यको चाहना राख्नु निबन्धको मूल विचार हो । हामीले हाम्रा मौलिक संस्कृतिको संरक्षण गर्नुपर्छ । संस्कृतिको मूल चरित्र परिवर्तनशील भएकाले आवश्यकताअनुसार तिनलाई परिमार्जन र परिष्कार गर्दै लैजानुपर्छ । संस्कृतिका नाममा देखिएका विकृतिलाई हटाउनुपर्छ भन्ने मुख्य सन्देश यस निबन्धले दिएको पाइन्छ ।

- विद्यार्थीहरूलाई अर्को तिन समूहमा विभाजन गरी आफूले पाठ पढेको आधारमा तलका प्रश्नको सङ्क्षिप्त उत्तर लेख्न निर्देशन दिनुहोस् :

  **प्रश्नहरू :**

  (क) नेपाललाई किन सांस्कृतिक दृष्टिले अत्यन्त समृद्ध मुलुक भनिएको हो ?

  (ख) नेपालमा संस्कृतिका नाममा देखिएका विकृतिहरूलाई उदाहरणसहित प्रस्तुत गर्नुहोस् ।

  (ग) यस पाठबाट तपाईंले थाहा पाएका मुख्य मुख्य कुराहरू लेख्नुहोस् ।

- प्रत्येक समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।
- समूह कार्य सकिएपछि पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।
- एक समूहको प्रस्तुतिपछि बाँकी समूहलाई टिप्पणी र सुधारका लागि प्रोत्साहित गर्नुहोस् ।
- अन्तमा विद्यार्थीले कक्षा क्रियाकलापका प्रदर्शन गरेका सकारात्मक कार्यको प्रशंसा गर्दै थप सुधारका लागि उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

४. **प्रतिबिम्बन/मूल्याङ्कन**

- आजको पाठ्यवस्तुमा आधारित भई विद्यार्थीका समूहहरूका बिचमा एक समूहले प्रश्न सोध्ने र अर्को समूहले उत्तर दिनुपर्ने कार्य गराई हाजिरीजवाफ प्रतियोगिता सञ्चालन गर्नुहोस् ।

५. **गृहकार्य**

- तलका प्रश्न दिई सङक्षिप्त उत्तर लेखेर ल्याउन निर्देशन दिनुहोस् :

(क) आजको समाज कतातर्फ उन्मख हुँदै गएको पाइन्छ ?

(ख) अबको नेपाली संस्कृति कस्तो हुनुपर्छ ?

**शिक्षकका लागि थप अध्ययन सामग्री**

**अन्ताक्षरी शब्द खेल विधि**

विद्यार्थीलाई उपयुक्त समूहमा विभाजन गर्ने । शिक्षकले कुनै एक समूहलाई एउटा शब्द भनिदिने । त्यसपछि दिइएको शब्दको अन्तको अक्षरबाट नयाँ शब्द बनाउन विद्यार्थी समूहलाई पालैपालो समय दिने । सो क्रियाकलाप गर्दै जाँदा अन्तमा जुन समूहले १० सेकेन्डभित्र शब्द बनाउन सक्दैन वा बनाएको शब्दको अर्थ हुँदैन सो समूह अनुत्तीर्ण हुन्छ । यसका लागि ५ मिनेट समय दिने ।

**सङक्षिप्त उत्तर दिँदा ध्यान दिनुपर्ने कुराहरू**

- दिइएको प्रश्न राम्ररी पढी प्रश्नले मागेको उत्तरलाई ठम्याउने ।
- पहिलो अनुच्छेदमा प्रश्नको पृष्ठभूमि दुई तिन वाक्यमा लेख्ने ।
- दोस्रो अनुच्छेदमा प्रश्नकले खाजेको उत्तरलाई सबैले बुझ्ने तरिकाले सरल, छोटो र मिठो भाषामा विस्तारमूलक उत्तर दिने ।
- अन्तिम अनुच्छेदमा उत्तरको मुख्य आशयसहित निष्कर्ष दिने ।
- पूर्णाङ्क ५ र निर्धारित समय ९ मिनेटको हुने हुँदा लेखाइको गति र लेखन शैलीको आधारमा विद्यार्थीअनुसार यसको उत्तर सामान्यत: आधादेखि एक पृष्ठको हुन सक्ने ।

| दिन : पाँचौं | समय ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : हाम्रो संस्कृति (प्रबन्ध)**

**पाठ्यवस्तु : बुँदा टिपोट**

**लक्षित सिप विकास : लेखाइ**

१. **विशिष्ट उद्देश्य : यस** पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) निर्दिष्ट अनुच्छेदबाट बुँदा टिपोट गर्न

२. **शैक्षणिक सामग्री**

बुँदा टिपोटको नमुना

३. **सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १**

- **जोडीमा पढाइ विधि**को उपयोग गरी विद्यार्थीमा सिकाइप्रति उत्सुकता पैदा गराउनुहोस् । आजको कक्षामा गरिने प्रमुख कार्यहरू शैक्षणिक पाटीमा लेखी सोको महत्त्वबारे चर्चा गर्दै सोबारे विद्यार्थीलाई सङ्क्षिप्त जानकारी दिनुहोस् ।

**क्रियाकलाप २**

- शिक्षकले आफूले तयार गरेर लगेको निम्न लिखित बुँदा टिपोटको नमुना प्रदर्शन गर्नुहोस् र विद्यार्थीलाई बुँदा टिपोट गर्दा गर्ने तरिकाकाबारेमा छलफल गरी निष्कर्ष निकाल्न केही समय दिनुहोस् ।

**प्रश्न : पाठको आठौँ अनुच्छेद राम्ररी पढी त्यसबाट मुख्य चार ओटा बुँदा टिपोट गर्नुहोस् :**

नेपाल सांस्कृतिक दृष्टिले अत्यन्त समृद्ध छ । नेपालको संस्कृति भनेको विविधताको संस्कृति हो । नेपालमा वेद, पुराण आदि संस्कृत वाङ्मयको अनुसरण गर्ने संस्कृति छ । संस्कृत वाङ्मयको अनुसरण गर्ने हिन्दु संस्कृति संसारका विकसित सस्कृतिमध्यको एक हो । त्यस्तै नेपाल गौतम बुद्धको जन्मभूमि हो र संसारमा लोकप्रिय रहेको बौद्ध संस्कृतिको उद्गम स्थल पनि नेपाल नै हो । त्यस्तै नेपालमा श्रममा आधारित र प्रकृतिलाई पूजा गर्ने आफ्नै प्रकारको मौलिक सस्कृति पनि छ । नेपाल बहुजातीय, बहुधार्मिक, बहुभाषी देश हो । यसैले यो देश बहुसांस्कृतिक देश पनि हो । यसैले नेपालको राष्ट्रिय संस्कृति भने विविधताको संस्कृति हो ।

**चार ओटा बुँदा टिपोट**

- नेपाल विविधताको संस्कृतिले समृद्ध देश
- संस्कृत वाङ्मय, हिन्दुका साथै बौद्ध संस्कृतिको उद्गमस्थल
- श्रममा आधारित र प्रकृतिलाई पूजा गर्ने संस्कृति
- नेपाल जाति, धर्म र भाषाको समेत बहु सांस्कृतिक विविधताको देश

- विद्यार्थीले दिएका निष्कर्षलाई समाहित गर्दै बुँदा टिपोट गर्ने तरिकाकाबारेमा स्पष्ट पार्नुहोस् । आवश्यक परेमा थप उदाहरणसमेत दिनुहोस् ।

**क्रियाकलाप ३**

- चार चार जनाको विद्यार्थीको समावेशी समूह निर्माण गर्नुहोस् र पाठका ५, ६, ९ र १० औं अनुच्छेद अलग अलग समूहलाई दिई त्यसबाट चार चार बुँदा टिपोट गर्न निर्देशन दिनुहोस् । स्मरण रहोस् धेरै विद्यार्थी भएमा एउटै अनुच्छेद अर्को समूहलाई पनि दिन सकिन्छ भने थोरै विद्यार्थी भएमा दुई दुई जनाको समूह मात्र पनि बनाउन सकिन्छ ।
- विद्यार्थी समूहले काम गरेको समयमा प्रत्येक समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।

**क्रियाकलाप ४**

- समूह कार्य सकिएपछि पालैपालो समूह नेतामार्फत समूहले गरेको कार्य प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।
- एक समूहको प्रस्तुति सकिनासाथ बाँकी समूहलाई सो प्रस्तुतिका सम्बन्धमा टिप्पणी गर्न र सुधारका लागि सुझाव दिन बाँकी समूहलाई प्रोत्साहित गर्नुहोस् ।
- सबै समूहको प्रस्तुति सकिएपछि समूहले गरेका सकारात्मक पक्षको प्रशंसा गर्दै सुधार गर्ने पक्षहरू औंल्याई उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

- बुँदा टिपोट गर्दा के कस्ता कुरामा ध्यान दिनुपर्ने रहेछ भन्ने प्रश्न विद्यार्थी बिचमा सोधी प्रतिबिम्बन/मूल्याङ्कन क्रियाकलाप सम्पन्न गर्नुहोस् ।

**५. परियोजना कार्य**

- निबन्ध पाठको तेस्रो अनुच्छेदबाट चार ओटा बुँदा टिपोट गरेर ल्याउन निर्देशन दिनुहोस् ।

## १. जोडीमा पढाइ विधिबाट उत्सुकता पैदा तरिका

| |
|---|
| पाठ पढाउनु अघि विद्यार्थीहरूलाई दुई दुई जोडीमा रहन निर्देश गर्नुहोस् र पाँच मिनेटको समय दिई निर्दिष्ट पाठका अनुच्छेद एउटालाई पढ्न र अर्कोलाई सार भन्न र फेरि अर्को अनुच्छेद सार भन्नेलाई पढ्न र पढ्नेलाई सार भन्न लगाउनुहोस् । |

## २. बुँदा टिपोट गर्दा ध्यान दिनुपर्ने कुराहरू

- बुँदा टिपोटको लागि दिइएको पाठको अभिप्राय राम्ररी बुझ्नको लागि दुई तिन पटकसम्म पढ्ने
- पाठमा रहेका मूल कुरालाई राम्ररी ठम्याई तिनमा आवश्यकतानुसार चिनो लगाउने
- चिनो लगाएका शब्द वा पदावलीलाई बुँदा टिपोटका लागि खेस्रा तयार पार्ने
- खेस्रा टिपोट र मूल पाठलाई भिडाएर संशोधन र परिमार्जन गर्ने
- पाठकै वाक्य वा वाक्यांशलाई बुँदाका रूपमा हुबहु टिपोट नगरी त्यहीँका शब्द राखी आफ्नै शैलीमा छोटा छोटा वाक्य गठन गर्ने
- बुँदा टिपोट अपूर्ण वाक्यमा टिपोट गर्न राम्रो मानिने
- टिपोट गरिएका खेस्रालाई परिमार्जित गरी अन्तिम रूप दिई आवश्यक सङ्ख्यामा बुँदा टिपोट गर्ने

| दिन : छैटौं | समय : ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : हाम्रो संस्कृति (प्रबन्ध)**

**पाठ्यवस्तु : व्याख्या**

**लक्षित सिप विकास : लेखाइ**

**१. विशिष्ट उद्देश्य :** यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) पाठ भित्रबाट दिइएका निर्दिष्ट विशिष्ट पङक्तिहरूको व्याख्या गर्न

**२. शैक्षणिक सामग्री**

पाठ्यपुस्तक र व्याख्या गरिएको नमुना

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १**

- गत दिनको परियोजना कार्य विद्यार्थीहरूलाई भन्न लगाई उत्प्रेरणात्मक क्रियाकलाप सम्पन्न गर्नुहोस् । आजको कक्षामा गरिने मुख्य कार्य शैक्षणिक पाटीमा लेखी विद्यार्थीहरूलाई जानकारी दिनुहोस् ।

**क्रियाकलाप २**

- आफूले कुनै एक विशिष्ट पङ्क्तिको व्याख्या गरेर लगेको तल दिइएको जस्तै नमुना शैक्षणिक सामग्री प्रदर्शन गर्नुहोस् र सो को अध्ययन गर्न विद्यार्थीलाई केही समय दिनुहोस् । त्यसपछि व्याख्या गर्ने तरिकाका र सोको संरचना सम्बन्धी प्रश्नोत्तर क्रियाकलाप सञ्चालन गरी सोसम्बन्धी स्पष्ट धारणा दिनुहोस् ।

**नमुना सामग्री :**

**प्रश्न : व्याख्या गर्नुहोस् :**

**“विविधतामा एकता र आपसी सहिष्णुता हाम्रो संस्कृतिको विशेषता हो ।”**

संस्कृतिले कुनै राष्ट्र, जाति वा समुदायको सामाजिक जीवन, आर्थिक व्यवस्था, राजनीति, चाल

चलन, खानपिन, पहिरन, चिन्तन आदि अनेकन् कुरालाई जनाउँछ । त्यस्तै भाषा, साहित्य, धर्म, कला, दर्शन, चाडपर्व, परम्परा आदिको समष्टि नाम नै संस्कृति हो ।

नेपालको संस्कृति भूगोल, जातिअनुसार फरक छ । तराईमा गर्मी हुने भएकाले त्यहाँको पहिरन बढी खुला हुन्छ भने पहाडमा मध्यम र हिमालमा बन्द प्रकृतिको छ । त्यस्तै खानपिन, मेला उत्सव, जीवन संस्कार, चाडपर्व, बोलीचाली आदि पनि हावापानीअनुसार फरक छन् । हाम्रो संस्कृतिका जात पनि फरक फरक छन् । एउटै टोलमा बस्ने सेर्पाहरू ल्होसारमा, राईहरू साकेलामा, नेवारहरू लाखे जात्रामा, लिम्बूहरू धान नाचमा रमाउँछन् । महिला र पुरुषका पहिरन, गरगहना, बोली वचनमा पाइने भिन्नताका आधारमा पनि संस्कृति फरक हुने गरेको देखिन्छ । नेपालमा मधेस, पहाड र हिमालमा अलग अलग प्रकारका संस्कृति छन् र ती सबै मिलेर नेपाली राष्ट्रिय संस्कृतिको निर्माण भएको छ । देउडा, गौरा, लाखे, सेलो, सङ्गिनी, हाकपारे, मारुनी, चुड्का, ख्याली, रोदी, धाननाच, माघी, होली, साकेला, देउसी, भैलो आदिको समष्टि नै नेपाली संस्कृति हो । यही साझापनमा, यही अनेकतामा एकता र आपसी सहिष्णुता नै नेपाली संस्कृति हो । नेपालमा हिन्दु, बौद्ध, मुस्लिम र क्रिस्चियन आदि विविध धार्मिक संस्कृतिको परम्परा चल्दो छ । यसरी जुनसुकै संस्कृतिका नेपाली भए पनि तिनीहरूका बिचमा कुनै पनि किसिमको द्वन्द्व, झैझगडा, बेमेल, द्वेष र विवाद छैन । सबै किसिममा संस्कृतिका मानिसहरू आपसमा मेलजोल गरी एक अर्काको संस्कृतिलाई सम्मान गरेका छन् । यस किसिमको विविधताका बिचमा पनि हाम्रो आपसी सद्भावना छ । यो नै हाम्रो सांस्कृतिक सहिष्णुता हो ।

नेपाल बहु जातीय, बहु धार्मिक, बहुभाषी देश हो । हाम्रो संस्कृतिमा म मात्रै खाऊँ, म मात्रै लाऊँ भन्ने छैन, सबैले खान, लाउन र बाँच्न पाउनुपर्छ भन्ने छ । हाम्रो संस्कृतिले अभावका बिचमा पनि रमाउन, आफ्नै कमाइमा बाँच्न र श्रमको पूजा गर्न सिकाएको छ । सबै सुखी होउन्, सबै निरोगी होऊन् र सबैले सम्मानपूर्वक बाँच्न पाऊन् भन्ने हाम्रो संस्कृतिको भाव रहेको छ । यसैले विविधतामा एकता र आपसी सहिष्णुता हाम्रो संस्कृतिको विशेषता हो ।

- विद्यार्थीहरूलाई उपयुक्त समूहमा विभाजन गर्नुहोस् र अभ्यासको प्रश्न न. १५ को (क) र (ख) मा दिइएका विशिष्ट पङ्क्तिहरूको फरक फरक समूहलाई व्याख्या गर्न निर्देशन दिनुहोस्
- विद्यार्थीले लेख्दै गर्दा सबै समूहमा पुगी अलमल परेको स्थानमा आवश्यक सहजीकरण गर्नुहोस् ।
- निर्दिष्ट समय समाप्त भएपछि समूहको नेताबाट पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र बाँकी समूहलाई टिप्पणी र सुधारका लागि सुझाव दिन लागि प्रोत्साहित गर्नुहोस् ।

**क्रियाकलाप ३**

- विद्यार्थीहरूलाई चार चार जनाको समूहमा विभाजन गर्नुहोस् र प्रश्न न. २० को क्रियाकलापको बुँदा तयार गर्न मात्र  गर्न निर्देश गर्नुहोस् ।
- विद्यार्थीले लेख्दै गर्दा सबै समूहमा पुगी अलमल परेको स्थानमा आवश्यक सहजीकरण गर्नुहोस् ।
- निर्दिष्ट समय समाप्त भएपछि समूहको नेताबाट पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र बाँकी समूहलाई टिप्पणी र सुधारका लागि सुझाव दिन लागि प्रोत्साहित गर्नुहोस् ।
- अन्त्यमा विद्यार्थीहरूले आजको कक्षामा गरेका सबल पक्षहरूको प्रशंसा गर्दै सुधार गर्नुपर्ने पक्षहरू औंल्याई समग्रमा  उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

- व्याख्या गर्ने तरिकाकाबारेमा अघिल्ला पाठहरूमा पनि धेरै अभ्यास भइसकेको छ भन्ने कुराको स्मरण गराउँदै अझै स्पष्ट हुन केही कुरा भए कापीमा टिपोट गरी सो टिपोट शिक्षक (आफू) लाई दिन आग्रह गर्नुहोस् ।

**५. गृहकार्य**

- निम्न लिखित विशिष्ट पङ्क्तिको व्याख्या गरेर ल्याउन निर्देशन दिनुहोस् ।

  "संस्कृतिका नाममा देखिएका विकृतिलाई हटाउनुपर्छ । "

## १. दिइएका विशिष्ट पङ्क्तिको व्याख्या गर्ने तरिका

- प्रश्नको मूल मर्मलाई राम्ररी बुझ्ने ।
- पहिलो अनुच्छेदमा : दिइएको पङ्क्तिको परिचयात्मक पृष्ठभूमि दुई तिन वाक्यमा दिने ।
- दोस्रो अनुच्छेदमा : दिइएका पङ्क्तिले भन्न खोजेका कुरालाई थप उदाहरणरू समेत दिएर विस्तार गर्ने अर्थात् लामो बनाई सबैले सहजै बुझ्ने गरी लेख्ने । यस्तो व्याख्या गर्दा पाठमा सिके बाहेकका आफ्नै अनुभव तथा विचारहरूलाई पनि समेट्न सकिने ।
- अन्तिम अनुच्छेदमा : दिइएका पङ्क्तिले खास भन्न खोजेका मुख्य कुरालाई उल्लेख गरी निष्कर्ष दिने ।

## दिन : सातौं

**पाठ शीर्षक : हाम्रो संस्कृति (प्रबन्ध)**

**पाठ्यवस्तु : अनुच्छेद लेखन**

**लक्षित सिप विकास : लेखाइ**

**१. विशिष्ट उद्देश्य : यस** पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) विभिन्न समसामयिक विषयमा आधारित भई अनुच्छेद लेख्न

**२. शैक्षणिक सामग्री**

पाठ्यपुस्तक, अनुच्छेद लेखनको नमुना

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १**

- शब्दावली अनुमान विधिद्वारा विद्यार्थीलाई सिकाइप्रति उत्सुकता जगाउनुहोस् र आजको पाठ्यवस्तुकाबारेमा जानकारी गराउनुहोस् ।

**क्रियाकलाप २**

- सबभन्दा पहिले आफूले लगेको कुनै एक विषयमा लेखिएको एउटा अनुच्छेदको नमुना प्रदर्शन गर्नुहोस् र केही समय अनुच्छेद लेख्ने तरिकाकाबारेमा छलफल गराई विद्यार्थीहरूलाई निष्कर्ष निकाल्न लगाउनुहोस् ।

**नमुना सामग्री :**

**नेपाली विविधतामा एकता**

नेपाल विभिन्न जनजाति, भाषाभाषी, धर्म र संस्कृति भएको देश हो । हावापानीका आधारमा पनि यहाँ विभिन्न किसिमका रहनसहन, पहिरन, खानपिन र सामाजिक व्यवहार छन् । समग्रमा यसलाई बहुसांस्कृतिक विविधताले भरिपूर्ण देश भन्न सकिन्छ । हिन्दु, बौद्ध, मुस्लिम र क्रिस्चियनलगायत अन्य धर्म परम्परा चलनमा छन् । नेपाली, भोजपुरी, अवधी, मैथिली तामाङ, सेर्पा, राई, लिम्बू, नेवारी आदि थुप्रै भाषाभाषी बोल्ने पनि उत्तिकै छन् । हिमालमा धेरै जाडो हुने, पहाडमा न जाडो न गर्मी हुने र तराईमा गर्मी हुने भूगोले गर्दा सबै क्षेत्रको खानपिन, पहिरन, सामाजिक कार्य व्यवहारमा पनि विभिन्नता पाइन्छ । यस किसिमको भौगोलिक, सामाजिक, धार्मिक, भाषिक र जातीय विविधता भए पनि हामी सबैका बिचमा समानता र सद्भाव रहेको छ । नेपालको उन्नति, प्रगति र विकासका लागि हामी आआफ्नो क्षेत्रबाट एकअर्कामा मिलेर लागेका छौं । यही विविधतामा एकता नै हामी नेपालीहरूको साझा विशेषता हो ।

- विद्यार्थीहरूलाई उपयुक्त समावेशी (भाषिक , लिङ्गीय, जातीय, जान्ने र कम जान्ने आदि विद्यार्थीहरू मिलाएर) समूहमा विभाजन गरी समूह नेता छान्न लगाउनुहोस् । तल दिइएका शीर्षकमध्ये एक समूहलाई एउटा मात्र विषय पर्ने गरी एक एक अनुच्छेद लेख्न निर्देश दिनुहोस् :

  (क) मेरो देश (ख) हाम्रो संस्कृति (ग) हाम्रो इतिहास (घ) हाम्रो जातीय सद्भाव

**क्रियाकलाप २**

- विद्यार्थीहरूले अनुच्छेद लेख्दै गर्दा शिक्षकले अवलोकनकर्ता र सहजकर्ताको भूमिका निर्वाह गर्दै अलमलिएका समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।
- लेखन कार्य सकिएपछि पालैपालो समूह नेतामार्फत प्रस्तुतीकरण गर्न लगाई विद्यार्थीहरूबाटै मूल्याङ्कन गर्न प्रोत्साहित गर्नुहोस् ।
- अन्त्यमा सुधार गर्नुपर्ने पक्षमाथि छलफल गराई समग्रमा उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

- अनुच्छेद लेख्ने तरिकाकाबारेमा विभिन्न प्रश्नहरू सोधी प्रतिबिम्बन/मूल्याङ्कन कार्य सम्पन्न गर्नुहोस् ।

**५. गृहकार्य**

- लेखाइ अभ्यासको प्रश्न न. १८ को कार्य गरेर ल्याउन निर्देश गर्नुहोस् ।

**शिक्षकका लागि थप अध्ययन सामग्री**

**१. शब्दावली अनुमान विधिद्वारा विद्यार्थीलाई सिकाइप्रति उत्सुकता जगाउने तरिका**

| |
|---|
| पाठबाट केही पद/पदावली टिपोट गरेको सूची फलाटिन पाटीमा टाँस गरी विद्यार्थीहरूलाई ५ मिनेटको समय दिई त्यसबाट नयाँ अनुच्छेद लेखेर कक्षामा सुनाउन लगाउनुहोस् । उत्कृष्ट लेखाइलाई प्रथम घोषणा गरी उनीहरूलाई सिकाइप्रति अभिप्रेरित गर्नुहोस् । |

| | |
|---|---|
| **दिन : आठौँ र नवौ** | **समय : ४५ मिनेट** |

**पाठ शीर्षक : हाम्रो संस्कृति (प्रबन्ध)**

**पाठ्यवस्तु : निबन्ध लेखन**

**लक्षित सिप विकास : सिर्जनात्मक लेखाइ**

**१. विशिष्ट उद्देश्य : यस** पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) राष्ट्रिय संस्कृतिको पहिचानपरक विषयमा आधारित भई निबन्ध लेख्न

**२. शैक्षणिक सामग्री**

निबन्ध लेखनका लागि बुँदा र निबन्धको नमुना

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १**

- विद्यार्थीलाई आआफ्नो क्षेत्रका सांस्कृतिक पहिचान हुने स्थानहरू सूची निर्माण गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् । ती सूचीलाई शैक्षणिक पाटीमा लेख्नुहोस् र सो सन्दर्भलाई जोड्दै आजको कक्षामा हुने निबन्ध लेखन अभ्यासकाबारेमा जानकारी दिनुहोस् ।

**क्रियाकलाप २**

- विद्यार्थीहरूलाई उपयुक्त समूहमा विभाजन गर्नुहोस् । ती समूहलाई अघि शैक्षणिक पाटीमा लेखिएका स्थानीय सांस्कृतिक स्थानमध्ये आफूले घुमेको कुनै एक स्थानको शीर्षक छान्न निर्देश गर्नुहोस् ।

- समूहले शीर्षक छानेपछि ती समूहलाई त्यसकोबारेमा निबन्ध लेख्नका लागि निम्न लिखित निर्देशनात्मक बुँदा भएको शैक्षणिक सामग्री प्रदर्शन गर्नुहोस् :

> पहिलो अनुच्छेदमा : तपाईंले छानेको शीर्षकको स्थानको परिचय दिनुहोस् : जस्तै : के हो ? कहाँ छ ? र किन प्रसिद्ध छ ? भन्ने कुराहरू लेख्नुहोस् ।
>
> दोस्रो अनुच्छेदमा : यसको आकार प्रकार, आसपासको क्षेत्र, यसप्रति जनताको विश्वास अदिकाबारेमा चर्चा गर्नुहोस् ।
>
> तेस्रो अनुच्छेदमा : यसको इतिहास (थाहा पाएसम्मको मात्र), यसको सांस्कृतिक महत्त्व, यसको वर्तमान स्थिति आदिकाबारेमा चर्चा गर्नुहोस् ।
>
> अन्तिम अनुच्छेदमा : यसको संरक्षण र संवर्धन गर्नुपर्ने पक्षसहितको निष्कर्ष उल्लेख गर्नुहोस् ।

- माथिको निर्देशनमा विद्यार्थीबाट अस्पष्ट भएका कुनै प्रश्न आएमा त्यसलाई स्पष्ट हुने गरी उत्तर दिनुहोस् ।

**क्रियाकलाप २**

- विद्यार्थीहरूले निबन्ध लेख्दै गर्दा शिक्षकले अवलोकनकर्ता र सहजकर्ताको भूमिका निर्वाह गर्दै अलमलिएका समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।
- लेखन कार्य सकिएपछि पालैपालो समूह नेतामार्फत प्रस्तुतीकरण गर्न लगाई विद्यार्थीहरूबाटै मूल्याङ्कन गर्न प्रोत्सहित गर्नुहोस् । एक समूहको प्रस्तुतिपछि सो समूहलाई अरू समूहले ताली बजाई सम्मान गर्ने संस्कारको विकास गराउनुहोस् ।
- अन्त्यमा सुधार गर्नुपर्ने पक्षमाथि छलफल गराई समग्रमा उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

- निबन्ध लेख्ने तरिकाकाबारेमा प्रश्नहरू सोधी प्रतिबिम्बन/मूल्याङ्कन कार्य सम्पन्न गर्नुहोस् ।

**५. परियोजना कार्य**

- विद्यार्थीहरूलाई आआफ्नो जाति, धर्म आदि परम्परामा आधारित आफूलाई मनपर्ने कुनै एक सांस्कृतिक चाड वा पर्वकाबारेमा निबन्ध लेखेर ल्याउन निर्देश गर्नुहोस् ।

**शिक्षकका लागि थप अध्ययन सामग्री**

**१. निबन्ध लेख्ने तरिकाको संरचना :**

| शीर्षक | |
|---|---|
| २. आदि भाग<br>(पृष्ठभूमि खण्ड) | - शीर्षक परिचय र विषयवस्तुको उठान<br>(सामान्यता एक अनुच्छेदको हुने) |
| ३. मध्य भाग<br>(विस्तार खण्ड) | - उदाहरण, विचार, विश्लेषण, तर्क, पुष्ट्याइ र सम्बन्धित विषयवस्तुको सकारात्मक पक्ष, नकारात्मक पक्ष, समस्या, समाधानका उपायहरू<br>(२/४ अनुच्छेदसम्मको हुने) |
| ४. अन्त्य भाग<br>(निष्कर्ष खण्ड) | - मध्य खण्डमा विषयवस्तुको निष्कर्ष र सारगर्भित र समापन<br>(सामान्यता एक अनुच्छेदको हुने) |

| दिन : दसौँ | समय : ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : हाम्रो संस्कृति (प्रबन्ध)**

**पाठ्यवस्तु : व्याकरण (नेपाली वर्ण तथा अक्षर संरचना)**

**लक्षित सिप विकास : नेपाली वर्ण पहिचान र अक्षर पहिचान**

**१. विशिष्ट उद्देश्य : यस** पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) नेपाली स्वर तथा व्यञ्जन वर्णको पहिचान गर्न

(ख) नेपाली भाषामा प्रयुक्त हुने शब्दहरूको अक्षरीकरण गर्न

**२. शैक्षणिक सामग्री**

- नेपाली स्वर र व्यञ्जन वर्ण तालिका, अक्षर संरचनाको चार्ट र फलाटिन पाटी

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १**

- शब्दावली अनुमान विधिद्वारा विद्यार्थीलाई सिकाइप्रति उत्सुकता जगाउनुहोस् र आजको पाठ्यवस्तुकाबारेमा जानकारी गराउनुहोस् । (यस विधिको उपयोग गर्ने तरिका अघिल्लो पाठमा दिइसकिएको छ ।)

**क्रियाकलाप २**

- शिक्षकले विद्यार्थीहरूलाई उपयुक्त समावेशी समूहमा विभाजन गरी समूह नेता छान्न लगाउनुहोस् पाठको व्याकरण अभ्यासको प्रश्न न. १ र २ को क्रियाकलाप गर्न निर्देशन दिनुहोस् ।
- विद्यार्थीहरूले अनुच्छेद लेख्दै गर्दा शिक्षकले अवलोकनकर्ता र सहजकर्ताको भूमिका निर्वाह गर्दै अलमलिएका समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।
- लेखन कार्य सकिएपछि पालैपालो समूह नेतामार्फत प्रस्तुतीकरण गर्न लगाई विद्यार्थीहरूबाटै मूल्याङ्कन गर्न प्रोत्सहित गर्नुहोस् । एक समूहको प्रस्तुतिपछि सो समूहलाई अरू समूहले ताली बजाई सम्मान गर्ने संस्कारको विकास गराउनुहोस् ।

**क्रियाकलाप ३**

- शिक्षकले विद्यार्थीहरूलाई तलको नेपाली भाषाको प्रयोग गर्ने क्रममा उपयोगमा आउने स्वर वर्ण र व्यञ्जन वर्णको तालिका प्रदर्शन गर्नुहोस् र सो सम्बन्धमा छलफल गराई विद्यार्थीहरूबाट आएका हरेक जिज्ञासाहरूको तल दिइएको द्रष्ट्रव्यको आधारमा परिपूर्ति गनुहोस् ।

**(क) नेपाली स्वर वर्ण :**

अ, आ, इ, उ, ए, ओ, जम्मा : ६ ओटा स्वर वर्ण मात्र ।

द्रष्टव्य : नेपाली कथ्य भाषामा दीर्घ ई र ऊ वर्ण बोलिँदैन, ऐ वर्ण अ र इ मिलेर बनेको, औ वर्ण अ र उ मिलेर बनेको, अ र म् मिलेर अं र अः भने अ र ह् मिलेर बनेकाले यी सबै द्विस्वर हुन् ।

**(ख) नेपाली व्यञ्जन वर्ण**

क् ख् ग् घ् ङ् च् छ् ज् झ् ट् ठ् ड् ढ्

त् थ् द् ध् न् प् फ् ब् भ् म् य् र् ल् व् स् ह् ।

जम्मा : २९ वर्ण मात्र ।

द्रष्ट्रव्य : नेपाली कथ्य भाषामा ञ र ण को सट्टा न नै बोलिन्छ । स, श, ष को सट्टामा एउटै स मात्र बोलिन्छ । क्ष को सट्टा छे, छ्य, क्छ बोलिन्छ भने त्र को सट्टा तृ बोलिन्छ र ज्ञ को सट्टा ग्यँ बोलिन्छ । त्यसैले नेपाली कथ्य व्यञ्जन वर्णभित्र ञ,ण, श,ष, क्ष,त्र, ज्ञ पर्दैनन् ।

**क्रियाकलाप ४**

- शिक्षकले विद्यार्थीलाई निम्न लिखित चार्ट प्रदर्शन गरी नेपाली अक्षर संरचनाको धारणा दिनुहोस् :

| शब्द | नेपाली अक्षर संरचना | अक्षर सङ्ख्या |
|---|---|---|
| ऊ | उ | १ |
| ऐना | अइ. ना | २ |
| कलश | क. लस् | २ |
| षट्कोण | सट्. कोन् | २ |
| क्षेत्रीय | छे. तिर्. य | ३ |
| व्यापकता | व्या. पक्. ता | ३ |
| ज्ञानमय | ग्याँ. न. म. य | ४ |
| सङ्क्षेपीकरण | सङ्. छे. पि. क. रन् | ५ |
| महत्त्वपूर्ण | म. हत्. त्व. पुर्. न | ५ |

**क्रियाकलाप ५**

- विद्यार्थीहरूलाई पाठको व्याकरण खण्डको प्रश्न न. ३ मा दिइएका निम्न लिखित शब्दहरूको अक्षर संरचना प्रस्तुत गर्न दिनुहोस् :

  व्यञ्जन, प्रक्रिया, दोलखा, विद्यालय ।

- विद्यार्थीहरूले लेख्दै गर्दा शिक्षकले सहजकर्ताको भूमिका निर्वाह गर्दै अलमलिएका समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।
- लेखन कार्य सकिएपछि पालैपालो समूह नेताबाट प्रस्तुतीकरण गर्न लगाई विद्यार्थीहरूबाटै मूल्याङ्कन गर्न प्रोत्सहित गर्नुहोस् ।
- अन्तमा कक्षा क्रियाकलापको त्रममा विदयार्थीले सम्पन्न गरेका राम्रा पक्षहरूको प्रशंसा गर्दै सुधार गर्नुपर्ने पक्ष औंल्याई उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

## ४. प्रतिबिम्बन/मूल्याङ्कन

- प्रारम्भमा स र श वर्ण आउने कुनै पाँच ओटाशब्द लेखी भन्नुहोस् ।
- तलका शब्दको अक्षर संरचना देखाउनुहोस् :

  कल्याण, कञ्चन, क्षयीकरण, प्रजातन्त्र, वैज्ञानिक ।

## ५. परियोजना कार्य

- पाठबाट स, श, ष, ञ, ण, क्ष, त्र, ज्ञ लागेका एक एक ओटा शब्द खोजी ती शब्दहरूको अक्षर संरचना पनि गरी लेखेर ल्याउन निर्देश गर्नुहोस् ।

| दिन : एघारौँ | समय : ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : हाम्रो संस्कृति (प्रबन्ध)**

**पाठ्यवस्तु : द्वित्व शब्द निर्माण प्रक्रिया**

**लक्षित सिप विकास : कार्यमूलक व्याकरण**

**१. विशिष्ट उद्देश्य : यस** पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) द्वित्व शब्दको निर्माण प्रक्रिया पहिचान गरी विग्रह रूप लेख्न

(ख) लघुतावाची, समूहवाची र एकल शब्दको पहिचान गर्न

**२. शैक्षणिक सामग्री**

प्रश्न सूची, द्वित्व शब्द प्रयोग भएका वाक्य, शब्द सूची र फलाटिन पाटी

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १**

- विद्यार्थी समक्ष निम्न लिखित प्रश्न राखी सोच्ने, जोडी बनाउने र आदानप्रदान गर्ने विधिबाट पाठप्रति उत्प्रेरणा जगाउनुहोस् र सोही सन्दर्भलाई जोडी आज अध्ययन गर्ने विषवस्तुबारे जानकारी दिनुहोस् ।

**प्रश्नहरू**

(क) 'केके' शब्द कसरी निर्माण भएको हो ?

(ख) 'आआफ्नो' शब्द कसरी निर्माण भएको हो ?

(ग) 'घरसर' शब्द कसरी निर्माण भएको हो ?

**क्रियाकलाप २**

- विद्यार्थीहरूलाई निम्न लिखित चार्ट प्रस्तुत गर्नुहोस् र ती शब्दहरूको निर्माण प्रक्रियाकाबारेमा छलफल गर्न लगाई निष्कर्ष भन्न लगाउनुहोस् । विद्यार्थीबाट आएको निष्कर्षलाई समाहित गरी द्वित्व प्रक्रियाबाट शब्द निर्माण हुने प्रक्रियाबारे जानकारी दिनुहोस् । आवश्यक परेमा थप उदाहरणसमेत दिनुहोस् ।

**द्वित्व प्रक्रियाबाट शब्द निर्माण**

| पूर्ण द्वित्व | अपूर्ण द्वित्व | आपरिवर्तित द्वित्व |
|---|---|---|
| घर + घर = घरघर | सल्लाह+सल्लाह = सर्सल्लाह | घर+घर = घरसर |
| माथि+माथि = माथिमाथि | मसाला+मसाला = मर्मसला | काट+काट = काटकुट |
| के+के = केके | आफ्नो+आफ्नो = आआफ्नो | सोध+सोध = सोधसाध |
| जो+जो = जोजो | सानो+सानो = ससानो | टाल+टाल = टालटुल |
| पल+पल = पलपल | झल्को+झल्को = झझल्को | कलम+कलम = कलमसलम |

**क्रियाकलाप २**

- विद्यार्थीहरूलाई उपयुक्त समूहमा विभाजन गरी तलका वाक्यमा प्रयोग भएका द्वित्व शब्द मात्र पहिचान गरी त्यसको विग्रह रूप लेख्न निर्देशन दिनुहोस् :

(क) उनीहरू वनवनमा घुमेर आआफ्ना लागि ससाना दाउरासाउरा खोजी जीविका चलाउँछन् ।

(ख) हामी जुनजुन काम गर्छौं त्यत्यसलाई राम्ररी गर्नुपर्छ र काम गर्दा झर्कोफर्को गर्नुहुन्न ।

(ग) दिलमाया दिनदिनै समयमा नै तर्कारीसर्कारीको व्यवस्था गरी छिटोछिटो खानेकुरा पकाउँछिन् ।

(घ) हिजोआज धेरधेरै महँगा गर्गहना लाएर फुर्तिफार्ती गरेर हुलमुलमा घुम्नु राम्रो मानिँदैन ।

- विद्यार्थीहरूले लेख्दै गर्दा शिक्षकले अवलोकनकर्ता र सहजकर्ताको भूमिका निर्वाह गर्दै अलमलिएका समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।
- लेखन कार्य सकिएपछि पालैपालो समूह नेतामार्फत प्रस्तुतीकरण गर्न लगाई विद्यार्थीहरूबाटै मूल्याङ्कन गर्न प्रोत्साहित गर्नुहोस् । एक समूहको प्रस्तुतिपछि सो समूहलाई अरू समूहले ताली बजाई सम्मान गर्ने संस्कारको विकास गराउनुहोस् ।

**क्रियाकलाप ३**

- विद्यार्थीहरूलाई उपयुक्त समावेशी समूहमा विभाजन गरी व्याकरण अभ्यासको प्रश्न न. ४ र ५ को द्वित्व शब्द निर्माण र विग्रह गर्ने सम्बन्धी अभ्यास गर्न निर्देशन दिनुहोस् :
- विद्यार्थीहरूले लेख्दै गर्दा शिक्षकले सहजकर्ताको भूमिका निर्वाह गर्दै प्रत्येक समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।
- लेखन कार्य सकिएपछि पालैपालो समूह नेतामार्फत प्रस्तुतीकरण गर्न लगाई विद्यार्थीहरूबाटै टिप्पणीका लागि प्रोत्साहित गर्नुहोस् । हरेक समूहको प्रस्तुतिपछि ताली बजाई सम्मान गर्ने संस्कारको विकास गराउनुहोस् ।

**क्रियाकलाप ४**

- विद्यार्थीहरूलाई उपयुक्त समावेशी समूहमा विभाजन गरी उदाहरणमा दिए जस्तै गरी तलका शब्दको लघुतावाची (सानो बुझाउने शब्द) बनाउन निर्देश गर्नुहोस् :

  उदाहरण : कोदालो-कोदाली, थाल-थाली

  डालो, कुचो, कचौरो, चिम्टा, लोहोरो, लौरो, नाङ्लो, लोहोटा, गेडो, ठेको, गाग्रो, चोलो ।

**क्रियाकलाप ५**

- विद्यार्थीहरूलाई उपयुक्त समावेशी समूहमा विभाजन गरी उदाहरणमा दिए जस्तै गरी तलका शब्दको समूह वाचक शब्द लेख्न निर्देशन दिनुहोस् :

  उदाहरण : अङ्गुरको - झुप्पो, भेडाको - बगाल, कमिलाको - ताती

  मकै, फुल, मानिस, सिपाही, बारुला, बाँस, नोट, माहुरी, केरा, पराल, दाउरा, पर्वत ।
- विद्यार्थीहरूलाई उपयुक्त समावेशी समूहमा विभाजन गरी उदाहरणमा दिए जस्तै गरी तलका शब्दको एकल शब्द लेख्न निर्देशन दिनुहोस् :

  उदाहरण : अभेद्य - भेदन गर्न नसकिने, अमर - जो कहिल्यै मर्दैन

  बिस्कुन, अकाट्य, अजर, आस्तिक, नास्तिक, कटुभाषी, दशक, कृतज्ञ, कृतघ्न ।
- विद्यार्थीहरूले लेख्दै गर्दा शिक्षकले सहजकर्ताको भूमिका निर्वाह गर्दै प्रत्येक समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।
- लेखन कार्य सकिएपछि पालैपालो समूह नेतामार्फत प्रस्तुतीकरण गर्न लगाई विद्यार्थीहरूबाटै टिप्पणीका लागि प्रोत्साहित गर्नुहोस् । हरेक समूहको प्रस्तुतिपछि ताली बजाई सम्मान गर्ने संस्कारको विकास गराउनुहोस् ।
- अन्त्यमा शिक्षकले विद्यार्थीहरूले कक्षा क्रियाकलापका प्रदर्शन गरेका सकारात्मक कार्यको प्रशंसा गर्दै सुधार गर्नुपर्ने पक्ष औंल्याई समग्रमा उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

- तलको अनुच्छेदका रेखाङ्कित द्वित्व शब्दहरू मात्र पहिचान गरी लेख्नुहोस् :

| |
|---|
| आमाबाबुहरू कर्मको फल मिठो हुने र ससाना समस्या र झैझगडामा अल्झिन नहुने सन्देश दिन्छन् । आआफ्नोतर्फबाट केके गर्न सकिन्छ अरूलाई सक्दो सर्सहयोग गर्ने सल्लाह दिन्छन् । यसका साथसाथै राम्रो शिक्षादीक्षा दिने वातावरण निर्माण गर्न जेजे गर्न सकिन्छ आवश्यक खर्चबर्चको व्यवस्था पनि मिलाउँछन् । यस्तो परिवारको बरव्यवस्थाले गर्दा जोकोहीले पनि झनझन उन्नति गर्न सक्छन् । |

- दुई दुई ओटा लघुतावाची, समूहवाची र एकल शब्दको नाम भन्नुहोस् ।

## ५. परियोजना कार्य

- आजको कक्षामा अध्ययन गरेका बाहेकका अरू १० ओटा द्वित्व शब्दहरू लेखी ल्याउनुहोस् ।
- पाँच पाँच ओटा लघुतावाची, समूह वाची र एकल शब्दको नाम लेखेर ल्याउनुहोस् ।

### शिक्षकका लागि थप अध्ययन सामग्री

## १. सोच्ने, जोडी बनाउने र आदानप्रदान गर्ने विधि

कुनै विषयवस्तु/प्रश्न दिई विद्यार्थीहरूलाई व्यक्तिगत रूपमा उत्तर सोचेर लेख्न लगाउने, नजिकै बस्ने साथीसँग जोडी बनेर साझा उत्तर तयार पारी प्रस्तुत गर्न लगाउने ।

## २. द्वित्व प्रक्रियाद्वारा शब्द निर्माण

एउटै शब्दलाई दोहोऱ्याएर नयाँ शब्द बनाउने प्रक्रियालाई द्वित्व भनिन्छ । द्वित्वद्वारा शब्द निर्माण भएको शब्दलाई द्विरुक्त शब्द पनि भनिन्छ । द्वित्व शब्दलाई यसको संरचनाको आधारमा तिन प्रकारमा विभाजन गरिएको पाइन्छ । ती हुन् :

(क) पूर्ण द्वित्व : शब्द पूरै दोहोरिएर अर्को शब्द बन्न जाने प्रक्रिया । जस्तै:

| शब्द | द्वित्व प्रक्रिया | पूर्ण द्वित्व शब्द |
|---|---|---|
| वन | वन+ वन | वनवन |
| तातो | तातो + तातो | तातोतातो |

(ख) आंशिक द्वित्व : कुनै शब्दको पूरै अंश नदोहोरिई कुनै अंशमात्र दोहोरिएर अर्को शब्द बन्ने प्रक्रिया । जस्तै :

| शब्द | द्वित्व प्रक्रिया | आंशिक द्वित्व शब्द |
|---|---|---|
| झगडा | झगडा + झगडा | झैंझगडा |
| सल्लाह | सल्लाह + सल्लाह | सर्सल्लाह |

(ग) आपरिवर्तित द्वित्व : कुनै शब्द दोहोरिएर अर्को शब्द बन्दा त्यस शब्दको कुनै ध्वनिमा परिवर्तन भई अर्को शब्द बन्ने प्रक्रिया । जस्तै:

| शब्द | द्वित्व प्रक्रिया | आपरिवर्तित द्वित्व शब्द |
|---|---|---|
| काट | काट + काट | काटकुट |
| पैचो | पैँचो + पैँचो | ऐँचोपैँचो |

| दिन : बारौं | समय : ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : हाम्रो संस्कृति (प्रबन्ध)**

**पाठ्यवस्तु : समास शब्द निर्माण प्रक्रिया**

**लक्षित सिप विकास : कार्यमूलक व्याकरण**

१. **विशिष्ट उद्देश्य :** यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) समस्त शब्दको निर्माण प्रक्रिया पहिचान गर्न

(ख) समासका प्रकारहरू पहिचान गरी समस्त शब्दलाई विग्रह गर्न

२. **शैक्षणिक सामग्री**

कोठे पद तालिका, समासका प्रकारको तालिका, समास शब्द प्रयोग भएका वाक्य र फलाटिन पाटी

३. **सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १**

- विद्यार्थीहरूलाई दुई दुई जनाको समूहमा विभाजन गर्नुहोस् र तलको कोठे पद प्रदर्शन गर्नुहोस् । त्यसमा ठाडो, तेर्सा र छड्केमा दुई दुई यस्ता मिल्दा शब्द छन् ती दुबैलाई जोडेर एउटै शब्दमा लेख्न सकिन्छ, त्यस्ता ६ ओटा शब्द मात्रको जोडी मिलाई लेख्न निर्देशन दिनुहोस् । जुन जोडीले चाँडो मिल्दो जोडी मिलाई लेख्न सक्यो त्यसलाई ताली बजाई सम्मान गर्न लगाउनुहोस् । सोही सन्दर्भलाई जोडी आजको कक्षामा अध्ययन र अभ्यास गरिने जानकारी विद्यार्थीलाई दिनुहोस् ।

| | | | | | |
|---|---|---|---|---|---|
| ल | च | ग | रा | दि | त |
| सा | नी | आ | मा | ल | नौ |
| थि | ला | स | मा | प | त |
| दा | म | थि | त | बु | ले |
| सु | पुच | ध | क | ल | बा |
| ल | छे | च | ख | टो | स |
| ति | ल | चा | ख | क | ख |
| थ | च | र्च | ल | ला | त |

**क्रियाकलाप २**

- विद्यार्थीहरूलाई निम्न लिखित चार्ट प्रस्तुत गर्नुहोस् र ती शब्दहरूको निर्माण प्रक्रियाकाबारेमा छलफल गर्न लगाई निष्कर्ष भन्न लगाउनुहोस् । विद्यार्थीबाट आएको निष्कर्षलाई समाहित गरी समास प्रक्रियाबाट शब्द निर्माण हुने प्रक्रियाबारे जानकारी दिनुहोस् । आवश्यक परेमा थप उदाहरणसमेत दिनुहोस् ।

| समास प्रक्रियाबाट शब्द निर्माण : | |
|---|---|
| समस्त शब्द | विग्रह रूप |
| डरले छेरुवा | डरछेरुवा |
| जेठो बाठो | जेठोबाठो |
| दिन भएसम्म | दिनभर |
| तिन कोणको समूह | त्रिकोण |

| | |
|---|---|
| चन्द्रमा जस्तो मुख भएकी | चन्द्रमुखी |
| सुख र दु:ख | सुखदु:ख |

**क्रियाकलाप ३**

- विद्यार्थीहरूलाई दुई दुई जनाको समावेशी समूहमा विभाजन गरी तल दिइएको समासका प्रकार उल्लेख भएको चार्ट प्रस्तुत गर्नुहोस् र तिनीहरूको निर्माण प्रक्रियाका सम्बन्धमा छलफल गरी निष्कर्ष निकाल्न

  निर्देशन दिनुहोस् :

| समासको नाम | विग्रह रूप | समस्त रूप |
|---|---|---|
| १. तत्पुरुष समास | भाइलाई मारा | भाइमारा |
| | रातमा अन्धो | रतन्धो |
| २. कर्मधारय समास | जेठो बाठो | जेठोबाठो |
| | गहुँझैं गोरो | गहुँगोरो |
| ३. अव्ययीभाव समास | आजभोलि | आजभोलि |
| | डाँडाको माथि | डाँडामाथि |
| ४. द्विगु समास | दुई नदीको समूह | दोभान |
| | तिन कोणको समूह | त्रिकोण |
| ५. बहुव्रीहि समास | हात्तीको जस्ता पाइला भएको | हात्तीपाइले |
| | चराको जस्तै नङ्ग्रा भएको | चरीनङ्ग्रे |
| ६. द्वन्द्व समास | लोग्ने र स्वास्नी | लोग्नेस्वास्नी |
| | नुन र तेल | नुनतेल |

- विद्यार्थी समूहबाट आएको निष्कर्षलाई समाहित गर्दै समास प्रक्रियाबाट शब्द निर्माण प्रक्रिया र समासका प्रकारको परिचय दिनुहोस् ।

**क्रियाकलाप ४**

- विद्यार्थीहरूलाई उपयुक्त समावेशी समूहमा विभाजन गरी व्याकरण अभ्यासको प्रश्न न. ६ देखि ९ सम्मका समस्त शब्द निर्माण र विग्रह गर्नेसम्बन्धी अभ्यास गर्न निर्देशन दिनुहोस् :
- विद्यार्थीहरूले लेख्दै गर्दा शिक्षकले सहजकर्ताको भूमिका निर्वाह गर्दै प्रत्येक समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।
- लेखन कार्य सकिएपछि पालैपालो समूह नेतामार्फत प्रस्तुतीकरण गर्न लगाई विद्यार्थीहरूबाटै टिप्पणीका लागि प्रोत्साहित गर्नुहोस् । हरेक समूहको प्रस्तुतिपछि ताली बजाई सम्मान गर्ने संस्कारको विकास गराउनुहोस् ।
- अन्त्यमा शिक्षकले विद्यार्थीहरूले कक्षा क्रियाकलापका प्रदर्शन गरेका सकारात्मक कार्यको प्रशंसा गर्दै सुधार गर्नुपर्ने पक्ष औंल्याई समग्रमा उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

- तल दिइएका शब्दहरू समास भए विग्रह र विग्रह रूप भएमा समस्त शब्द बनाउनुहोस् :

आजभोलि, ज्यानलाई मार्ने, भूकम्पले पीडित, पूजाकोठा, बुढोपाको, कालीमाटी, छ ओटा कोणको समूह, नौ रत्नको समूह, सँग र पात, सप्तर्षि, माखाका जस्ता बुट्टा भएको ।

**५. गृहकार्य**

- तल दिइएका शब्दहरू समास भए विग्रह र विग्रह रूप भएमा समस्त शब्द बनाउनुहोस् :

चतुर्भुज, पापपुण्य, आजभोलि, माछाको जस्तो पुच्छर छ जसको, दु:ख वा सुख, भाइलाई मारा, डिल पारि, पञ्चामृत, विकल्प नभएको, सूर्यको जस्तै मुख भएकी ।

**शिक्षकका लागि थप अध्ययन सामग्री**

समास प्रक्रियाद्वारा शब्द निर्माण :

- दुई वा दुईभन्दा बढी शब्द मिलेर एउटै नयाँ शब्द बन्ने शब्द निर्माणको प्रक्रियालाई समास भनिन्छ । दुई वा सोभन्दा बढी शब्दका रूपलाई विग्रह र ती शब्द मिलेर एउटै बनेको शब्दलाई समस्त शब्द भनिन्छ ।
- निर्माण प्रक्रियाको आधारमा समासलाई निम्नानुसार वर्गीकरण गरिएको छ :

१. तत्पुरुष समास

- पछिल्लो शब्दको अर्थ प्रधान भएर अघिल्लो शब्दको विभक्ति लोप भई दुई शब्दका बिच मेल हुने प्रक्रियालाई तत्पुरुष समास भनिन्छ । तत्पुरुष समासमा द्वितीया विभक्तिदेखि सप्तमी विभक्तिसम्म लोप भई शब्द निर्माण हुन्छन् । जस्तै:

| विग्रह रूप | समस्त शब्द | विग्रह रूप | समस्त शब्द |
|---|---|---|---|
| भाइलाई मारा | भाइमारा | गल्लीमा डुलुवा | गल्लीडुलुवा |
| डरले छेरुवा | डरछेरुवा | राष्ट्रको निर्माता | राष्ट्रनिर्माता |

२. कर्मधारय समास

- नामको नामसँग, विशेषणको नामसँग वा विशेषणको विशेषण शब्दसँग मेल भई पछिल्लो शब्दको अर्थ प्रधान हुने समासको प्रक्रियालाई कर्मधारय समास भनिन्छ । जस्तै :

| विग्रह रूप | समस्त शब्द | विग्रह रूप | समस्त शब्द |
|---|---|---|---|
| भानिज दाइ | भान्दाइ | सानी नानी | सान्नानी |
| गुरु आमा | गुरुआमा | सानी आमा | सानिमा |

३. अव्ययीभाव समास

- अव्यय र अव्यय शब्द वा नाम र अव्यय शब्दबिच मेल भई अर्को अव्यय शब्द बन्ने प्रक्रियालाई अव्ययीभाव समास भनिन्छ । जस्तै :

| विग्रह रूप | समस्त शब्द | विग्रह रूप | समस्त शब्द |
|---|---|---|---|
| आज भोलि | आजभोलि | शक्ति भएसम्म | यथाशक्ति |
| डााडाको माथि | डााडामाथि | यता र उता | यताउता |

४. द्विगु समास

- सङ्ख्यावाची विशेषण शब्दसँग समूहवाची नाम मिलेर नयाँ शब्द बन्ने प्रक्रियालाई द्विगु समास भनिन्छ । जस्तै:

| विग्रह रूप | समस्त शब्द | विग्रह रूप | समस्त शब्द |
| --- | --- | --- | --- |
| दुई साधको समूह | दोसाध | चार वेदको समूह | चतुर्वेद |
| पाँच रत्नको समूह | पञ्चरत्न | नौ ग्रहको समूह | नवग्रह |

५. बहुव्रीहि समास

दुई वा दुईभन्दा बढी शब्दहरू मिली नयाँ अर्थप्रधान हुने नयाँ शब्द बन्ने प्रक्रियालाई बहुव्रीहि समास भनिन्छ । जस्तै :

| विग्रह रूप | समस्त शब्द | विग्रह रूप | समस्त शब्द |
| --- | --- | --- | --- |
| लामो पुच्छर भएको | लामपुच्छ्रे | विकल्प नभएको | निर्विकल्प |
| लच्छिन नभएको | अलच्छिना | चराको जस्तै नङ्ग्रा भएको | चरीनङ्ग्रे |

६. द्वन्द्व समास

- दुई वा दुईभन्दा बढी समान महत्त्वका अर्थ भएका शब्दहरू मिलेर एकै शब्द बन्ने प्रक्रियालाई द्वन्द्व समास भनिन्छ । यसमा शब्दहरूको बिचमा रहने संयोजक लोप हुन्छन्, जस्तै :

| विग्रह रूप | समस्त शब्द | विग्रह रूप | समस्त शब्द |
| --- | --- | --- | --- |
| दाजु र भाइ | दाजुभाइ | न फेद न टुप्पो | फेदनटुप्पो |
| लेखा र जोखा | लेखाजोखा | नुन र तेल | नुनतेल |

**थप क्रियाकलाप**

**विद्यार्थीहरूलाई निम्नानुसारका प्रश्नहरूको उत्तर लेख्न लगाई उनीहरूको सिकाइको मूल्याङ्कन गर्न सक्नु हुने छ :**

१. तलका शब्द र अर्थको जोडा मिलाउनुहोस् : २

| **शब्द** | **अर्थ** |
| --- | --- |
| वाङ्मय : | सहनशीलता, सहने गुण |
| अनुसरण : | छेउ न टुप्पोको |
| उद्गमस्थल : | कुनै विचार वा व्यक्तिको पछि लाग्ने काम |
| सहिष्णुता : | भाषामा लेखिएका ग्रन्थ, साहित्य |
| | उत्पत्ति हुने ठाउँ |

२. तलका शब्दलाई नेपाली उच्चारणअनुसार अक्षर छुट्याई लेख्नुहोस् : ३

उदाहरण :

| **शब्द** | **नेपाली अक्षर संरचना** |
| --- | --- |
| व्यक्तिगत | व्यक् . ति . गत् |

पराजय, राजनीति, वैज्ञानिक, परिष्कार, प्रमाण, विश्वास, ।

४. तलको वाक्यमा प्रयोग भएका कुनै ६ ओटा समास र द्वित्व शब्दहरू टिपी विग्रह रूपसमेत देखाउनुहोस् : ३

त्रिवेणीमा बस्ने मेरा भान्दाइ फेदनटुप्पोका कुरा गरी यथाशक्ति ससाना कामसाम गर्न पनि अल्छी गर्छन् ।

५. तलकामध्ये कुनै एकको व्याख्या गर्नुहोस् : ४

(क) अबको संस्कृति विज्ञानभन्दा पर रहन सक्तैन ।

(ख) संस्कृति भूगोल, जातिअनुसार फरक हुन्छ ।

६. तलकामध्ये कुनै एक विषयका निबन्ध लेख्नुहोस् : ८

(क) हाम्रो संस्कृति (ख) मेरो जीवनको लक्ष्य (ग) देशभक्ति

पाठ १०

वादविवाद

# स्थानीयकरणभन्दा विश्वव्यापीकरण बेस

एकाइगत पाठ्यवस्तु विभाजन तालिका

| क्र.स. | पाठ्यवस्तु | पाठ्यभार |
|---|---|---|
| १. | सस्वरवाचन र शुद्ध उच्चारण | १ |
| २. | शब्दार्थ र वाक्यमा प्रयोग | १ |
| ३. | हाउभाउ सहित सस्वर पठन | १ |
| ४. | बुँदा टिपोट र सारांश लेखन | १ |
| ५. | भाव विस्तार | १ |
| ६. | वादविवाद कार्यक्रमको योजना निर्माण | १ |
| ७. | वादविवाद कार्यक्रमको आयोजना | २ |
| ८. | वर्णविन्यास (अजन्त, हलन्त, शिरबिन्दु र पञ्चम वर्णको प्रयोग) | १ |
| ९. | व्याकरण (सरल, मिश्र र संयुक्त वाक्य) | १ |
| १०. | व्याकरण (सबै कालका पूर्ण पक्ष ) | १ |
| ११. | सिर्जनात्मक लेखन (वादविवाद लेखन) | १ |
| | जम्मा | १२ |

**दिन : पहिलो** **समय ४५ मिनेट**

**पाठ शीर्षक : स्थानीयकरणभन्दा विश्वव्यापीकरण बेस (वादविवाद)**

**पाठ्यवस्तु : सस्वरवाचन र शुद्धोच्चारण**

**लक्षित सिप विकास : सुनाइ र बोलाइ**

१. **विशिष्ट उद्देश्य : यस** पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) पाठका निर्दिष्ट अनुच्छेदहरू सस्वरवाचन गर्न

(ख) पाठमा प्रयुक्त उच्चारणगत समस्या भएका नयाँ शब्दहरूलाई शुद्धसँग उच्चारण गर्न

२. **शैक्षणिक सामग्री**

शब्दपत्तीहरू र गोजीतालिका

३. **सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १**

- शब्द खेल विधिद्वारा विद्यार्थीहरूलाई उत्प्रेरणा जगाउनुहोस् । सोही सन्दर्भलाई जोडी आजको कक्षामा गरिने मुख्य क्रियाकलापकाबारेमा जानकारी दिनुहोस् ।

  खेलका लागि शब्द : कृपावाद, प्रवृत्ति, संवर्धन, आर्जनमुखी, संवाहक, अभ्यस्त, अराजकता, विसर्जन ।

**क्रियाकलाप २**

- विद्यार्थीलाई पाठको अभ्यासका प्रश्न न. १ देखि ३ सम्मका क्रियाकलापहरू निर्देशनअनुसार गराउनुहोस् ।

**क्रियाकलाप ३**

- शिक्षकले आफूले लगेको निम्न लिखित शब्द भएको शब्द सूची प्रदर्शन गर्नुहोस् र विद्यार्थीहरूलाई सामुहिक तथा एकल रूपमा शुद्ध उच्चारण गर्ने अभ्यास पालैपालो गराउनुहोस्:

| |
|---|
| सभाध्यक्ष, विद्वेष, विश्वव्यापीकरण, संवाहक, अस्तित्व, प्रतिस्पर्धा, यान्त्रिकीकरण विकासोन्मुख, रेमिट्यान्स, सङ्कुचित, संवर्धन, उपभोक्ता, विस्थापित, सङ्ग्रहणीय । |

- विद्यार्थीलाई शब्दार्थ सूची हेर्न निर्देशित गरी माथिका बाहेक अन्य कुनै शुद्ध उच्चारण गर्न कठिनाइ भएका शब्द भए माग गरी बारम्बार शुद्धोच्चारण सम्बन्धी अभ्यास गराउनुहोस् ।
- दोस्रो भाषा नेपाली भएका र ढिलो सिकाइ क्षमता भएका विद्यार्थीको उच्चारणगत समस्यामा बढी संवेदनशील भई आवश्यक थप अभ्यास गराई सहयोग पुऱ्याउनुहोस् ।
- अन्तमा सबै विद्यार्थीका क्रियाकलाप समेटिने गरी समग्रमा उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

- तलका शब्दहरू शुद्ध उच्चारण गर्न लगाउनुहोस् :

  सभाध्यक्ष, विद्वेष, विश्वव्यापीकरण, संवाहक, अस्तित्व, प्रतिस्पर्धा, विस्थापित, यान्त्रिकीकरण ।

**५. परियोजना कार्य**

- पाठको अध्ययन गरी आफूलाई नयाँ लागेका शब्दहरूको सूची निर्माण गरी ल्याउन निर्देशन दिनुहोस् ।

**शिक्षकका लागि थप अध्ययन सामग्री**

१. शब्द खेल विधिद्वारा विद्यार्थीहरूलाई उत्प्रेरणा जगाउने तरिका :

| |
|---|
| पाठभित्रका उच्चारणगत समस्या हुने केही शब्दहरू लेखी कागजको गोला बनाउनुहोस् । त्यसलाई एउटा बट्टामा हाली विद्यार्थीलाई पालैपालो त्यो गोला टिप्न लगाई त्यसमा लेखिएको शब्द सबैले सुन्ने गरी भन्न लगाउनुहोस् र त्यो शब्द शिक्षकले शैक्षणिक पाटीमा टिप्नुहोस् र अरूलाई पनि उच्चारण गर्न लगाउनुहोस् । |

| दिन : दोस्रो | समय ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : स्थानीयकरणभन्दा विश्वव्यापीकरण बेस (वादविवाद)**

**पाठ्यवस्तु : शब्दार्थ र वाक्यमा प्रयोग**

**लक्षित सिप विकास : पढाइ र लेखाइ**

**१. विशिष्ट उद्देश्य : यस** पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) पाठमा प्रयुक्त नयाँ शब्दहरूको अर्थ बताउन

(ख) शब्दहरूको प्रयोग गरी अर्थयुक्त वाक्य निर्माण गर्न

**२. शैक्षणिक सामग्री**

गोजीतालिका, शब्दार्थ सूची र वाक्यसूची

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १**

- गत दिनमा उच्चारणगत समस्या भएका शब्दहरू एकछिन सोच्नका लागि समय दिनुहोस् र तिन मिनेटको समय दिई द्रुत लेखन व्यक्तिगत रूपमा लेख्न लगाउनुहोस् । जसले धेरै शब्द चाँडो लेख्यो उसलाई कक्षा नायक घोषणा गर्नुहोस् र ताली बजाई सम्मान गर्न प्रोत्साहित गरी उत्प्रेरणा जगाउनुहोस् ।

**क्रियाकलाप २**

- विद्यार्थीहरूलाई पाठका अनुच्छेदहरू सर्सती पढ्नका लागि निर्देशन दिनुहोस् र पढेको आधारमा दुई दुई जना मिली निम्न लिखित शब्द र अर्थको जोडा मिलाई आआफ्नो कापीमा सार्न निर्देशन दिनुहोस् :

| **शब्द** | **अर्थ** |
|---|---|
| विकासोन्मुख : | उद्योग वा व्यवसायका लागि गरिएको खर्च |
| रेमिट्यान्स : | आफ्ना नाताको आधारमा सुविधा दिने प्रवृत्ति |
| सङ्कुचित : | व्यवसायको हिस्सा वा भाग, हिस्सा |
| नातावाद : | एकलौटी, प्रतिस्पर्धा नभएको |
| कृपावाद : | विकासतिर लम्किरहेको |
| सेयर : | उपभोग गर्ने व्यक्ति |
| लगानी : | वैदेशिक रोजगारीमा हुनेले स्वदेशमा पठाएको रकम |
| उपभोक्ता : | आफ्नो चाकडी गर्नेलाई सुविधा दिने प्रवृत्ति |
| एकाधिकार : | साँगुरिएको, खुम्चिएको |

- समूह कार्य सम्पन्न भएपछि पालैपालो प्रस्तुतीकरण गर्न लगाई उपयुक्त पृष्ठपोषणसमेत दिनुहोस् ।

**क्रियाकलाप ३**

- शिक्षकले आफूले लगेको वाक्यमा प्रयोग गरेको नमुना वाक्यसूची एक एक गरी प्रदर्शन गर्दै जानुहोस् र त्यस्तै प्रकृतिका वाक्यहरू निर्माण गर्नको लागि हिँड्दै अन्तरक्रिया गर्दै विधिको प्रयोग गरी नयाँ वाक्य निर्माण गर्न प्रोत्साहित गर्नुहोस् ।

  वाक्यमा प्रयोग गरिएको नमुना वाक्यसूची :

| **शब्द** | **वाक्य** |
|---|---|
| सङ्कुचित : | कसैले पनि विकास निर्माण कार्यमा हामीले सङ्कुचित विचार लिनुहुन्न । |
| विद्वेष : | हामीले समाजमा आपसी विद्वेष फैलाउने कुनै पनि काम गर्नुहुन्न । |
| स्थानीयकरण : | विकास निर्माण कार्यमा स्थानीयकरणमा जोड दिनुपर्छ । |
| भोगवादी : | भोगवादी विचार भएका मान्छेहरूले कहिल्यै मानसिक सुख प्राप्त गर्न सक्दैन । |
| अराजकता : | देशमा अराजकता फैलाउने जोसुकैलाई कडा सजायको व्यवस्था हुनुपर्छ । |
| संवर्धन : | हामीले आफ्नो मातृ भाषालाई संवर्धन गर्दै जानुपर्छ । |

- विद्यार्थीहरूबाट निर्मित वाक्यहरू कक्षामा प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।
- मिल्यो/मिलेन बाँकी विद्यार्थीहरूलाई मूल्याङ्कन गर्न प्रोत्साहित गर्नुहोस् र अन्तिममा मात्र शिक्षकले आवश्यक सुधारात्मक सुझाव दिनुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

- प्रश्नको उत्तर लेख्न र भन्न लगाई प्रतिबिम्बन/मूल्याङ्कन कार्य सम्पन्न गर्नुहोस् :

  (क) तल दिइएका शब्द र अर्थ मिल्ने गरी जोडा मिलाउन लगाउनुहोस् :

| **शब्द** | **अर्थ** |
|---|---|
| प्रवृत्ति | नाफा कमाउने खालको |

| | |
|---|---|
| संवर्धन | मोजमस्ती र ऐस आराम |
| अनुत्पादक | अरू कसैको आधार नलिएको |
| विलासिता | राम्ररी अघि बढाउने काम |
| आर्जनमुखी | बसिरहेको ठाउँबाट हटाइएको वा हट्न बाध्य भएको |
| मौलिक | उत्पादन नहुने |
| विस्थापित | चाल चलन, आचार |

(ख) तल दिइएका शब्दलाई वाक्यमा प्रयोग गर्न लगाई मौखिक उत्तर दिन लगाउनुहोस् :

सङ्कुचित, विद्वेष, अराजकता, संवर्धन ।

## ५. परियोजना कार्य

- निम्न लिखित शब्दहरूलाई वाक्यमा प्रयोग गरी ल्याउन निर्देशन दिनुहोस् :

  विकासोन्मुख, रेमिट्यान्स, सङ्कुचित, नातावाद, कृपावाद, सेयर, लगानी, उपभोक्ता, एकाधिकार ।

## शिक्षकका लागि थप अध्ययन सामग्री

### १. यताउति हिँड्दै अन्तरक्रिया गर्ने विधि

समूहका सबै विद्यार्थीहरू आफ्नो विषयवस्तु/प्रश्नसम्बन्धी प्रश्न वा समस्याको उत्तरको खोजीका लागि यताउति जता पनि हिँड्दै दुई वा सोभन्दा धेरै जनासँग अन्तरक्रिया गर्न सक्ने र प्रश्नको उत्तर पत्ता लगाई आफ्नै समूहमा आई साझा उत्तर बनाई लेखेर प्रस्तुतीकरण गर्ने ।

| दिन : तेस्रो | समय ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : स्थानीयकरणभन्दा विश्वव्यापीकरण बेस (वादविवाद)**

**पाठ्यवस्तु : हाउभाउसहित सस्वर पठन**

**लक्षित सिप विकास : पठन बोध**

## १. विशिष्ट उद्देश्य

(क) पाठका विषयवस्तु हाउभाउसहित पठन गरी सोसम्बन्धी सोधिएका प्रश्नहरूको उत्तर दिन

## २. शैक्षणिक सामग्री

पाठ्यपुस्तक

## ३. सिकाइ सहजीकरण प्रक्रिया

### क्रियाकलाप १

- विद्यार्थीले गत दिनमा गरेको गृहकार्य ठाउँठाउँबाट प्रस्तुतीकरण गर्न लगाउनुहोस् । विद्यार्थीहरूलाई आफूलाई मन परेका कुनै पनि व्यक्तिको भूमिका अभिनय गरेर देखाउन समय दिनुहोस् । त्यसपछि आजको दिनमा गरिने मुख्य क्रियाकलापहरूकाबारेमा जानकारी दिएर उत्प्रेरणात्मक क्रियाकलाप सञ्चालन गर्नुहोस् ।

### क्रियाकलाप २

- विद्यार्थीहरूलाई वादविवादलाई के कसरी हाउभाउसहित वाचन गर्ने सम्बन्धमा एकछिन छलफल गर्न लगाई एउटा शिक्षकले पाठको कुनै पात्रको हाउभाउसहित वाचन गरेर विद्यार्थीलाई नमुना प्रदर्शन गर्नुहोस् । त्यसपछि विद्यार्थीलाई पालैपालो एक दुई अनुच्छेदको हाउभाउसहित पठन गर्न लगाउनुहोस् ।

- हाउभाउसहित पठन गर्दा नमिलेका स्थानमा पठन कार्य त्यहीा रोकी आफूले आदर्श वाचन गरी सोअनुसार पुन: वाचन अभ्यास गराउनुहोस् ।

### क्रियाकलाप ३

- विद्यार्थीहरूलाई उपयुक्त समावेशी समूहमा विभाजन गरी बोलाइ अभ्यासको प्रश्न न. ५ देखि ७ सम्मका क्रियाकलाप गर्न लगाउनुहोस् । विद्यार्थीले क्रियाकलाप लेख्दै गरेको समयमा प्रत्येक समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।

**क्रियाकलाप ४**

- विद्यार्थीहरूलाई उपयुक्त समावेशी समूहमा विभाजन गरी पढाइ अभ्यासको प्रश्न न. ९ र ११ सम्मका क्रियाकलाप गर्न लगाउनुहोस् । विद्यार्थीले क्रियाकलाप लेख्दै गरेको समयमा प्रत्येक समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।

**क्रियाकलाप ५**

- विद्यार्थीहरूलाई उपयुक्त समावेशी समूहमा विभाजन गरी लेखाइ अभ्यासको प्रश्न न. १६ र १९ का लेखन क्रियाकलाप गर्न लगाउनुहोस् । विद्यार्थीले क्रियाकलाप लेख्दै गरेको समयमा प्रत्येक समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

- लेखाइ अभ्यासको प्रश्न न. १८ को प्रश्न विद्यार्थीलाई एकल रूपमा सोधी प्रतिबिम्बन/मूल्याङ्कन कार्य सम्पन्न गर्नुहोस् ।

**५. परियोजना कार्य**

- पाठका १२ औं १५ औं र १६ औं अनुच्छेदहरू पढी कुनै पाँच ओटा प्रश्न बनाई ल्याउन निर्देशन दिनुहोस् ।

| दिन : चौथो | समय ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : स्थानीयकरणभन्दा विश्वव्यापीकरण बेस (वादविवाद)**

**पाठ्यवस्तु : बुँदा टिपोट र सारांश लेखन**

**लक्षित सिप विकास : लेखाइ**

**१. विशिष्ट उद्देश्य : यस** पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्य गर्न समर्थ हुने छन् :

(क) निर्दिष्ट अनुच्छेदका मुख्य मुख्य कुराहरूको बुँदा टिपोट गर्न

(ख) निर्दिष्ट अनुच्छेदको एक तिहाइमा सङ्क्षेपीकरण गर्न

**२. शैक्षणिक सामग्री**

बुँदा टिपोट र सारांश लेखनको नमुना र फलाटिन पाटी

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १**

- गत दिनको परियोजना कार्य कार्य ठाउँठाउँबाट प्रस्तुतीकरण गर्न लगाई उनीहरूले गरेका राम्रा पक्षहरूको प्रशंसा गर्दै विद्यार्थीलाई सिकाइप्रति आकर्षित गर्नुहोस् । आजको कक्षामा गरिने मुख्य क्रियाकलाप शैक्षणिक पाटीमा लेखी सोबारे सङ्क्षिप्त जानकारी गराउनुहोस् ।

**क्रियाकलाप २**

- सर्वप्रथम शिक्षकले पाठको कुनै एक अनुच्छेदबाट चार ओटा बुँदा टिपोट गरिएको नमुना प्रदर्शन गर्नुहोस् र बुँदा टिपोट गर्ने तरिका बताई दिनुहोस् । (यसको नमुना र तरिकाबारे अघिल्लो पाठमा नमुना प्रदर्शन गरिसकिएको छ ।)
- विद्यार्थीहरूलाई उपयुक्त समावेशी समूहमा विभाजन गरी पाठको एघारौँ अनुच्छेद पढी त्यसबाट मुख्य मुख्य चार ओटा बुँदा टिपोट गर्न निर्देशन दिनुहोस् ।

- विद्यार्थीले काम सम्पन्न गरेपछि समूह नेताबाट कक्षामा प्रस्तुतीकरण गर्न लगाई आपसमा पृष्ठपोषण कार्य गर्न प्रोत्साहित गर्नुहोस् ।

**क्रियाकलाप ३**

- शिक्षकले पाठको कुनै एक अनुच्छेदबाट एक तिहाइमा सारांश लेखेको नमुना प्रदर्शन गर्नुहोस् र सारांश लेख्ने तरिकाकाबारेमा स्पष्ट धारणा दिनुहोस् ।

**सारांश लेखनको नमुना**

**अनुच्छेद**

विश्वव्यापीकरणमा धनी देशका धनी मानिसले मात्र अवसर पाउँछन् भन्ने पूर्व वक्ता मित्रको भनाइमा म सहमत छैन । बहु राष्ट्रिय कम्पनीहरू उदार अर्थनीतिमा आधारित हुन्छन् । तिनमा जो कोहीले nufgL गर्न सक्छ । सेयर बजारमा सस्ता मूल्यका सेयरहरू पनि हुन्छन् । थोरै पैसा हुनेले पनि अन्तर्राष्ट्रिय र बहु राष्ट्रिय कम्पनीका सेयर किन्न सक्छन् र नाफा कमाउन सक्छन् । त्यसैले पैसा भएर पनि nufgL गर्न नपाउने अवस्था हुँदैन । त्यस्तै सिप हुनेहरू त्यत्तिकै बस्नु पर्दैन । स्थानीयकरणमा लगानीका धेरै अवसरहरू हुँदैनन् र पुँजीको सही परिचालन हुँदैन । लगानीको अवसर नहुँदा मानिसहरूले अनुत्पादक क्षेत्र जस्तै घर, घडेरी र ljnfl;tfका वस्तुमा लगानी गर्छ । यस्तो लगानीबाट नाफा आर्जन हुँदैन । स्थानीयकरणको अर्थतन्त्र केवल निर्वाहमुखी हुन्छ । विश्वव्यापीकरणको अर्थतन्त्र नाफामुखी र cfh{gd'vL हुन्छ ।

**सारांश**

**विश्वव्यापीकरणको महत्त्व**

विश्वव्यापीकरणमा धनी देशले मात्र होइन उदार अर्थनीतिमा हुँदा थोरै पैसा हुनेले पनि सेयरमा लगानी गरी नाफा कमाउन सक्छन् । स्थानीयकरणमा लगानी निर्वाहमुखी मात्र हुने हुँदा अनुत्पादक लगानीबाट नाफा आर्जन हुँदैन । अर्थतन्त्र नाफामुखी र cfh{gd'vL x'g विश्वव्यापीकरण आवश्यक छ ।

पूराशब्द सङ्ख्या : १०७

सारांशकृत शब्द सङ्ख्या : ३६

- विद्यार्थीहरूलाई उपयुक्त समावेशी समूहमा विभाजन गरी पाठको १० औँ अनुच्छेद पढी त्यसको एक तिहाइ हुने गरी सारांश लेख्न निर्देशन दिनुहोस् ।
- विद्यार्थीले काम सम्पन्न गरेपछि समूह नेतामार्फत पालैपालो कक्षामा प्रस्तुतीकरण गर्न लगाउनुहोस् । हरेक समूहको प्रस्तुतिपछि बाँकी समूहलाई टिप्पणी गरी सुधारका लागि सुझाव दिन प्रोत्साहित गर्नुहोस् ।
- अन्तमा कक्षा कार्यको क्रममा विद्यार्थी समूहले प्रदर्शन गरेका सकारात्मक पक्षको प्रशंसा गर्दै सुधार गर्नुपर्ने पक्ष औंल्याई उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

निम्न लिखित प्रश्न सोधी प्रतिबिम्बन/मूल्याङ्कन कार्य सम्पन्न गर्नुहोस् :

- बुँदा टिपोटका गर्दा ध्यान दिनुपर्ने कुराहरू भन्नुहोस् ।
- सारांश कसरी लेखिन्छ ? भन्नुहोस् ।

**५. परियोजना कार्य**

- सामाजिक शिक्षा विषयको कुनै पाठको कुनै एक अनुच्छेद छानी त्यसबाट चार ओटा बुँदा टिपोट गरी त्यसको एक तिहाइमा सारांश पनि लेखेर ल्याउनुहोस् ।

**शिक्षकका लागि थप अध्ययन सामग्री**

## १. सारांश लेखन विधि

- सम्बद्ध अनुच्छेदलाई एक दुई पटक पढ्ने
- व्याख्यात्मक अंश र दोहोरिएका अंशलाई हटाई मुख्य अंशलाई मात्र रेखाङ्कन गर्ने
- अनुच्छेदका रेखाङ्कित अंशबाट आवश्यकता अनुसार मुख्य मुख्य बुँदा टिपोट गर्ने,
- बुँदा टिपोट कार्य पूराभएपछि सम्बद्ध अनुच्छेदको शब्द सङ्ख्या गनी एक तृतीयांश शब्द सङ्ख्या निर्धारण गर्ने
- खेस्राका रूपमा रहेका बुँदालाई अनुच्छेद बद्ध गरी सारांशको साफी लेखन गर्ने
- मूल अंश जतिसुकै अुनच्छेदको भए पनि सारांश लेख्दा एक अनुच्छेदमा लेख्ने
- सारांशको साफी लेखन पूराभएपछि उपयुक्त शीर्षक दिनुपर्ने र अन्त्यमा शब्द सङ्ख्या खुलाउने ।

**दिन : पाँचौा** **समय : ४५ मिनेट**

**पाठ शीर्षक : स्थानीयकरणभन्दा विश्वव्यापीकरण बेस (वादविवाद)**

**पाठ्यवस्तु : भाव विस्तार**

**लक्षित सिप विकास : लेखाइ**

### १. विशिष्ट उद्देश्य

(क) पाठभित्रका निदिष्ट विशिष्ट पङक्तिहरूको भाव विस्तार गर्न

### २. शैक्षणिक सामग्री

पाठ्यपुस्तक र भाव विस्तार गरिएको नमुना

### ३. सिकाइ सहजीकरण प्रक्रिया

**क्रियाकलाप १**

- गत दिनको परियोजना कार्य विद्यार्थीहरूलाई भन्न लगाई उत्प्रेरणात्मक क्रियाकलाप सम्पन्न गर्नुहोस् । आजको कक्षामा गरिने मुख्य कार्य शैक्षणिक पाटीमा लेखी विद्यार्थीहरूलाई जानकारी दिनुहोस् ।

**क्रियाकलाप २**

- आफूले कुनै एक विशिष्ट पङ्क्तिको भाव विस्तार गरेर लगेको नमुना शैक्षणिक सामग्री प्रदर्शन गर्नुहोस् र सोको अध्ययन गर्न विद्यार्थीलाई केही समय दिनुहोस् र भाव विस्तार गर्ने तरिकाका र सोको संरचना सम्बन्धी छलफल गर्न लगाई निष्कर्ष निकाल्न निर्देशन दिनुहोस् ।

**भाव विस्तारको नमुना :**

**भाव विस्तार गर्नुहोस् :**

‘विश्वव्यापीकरण वातावरणीय विनाशको मुख्य कारक हो ।’

विश्वव्यापीकरणभन्दा स्थानीयकरण बेस भन्ने वाद विवद प्रतियोगितामा स्थानीयकरणका पक्षमा बोल्ने वक्ताले माथिको अभिव्यक्ति दिएको पाइन्छ । यसले स्थानीयकरण बेस भन्ने पक्षमा वकालत गरेको पाइन्छ ।

विश्वव्यापीकरण विकाससँगै ठुला उद्योग र कल कारखानाहरू बढ्छन् । सहरीकरण पनि बढ्दै जान्छ । यसका लागि वन जङ्गल मासिँदै जाने हुन्छ । यसबाट वातावरण प्रदूषण बढेर ओजोन तहको विनाश हुने प्रबल सम्भावना हुन्छ । यसबाट पृथ्वीमा जीवको अस्तित्व नै सङ्कटमा पर्ने ठुलो सम्भावना हुन्छ । यसको प्रमाणका रूपमा धेरै विकसित भनाउँदा देशहरूको वातावरणीय समस्यालाई हेरे पुग्छ । यसको सट्टा स्थानीयकरणमा साना र घरेलु उद्योगमा जोड दिइन्छ । यसले सहरीकरणलाई नियन्त्रण गर्छ, वन जङग्लको संरक्षण गर्न र

हानिकारक ग्याँस उत्पादन गर्ने कारखानाहरूको नियन्त्रण गर्न मदत पुऱ्याउँछ ।

वातावरणको संरक्षण र विकासमा ठुलो टेवा पुऱ्याउने भएकाले हामीले विश्वव्यापीकरणमा हैन, स्थानीयकरणमा जोड दिनु आवश्यक छ ।

- अन्तमा भाव विस्तार गर्ने तरिकाकाबारेमा लघु प्रवचन दिई लेख्ने तरिकाको स्पष्ट धारणा दिनुहोस् ।

**क्रियाकलाप ३**

- विद्यार्थीहरूलाई उपयुक्त समूहमा विभाजन गर्नुहोस् र लेखाइ अभ्यासको प्रश्न न. १४ र १५ मा दिइएका क्रियाकलाप गर्न दिनुहोस् ।
- विद्यार्थीले लेख्दै गर्दा सबै समूहमा पुगी अलमल परेको स्थानमा आवश्यक सहजीकरण गर्नुहोस् ।
- निर्दिष्ट समय समाप्त भएपछि समूहको नेताबाट पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र बाँकी समूहलाई टिप्पणी र सुधारका लागि सुझाव दिन लागि प्रोत्साहित गर्नुहोस् ।

**क्रियाकलाप ४**

- विद्यार्थीहरूलाई उपयुक्त समाबेसी समूहमा विभाजन गर्नुहोस् र प्रश्न न. १७ को (क) मा दिइएको विशिष्ट पङ्क्तिको भाव विस्तार÷व्याख्या गर्न लगाउनुहोस् ।
- विद्यार्थीले लेख्दै गर्दा सबै समूहमा पुगी अलमल परेको स्थानमा आवश्यक सहजीकरण गर्नुहोस् ।
- समय समाप्त भएपछि समूहको नेताबाट पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र अन्य समूहलाई टिप्पणी र सुधारका लागि सुझाव दिन लागि प्रोत्साहित गर्नुहोस् ।
- अन्त्यमा विद्यार्थीहरूले आजको कक्षामा गरेका सबल पक्षहरूको प्रशंसा गर्दै सुधार गर्नुपर्ने पक्षहरू औंल्याई समग्रमा  उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

- विद्यार्थीहरूलाई व्याख्या वा भाव विस्तार गर्ने तरिकाकाबारेमा प्रश्न सोधी प्रतिबिम्बन/मूल्याङ्कन कार्य सम्पन्न गर्नुहोस् ।

**५. गृहकार्य**

- निम्न लिखित विशिष्ट पङ्क्तिको भाव विस्तार गरेर ल्याउन निर्देशन दिनुहोस् :

  “स्थानीय उत्पादनहरू बढी लाभदायक, टिकाउ र अझ सङ्ग्रहणीय हुन्छन् ।”

## शिक्षकका लागि थप अध्ययन सामग्री

**१. भाव विस्तार गर्ने तरिका**

- दिइएको वाक्यलाई राम्ररी पढी त्यसले भन्न खोजेको मुख्य कुरालाई ठम्याउने
- पहिलो अनुच्छेदमा त्यो भाव कुन प्रसङ्गमा आएको हो सो कुरा उल्लेख गर्ने
- दोस्रो अनुच्छेदमा दिइएको वाक्य वा वाक्यांसले भन्न खोजेको कुरालाई सरल भाषामा सबैले बुझ्ने गरी व्याख्या वा विस्तार गर्ने
- स्पष्ट धारणा दिनका लागि थप उदाहरण आदि पनि दिन सकिन्छ
- अन्तिम अनुच्छेदमा त्यसमो निष्कर्ष दिने
- पहिलो र अन्तिम अनुच्छेद बढीमा दुई वा तिन वाक्यसम्म लेख्दा राम्रो हुने
- दोस्रो अनुच्छेदमा भने विस्तार गर्नुपर्ने सबै कुरा उल्लेख गर्ने
- व्याख्या गर्दा आफ्ना निजी विचार राख्न पाइन्छ भने भाव विस्तार गर्दा भने दिइएको वाक्यले

| |
|---|
| भन्न खोजेको कुरामा मात्र केन्द्रित गरेर व्याख्या गर्नुपर्छ |

| | |
|---|---|
| **दिन : छैटौं र सातौ** | **समय : ४५ मिनेट** |

**पाठ शीर्षक : स्थानीयकरणभन्दा विश्वव्यापीकरण बेस (वादविवाद)**

**पाठ्यवस्तु : वादविवाद कार्यक्रम योजना निर्माण**

**लक्षित सिप विकास : प्रयोगात्मक कार्य**

१. **विशिष्ट उद्देश्य :** यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

- वादविवाद कार्यक्रमको योजना निर्माण गर्न

२. **शैक्षणिक सामग्री**

वादविवाद कार्यक्रमको कार्य तालिकाको नमुना सूची

३. **सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १**

- विद्यार्थीहरूलाई दुई दुई जनाको समूहमा विभाजन गरी गत दिनको गृहकार्यलाई एकआपसमा कापी साटासाट गरी उनीहरूलाई नै सच्याउन निर्देशन दिनुहोस् ।
- भोलिपल्ट कक्षामा वादविवाद प्रतियोगिता हुने जानकारी विद्यार्थीहरूलाई दिनुहोस् र त्यसका लागि के के गर्नुपर्ला भन्ने प्रश्न राखी केही समय छलफल कार्यक्रम चलाउनुहोस् । विद्यार्थीले दिएका मुख्य मुख्य विचारहरूलाई शैक्षणिक पाटीमा टिप्दै जानुहोस् ।

**क्रियाकलाप २**

- शिक्षकले निम्नलिखित प्रकृतिका जल्दाबल्दा मुद्दामा आधारित वादविवादका विषयहरू दिई विद्यार्थीहरूको सहमतिबाट एउटा मात्र विषयको छनोट गर्न निर्देश गरी सो कार्यका लागि आवश्यक सहजीकरण गर्नुहोस् ।

| |
|---|
| (क) अपाङ्गता भएकालाई दया गर्नुभन्दा कामको अवसर दिनु बेस हुन्छ । |
| (ख) छोरीलाई अंश दिनुभन्दा शिक्षा दिनु बेस हुन्छ । |
| (ग) विज्ञान अभिशाप होइन वरदान हो । |
| (घ) कुनै पनि मान्छे जातले भन्दा विचारले ठुलो हुन्छ । |

- विद्यार्थीहरूबाट शीर्षक छनोट भएपछि शिक्षकले निम्नलिखित ढाँचाको सूची प्रदर्शन गरी विद्यार्थीहरूलाई आपसी छलफल गर्न लगाई भोलिका लागि आआफ्नो भूमिका छान्न निर्देश गर्नुहोस् ।
  - उद्घोषक :
  - सभापति :
  - निर्णायक मण्डल :
  - समय सचेतक :
  - पक्षमा बोल्ने वक्ताहरू : ३ जना
  - विपक्षमा बोल्ने वक्ताहरू : ३ जना

क्रियाकलाप ३

- शिक्षकले माथिका भूमिकाहरू निर्वाह गर्ने विद्यार्थीहरूलाई उनीहरूले भोलिको कार्यक्रममा निर्वाह गर्नुपर्ने भूमिकाकाबारेमा लघु प्रवचन दिई आवश्यक प्रशिक्षण दिनुहोस् । विद्यार्थीहरूबाट कुनै जिज्ञासाहरू आएमा आफूले नै भूमिका निर्वाह विधिको उपयोग गरी थप प्रस्ट पार्नुहोस् ।
- अन्तिममा शिक्षकले भोलिको कार्यक्रमको सफलताको कामना गर्दै सकारात्मक पृष्ठपोषण दिनुहोस् ।

## ४. प्रतिबिम्बन/मूल्याङ्कन

निम्न लिखित प्रश्नहरू सोधी प्रतिबिम्बन/मूल्याङ्कन कार्य सम्पादन गर्नुहोस् :

- वादविवाद कार्यक्रम सञ्चालन गर्दा सभापतिले कुन कुन कुराहरूमा ध्यान दिनुपर्दछ ?
- वादविवाद कार्यक्रम सञ्चालन गर्दा उद्घोषकले कुन कुन कुराहरूमा ध्यान दिनुपर्दछ ?
- वादविवाद कार्यक्रम सञ्चालन गर्दा निर्णायक मण्डलले कुन पक्षहरूमा ध्यान दिनुपर्दछ ?
- वादविवाद कार्यक्रम सञ्चालन गर्दा समय सचेतकले कस्तो काम गर्नुपर्दछ ?
- वादविवाद कार्यक्रममा बोल्दा प्रतियोगी वक्ताहरूले कुन कुन कुराहरूमा ध्यान दिनुपर्दछ ?

## ५. परियोजना कार्य

- भोलि हुने वादविवाद प्रतियोगितामा आआफ्नो भूमिकामा चाहिने आवश्यक सामग्री तथा अन्य तयारीका कार्यहरू सम्पन्न गरी आउने भन्ने परियोजना कार्य दिनुहोस् ।

| दिन : आठौँ | समय : ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : स्थानीयकरणभन्दा विश्वव्यापीकरण बेस (वादविवाद)**

**पाठ्यवस्तु : वादविवाद कार्यक्रम आयोजना**

**लक्षित सिप विकास : बोलाइ (तर्क, खण्डन मण्डन)**

## १. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

- कक्षामा वादविवाद कार्यक्रम सञ्चालन गर्ने क्षमताको विकास गर्न

## २. शैक्षणिक सामग्री

- वादविवादको नियम सूची, वादविवाद प्रतियोगिताको मूल्याङ्कन फारम र पुरस्कार सामग्री

## ३. सिकाइ सहजीकरण प्रक्रिया

### क्रियाकलाप १

- आयोजक विद्यार्थीहरूलाई आआफ्नो जिम्मेवारीको तयारी के कसरी गरिएको छ सो कुरा भन्न लगाई उत्प्रेरणात्मक कार्य सम्पन्न गर्नुहोस् ।

### क्रियाकलाप २

- उद्घोषकबाट आसन ग्रहणको कार्यक्रम गराउन सहजीकरण गर्नुहोस् र वादविवादमा पालना गर्नुपर्ने नियमहरू भन्न लगाउनुहोस् र आफूले लगेको वादविवाद प्रतियोगिताको मूल्याङ्कन फारम दिई भर्ने तरिकाबारे निर्णायक मण्डललाई प्रशिक्षण दिनुहोस् ।
- विद्यार्थीहरूलाई वादविवाद कार्यक्रम सञ्चालन गर्न अनुमति दिनुहोस् र कार्यक्रम सञ्चालक तथा प्रतियोगितामा संलग्न विद्यार्थीहरू अलमल भएको ठाउँमा सहजीकरण गर्दै जानुहोस् ।

### क्रियाकलाप ३

- प्रतियोगी विद्यार्थीहरूले बोल्ने पालो सकिएपछि निर्णायक मण्डललाई प्रथम, द्वितीय, तृतीय र सान्त्वना पुरस्कार पाउने विद्यार्थीको नतिजा घोषणा गर्न लगाउनुहोस् ।
- पुरस्कार वितरणका लागि प्रमुख अतिथिको रूपमा प्रअ वा कुनै अग्रजलाई बोलाई आफूले ठिक्क पारेर लगेको पुरस्कार चारै जनालाई वितरण गर्न सहयोग पुऱ्याउनुहोस् । त्यसपछि प्रमुख अतिथिबाट मन्तव्य दिन लगाउनुहोस् । समय भएमा विजयी विद्यार्थीलाई आफ्ना अनुभूतिहरू भन्ने समय दिनुहोस् अन्यथा सभापतिको मन्तव्यसहित कार्यक्रमको समापन भएको घोषणा गर्न लगाउनुहोस् ।

- अन्तमा शिक्षकले सकारात्मक पृष्ठपोषण सहित कार्यक्रममा सहभागी सबैलाई धन्यवाद ज्ञापन गर्दै कक्षा कार्य सम्पन्न गर्नुहोस् ।

## ४. प्रतिबिम्बन/मूल्याङ्कन

निम्नलिखित प्रश्नहरू सोधी प्रतिबिम्बन/मूल्याङ्कन कार्य सम्पादन गर्नुहोस् :

(क) आजको कार्यक्रमको सबभन्दा राम्रो पक्ष के रह्यो ?

(ख) आजको कार्यक्रमको सबभन्दा कमजोर पक्ष के रह्यो ?

(ग) अर्को पटक यस्तै वादविवाद कार्यक्रम गर्दा कुन कुन पक्षमा विशेष ध्यान दिनुपर्ला ?

(घ) वादविवाद कार्यक्रम सञ्चालन गर्दा सबभन्दा राम्रो भूमिका कसले निर्वाह गरेको पाउनुभयो ?

## ५. सिर्जनात्मक कार्य

- पाठको सिर्जनात्मक अभ्यासमा दिइएको निम्न लिखित कार्य गरेर ल्याउन निर्देशन दिनुहोस् :

  पक्ष र विपक्षमा एक एक जना वक्ताका भनाइ समावेश गरी तलका मध्ये कुनै एक विषयमा वादविवाद लेख्नुहोस् :

  (क) मनभन्दा धन ठुलो ।

  (ख) इन्टरनेट अभिशाप होइन वरदान हो ।

  (ग) नेपालमा कृषिमा भन्दा उद्योगमा जोड दिनुपर्छ ।

  (घ) वैदेशिक रोजगारभन्दा स्थानीय स्वरोजगार बेस ।

## शिक्षकका लागि थप अध्ययन सामग्री

### १. वादविवादका नियम

(क) एक जना वक्तालाई ४ मिनेटको समय दिइने छ । ३ मिनेटमा जनाउ घन्टी र ४ मिनेटमा अन्तिम घन्टी बज्ने छ । अन्तिम घन्टी बजेपछि वक्ताको समय सकिने छ । त्यसपछि बोलेको कुरालाई मूल्याङ्कनमा समावेश गरिने छैन ।

(ख) वक्ताले कुनै पनि जाति, वर्ग, समुदाय, धर्म, क्षेत्र, लिङ्गप्रति भेदभाव हुने, आक्षेप लगाउने र आपसी कलह र विद्वेष फैलाउने भावना व्यक्त गर्न पाइँदैन ।

(ग) विपक्षका भनाइलाई खण्डन वा असहमति प्रकट गर्दा शिष्ट र मर्यादित भाषाको प्रयोग गर्नुपर्छ ।

(घ) बोल्दा कुनै पनि सिसिमको लिखित सामग्री हेर्न पाइँदैन ।

(ङ) निर्णायक मण्डलको निर्णय अन्तिम हुने छ ।

### २. वादविवाद मूल्याङ्कन फारम

| क्र. स. | प्रतियोगीको नाम | मूल्याङ्नका आधार | | | | | | जम्मा | नतिजा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रस्तुतीकरण (५) | विचार/तर्क (१०) | खण्डन/मण्डन (१०) | हाउभाउ (१०) | भाषा/शैली (१०) | समापन (५) | (५०) | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|

| दिन : नवौं | समय : ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : स्थानीयकरणभन्दा विश्वव्यापीकरण बेस (वादविवाद)**

**पाठ्यवस्तु : वर्णविन्यास (अजन्त/ हलन्त, शिरविन्दु र पञ्चम वर्णको प्रयोग)**

**लक्षित सिप विकास : शुद्ध लेखन**

१. **विशिष्ट उद्देश्य : यस** पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

- अजन्त/ हलन्त, शिरविन्दु र पञ्चम वर्णको उपयुक्त स्थानमा प्रयोग गर्न

२. **शैक्षणिक सामग्री**

- पाठ्यपुस्तक, शब्दपत्ती, शब्द सूची र फलाटिन पाटी

३. **सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १**

- विद्यार्थीहरूलाई दुई समूहमा विभाजित गरी निम्न लिखित शब्दसूची प्रदर्शन गर्दै शुद्ध र अशुद्ध शब्द छुट्याउने प्रतियोगिता गराई उत्प्रेरणात्मक क्रियाकलाप सञ्चालन गर्नुहोस् र आज अध्ययन गरिने विषय वस्तुकाबारेमा जानकारी दिनुहोस् :

| | | | | | |
|---|---|---|---|---|---|
| श्रीमान् | शंका | संयोग | विपद | घन्टी | जंती |
| पञ्जा | सन्सार | अकस्मात | डन्डी | विद्युत् | |
| टण्टा | गर्छन | दर्शन् | वृहत् | पण्डित | सम्वाद |

**क्रियाकलाप २**

- विद्यार्थीहरूलाई उपयुक्त समूहमा विभाजन गरी पाठको अभ्यासको प्रश्न न. २० को क्रियाकलाप गर्न निर्देशन दिनुहोस् ।
- प्रत्येक विद्यार्थी समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् । समूह कार्य सकिएपछि पालैपालो प्रस्तुतीकरण गर्न लगाई नमिलेका स्थानमा मिलाएर सार्न लगाउनुहोस् ।

**क्रियाकलाप ३**

- विद्यार्थीहरूलाई उपयुक्त समूहमा विभाजन गरी पाठको अभ्यासको प्रश्न न. २१ र २२ का क्रियाकलाप गर्न निर्देशन दिनुहोस् ।
- प्रत्येक विद्यार्थी समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् । समूह कार्य सकिएपछि पालैपालो प्रस्तुतीकरण गर्न लगाई नमिलेका स्थानमा मिलाएर सार्न लगाउनुहोस् ।

**क्रियाकलाप ४**

- विद्यार्थीहरूलाई उपयुक्त समूहमा विभाजन गरी पाठको अभ्यासको प्रश्न न. २३, २४ र २५ का क्रियाकलाप गर्न निर्देशन दिनुहोस् ।
- प्रत्येक विद्यार्थी समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् । समूह कार्य सकिएपछि पालैपालो प्रस्तुतीकरण गर्न लगाई नमिलेका स्थानमा मिलाएर सार्न लगाउनुहोस् ।
- अन्तमा विद्यार्थी समूहले सम्पन्न गरेका सकारात्मक कार्यको प्रशंसा गर्दै सुधार गर्नुपर्ने पक्ष औंल्याई उपयुक्त पृष्ठपोषण दिई कक्षा कार्य सम्पन्न गर्नुहोस् ।

४. **प्रतिबिम्बन/मूल्याङ्कन**

शुद्ध पारी सार्न लगाई एक आपसमा कापी साटासाट गरी परीक्षण गर्न निर्देशन दिनुहोस् :

कुनै पनी कुरालाइ स्यानो क्षेत्र वा खन्डमा सिमित गर्नु स्थानियकरण हो । यसले मानिस्लाई सानो घेरामा कैड गर्छ, ;+s'lrt बनाउछ ।

५. **गृहकार्य**

- तलको वाक्यलाई शुद्ध पारी सारेर ल्याउनुहोस् :

  (क) वाताबरनको सम्रक्षण र सम्वर्धन गर्नु मानिसको कर्तव्य होइन् र ?

  (ख) यो जगत् अर्थात सन्सार बृहत छ ।

## शिक्षकका लागि थप अध्ययन सामग्री

१. वर्णविन्यास सम्बन्धी विशेष अध्ययनका लागि पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुरबाट प्रकाशित 'प्रकाशन शैली' पुस्तिका, परिमार्जित संस्करण, २०७० को अध्ययन गर्नुहोस् ।

**दिन : दसौँ समय :४५ मिनेट**

**पाठ शीर्षक : स्थानीयकरणभन्दा विश्वव्यापीकरण बेस (वादविवाद)**

**पाठ्यवस्तु : व्याकरण (सरल, मिश्र र संयुक्त वाक्य)**

**लक्षित सिप विकास : कार्यमूलक व्याकरण**

**१. विशिष्ट उद्देश्य : यस** पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

- सरल, मिश्र र संयुक्त वाक्य पहिचान गरी प्रयोग गर्न

**२. शैक्षणिक सामग्री**

- पाठ्यपुस्तक , वाक्य तालिका, वाक्यसूची र फलाटिन पाटी

**३. सिकाइ सहजीकरण प्रक्रिया**

क्रियाकलाप १

- विद्यार्थीहरूलाई निम्न लिखित प्रश्न शैक्षणिक पाटीमा लेखी दिएर **सोच्ने, जोडी बनाउने र आदानप्रदान गर्ने विधिको** प्रयोग गरी उत्प्रेरणात्मक क्रियकलाप गराउनुहोस् र सोही सन्दर्भलाई जोडी आजको मुख्य क्रियाकलापकाबारेमा जानकारी दिनुहोस् :

प्रश्न: तपाईंले जानेको आधारमा वर्तमान, भूत र भविष्यत् कालका एक एक वाक्य लेखी सुनाउनुहोस् ।

क्रियाकलाप २

- विद्यार्थीहरूलाई उपयुक्त समूहमा विभाजन गरी तलको तालिकामा दिइएका वाक्यहरूको पहिचान गर्न केही समय दिई ती वाक्यहरूमा देखिएका भिन्नताबारे छलफल गर्न लगाई निष्कर्ष निकाल्न निर्देशन दिनुहोस् :

| सरल वाक्य | मिश्र वाक्य | संयुक्त वाक्य |
|---|---|---|
| (क) ऊ आफू काम नगरी अरूलाई पनि काम गर्न दिँदैन । | (क) जो आफू काम गर्दैन उसले अरूलाई पनि काम गर्न दिँदैन । | (क) ऊ आफू काम गर्दैन र अरूलाई पनि काम गर्न दिँदैन । |
| (ख) ऊ अल्छी भएकाले प्रगति गर्न सकेन । | (ख) जो मान्छे अल्छी छ, त्यसले प्रगति गर्न सकेन । | ख) ऊ मान्छे अल्छी छ त्यसैले उसले प्रगति गर्न सकेन । |
| (ग) म भोकाएकाले धेरै खाना खाएा। | (ग) जो भोकाएको थियो उसले धरै खाना खायो । | (ग) म भोकाएको थिए अनि मैले धेरै खाना खाएँ । |

- विद्यार्थी समूहबाट आएको निष्कर्षलाई समाहित गर्दै सरल, मिश्र र संयुक्त वाक्यको परिचय दिनुहोस् ।

**क्रियाकलाप ३**

- विद्यार्थीहरूलाई उपयुक्त समूहमा विभाजन गरी व्याकरण अभ्यासको प्रश्न न. १ र २ को क्रियाकलाप गर्न निर्देशन दिनुहोस् ।

- प्रत्येक विद्यार्थी समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् । समूह कार्य सकिएपछि पालैपालो प्रस्तुतीकरण गर्न लगाई नमिलेका स्थानमा मिलाउन लगाउनुहोस् ।

**क्रियाकलाप ४**

- विद्यार्थीहरूलाई उपयुक्त समूहमा विभाजन गरी व्याकरण अभ्यासको प्रश्न न. ३ र ४ का क्रियाकलाप गर्न निर्देशन दिनुहोस् ।
- प्रत्येक विद्यार्थी समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् । समूह कार्य सकिएपछि पालैपालो प्रस्तुतीकरण गर्न लगाई नमिलेका स्थानमा मिलाउन लगाउनुहोस् ।
- अन्तमा विद्यार्थी कार्यको सकारात्मक पक्षको प्रशंसा गर्दै आवश्यक पृष्ठपोषणसहित सहभागी सबैलाई धन्यवाद ज्ञापन गर्दै कक्षा कार्य सम्पन्न गर्नुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

तल दिइएका वाक्यहरू सरल, मिश्र र संयुक्त कुन हो ? भन्नुहोस् :

(क) मिङमा घर गएर लुगा फेरेपछि भात पकाउन लाग्छे ।

(ख) धनमान पढी लेखी ठुलो मान्छे भएर नाम कमाउन चाहन्छ ।

(ग) ऊ आफू पनि काम गर्दै अरूलाई पनि काम गराउँछ ।

(घ) जुन मान्छे अल्छी छ, त्यसले प्रगति गर्न सक्दैन ।

(ङ) जहिले ऊ आउला, त्यसै बेला म सहयोग गरुँला ।

(च) जसले राम्ररी मिहिनत गर्छ, ऊ सफल हुन्छ ।

(छ) मैले दियालाई बोलाएँ तर ऊ आइन ।

(ज) तिमी खाने भए खाऊ नत्र म नै खान्छु ।

(झ) रमेश आयो अनि सरिता विद्यालय गई ।

**५. सिर्जनात्मक कार्य**

- सरल, मिश्र र संयुक्त तिन ओटै वाक्यको प्रयोग गरी छोटो दैनिकी लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

## शिक्षकका लागि थप अध्ययन सामग्री

**१. सोच्ने, जोडी बनाउने र आदानप्रदान गर्ने विधि**

कुनै विषयवस्तु/प्रश्न दिई विद्यार्थीहरूलाई व्यक्तिगत रूपमा उत्तर सोचेर लेख्न लगाउने, नजिकै बस्ने साथीसँग जोडी बनेर साझा उत्तर तयार पारी प्रस्तुत गर्न लगाउने ।

**२. वाक्यका किसिम**

(क) सरलवाक्य

वाक्यलाई टुङ्ग्याउने एउटा मात्र समापक क्रिया भएको वाक्यलाई सरलवाक्य भनिन्छ । सरल वाक्यमा एकभन्दा बढी जतिसुकै शब्द रहन सक्छन् । साथै असमापक क्रिया पनि जति पनि आउन सक्छन् । एउटा वाक्यमा एउटा मात्र समापक क्रिया रहेसम्म त्यो सरल वाक्य नै हुन्छ । जस्तै:

(क) मिङमा घर गएर लुगा फेरेपछि भात पकाउन थाल्छे ।

(ख) धनमान पढी लेखी ठुलो मान्छे भएर नाम कमाउन चाहन्छ ।

माथिका वाक्यहरूमा कतिपय असमापक क्रिया भए पनि वाक्यलाई समापन गर्ने क्रियाहरू क्रमश: 'लाग्छे, चाहन्छ, गराउँछ, फर्कन्छ' एउटा एउटा मात्र भएकाले यी सबै वाक्य सरल वाक्यहरू हुन् ।

(ख) मिश्रवाक्य

एउटा अधीन र अर्को स्वाधीन उपवाक्य मिली एउटै वाक्य बनेको छ भने त्यस्तो वाक्यलाई मिश्र वाक्य भनिन्छ। मिश्र वाक्यमा मिसिएर आउने उपवाक्यहरूलाई जोड्न सामान्यत: सापेक्ष संयोजकहरू (जे, जुन, जहिले, जहाँ, जसरी, जो, जसले) आएका हुन्छन्। जस्तै:

(क) जुन मान्छे अल्छी छ, त्यसले प्रगति गर्न सक्दैन।

(ख) जहिले ऊ आउला, त्यसै बेला म सहयोग गरुँला।

माथिका सबै वाक्यहरू दुई दुई उपवाक्य मिलेर बनेका छन्। एउटा अधीन र एउटा स्वाधीन उपवाक्य छन्। सबैलाई सापेक्ष संयोजक जोडिएको छ। यस अर्थमा माथिका सबै वाक्य मिश्र वाक्यहरू हुन्।

(ग) संयुक्त वाक्य

दुई वा सोभन्दा बढी स्वाधीन उपवाक्य भएको वाक्यलाई संयुक्त वाक्य भनिन्छ। संयुक्त वाक्यमा कम्तीमा दुई ओटा स्वतन्त्र वाक्य हुनै पर्छ। संयुक्त वाक्यभित्र रहेका स्वतन्त्र उपवाक्यहरूलाई जोड्न सामान्यत: निरपेक्ष संयोजकहरू (र, तर, अनि, तैपनि, हुनत, नत्र, किनभने, त्यसैले, तसर्थ, किनकि आदि) लागेका हुन्छन्। जस्तै:

(क) पेम्बाले किताब किनेन त्यसैले उसले पढ्न पाएन

(ख) मैले दियालाई बोलाए तर ऊ आइन।

माथिका वाक्यहरूमा न. (क) देखि (घ) सम्म कम्तीमा दुई दुई ओटा स्वाधीन (स्वतन्त्र) उपवाक्य छन्। वाक्यभित्रका उपवाक्यलाई जोड्न क्रमश: 'त्यसैले, तर, नत्र, अनि' निरपेक्ष संयोजक आएका छन्। यिनै अर्थहरूमा भन्न सकिन्छ कि त्यैले माथिका चार ओटै वाक्यहरू संयुक्त वाक्य हुन्।

| दिन : एघारौँ | समय : ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : स्थानीयकरणभन्दा विश्वव्यापीकरण बेस (वादविवाद)**

**पाठ्यवस्तु : व्याकरण (सबै कालका पूर्ण पक्ष)**

**लक्षित सिप विकास : कार्यमूलक व्याकरण**

## १. विशिष्ट उद्देश्य

यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

- सबै कालका पूर्ण पक्षका रूप चलाई वाक्य निर्माण गर्न

## २. शैक्षणिक सामग्री

वाक्य तालिका, वाक्यसूची र फलाटिन पाटी

## ३. सिकाइ सहजीकरण प्रक्रिया

### क्रियाकलाप १

- विद्यार्थीहरूलाई निम्न लिखित प्रश्न शैक्षणिक पाटीमा लेखी दिएर **सोच्ने, जोडी बनाउने र आदानप्रदान गर्ने विधिको** प्रयोग गरी उत्प्रेरणत्मक क्रियकलाप गराउनुहोस् र सोही सन्दर्भलाई जोडी आजको मुख्य क्रियाकलापकाबारेमा जानकारी दिनुहोस् :

  प्रश्न: तपाईंले जानेको आधारमा सरल, मिश्र र संयुक्त वाक्यको परिचय दिनुहोस् ।

### क्रियाकलाप २

- विद्यार्थीहरूलाई उपयुक्त समूहमा विभाजन गरी तलको तालिकामा दिइएका वाक्यहरूको पहिचान गर्न केही समय दिई ती वाक्यहरूमा देखिएका भिन्नताबारे छलफल गर्न लगाई निष्कर्ष निकाल्न निर्देशन दिनुहोस् :

| पूर्ण वर्तमान काल | पूर्ण भूत काल | पूर्ण भविष्यत् काल |
|---|---|---|
| (क) हामीले पोखरा घुमेका छौं। | (क) हामीले पोखरा घुमेका थियौं। | (क) हामीले पोखरा घुमेका हुने छौँ। |
| (ख) तिमीले गीत गाएका छौ । | (ख) तिमीले गीत गाएका थियौ । | (ख) तिमीले गीत गाएका हुने छौ । |
| (ग) नमिताले गृहकार्य गरेकी छन् । | (ग) नमिताले गृहकार्य गरेकी थिइन् । | (ग) नमिताले गृहकार्य गरेकी हुने छिन् । |

- विद्यार्थी समूहबाट आएको निष्कर्षलाई समाहित गर्दै वर्तमान, भूत र भविष्यत् कालका पूर्ण पक्षको परिचय दिनुहोस् ।

### क्रियाकलाप ३

- विद्यार्थीहरूलाई उपयुक्त समूहमा विभाजन गरी व्याकरण अभ्यासको प्रश्न न. ६ को क्रियाकलाप गर्न निर्देशन दिनुहोस् ।
- प्रत्येक विद्यार्थी समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् । समूह कार्य सकिएपछि पालैपालो प्रस्तुतीकरण गर्न लगाई नमिलेका स्थानमा मिलाउन लगाउनुहोस् ।

### क्रियाकलाप ३

- विद्यार्थीहरूलाई उपयुक्त समूहमा विभाजन गरी व्याकरण अभ्यासको प्रश्न न. ७ को क्रियाकलाप गर्न निर्देशन दिनुहोस् ।
- प्रत्येक विद्यार्थी समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् । समूह कार्य सकिएपछि पालैपालो प्रस्तुतीकरण गर्न लगाई नमिलेका स्थानमा मिलाउन लगाउनुहोस् ।
- अन्तमा विद्यार्थी कार्यको सकारात्मक पक्षको प्रशंसा गर्दै आवश्यक पृष्ठपोषणसहित सहभागी सबैलाई धन्यवाद ज्ञापन गर्दै कक्षा कार्य सम्पन्न गर्नुहोस् ।

## ४. प्रतिबिम्बन/मूल्याङ्कन

तल दिइएका वाक्यहरू कुन कुन कालका पूर्ण पक्ष हुन् ? भन्नुहोस् :

(क) मिङमा घर गएकी छिन् ।

(ख) धनमानले धेरै पढेको हुने छ ।

(ग) उसले कञ्चनपुर घुमेको थियो ।

(घ) ऊ अल्छी भएको छ ।

(ङ) आमा अफिस गएको हुनुहुने छ ।

(च) मैले दियालाई घरमा बोलाएको थिए।

(छ) तिमीले कविता लेखेकी छौ ।

(ज) रमेश यतै आएको हुने छ ।

## ५. परियोजना कार्य

- पूर्ण भूत कालको प्रयोग गरी कुनै ठाउँमा जाँदाका अनुभूतिहरू समेटेर एउटा अनुच्छेद लेख्नुहोस् ।

### शिक्षकका लागि थप अध्ययन सामग्री

### १. पूर्ण पक्ष परिचय

(क) पूर्ण वर्तमान पक्ष

वर्तमान कालमा कुनै काम भर्खर मात्र सकिएको बुझाउने वाक्य पूर्ण वर्तमान पक्ष हो ।

जस्तै: तिनीहरूले आफ्नो काम सकेका छन् ।

(ख) पूर्ण भूत पक्ष

भूत कालमा कुनै काम पूर्ण रूपमा सकिएको बुझाउने वाक्य पूर्ण भूत पक्ष हो ।

जस्तै: मैले उसलाई बोलाएको थिए ।

(ग) पूर्ण भविष्यत् पक्ष

भविष्यत् कालको कुनै समय आउनु अघि नै कुनै काम पूर्ण रूपमा सकिएको हुने छ भन्ने बुझाउने वाक्य भविष्यत् पूर्ण पक्ष हो ।

जस्तै: सर्मिलाले कक्षा ११ उत्तीर्ण गरिसकेकी हुने छिन् ।

**दिन : बारौँ** **समय :४५ मिनेट**

**पाठ शीर्षक : स्थानीयकरणभन्दा विश्वव्यापीकरण बेस (वादविवाद)**

**पाठ्यवस्तु : सिर्जनात्मक लेखन (वादविवाद)**

**लक्षित सिप विकास : लेखाइ**

**१. विशिष्ट उद्देश्य : यस** पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

- तोकिएको विषयमा आधारित रही कुनै एक पक्षमा वादविवाद लेख्न

## २. शैक्षणिक सामग्री

पाठ्यपुस्तक

## ३. सिकाइ सहजीकरण प्रक्रिया

**क्रियाकलाप १**

- गत दिनको गृहकार्य एक आपसमा साटासाट गरी परीक्षण गर्न लगाउनुहोस् र समीक्षा गर्न लगाई विद्यार्थीहरूमा उत्प्रेरणा जगाउनुहोस् र आजको घन्टीमा विद्यार्थीले गर्नुपर्ने मुख्य विषयवस्तुकोबारेमा जानकारी दिनुहोस् ।

**क्रियाकलाप २**

- विद्यार्थीहरूलाई वादविवाद पाठमा  हेरेर विभिन्न प्रतियोगी वक्ताहरूले सुरुमा के कस्तो औपचारिक सम्बोधन गरेका रहेछन् < भन्ने प्रश्न राखी पाठका चारै जनाले सुरुमा सम्बोधन गरेका काहरूलाई आआफ्नो कापीमा टिपोट गर्न लगाउनुहोस् । ती फरक फरक सम्बोधनका विषयमा छलफल चलाउनुहोस् । यसरी वादविवादमा भाग लिंदा वा लेख्दा सम्बोधनको तरिका फरक फरक शैलीको हुनसक्ने तर अनिवार्य पक्ष हो भन्ने कुरालाई प्रस्ट पार्नुहोस् ।
- त्यसपछि वादविवाद भन्दा वा लेख्दा ध्यान दिनुपर्ने कुराहरू जस्तै: आफ्नो पक्ष्मा उदाहरणसहित गहकिला तर्कहरू दिनुपर्ने, पूर्ववक्ता साथीहरूले विपक्षमा भनेका तर्कहरूको अर्को कुनै उदाहरण, उखान टुक्का आदि प्रयोग गरी खण्डन गर्नुपर्ने आदि विषयमा लघु प्रवचन दिनुहोस् । पाठ्यपुस्तकको वादविवादमा त्यस्ता कुराहरू कहाँ कहाँ र कसरी गरिएको छ ? खोजी गर्न लगाई धारणालाई स्पष्ट पार्नुहोस् ।
- वादविवादको टुङ्ग्याउने तरिकाबारे पनि छलफल चलाई त्यसको धारणा स्पष्ट पार्नुहोस् ।

**क्रियाकलाप ३**

- त्यसपछि १० मिनेटको समय दिई तल दिइएका मध्ये कुनै एक विषयमा वादविवाद लेख्न निर्देशन दिनुहोस् । विद्यार्थीहरूले उक्त कार्य गर्दै जाँदा अलमल र समस्या देखिएका समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् :

(क) छोरीलाई अंश दिनुभन्दा शिक्षा दिनु बेस हुन्छ ।

(ख) विज्ञान अभिशाप होइन वरदान हो ।

(ग) मानिस ठुलो दिलले हुन्छ जातले हुँदैन ।

- निर्दिष्ट समय समाप्त भएपछि ठाउँठाउँबाट विद्यार्थीले गरेका क्रियाकलापहरूलाई प्रस्तुतीकरण गर्न लगाउनुहोस् र बाँकी समूहलाई मूल्याङ्कन र पृष्ठपोषणका लागि प्रोत्साहित गर्नुहोस् ।
- अन्त्यमा विद्यार्थीहरूले सम्पन्न गरेका सकारात्मक क्रियाकलापहरूको प्रशंसा गर्दै थप सुधारका लागि उपयुक्त पृष्ठपोषण दिई कक्षा कार्य समापन गर्नुहोस् ।

## ४. प्रतिबिम्बन/मूल्याङ्कन

निम्नलिखित प्रश्नहरू सोधी मूल्याङ्कन कार्य सम्पन्न गर्नुहोस् ।

(क) वादविवाद लेख्दा के कस्ता कुराहरूमा ध्यान दिई औपचारिक सम्बोधन गर्नुपर्छ ?

(ख) वादविवादमा कस्तो कुरालाई खण्डन गर्नुपर्छ ?

(ग) वादविवादको समापन कसरी गर्नुपर्छ ?

## ५. सिर्जनात्मक कार्य

- छोरीलाई अंश दिनुभन्दा शिक्षा दिनु बेस भन्ने पक्षमा वादविवाद लेखेर ल्याउन ल्याउन निर्देशन दिनुहोस् ।

### थप क्रियाकलाप

**विद्यार्थीहरूलाई निम्नानुसारका प्रश्नहरूको उत्तर लेख्न लगाई उनीहरूको सिकाइको मूल्याङ्कन गर्न सक्नु हुने छ :**

१. तलका शब्द र अर्थको जोडा मिलाउनुहोस् : २

| शब्द | अर्थ |
|---|---|
| रेमिट्यान्स : | आफ्नो चाकडी गर्नेलाई सुविधा दिने प्रवृत्ति |
| सङ्कुचित : | आफ्ना नाताको आधारमा सुविधा दिने प्रवृत्ति |
| नातावाद : | साँघुरो |
| कृपावाद : | वैदेशिक रोजगारीमा हुनेले स्वदेशमा पठाएको रकम |
| | व्यवसायको हिस्सा वा भाग |

२. तलका शब्दको प्रयोग गरी वाक्य निर्माण गर्नुहोस् : ३

उदार, अराजकता, संवर्धन ।

३. शुद्ध परी सार्नुहोस् : २

रिषीमुनिहरू सन्सारका घमन्डीहरूलाई उपदेश दिन्छन ।

४. तल दिइएको अनुच्छेद पढी चार ओटा बुँदा टिपोट गरी सारांशसमेत लेख्नुहोस् : ५

विश्वव्यापीकरण सम्पन्न र शक्तिशालीका पक्षमा छ र विपन्नहरूका अहितमा छ । विश्वव्यापीकरणले विकसित र बलियाहरूको भाषा, उनीहरूकै संस्कृति, उनीहरूकै प्रविधिलाई संसारभर फैलाउँछन् । जो धनी छ, उसैले आर्थिक लगानी गर्न सक्छ । आफूले लगानी गर्ने उत्पादक कम्पनीहरूमा उसले आफ्नै भाषा, आफ्नै प्रविधि, आफ्नै संस्कृति लागु गर्छ । यसैले विश्वव्यापीकरण भनेको संसारका धनी देशहरू र धनी मानिसहरूका लागि उपयुक्त छ, गरिब र विपन्नहरूका लागि होइन । विश्वव्यापीकरणमा मानिस र उसको प्रतिभा, क्षमता, सिप, सिर्जना र आविष्कारलाई बजारिया वस्तुका रूपमा लिइन्छ । यसले मानवको अस्मिता र महत्त्वलाई अवमूल्यनल गर्छ । यसबाट दया, माया, प्रेम, सद्भाव, समभाव, समवेदना जस्ता मानवीय विशेषताहरू निष्प्रभावी । स्थानीयकरणमा आफ्नो मानवीय मूल्य, मान्यता, अस्मिताको रक्षा हुन्छ । यसैले विश्वव्यापीकरणभन्दा स्थानीयकरण बेस हुन्छ ।

५. तलकामध्ये कुनै एकको भाव विस्तार गर्नुहोस् : ४

(क) बोल्नेको पिठो बिक्छ, नबोल्नेको चामल पनि बिक्दैन ।

(ख) सिप हुनेहरू त्यत्तिकै बस्नु पर्दैन ।

६. तलकामध्ये कुनै एक विषयका पक्षमा वादविवादको लेख्नुहोस् : ४

(क) विज्ञान अभिशाप होइन वरदान हो ।

(ख) मानिस ठुलो दिलले हुन्छ जातले हुँदैन ।

पाठ ११

कथा **लक्ष्मीपूजा**

एकाइगत पाठ्यवस्तु विभाजन तालिका

| क्र.स. | पाठ्यवस्तु | पाठ्यभार |
|---|---|---|
| १. | सस्वरवाचन र शुद्धोच्चारण | १ |
| २. | शब्दार्थ र वाक्यमा प्रयोग | १ |
| ३. | सङ्क्षिप्त उत्तर लेखन | १ |
| ४. | सारांश लेखन र पाठमा आधारित प्रश्न निर्माण | २ |
| ५. | लामो उत्तर लेखन | २ |
| ६. | स्वतन्त्र रचना (तार्किक शिल्प) | १ |
| ७. | वर्णविन्यास (चन्द्रबिन्दु र ऋ को प्रयोग) | १ |
| ८. | व्याकरण (पद सङ्गति) | १ |
| ९. | व्याकरण (क्रियाका भावअनुसार वाक्य परिवर्तन) | १ |
| १०. | निर्देशित कथा लेखन | १ |
| | जम्मा | १२ |

**दिन : पहिलो** **समय ४५ मिनेट**

**पाठ शीर्षक : लक्ष्मीपूजा (कथा)**

**पाठ्यवस्तु : भावानुकूल सस्वरवाचन र शुद्धोच्चारण**

**लक्षित सिप विकास : सुनाइ र बोलाइ**

**१. विशिष्ट उद्देश्य : यस** पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) कथाका अनुच्छेदहरूलाई भावानुकूल सस्वरवाचन गर्न

(ख) कथामा प्रयुक्त उच्चारणगत समस्या भएका नयाँ शब्दहरूलाई शुद्धसँग उच्चारण गर्न

**२. शैक्षणिक सामग्री**

- शब्दपत्तीहरू र गोजीतालिका

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १**

- शिक्षकले केही विद्यार्थीहरूलाई कुनै लघु कथा वा चुट्किला भन्न केही समय दिई पाठप्रति उत्प्रेरित गर्नुहोस् ।
- आज अध्ययन गरिने कथाको विषय वस्तुबारे जानकारी गराउनुहोस् ।

**क्रियाकलाप २**

- शिक्षकले कथाको कुनै दुई अनुच्छेद भावानुकूल सस्वरवाचन गरी सुनाउनुहोस् र सस्वरवाचन गर्दा ध्यान दिनुपर्ने कुराबारे प्रशिक्षण दिनुहोस् ।
- सोही निर्देशनको आधारमा कथाका अनुच्छेदहरू विद्यार्थीलाई पालैपालो भावानुकूल सस्वरवाचन गर्न लगाउनुहोस् ।
- सस्वरवाचन गर्दा कुनै गल्ती भएको पाइएमा पठन कार्यलाई त्यहीं रोकी सो वाक्यलाई आदर्श वाचन गरी सुनाउनुहोस् र सोही अनुसार पुन: वाचन अभ्यास गराउँदै जानुहोस् ।
- विद्यार्थीले सस्वरवाचन गर्ने क्रममा कुनै शब्द उच्चारणमा समस्या देखिएमा वाचन कार्यलाई त्यहीं रोकी सो शब्दलाई बारम्बार शुद्ध उच्चारण अभ्यास गराएर मात्र पठन कार्य अघि बढाउनुहोस् ।
- सस्वरवाचन कार्य सकिएपछि आफूले शुद्ध उच्चारण गराउन लगेको शब्दपत्ती प्रदर्शन गर्दै त्यसलाई बारम्बार उच्चारण अभ्यास गराउनुहोस् ।

**क्रियाकलाप ३**

- विद्यार्थीलाई पाठको सुनाइ अभ्यासको प्रश्न न. १ देखि ३ सम्मका क्रियाकलाप गरेर भन्न लगाउनुहोस् ।

**क्रियाकलाप ४**

- विद्यार्थीलाई उपयुक्त समावेशी समूहमा विभाजन गरी बोलाइ अभ्यासको प्रश्न न. ५ देखि ६ सम्मका क्रियाकलाप गरेर भन्न लगाउनुहोस् ।
- दोस्रो भाषा नेपाली भएका र ढिलो सिकाइ क्षमता भएका विद्यार्थीको उच्चारणगत समस्यामा बढी संवेदनशील भई आवश्यक थप अभ्यास गराई सहयोग पुऱ्याउनुहोस् ।
- अन्त्यमा सबै विद्यार्थीका क्रियाकलाप समेटिने गरी समग्रमा उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

निम्न लिखित प्रश्नात्मक क्रियाकलाप गराई प्रतिबिम्बन/मूल्याङ्कन कार्य सम्पन्न गर्नुहोस् :

(क) तलको अनुच्छेदलाई भावानुकूल वाचन गरी सुनाउनुहोस्:

लालले केही नबोलीकन रातो सलाई बालेर चोरेर ल्याएको एउटा पाला बाल्यो । आमाले देखिन्, दुई ओटा पाला चोरेर ल्याएको रहेछ । उनले जङ्गिएर भनिन् "लाल, तेरो गाला फोड्छु ।" लाल ङिच्च गरिररहको थियो । आमाले दिक्क हुँदै फेरि भनिन्, "त्यसो नगर न अर्काको चोरेर ।"

(ख) तलका शब्दलाई शुद्धसँग भन्नुहोस् :

उल्लास, स्तम्भित, स्फूर्ति, उत्फुल्ल, निस्तब्ध, स्मृति, अन्त:स्करण, आच्छादित ।

**५. परियोजना कार्य**

- कथालाई राम्ररी पढी त्यसको सार लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

**शिक्षकका लागि थप अध्ययन सामग्री**

**१. भावानुकूल सस्वरवाचन गर्दा ध्यान दिनुपर्ने कुराहरू**

- कक्षामा भएका मानिसको घनत्व अनुसार सबैले सुन्ने गरी शुद्ध र स्पष्ट रूपमा पढ्नु पर्ने ।
- पढ्दा न धेरै छिटो र न धेरै ढिलो मध्यम गति र यति मिलाई सबैले बुझ्ने गरी पढ्नु पर्ने ।
- पढ्दा लेख्य चिह्नहरूको भावलाई ख्याल गरी सोही अनुसार पढ्नु पर्ने ।
- वाक्यको भाव (दु:ख, सुख, घृणा, आवेश, रिस, आश्चर्य, आदि) अनुसार पढ्नु पर्ने ।

| दिन : दोस्रो | समय ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : लक्ष्मीपूजा (कथा)**

**पाठ्यवस्तु : शब्दार्थ र वाक्यमा प्रयोग**

**लक्षित सिप विकास : पढाइ र लेखाइ**

## १. विशिष्ट उद्देश्य

यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) पाठमा प्रयुक्त नयाँ शब्दहरूको अर्थ बताउन

(ख) तलका शब्दहरूको प्रयोग गरी अर्थयुक्त वाक्य बनाउन

## २. शैक्षणिक सामग्री

- शब्दार्थको शब्द जाल, शब्दार्थ सूची र वाक्यसूची र फलाटिन पाटी

## ३. सिकाइ सहजीकरण प्रक्रिया

**क्रियाकलाप १**

- विद्यार्थीहरूलाई उपयुक्त समूहमा विभाजन गर्नुहोस् र निम्न लिखित शब्द जाल प्रदर्शन गरी तल दिइएका शब्दको अर्थ ठाडो, तेर्सो, छड्के सबैतिरबाट खोजी मिल्दो कोठामा घेरा लगाई चाँडो लेख्नुपर्ने प्रतियोगितात्मक क्रियाकलाप गराई उत्प्रेरणात्मक क्रियाकलाप सञ्चालन गर्नुहोस् । चाँडो सबै शब्दको अर्थ मिलाउने समूहलाई ताली बजाई सम्मान गर्न लगाउनुहोस् । सोही सन्दर्भलाई जोडी आजको कक्षामा गरिने मुख्य क्रियाकलापकाबारेमा जानकारी दिनुहोस् ।

**शब्द जाल :**

| | | | |
|---|---|---|---|
| स | धा | का | सा |
| क | म | मा | म |
| ना | न | य | सि |
| बत | ती | ति | नो |

खोजी गर्ने शब्दको अर्थ :

दिल, रबार्फ, सरजाम, बखत, दीप, मिहिन ।

**क्रियाकलाप २**

- विद्यार्थीहरूलाई पाठका अनुच्छेदहरू सर्सती पढ्नका लागि निर्देशन दिनुहोस् र पढेको आधारमा दुई दुई जना मिली निम्न लिखित शब्द र अर्थको जोडा मिलाई आआफ्नो कापीमा सार्न निर्देशन दिनुहोस् :

| शब्द | अर्थ |
|---|---|
| उत्सुक | ढाकिएको, छोपिएको |
| उल्लास | लामो लामो सुस्केरा |
| वाक्पटु | सम्झना |
| असीम | कुरा गर्न सिपालु |
| निस्तब्ध | मस्त |
| अन्तस्करण | काम कुरामा भएको गडबडी |
| नि:श्वास | आनन्द, हर्ष |

| | |
|---|---|
| गोलमाल | भित्री मनदेखिको |
| आच्छादित | कुनै कामकुरो गर्न इच्छा भएको |
| मग्न | सुनसान, चकमन्न |
| स्मृति | सीमा नभएको |

- समूह कार्य सम्पन्न भएपछि पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र शब्दार्थ शिक्षण विधिको प्रयोग गरी शब्दार्थ बोध गराउनुहोस् ।

**क्रियाकलाप ३**

- शिक्षकले आफूले लगेको वाक्यमा प्रयोग गरेको नमुना वाक्यसूची प्रदर्शन गर्नुहोस् र त्यस्तै प्रकृतिका वाक्यहरू निर्माण गर्न प्रोत्साहित गर्नुहोस् ।
- विद्यार्थीहरूबाट निर्मित वाक्यहरू कक्षामा प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।
- मिल्यो/मिलेन बाँकी विद्यार्थीहरूलाई मूल्याङ्कन गर्न प्रोत्साहित गर्नुहोस् र अन्तिममा मात्र शिक्षकले आवश्यक सुधारात्मक सुझाव दिनुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

निम्न लिखित प्रश्नको उत्तर भन्न र लेख्न लगाई प्रतिबिम्बन/मूल्याङ्कन कार्य सम्पन्न गर्नुहोस् :

(क) तल दिइएका शब्दको अर्थ भन्नुहोस् :

उत्सुक, वाक्पटु , असीम, निस्तब्ध, अन्तस्करण, निःश्वास, गोलमाल, आच्छादित मग्न ।

(ख) तल दिइएका शब्दलाई वाक्यमा प्रयोग गर्न लगाई मौखिक उत्तर दिन लगाउनुहोस् :

उत्सुक, टन्टा, वाक्पटु, उत्फुल्ल, स्मृति, दीप ।

**५. गृहकार्य**

- निम्न लिखित शब्दहरूलाई वाक्यमा प्रयोग गरी ल्याउन निर्देन दिनुहोस् :

  विकासोन्मुख, रेमिट्यान्स, सङ्कुचित, नातावाद, कृपावाद, सेयर, लगानी, उपभोक्ता, एकाधिकार ।

**शिक्षकका लागि थप अध्ययन सामग्री**

**१. शब्दार्थ शिक्षणका विधिहरू**

- शब्दार्थ सूची प्रदर्शन गरेर
- चित्र प्रदर्शन गरेर
- विपरीतार्थक शब्द बताएर
- समान गुण भएका शब्दबाट अर्थ बताएर
- हाउभाउ वा अभिनय गरेर
- व्युत्पत्ति प्रक्रिया देखाएर
- कुनै ठोस वस्तु प्रदर्शन गरेर
- पर्यायवाची शब्दबाट अर्थ बताएर
- पारिभाषिक शब्दबाट अर्थ बताएर
- वाक्यमा प्रयोग गरेर

| दिन : तेस्रो | समय ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : लक्ष्मीपूजा (कथा)**

**पाठ्यवस्तु : सङक्षिप्त उत्तर लेखन**

**लक्षित सिप विकास : लेखाइ**

## १. विशिष्ट उद्देश्य

यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) पाठको गहन पठन गरी सोधिएका प्रश्नहरूको सङक्षिप्त उत्तर दिन

## २. शैक्षणिक सामग्री

सङक्षिप्त प्रश्नोत्तरको एउटा नमुना र फलाटिन पाटी

## ३. सिकाइ सहजीकरण क्रियाकलाप

**क्रियाकलाप १**

- विद्यार्थीलाई अभ्यासको प्रश्न न. १२ को अनुच्छेद आफूले भन्नुहोस् र विद्यार्थीहरूलाई श्रुति लेखन क्रियाकलाप गराई उत्प्रेरणा जगाउनुहोस् र सोही सन्दर्भलाई जोडी आजको दिनमा गरिने क्रियाकलापकाबारेमा जानकारी दिनुहोस् ।

**क्रियाकलाप २**

- आफूले निर्माण गरेको विशिष्ट उद्देश्य खण्डमा उल्लिखित प्रश्नहरूको सूची प्रदर्शन गर्नुहोस् र तल दिइएको सङक्षिप्त प्रश्नोत्तर गर्ने नमुना पनि प्रदर्शन गर्नुहोस् :
- सो प्रश्नोत्तर गर्ने तरिकाबारे एकछिन छलफल गराई विद्यार्थीबाट आएका जिज्ञासालाई परिपूर्ति गर्नुहोस् / गराउनुहोस् ।

  सङ्क्षिप्त उत्तर लेखनको नमुना :

(क) लाल, मान र प्रेमले कुन कुन विषयमा कुराकानी गरे ?

लाल, मान र प्रेम लक्ष्मीपूजा कथाका बाल पात्रहरू हुन् । एउटै उमेर समूहका यी बालकहरू सँग सँगै खेल्ने, घुम्ने, गफ गर्ने गर्छन् । तिहारको अवसरमा लक्ष्मीपूजा, भाइटीकालाई चाहिने पूजा सामग्री र मिठाईहरू कसको घरमा कति ल्याइयो भन्ने विषयमा उनीहरू बिचमा कुराकानी चल्छ । मानको घरमा मिठाई र पूजा सामग्री ल्याइसकेको कुरा सुनाउँदा लाल र प्रेम ईर्ष्यालु बन्छन् । त्यस्तै उनीहरूका बिचमा गाउँमा जुवाको खालमा गएर बस्ने र त्यहाँ जिन्नेले जितौरी दिने गरेको कुरा चल्छ । एक आपसमा कसलाई बढी जितौरी प्राप्त भयो र कसले बढी जितौरी दिन्छ अनि जितौरी पाएको पैसाको अघिल्लो वर्ष के के गरियो भनेर उनीहरू कुराकारी गर्छन् । यस कथामा लाल, मान र प्रेमले विशेष गरी खानेकुरा, पेस धेरै पाउने कुरा, लक्ष्मीपूजाको चाड कसरी रमाइलोसँग मनाउने भन्ने जस्ता विषयमा कुराकानी गरेका थिए ।

- विद्यार्थीहरूलाई उपयुक्त समावेशी समूहमा विभाजन गरी दिइएका बाँकी ४ प्रश्नहरूको उत्तर खोजी गर्ने उद्देश्य लिएर १० मिनेटको समय दिई पाठको गहन पठन गर्न निर्देशन दिनुहोस् ।
- विद्यार्थीहरूले गहन पठन पूरागरिसकेपछि ती प्रश्नहरूको सङक्षिप्त उत्तर आफ्नो कापीमा लेखी अन्त्यमा कक्षामा भन्नुपर्ने जानकारी दिनुहोस् ।
- विद्यार्थीले समूह कार्य गर्दा सबैको सहभागिता भए नभएको ख्याल गर्नुहोस् र अलमलमा परेको समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।

**क्रियाकलाप ३**

- समूह कार्यको समय समाप्त भएपछि पालैपालो विद्यार्थी समूहबाट निर्मित सङक्षिप्त उत्तर समूह नेताबाट कक्षामा सुनाउन लगाउनुहोस् । एउटा समूहको प्रस्तुतीकरण सकिएपछि बाँकी समूहलाई ध्यानपूर्वक सुनेर सुधारका लागि सुझाव दिन प्रोत्साहित गर्नुहोस् ।

- अन्त्यमा विद्यार्थी समूहका सकारात्मक क्रियाकलापहरूको प्रशंसा गर्दै थप सुधारका लागि उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

- तल दिइएका प्रश्नहरू विद्यार्थीहरूलाई एकल रूपमा सोधी प्रतिबिम्बन/मूल्याङ्कन कार्य सम्पादन गर्नुहोस् :

  (क) लक्ष्मीपूजाका दिन बजारमा के कस्तो चहलपहल थियो ?

  (ख) लालले कसरी लक्ष्मीपूजा सम्पन्न गऱ्यो ?

**५. सिर्जनात्मक कार्य**

- पाठको अभ्यास न. १४ को प्रश्नको लामो उत्तर (विवेचना) आफ्नै भाषामा लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

| **दिन : चौथौ र पाँचौा** | **समय : ४५ मिनेट** |
|---|---|

**पाठ शीर्षक : लक्ष्मीपूजा (कथा)**

**पाठ्यवस्तु : सारांश लेखन र प्रश्न निर्माण**

**लक्षित सिप विकास : लेखाइ**

**१. विशिष्ट उद्देश्य : यस** पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) निर्दिष्ट अनुच्छेदका मुख्य मुख्य कुराहरूको सारांश लेख्न

(ख) पाठमा आधारित प्रश्न निर्माण गर्न

**२. शैक्षणिक सामग्री**

- पाठ्यपुस्तक र सारांशको नमुना र फलाटिन पाटी

**३. सिकाइ सहजीकरण क्रियाकलाप**

**क्रियाकलाप १**

- गत दिनको सिर्जनात्मक कार्य ठाउँठाउँबाट प्रस्तुतीकरण गर्न लगाई उनीहरूले गरेका राम्रा पक्षहरूको प्रशंसा गर्दै विद्यार्थीलाई उत्प्रेरित गर्नुहोस् ।

**क्रियाकलाप २**

- शिक्षकले आफूले लगेको सारांश लेखेको नमुना सामग्री प्रस्तुत गर्नुहोस् र सारांश लेख्ने तरिकाकाबारेमा छलफल गराई स्पष्ट धारणा दिनुहोस् :

  सारांश लेखनको नमुना सामग्री :

**अनुच्छेद**

लाल पनि दत्तचित्त भएर ठुलो जुवाको खालमा रुपियाँको थुप्रो हेरिररहेको थियो । कति रुपियाँ ! केही बेरपछि सो रुपियाँ घट्दा फुस्सा हुन्थ्यो । अनि लाल निराश भएर पल्याकपुलुक हेर्थ्यो र हिंडथ्यो । अनि लङ्गुरबुर्जाको खालमा अरूले जितौरी दिएको एक दुई पैसा खुब विचार गरेर सतर्क भएर थाप्दथ्यो । कल्याङमल्याङ, लौ... तिऱ्यो । केटाकेटीहरू कहिले दङ्ग हुन्थे, कहिले मुख निन्याउरो पार्दथे । कहिले खालवालाले झपार्दथ्यो, "किन त्यहाँ राख्या ? नचल भन्या ।" केटाकेटीहरू झगडा गर्न पनि कम्मर कस्तथे ।

**सारांश**

<u>जुवामा केटाकेटी</u>

लाल जुवाको खालमा हेर्दै रुपियाँ घटेपछि लङ्गुरबुर्जातिर गएर दिएको जितौरी थाप्दथ्यो । कसैले जित्दा केटाकेटीहरू कहिले दङ्ग र निराश हुन्थे । खालवालाले झपार्दा झगडा गर्थे ।

जम्मा शब्द सङ्ख्या : ६८

सारांशकृत शब्द सङ्ख्या : २३

- त्यसपछि विद्यार्थीलाई एकल रूपमा लेखाइ अभ्यासको प्रश्न न. ९ को सारांश लेख्न निर्देश गर्नुहोस् ।
- विद्यार्थीले काम सम्पन्न गरेपछि कक्षामा एक अर्काको कापी साटासाट गरी हेरी सच्याउन निर्देशन दिनुहोस् ।

**क्रियाकलाप ३**

- कक्षाका साथीहरूलाई विभिन्न समूहमा विभाजन गरी पाठमा दिइएको कथाका अनुच्छेहरू बाँड्नुहोस् र आफ्नो समूहमा परेका अनुच्छेदहरूबाट के, किन, कसरी, कति, कहिले, कहाँ जस्ता प्रश्नहरू बनाउन लगाउनुहोस् र प्रस्तुतीकरण समेत गर्न लगाउनुहोस् । नमिलेका प्रश्नहरू सच्याउन लगाउनुहोस् ।

**क्रियाकलाप ४**

- पाठको अभ्यासको प्रश्न न. १० मा दिइएको पठन बोध क्रियाकलाप एकल रूपमा गर्न निर्देशन दिई एक आपसमा कापी साटासाट गरी आआफ्नो सुधार गर्न लगाउनुहोस् ।
- अन्तमा आजको कक्षामा विद्यार्थीले प्रदर्शन गरेका कार्यहरूको प्रशंसा गर्दै उपयुक्त पृष्ठपोषण दिई कक्षा कार्य सम्पन्न गर्नुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

- सारांश लेखन गर्दा ध्यान दिनुपर्ने कुराहरू के के रहेछन् भन्ने प्रश्नहरू सोधी मूल्याङ्कन कार्य सम्पन्न गर्नुहोस् ।

**५. परियोजना कार्य**

- सामाजिक विषयको कुनै एक अनुच्छेद छानी त्यसको सारांश लेखेर ल्याउन निर्देश गर्नुहोस् ।

**शिक्षकका लागि थप सामग्री**

१. सारांश लेख्ने तरिका

- दिइएको अनुच्छेदलाई दुई तिन पटकसम्म पढ्नुहोस् ।
- त्यसमा भन्न खोजिएका मुख्य कुरालाई रेखाङ्कन गर्दै पनि जानुहोस् ।
- ती रेखाङ्कित मुख्य कुराको भाव नमर्ने गरी छोटा मिठा वाक्य बनाउनुहोस् ।
- ती वाक्य बनाउँदा दोहोरिएका कुरा, उदाहरण र उपमा हटाउनुहोस् । सकेसम्म एकल शब्दको प्रयोग गर्नुहोस् ।
- दिइएको अनुच्छेद र आफूले लेखेको सारांशको शब्दको गणना गर्नुहोस् ।
- गणना गर्दा पूराअनुच्छेदको शब्द सङ्ख्या सारांश लेख्दा एक तिहाई भयो भएन हेर्नुहोस् । त्यसमा आवश्यक थपघट गर्नुपर्ने भए गर्नुहोस् ।
- सारांशको अन्त्यमा पूराशब्द सङ्ख्या र सारांशकृत शब्द सङ्ख्या तोकेर लेख्नुहोस् ।
- सारांशको मुख्य आशय वा भाव झल्कने बढीमा तिन शब्दको उपयुक्त शीर्षक

छनोट गरी सारांश लेखिएको माथिल्लो भागमा लेख्न नबिर्सनुहोस् ।

**दिन : छैटौँ र सातौँ** **समय : ४५ मिनेट**

**पाठ शीर्षक : लक्ष्मीपूजा (कथा)**

**पाठ्यवस्तु : लामो उत्तर लेखन**

**लक्षित सिप विकास : लेखाइ**

**१. विशिष्ट उद्देश्य : यस** पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) पाठबाट सोधिएका लामो प्रश्नको उत्तर दिन

**२. शैक्षणिक सामग्री**

पाठ्यपुस्तक र लामो उत्तर लेखेको नमुना

**३. सिकाइ सहजीकरण क्रियाकलाप**

**क्रियाकलाप १**

- विद्यार्थीमा भएका कुनै विशिष्ट प्रतिभा प्रदर्शन गर्न केही समय दिई विद्यार्थीहरूलाई उत्प्रेरित गर्नुहोस् र सोही सन्दर्भलाई जोड्दै आजको कक्षामा गरिने मुख्य विषय वस्तुबारे जानकारी दिनुहोस् ।

**क्रियाकलाप २**

- सर्वप्रथम सबै विद्यार्थीलाई पाठको गहन पठन गर्न निर्देशन दिनुहोस् ।
- शिक्षकले लगेको लामो उत्तर दिने प्रश्नोत्तरको नमुना प्रदर्शन गर्नुहोस् । सोको संरचना र लेखन शैलीबारे विद्यार्थीलाई छलफल गर्न केही समय दिनुहोस र अन्तमा उनीहरूको निष्कर्षलाई समाहित गर्दै लामो उत्तर लेख्ने तरिकाकाबारेमा स्पष्ट पार्नुहोस् :

**लामो उत्तर दिने प्रश्नोत्तरको नमुना**

(क) लक्ष्मीपूजा कथामा बाल मनोविज्ञानको प्रयोग के कसरी भएको छ ? लामो उत्तर दिनुहोस् ।

गोविन्दबहादुर मल्ल गोठालेबाट रचना गरिएको 'लक्ष्मीपूजा' कथा बालमनोविज्ञानमा आधारित कथा हो । यस कथामा लक्ष्मीपूजाको दिनको परिवेश बनाई तिन बालकहरूको कुराकानी र व्यवहारलाई कथानक बनाई प्रस्तुत गरिएको छ ।

एउटै समाजभित्रका र उही उमेर समूहका तिन बालकहरू प्रेम, मान र लाल मिल्ने साथीहरू हुन् । यसबाट बालबालिकाहरूलाई एकै उमेर र लिङ्गका साथी बनाउँछन् भन्ने कुरालाई देखाइएको छ । सँगै मिलेर खेल्नु, आपसमा आफ्ना भावनाहरू साटासाट गर्नु, आफ्नो परिवारको धाकधक्कु लगाउनु र आफूलाई अरूभन्दा अब्बल देखाउन खोज्नु उनीहरूको स्वभाव हुन्छ भन्ने कुरालाई कथाले स्पष्ट पारेको छ ।

मान र प्रेमको परिवार सम्पन्न छ, उनीहरूका बुबाले लक्ष्मीपूजाको सामग्री, मिठाई ल्याएको र आफूलाई दक्षिणा दिने पैसा पनि दिइसकेको कुरा सुनाउँदा लाललाई दुःख लाग्छ । यसरी जब बालकहरूले आर्थिक असमानताका कारण आफूमा केही कमी भएको अनुभव गर्दा भने उनीहरूमा मनोवैज्ञानिक पीडा हुन्छ । यसले गर्दा उनीहरूमा तनावको स्थितिको सिर्जना भई लालले जस्तै चोरी गर्न पनि पछि पर्दैनन् भन्ने कुरालाई पनि कथाले उजागर गरेको पाइन्छ ।

बाल बालिकाहरू धनी, गरिब, राम्रो, नराम्रो जस्तो परिवारमा जन्मिए पनि उनीहरूका इच्छा, आकाङ्क्षा, बानी व्यवहारमा समानता हुन्छन् । उनीहरू कोमल, अनभिज्ञ र राम्रो नराम्रो छुट्याउन सक्दैनन् । उनीहरूलाई खानु, खेल्नु र रमाउनुसँग बढी मतलब हुन्छ । समाजको आर्थिक असमानताले ल्याएको विभेदले कमजोर आर्थिक अवस्था हुने बाल बालिकाहरू खराब लत वा काममा लाग्नुपर्ने विवशता र बाध्यता आउँछ भन्ने बाल मनोवैज्ञानिक पक्षलाई कथाले उदाङ्ग पारेको पाइन्छ । यस अर्थमा यस कथालाई पूर्णतः बालमनोविज्ञानमा आधारित कथा हो भन्न सकिन्छ ।

**क्रियाकलाप ३**

- [illegible]

त समावेशी समूहमा विभाजन गरी 'लक्ष्मीपूजा' कथा नेपाली सामाजिक यथार्थसँग मिल्दो कथा हो ? प्रश्न दिई त्यसको लामो उत्तर लेखन गर्न निर्देशन दिनुहोस् ।

- विद्यार्थी समूहले लेख्दै गर्दा प्रत्येक समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।
- समूह कार्य सकिएपछि पालैपालो समूह नेतामार्फत् प्रस्तुतीकरण गर्न लगाई बाँकी समूलाई टिप्पणीका लागि प्रोत्साहित गर्नुहोस् ।
- अन्तमा विद्यार्थी समूहले प्रदर्शन गरेका सकारात्मक पक्षको प्रशंसा गर्दै सुधारका लागि उपयुक्त पृष्ठपोषण दिई कक्षा कार्य सम्पन्न गर्नुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

- विद्यार्थीलाई आफूले प्रश्नको उत्तर लेखेको आधारमा लामो उत्तर दिने प्रश्नको उत्तर दिादा ध्यान दिनुपर्ने कुराहरू के के रहेछन् भन्ने प्रश्न सोधी प्रतिबिम्बन/मूल्याङ्कन कार्य सम्पन्न गर्नुहोस् ।

**५. गृहकार्य**

- विपन्न घरकी विधवा आमाले के कस्ता कठिनाइलाई सामना गर्नुपर्ने रहेछ ? कथाका आधारमा लामो उत्तर लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

| दिन : आठौँ | समय : ४५ मिनेटं |
|---|---|

**पाठ शीर्षक : लक्ष्मीपूजा (कथा)**

**पाठ्यवस्तु : स्वतन्त्र रचना (तार्किक शिल्प)**

**लक्षित सिप विकास : लेखाइ**

**१. विशिष्ट उद्देश्य : यस** पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

- दिइएको विषयवस्तु वा प्रश्नमा आधारित भएर आफ्नो स्वतन्त्र र मौलिक विचारहरू व्यक्त गर्न

**२. शैक्षणिक सामग्री**

स्वतन्त्र तार्किक रचनाको नमुना

**३. सिकाइ सहजीकरण क्रियाकलाप**

**क्रियाकलाप १**

- गत दिनको परियोजना कार्य प्रस्तुतीकरण गर्न लगाई विद्यार्थीहरूमा उत्प्रेरणा जगाउनुहोस् र आजको कक्षामा विद्यार्थीले गर्नुपर्ने मुख्य कामकाबारेमा शैक्षणिक पाटीमा लेखी जानकारी गराउनुहोस् ।

**क्रियाकलाप २**

- आफूले लगेको पाठको कुनै पात्रमा आधारित काल्पनिक तथा मौलिक रचना प्रस्तुत गर्नुहोस् र विद्यार्थीहरूको प्रतिक्रिया लिनुहोस् । त्यस विषयमा कसरी लेखिएको होला भन्ने विषयमा छलफल गराउनुहोस् ।
- छलफलपछि विद्यार्थीहरूलाई १५ मिनेटको समय दिई निम्न लिखित प्रश्नहरूमध्ये मौलिक चिन्तनमा आधारित भएर एउटा प्रश्नको मात्र उत्तर लेख्न निर्देशन दिनुहोस् :

नमुना प्रश्नहरू:

कथाका पात्र लालको पछिल्लो जीवन कस्तो भयो होला ? अनुमान गरी लेख्नुहोस् ।

पाठको अन्तिम अनुच्छेद पढ्नुहोस् र त्यसपछि के भयो होला ? अनुमान गरी लेख्नुहोस् ।

- विद्यार्थीहरूले लेखन कार्य गर्दै जाँदा अलमल र समस्या देखिएका स्थानमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।
- विद्यार्थीले गरेका कार्यलाई पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र बाँकी विद्यार्थीहरूलाई प्रतिक्रियाका लागि प्रोत्साहित गर्नुहोस् ।

- अन्त्यमा विद्यार्थीहरूले सम्पन्न गरेका सकारात्मक क्रियाकलापहरूको प्रशंसा गर्दै आउँदा दिनमा थप सुधार गर्नुपर्ने पक्षहरू देखिएमा समग्रमा उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

## ४. प्रतिबिम्बन/मूल्याङ्कन

- साथीहरूले प्रस्तुत गरेका रचनाहरूमध्ये आफूलाई ज्यँदै घत लागेको कुनै एउटा कुरा विद्यार्थीलाई भन्न लगाउने र त्यो कुरा मन पर्नुको कारण समेत खुलाउन निर्देशन दिई मूल्याङ्कन कार्य सम्पादन गर्नुहोस् ।

## ५. सिर्जनात्मक कार्य

- आर्थिक असमानताका कारण तपाईंको समाजमा के कस्ता समस्या छन् ? ती कुरा उल्लेख गरी ती समस्यालाई कसरी समाधान गर्दै जान सकिन्छ ? आफ्नो तर्क पेस गर्नुहोस् ।

| दिन : नवौं | समय : ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : लक्ष्मीपूजा (कथा)**

**पाठ्यवस्तु : वर्णविन्यास (चन्द्रबिन्दु र ऋ को प्रयोग)**

**लक्षित सिप विकास : कार्यमूलक व्याकरण**

## १. विशिष्ट उद्देश्य

यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

- शब्दको उपयुक्त स्थानमा चन्द्रबिन्दु र ऋ को प्रयोग प्रयोग गर्न

## २. शैक्षणिक सामग्री

- वाक्य तालिका, वाक्यसूची र फलाटिन पाटी

## ३. सिकाइ सहजीकरण प्रक्रिया

### क्रियाकलाप १

- विद्यार्थीहरूलाई निम्न लिखित प्रश्न शैक्षणिक पाटीमा लेखी दिएर सोच्ने, जोडी बनाउने र आदानप्रदान गर्ने विधिको प्रयोग गरी उत्प्रेरणात्मक क्रियाकलाप गराउनुहोस् र सोही सन्दर्भलाई जोडी आजको मुख्य क्रियाकलापकाबारेमा जानकारी दिनुहोस् :

  प्रश्न: तपाईंले जानेका 'ऋ' लागेका कुनै पाँच शब्दहरू लेखी भन्नुहोस् ।

### क्रियाकलाप २

- विद्यार्थीहरूलाई एकल रूपमा पाठगत अभ्याससको प्रश्न न. १५ को क्रियाकलाप गर्न निर्देशन दिनुहोस् ।
- समूह कार्यसकिएपछि ठाउँठाउँबाट प्रस्तुतीकरण गर्न लगाई उच्चारणमा समस्या देखिएमा आदर्श वाचन गरी आवश्यक स्थानमा सुधार गरिदिनुहोस् ।

### क्रियाकलाप ३

- विद्यार्थीहरूलाई उपयुक्त समूहमा विभाजन गरी पाठगत अभ्यासको प्रश्न न. १६ को क्रियाकलाप गर्न निर्देशन दिनुहोस् ।
- प्रत्येक विद्यार्थी समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् । समूह कार्य सकिएपछि पालैपालो प्रस्तुतीकरण गर्न लगाई नमिलेका स्थानमा मिलाउन लगाउनुहोस् ।

### क्रियाकलाप ४

- विद्यार्थीहरूलाई उपयुक्त समूहमा विभाजन गरी पाठगत अभ्यासको प्रश्न न. १७ को क्रियाकलाप गर्न निर्देशन दिनुहोस् ।
- प्रत्येक विद्यार्थी समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् । समूह कार्य सकिएपछि पालैपालो प्रस्तुतीकरण गर्न लगाई नमिलेका स्थानमा मिलाउन लगाउनुहोस् ।
- विद्यार्थीहरूलाई उपयुक्त समूहमा विभाजन गरी पाठगत अभ्यासको प्रश्न न. १९ को क्रियाकलाप गर्न निर्देशन दिनुहोस् ।

- प्रत्येक विद्यार्थी समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् । समूह कार्य सकिएपछि पालैपालो प्रस्तुतीकरण गर्न लगाई नमिलेका स्थानमा मिलाउन लगाउनुहोस् ।
- अन्तमा विद्यार्थीले गरेका सकारात्मक कार्यको प्रशंसा गर्दै आवश्यक पृष्ठपोषणसहित सहभागी सबैलाई धन्यवाद ज्ञापन गर्दै कक्षा कार्य सम्पन्न गर्नुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

- विद्यार्थीहरूलाई पाठगत अभ्यासको प्रश्न न. १९ का प्रश्न सोधी प्रतिबिम्बन/मूल्याङ्कन कार्य सम्पन्न गर्नुहोस् ।

**५. सिर्जनात्मक कार्य**

- चन्द्रबिन्दु लागेका कुनै २० शब्दको सूची बनाई ल्याउनुहोस् ।

**शिक्षकका लागि थप अध्ययन सामग्री**

**१. सोच्ने, जोडी बनाउने र आदानप्रदान गर्ने विधि**

| |
|---|
| कुनै विषयवस्तु/प्रश्न दिई विद्यार्थीहरूलाई व्यक्तिगत रूपमा उत्तर सोचेर लेख्न लगाउने, नजिकै बस्ने साथीसँग जोडी बनेर साझा उत्तर तयार पारी प्रस्तुत गर्न लगाउने । |

| दिन : दसौँ | समय : ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : लक्ष्मीपूजा (कथा)**

**पाठ्यवस्तु : व्याकरण (पद सङ्गति)**

**लक्षित सिप विकास : कार्यमूलक व्याकरण**

**१. विशिष्ट उद्देश्य**

यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

- व्याकरणिक कोटिका आधारमा वाक्य परिवर्तन गर्न

**२. शैक्षणिक सामग्री**

- वाक्य तालिका, वाक्यसूची र फलाटिन पाटी

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १**

- विद्यार्थीहरूलाई व्याकरणात्मक कोटि भनेको के हो ? भन्ने प्रश्न सोधी मस्तिष्क मन्थनसम्बन्धी क्रियाकलाप गराउनुहोस् । त्यसपछि त्यसको परिचय दिई आजको कक्षामा गरिने मुख्य क्रियाकलापकाबारेमा जानकारी दिनुहोस् ।

**क्रियाकलाप २**

- विद्यार्थीहरूलाई उपयुक्त समूहमा विभाजन व्याकरण खण्डको प्रश्न न. २ को क्रियाकलाप गर्न दिनुहोस् । समूह कार्य सकिएपछि पालैपालो प्रस्तुतीकरण गर्न लगाई गल्ती गरेकोमा सुधारका लागि सहजीकरण गर्नुहोस् ।

**क्रियाकलाप ३**

- विद्यार्थीहरूलाई उपयुक्त समूहमा विभाजन गरी व्याकरण अभ्यासको प्रश्न न. १ को क्रियाकलाप गर्न निर्देशन दिनुहोस् ।
- प्रत्येक विद्यार्थी समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् । समूह कार्य सकिएपछि पालैपालो प्रस्तुतीकरण गर्न लगाई नमिलेका स्थानमा मिलाउन लगाउनुहोस् ।

**क्रियाकलाप ४**

- विद्यार्थीहरूलाई उपयुक्त समूहमा विभाजन गरी व्याकरण अभ्यासको प्रश्न न. ३ का क्रियाकलाप गर्न निर्देशन दिनुहोस् ।
- प्रत्येक विद्यार्थी समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् । समूह कार्य सकिएपछि पालैपालो प्रस्तुतीकरण गर्न लगाई नमिलेका स्थानमा मिलाउन लगाउनुहोस् ।
- अन्तमा विद्यार्थी कार्यको सकारात्मक पक्षको प्रशंसा गर्दै आवश्यक पृष्ठपोषणसहित सहभागी सबैलाई धन्यवाद ज्ञापन गर्दै कक्षा कार्य सम्पन्न गर्नुहोस् ।

४. **प्रतिबिम्बन/मूल्याङ्कन :** तल दिइएका वाक्यहरूलाई कोष्ठकमा दिइएको निर्देशनअनुसार वाक्य परिवर्तन गर्न लगाउनुहोस् :

(क) उनी घर गएर भात पकाउन लाग्छिन् । (पुलिङ्ग)

(ख) तपाईं बाठो हुनुहुन्छ । (मध्यम आदरार्थी)

(ग) ऊ आफू पनि काम गर्दै अरूलाई पनि काम गराउँछ । (बहु वचन)

(घ) त्यो अल्छी छ, त्यसले प्रगति गर्न सक्दैन । (द्वितीय पुरुष)

(ङ) ऊ आउला, त्यसै बेला म सहयोग गरुँला । (स्त्रीलिङ्ग)

(च) मैले उनलाई बोलाए तर ऊ आइन । (बहु वचन)

(छ) तिमी खाने भए खाऊ नत्र म नै खान्छु । (उच्च आदरार्थी)

(ज) तिमीहरू ज्यँदै असल छौ । (प्रथम पुरुष)

५. **सिर्जनात्मक कार्य**

- सबै लिङ्ग, पुरुष, वचन र आदर प्रयोग भएका एक एक वाक्य निर्माण गरी ल्याउने सिर्जनात्मक कार्य दिनुहोस् ।

| दिन : एघारौँ | समय : ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : लक्ष्मीपूजा (कथा)**

**पाठ्यवस्तु : व्याकरण (क्रियाका भावअनुसार वाक्य परिवर्तन)**

**लक्षित सिप विकास : कार्यमूलक व्याकरण**

१. **विशिष्ट उद्देश्य :** यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) क्रियाका भावअनुसार वाक्य परिवर्तन गर्न

२. **शैक्षणिक सामग्री**

- वाक्य तालिका, वाक्यसूची र फलाटिन पाटी

३. **सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १**

- विद्यार्थीहरूलाई पाठको कुनै अनुच्छेदको द्रुत लेखन कार्य गराई उत्प्रेरणत्मक क्रियाकलाप गराउनुहोस् र सोही सन्दर्भलाई जोडी आजको मुख्य क्रियाकलापकाबारेमा जानकारी दिनुहोस् :

**क्रियाकलाप २**

- विद्यार्थीहरूलाई उपयुक्त समूहमा विभाजन गरी तलको तालिकामा दिइएका वाक्यमा क्रियाले के कस्तो भाव दिएको छ अध्ययन र छलफल गर्न निर्देशन दिनुहोस् :

| सामान्यार्थ भावको वाक्य | आज्ञार्थ भावको वाक्य | इच्छार्थ भावको वाक्य |
|---|---|---|
| म कविता लेख्छु । | तिमी कविता लेख । | म कविता लेखूँ । |

| | | |
|---|---|---|
| ऊ स्कुल किन आएन ? | तँ स्कुल जा । | तिमी स्कुल गए । |
| तपाईं सहर जानुहुन्छ । | तपाईं सहर जानुहोस् । | हामी सहर जाऔँ । |

- विद्यार्थीहरूबाट आएको निष्कषलाई समाहित गर्दै सामान्यार्थ, आज्ञार्थ र इच्छार्थ भावका वाक्यको परिचय दिनुहोस् ।
- त्यसपछि विद्यार्थीहरूलाई उपयुक्त समूहमा विभाजन गरी तल दिइएका वाक्यहरू कुन कुन भावका हुन् पत्ता लगाउन निर्देशन दिनुहोस् :

  (क) साथीहरू सिनेमा हेर्न गए ।

  (ख) तिमीहरू छिटो काम सक ।

  (ग) हामी अब काममा जाऔँ ।

  (घ) ता परीक्षाको समयमा मामाघर नजा ।

  (ङ) उनीहरूले राम्ररी पढून् ।

  (च) ऊ आज स्कुल आएन

क्रियाकलाप ३

- विद्यार्थीहरूलाई उपयुक्त समूहमा विभाजन गरी तलको तालिकामा दिइएका वाक्यमा क्रियाले के कस्तो भाव दिएको छ अध्ययन र छलफल गर्न निर्देशन दिनुहोस् :

| सम्भावनार्थ भावको वाक्य | सङ्केतार्थ भावको वाक्य |
|---|---|
| म कविता लेखुला । | मैले कविता लेखे हुन्थ्यो । |
| रमेश मामाघर जाला । | रमेश मामाघर गए हुन्थ्यो । |
| तपाईं सहर जानु होला । | तपाईं सहर गए हुन्थ्यो । |

- विद्यार्थीहरूबाट आएको निष्कषलाई समाहित गर्दै सम्भावनार्थ र सङ्केतार्थ भावका वाक्यको परिचय दिनुहोस् ।
- त्यसपछि विद्यार्थीहरूलाई उपयुक्त समूहमा विभाजन गरी तल दिइएका वाक्यहरू कुन कुन भावका हुन् पत्ता लगाउन निर्देशन दिनुहोस् :

  (क) तिमीहरू नाचौला ।

  (ख) पढ्यो भने पास होइन्थ्यो ।

  (ग) आज पानी पर्ला ।

  (घ) तिमी पढौला ।

  (ङ) हावा चले शीतल हुन्थ्यो ।

  (च) पानी परे बाली सप्रन्थ्यो ।

**क्रियाकलाप ४**

- सबै विद्यार्थीलाई पाठको व्याकरण अभ्यासको प्रश्न न. ४ मा दिइएको विभिन्न भावको परिचय भएको विषय वस्तु अध्ययन गर्न मात्र केही समय दिनुहोस् । अध्ययनपछि विद्यार्थीबाट कुनै अस्पष्ट भएको भनी जिज्ञासा आएमा उदाहरणसहित स्पष्ट पार्नुहोस् ।

**क्रियाकलाप ५**

- विद्यार्थीलाई उपयुक्त समूहमा पाठको व्याकरण अभ्यासको प्रश्न न. ५ गर्न निर्देशन दिनुहोस् । काम सकेपछि प्रस्तुतीकरण गर्न लगाई गल्ती पाइएमा सुधार गर्न लगाउनुहोस् ।

- अन्तमा विद्यार्थी कार्यको सकारात्मक पक्षको प्रशंसा गर्दै आवश्यक पृष्ठपोषणसहित सहभागी सबैलाई धन्यवाद ज्ञापन गर्दै कक्षा कार्य सम्पन्न गर्नुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

तल दिइएका वाक्यहरूलाई कोष्ठकमा दिइएको निर्देशनअनुसार वाक्य परिवर्तन गर्न लगाई भन्न समेत लगाउनुहोस् :

(क) चिठ्ठा पर्छ र धनी बनिन्छ । (सङ्केतार्थ)

(ख) तिमीहरू ज्याँदै असल छौ । (सम्भावनार्थ)

(ग) तँ राम्रोसँग पढ्छस् । (आज्ञार्थ)

(घ) तिमी विराटनगर जान्छौ । (इच्छार्थ)

(ङ) तपाईं ज्यँदै छिटो काम गर्नुहुन्छ । (आज्ञार्थ)

(च) ईश्वरले सबैको भलो गर्छन् । (इच्छार्थ)

(छ) हामी घरमा नै बस्छौं । (सम्भावनार्थ)

(ज) घाम लाग्छ र नुहाइन्छ । (सङ्केतार्थ)

**५. गृहकार्य**

तलका वाक्यलाई कोष्ठकमा दिएको निर्देशनअनुसार परिवर्तन गरी ल्याउनुहोस् :

(क) पानी पर्छ र रोपाइ गरिन्छ । (सङ्केतार्थ)

(ख) तिमीहरू सफल हुन्छौ । (सम्भावनार्थ)

(ग) तिमी राम्रोसँग काम गर्छौ । (आज्ञार्थ)

(घ) तिमी ठुलो मान्छे हुन्छौ । (इच्छार्थ)

(ङ) तँ मलाई सघाउँछस् । (आज्ञार्थ)

(च) गणतन्त्र अमर रहन्छ । (इच्छार्थ)

(छ) हामी पोखरातिर घुम्न जान्छौं । (सम्भावनार्थ)

(ज) पैसा हुन्छ र मोबाइल किनिन्छ । (सङ्केतार्थ)

## शिक्षकका लागि थप सामग्री

**१. क्रियाका भावहरू**

**अ. सामान्यार्थ**

क्रियापदले कुनै कार्य घटना वा स्थितिकोबारेमा जानकारी गराउँदा निश्चित वा सामान्य ढङ्गको अभिव्यक्ति भए सामान्यार्थ वा निश्चयार्थ भनिन्छ । यसले वाक्यमा क्रियाको कार्यव्यापार सकारात्मक र नकारात्मक साथै प्रश्नार्थक रूपमा रहेर समेत कार्य गर्छ । जस्तै :

(क) म राम्रो अक्षर लेख्न जान्दिना ।

(ख) म कविता लेख्छु ।

**आ. आज्ञार्थ**

द्वितीय पुरुष कर्ता (ता,तिमी र तपाईं) को आज्ञा, आदेश वा अनुरोध बुझाउन आउने क्रियापदलाई नै आज्ञार्थ भनिन्छ । जस्तै :

(क) तिमी छिटो खाजा खाऊ ।

(ख) तपाईं आजै पोखरा जानुहोस् ।

**इ. इच्छार्थ**

वक्ताको आसिक, सराप, कामना, वा इच्छाको मनोभाव बुझाउने क्रियापदलाई इच्छार्थ भनिन्छ । जस्तै :

(क) म किताब लेखूँ ।

(ख) तैंले फलफूल खाएस् ।

(ग) तिमीहरू ठुलो मान्छे बने ।

(घ) उनीहरू चाँडै विदेशबाट फर्कून् ।

**ई. सम्भावनार्थ**

क्रियापदले बुझाउने वक्ताको अनुमान, अड्कल वा सम्भावनाको मनोभावलाई सम्भावनार्थ भनिन्छ। यिनीहरूले निश्चित अर्थ नदिने भएकाले अनिश्चयार्थ पनि भनिन्छ । जस्तै :

(क) म परीक्षा दिउँला ।

(ख) हामी घर जाऔँला ।

(ग) ता खेल्लास् ।

(घ) आज पानी पर्ला ।

**उ. सङ्केतार्थ**

कारणले कार्यलाई देखाउने वा सङ्केत गर्न बुझाउन आउनेलाई सङ्केतार्थ भनिन्छ। यसले निश्चित अभिव्यक्ति नगर्ने भएको हुनाले अनिश्चियार्थ पनि भनिन्छ । जस्तै :

(क) राम्ररी पढ्यो भने पास होइन्थ्यो ।

(ख) ऊ आए म पनि जान्थैं ।

(ग) सहर गए सिनेमा हेरिन्थ्यो ।

| दिन : बारौं | समय : ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : लक्ष्मीपूजा (कथा)**

**पाठ्यवस्तु : निर्देशित कथा लेखन**

**लक्षित सिप विकास : सिर्जनात्मक कार्य**

१. **विशिष्ट उद्देश्य : यस** पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

- निर्देशित (दिइएका) बुँदाहरूको आधारमा कथा लेखेर प्रस्तुतीकरण गर्न

२. **शैक्षणिक सामग्री**

कथाका बुँदाहरू र एउटा कथा लेखिएको नमुना

३. **सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १**

- विद्यार्थीहरूमध्येबाट लक्ष्मीपूजा कथाको सार (निचोड) भन्न लगाई पाठप्रति उत्प्रेरणा जगाउनुहोस् र सोही सन्दर्भलाई जोडी आजको कक्षामा कथा लेखन क्रियाकलाप गर्ने विषय वस्तुकोबारेमा जानकारी दिनुहोस् ।

**क्रियाकलाप २**

- निर्देशित कथा लेखनका लागि बुँदा र कथा लेखेको नमुना विद्यार्थी समक्ष प्रदर्शन गरी लेख्ने तरिकाकाबारेमा छलफल गर्न लगाई निष्कर्ष निकाल्न केही समय दिनुहोस् :

**निर्देशित बुँदाका आधारमा कथा लेखनको नमुना :**

प्रश्न : निर्देशित बुँदाका आधारमा एउटा छोटो मिठो कथा तयार पार्नुहोस् :

गाउँमा एक जना मुखिया हुनु....... मुखिया घमन्डी हुनु ..............गाउँका सुख दु:खमा सहभागी नहुनु.....

गाउँलेहरूलाई आफ्ना प्रत्येक काममा बोलाएर दुःख दिनु ............ गाउँलेहरू रिसाउनु....... मुखियालाई सहयोग नगर्ने निर्णय गर्नु .......... मुखियाकी पत्नी बिरामी पर्नु....... गाउँलेहरूले अस्पताल लान सहयोग नगर्नु...... मुखियाले गाउँलेसँग माफी माग्नु, घमन्डले कसैको भलो गर्दैन भन्ने सन्देश ।

**घमन्डी मुखिया**

केही समय पहिलाको कुरा हो । पहाडको एउटा गाउँमा एक जना मुखिया बस्थे । मुखिया धेरै लोभी, निर्दयी, अरुलाई दुःख दिने र गाउँलेलाई सताउने प्रवृत्तिका थिए । गाउँलेहरूले मुखियाको हरेक काममा सघाउँथे, परेको बेला जस्तो काम गर्न पनि तत्पर रहन्थे । गाउँका ठुला बडा मानेर धेरै नै मान सम्मान गर्थे । उनीहरूलाई मुखियाले दुःख पर्दा सघाउँछन्, दुःख बुझ्छन् बिस्तारै भन्ने विश्वास थियो । तर मुखिया गाउँलेका दुःख सुखमा साथ दिन कहिल्यै आएनन् । आफू अरुकहाँ नजाने तर आफ्ना प्रत्येक काममा भने गाउँलेलाई बोलाएर काम लाउने, अनावश्यक दुःख दिने बानी थियो । मुखियाको यस्तो बानी देखेर गाउँलेहरूलाई दिक्क लाग्यो । सबै गाउँलेहरू मुखियालाई केही सहयोग नगर्ने भनी निर्णय गरे ।

केही समय पछिको कुरा हो, मुखियाकी पत्नी बिरामी परिन् । बिस्तारै थलिँदै गइन् तर बिसेक भइनन् । अस्पताल गाउँबाट टाढा थियो । धामी झाँक्रीले झारफुक गरेर केही सिप लागेन । अरुबेला जे पर्दा नि सधैँ आउने गाउँले यो बेला कोही फर्किएर आएनन् । गाउँमा गाडी थिएन, अस्पतालसम्म बिरामीलाई बोकेर लानुपर्ने भयो । मुखियाले सबै गाउँलेलाई गुहारे तर चित्त दुखाएका गाउँलेले उनको कुरा मानेनन् । मुखियालाई चेताउनका लागि उनीहरू कसैले सहयोग गरेनन् । मुखियाको परिवारले मात्र बिरामीलाई अस्पताल लान सम्भव थिएन ।

अन्तमा मुखियाले आफूले गरेको गल्ती सम्झे अनि सबै गाउँले भेला पारेर हात जोड्दै आफूले गरेको घमन्डमा पश्चाताप गरी माफी मागे । गाउँलेहरूले पनि स्विकारे । सबै गाउँले जम्मा भएर मुखिनीलाई अस्पताल लगे । गाउँले र मुखिया बिचको सम्बन्धमा सुधार आयो । सबै खुसी भए । यस कथाले घमन्डले कसैको भलो गर्दैन भन्ने सन्देश दिन्छ ।

- विद्यार्थीहरूलाई उपयुक्त समूह बनाई तलका बुँदाहरूको आधारमा एउटा छोटो मिठो कथा लेख्न निर्देशन दिनुहोस्

एउटा छोडाको बछेडो - आमाले उसलाई एक बोरा गहु खोलापारि गई पिनेर ल्याउन अह्राउनु - बाटामा एउटा नदी भेट्टाउनु - उसले एउटा गोरुलाई नदी तर्न सकिन्छ कि सकिँदैन भनी सोध्नु - गोरुले पानी धेरै छैन तर्न सकिन्छ भन्नु - बाटामा लोखर्के पनि भेटिनु - लोखर्केले पानीमा डुबिने कुरो बताई नदी तर्न नदिनु - बछेडो अलमल परी घर फर्कनु र आमालाई सबै कुरा भन्नु - आमाले गोरु अग्लो र लोखर्के सानो भएको कुरा बताई बुद्धि लगाउन भन्नु -बछेडोले कुरा बुझ्नु - ऊ नदी तरी सजिलै पारी पुग्नु र आफ्नो काम गरी फर्कनु, आगो ताप्नु मुढाको कुरा सुन्नु बुढाको भनने सन्देश ।

- विद्यार्थीले लेखन कार्य गरिरहँदा हरेक स्थानमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।
- विद्यार्थीहरूले बुँदाहरूको आधारमा लेखेका कथाहरू समूह नेताबाट पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र प्रस्तुतीकरण सकिएपछि बाँकी विद्यार्थीहरूलाई टिप्पणीका लागि प्रोत्साहित गर्नुहोस् ।
- अन्त्यमा विद्यार्थीहरूले सम्पन्न गरेका सकारात्मक क्रियाकलापहरूको प्रशंसा गर्दै आवश्यक देखिएमा थप सुधारका लागि उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

### ४. प्रतिबिम्बन/मूल्याङ्कन

- बुँदाहरूको आधारमा कथा लेख्दा कुन कुन कुरामा ध्यान दिनुपर्ने रहेछ ? भन्ने प्रश्न राखी विद्यार्थीहरूलाई एकल रूपमा मौखिक उत्तर दिन लगाई प्रतिबिम्बन/मूल्याङ्कन कार्य सम्पादन गर्नुहोस् ।

### ५. सिर्जनात्मक कार्य

- निम्न लिखित बुँदाहरूको आधारमा एउटा छोटो मिठो कथा लेखेर ल्याउन निर्देशन दिनुहोस् :

कुनै एक ठाउँमा केही कमिलाहरू बस्ने गर्नु - कमिलाहरूकै नजिकैमा एउटा याउँकिरी पनि बस्नु - कमिलाहरूले जाडोका लागि दिनहु खानेकुरा जम्मा गर्नु - झ्याउँकिरी भने काम नगरी सधौ गीत मात्र गाएर बस्नु - कमिलाहरूले काम गरेको देखेर उल्टो तिनीहरूलाई गिज्याउनु र गीत गाउन बोलाउनु - कमिलाहरूले झ्याउँकिरीको कुरा नसुनी आफ्नो काम गरिरहनु - कमिलाहरूले धेरै खानेकुरा जम्मा पार्नु -

एक महिनापछि जाडो सुरु हुनु - झ्याउँकिरीलाई भोक लाग्नु - कमिलाहरूसँग खानेकुरा माग्नु - कमिलाहरूले समयमा अल्छी गरेर मिहिनेत नगर्दाको फल यस्तै हुन्छ भन्ने जवाफ दिई खानेकुरा नदिनु- जाँगरिलोको भागमा माछा र मासु, अल्छीको भागमा आँसु भन्ने सन्देश ।

**शिक्षकका लागि थप सामग्री**

१. निर्देशित कथा लेखनका लागि ध्यान दिनुपर्ने कुराहरू :

१. दिइएका बुँदाहरूलाई राम्ररी पढी त्यसको मुख्य उद्देश्य र सन्देश पहिचान गर्नुहोस् ।

२. त्यसपछि दिइएका बुँदाहरूको आधारमा कथाको सुरु, मध्य र अन्त्य भागलाई विस्तार गर्दै जानुहोस् ।

३. कथामा उल्लेख भएको घटना र पात्र सुहाउँदो समय र ठाउँको उल्लेख गर्नुहोस् ।

४. कथाको घटना परिवर्तनसँगै अनुच्छेद पनि बदल्नुहोस् ।

५. बुँदामा दिएभन्दा बढी घटना र पात्रहरू थप्नु त्यति राम्रो हुँदैन किनभने यसले कथा लामो हुन जान्छ ।

६. कथान्तसम्म कथाको उद्देश्य पूराहुने गरी कथाको विषयवस्तु र घटनालाई अगाडि बढाउनुहोस् ।

७. कथालाई रोचक र यथार्थपरक बनाउन छोटा संवाद पनि राख्न सकिन्छ ।

८. कथाको मुख्य भाव समेटिने गरी बढीमा तिन शब्दको मिल्दो शीर्षक दिनुहोस्

**थप क्रियाकलाप :**

**विद्यार्थीहरूलाई निम्नानुसारका प्रश्नहरूको उत्तर लेख्न लगाई उनीहरूको सिकाइको मूल्याङ्कन गर्न सक्नु हुने छ :**

१. तलका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् : ३

टन्टा, उत्फुल्ल, सलल ।

२. तलका वाक्यलाई कोष्ठकमा दिएको निर्देशनअनुसार परिवर्तन गर्नुहोस् : ५

(क) पानी पर्छ र रोपाइ गरिन्छ । (सङ्केतार्थ)

(ख) तिमीहरू सफल हुन्छौ । (सम्भावनार्थ)

(ग) तिमी राम्रोसँग काम गर्छौ । (आज्ञार्थ)

(घ) तिमी ठुलो मान्छे हन्छौ । (इच्छार्थ)

(ङ) पैसा हुन्छ र मोबाइल किनिन्छ । (सङ्केतार्थ)

३. निम्न लिखित बुँदाहरूको आधारमा एउटा छोटो मिठो कथा तयार पार्नुहोस् : ४

कुनै एक ठाउँमा केही कमिलाहरू बस्ने गर्नु - कमिलाहरूकै नजिकैमा एउटा झ्याउँकिरी पनि बस्नु -कमिलाहरूले जाडोका लागि दिनहु खानेकुरा जम्मा गर्नु - झ्याउाकिरी भने काम नगरी सधै गीत मात्र गाएर बस्नु - कमिलाहरूले काम गरेको देखेर उल्टो तिनीहरूलाई गिज्याउनु र गीत गाउन बोलाउनु - कमिलाहरूले झ्याउँकिरीको कुरा नसुनी आफ्नो काम गरिरहनु - कमिलाहरूले धेरै खानेकुरा जम्मा पार्नु - एक महिनापछि जाडो सुरु हुनु - झ्याउँकिरीलाई भोक लाग्नु - कमिलाहरूसँग खानेकुरा माग्नु - कमिलाहरूले समयमा अल्छी गरेर मिहिनेत नगर्दाको फल यस्तै हुन्छ भन्ने जवाफ दिई खानेकुरा नदिनु- जाँगरिलोको भागमा माछा र मासु, अल्छीको भागमा आँसु भन्ने सन्देश ।

४. तलकामध्ये कुनै एक प्रश्नको लामो उत्तर दिनुहोस् : ८

(क) लक्ष्मीपूजा कथाको अन्त्यपछि के भयो होला ? अनुमान गरी लेख्नुहोस् ।

(ख) लक्ष्मीपूजा कथामा बाल मनोविज्ञानको के कसरी प्रयोग कसरी भएको छ , विवेचना गर्नुहोस् ।

पाठ : १२

**जीवनी** **क्लारा जेटकिन**

एकाइगत पाठ्यवस्तु विभाजन तालिका

| क्र.स. | पाठ्यवस्तु | पाठ्यभार |
|---|---|---|
| १. | सस्वरवाचन र शुद्धोच्चारण | १ |
| २. | शब्दार्थ र वाक्यमा प्रयोग | १ |
| ३. | पठन बोध र प्रश्नोत्तर | १ |
| ४. | छोटो उत्तर लेखन | १ |
| ५. | लामो उत्तर लेखन | २ |
| ६. | निर्देशित जीवनी लेखन | १ |
| ७. | व्याकरण (कोटिका आधारमा वाक्य परिवर्तन) | १ |
| ८. | व्याकरण (विभिन्न काल र पक्षका आधारमा वाक्य परिवर्तना) | २ |
| | जम्मा | १० |

| दिन : पहिलो | समय ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : क्लारा जेटकिन (जीवनी)**

**पाठ्यवस्तु : सस्वरवाचन र शुद्धोच्चारण**

**लक्षित सिप विकास : सुनाइ र बोलाइ**

**१. विशिष्ट उद्देश्य : यस** पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) पाठका अनुच्छेदहरूलाई भावानुकूल सस्वरवाचन गर्न

(ख) पाठमा प्रयुक्त उच्चारणगत समस्या भएका नयाँ शब्दहरूलाई शुद्धसँग उच्चारण गर्न

**२. शैक्षणिक सामग्री**

शब्दपत्तीहरू र गोजीतालिका

**३. सिकाइ सहजीकरण प्रक्रिया**

क्रियाकलाप १

- शिक्षकले केही विद्यार्थीहरूलाई आफ्नै हालसम्मको जीवनी भन्न लगाई पाठप्रति उत्प्रेरित गर्नुहोस् । त्यसपछि आज अध्ययन गरिने पाठको विषय वस्तुबारे जानकारी गराउनुहोस् ।

**क्रियाकलाप २**

- शिक्षकले कथाको कुनै एक अनुच्छेद सस्वरवाचन गरी सुनाउनुहोस् र सस्वरवाचन गर्दा ध्यान दिनुपर्ने कुराबारे प्रशिक्षण दिनुहोस् ।
- सोही निर्देशनको आधारमा पाठका अनुच्छेदहरू विद्यार्थीलाई पालैपालो सस्वरवाचन गर्न लगाउनुहोस् ।
- विद्यार्थीले सस्वरवाचन गर्दा कुनै गल्ती भएको पाइएमा पठन कार्यलाई त्यहीं रोकी सो वाक्यलाई आदर्श वाचन गरी सुनाउनुहोस् र सोहीअनुसार पुन: वाचन अभ्यास गराउँदै जानुहोस् ।

- विद्यार्थीले सस्वरवाचन गर्ने क्रममा कुनै शब्द उच्चारणमा समस्या देखिएमा वाचन कार्यलाई त्यहीं रोकी सो शब्दलाई बारम्बार शुद्ध उच्चारण अभ्यास गराएर मात्र पठन कार्य अघि बढाउनुहोस् ।
- आफूले शुद्ध उच्चारण गराउन लगेको शब्दपत्ती प्रदर्शन गर्दै त्यसलाई बारम्बार उच्चारण अभ्यास गराउनुहोस् ।

**क्रियाकलाप ३**

- विद्यार्थीलाई पाठको सुनाइ अभ्यासको प्रश्न न. १ देखि ३ सम्मका क्रियाकलाप सुनेर उत्तर भन्न र गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ४**

- विद्यार्थीलाई उपयुक्त समावेशी समूहमा विभाजन गरी बोलाइ अभ्यासको प्रश्न न. ५ देखि ६ सम्मका क्रियाकलाप गरेर भन्न लगाउनुहोस् ।
- दोस्रो भाषा नेपाली भएका र ढिलो सिकाइ क्षमता भएका विद्यार्थीको उच्चारणगत समस्यामा बढी संवेदनशील भई आवश्यक थप अभ्यास गराई सहयोग पुऱ्याउनुहोस् ।
- अन्त्यमा सबै विद्यार्थीका क्रियाकलाप समेटिने गरी समग्रमा उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

## ४. प्रतिबिम्बन/मूल्याङ्कन

निम्न लिखित प्रश्नात्मक क्रियाकलाप गराई प्रतिबिम्बन/मूल्याङ्कन कार्य सम्पन्न गर्नुहोस् :

(क) तलको अनुच्छेदलाई सस्वरवाचन गरी सुनाउनुहोस्:

महिला आन्दोलन र मजदुर आन्दोलनकी अग्रणी क्लाराको शिक्षासम्बन्धी धारणा पनि महत्त्वपूर्ण मानिन्छ । आफू संलग्न राजनीतिक दलको मुखपत्रको सम्पादक भएर काम गर्दा त्यस पत्रिका मार्फत उनले शिक्षासम्बन्धी आफ्ना मान्यताहरू अगाडि सारिन् । त्यतिबेला धार्मिक शिक्षाको प्रचलन थियो । उनी धार्मिक शिक्षाका सट्टा वैज्ञानिक तथा व्यावहारिक शिक्षाको पक्षपती थिइन् । उनले महिला शिक्षाका साथै सहशिक्षाकाबारेमा आफ्ना धारणा राखिन् । सहशिक्षाबाट लैङ्गिक विभेद कम हुन्छ भन्ने उनको विचार थियो ।

(ख) तलका शब्दलाई शुध्दसँग भन्नुहोस् :

अत्याधुनिक, स्वतन्त्रता, सभ्यता, प्रेरक, वञ्चित ।

## ५. परियोजना कार्य

- पाठको गहन अध्ययन गरी जीवनीको सार लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

### शिक्षकका लागि थप अध्ययन सामग्री

१. सस्वरवाचन गर्दा ध्यान दिनुपर्ने कुराहरू

- कक्षामा भएका मानिसको घनत्व अनुसार सबैले सुन्ने गरी शुद्ध र स्पष्ट रूपमा पढ्नु पर्ने ।
- पढ्दा न धेरै छिटो र न धेरै ढिलो मध्यम गति र यति मिलाई सबैले बुझ्ने गरी पढ्नु पर्ने ।
- पढ्दा लेख्य चिह्नहरूको भावलाई ख्याल गरी सोही अनुसार पढ्नु पर्ने ।

| दिन : दोस्रो | समय ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : क्लारा जेटकिन (जीवनी)**

**पाठ्यवस्तु : शब्दार्थ र वाक्यमा प्रयोग**

**लक्षित सिप विकास : पढाइ र लेखाइ**

**१. विशिष्ट उद्देश्य : यस** पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) पाठमा प्रयुक्त नयाँ शब्दहरूको अर्थ बताउन

(ख) तलका शब्दहरूको प्रयोग गरी अर्थयुक्त वाक्य बनाउन

**२. शैक्षणिक सामग्री**

- शब्दार्थको शब्द जाल, शब्दार्थ सूची र वाक्यसूची र फलाटिन पाटी

**३. सिकाइ सहजीकरण प्रक्रिया**

मुख्य क्रियाकलापहरू :

क्रियाकलाप १

- विद्यार्थीहरूलाई उपयुक्त समूहमा विभाजन गर्नुहोस् र निम्न लिखित शब्द जाल प्रदर्शन गरी तल दिइएका शब्दको अर्थ ठाडो, तेर्सा, छड्के सबैतिरबाट खोजी मिल्दो कोठामा घेरा लगाई चाडो लेख्नुपर्ने प्रतियोगितात्मक क्रियाकलाप गराई उत्प्रेरणात्मक क्रियाकलाप सञ्चालन गर्नुहोस् । चाडो सबै शब्दको अर्थ मिलाउने समूहलाई ताली बजाई सम्मान गर्न लगाउनुहोस् । सोही सन्दर्भलाई जोडी आजको कक्षामा गरिने मुख्य क्रियाकलापकाबारेमा जानकारी दिनुहोस् ।

शब्द जाल :

| | | |
|---|---|---|
| ए | प्र | वि |
| क | या | चा |
| ल | स | र |
| धै | धा | क |

खोजी गर्ने शब्दको अर्थ : प्रयत्न, एक्लो, सदैव चिन्तक, विचारक ।

**क्रियाकलाप २**

- विद्यार्थीहरूलाई पाठका अनुच्छेदहरू सरसर्ती पढ्नका लागि निर्देशन दिनुहोस् र आफूलाई अर्थ बोध गर्न नयाँ लागेका शब्दहरू भन्न लगाउनुहोस् । ती शब्दलाई शैक्षणिक पाटीमा लेख्नुहोस् । तत्पश्चात् शब्दार्थपत्ती प्रदर्शन गरी शब्दार्थ शिक्षण विधिको प्रयोग गरी अर्थ बोध गराउनुहोस् ।

**क्रियाकलाप ३**

- शिक्षकले आफूले लगेको वाक्यमा प्रयोग गरेको नमुना वाक्यसूची प्रदर्शन गर्नुहोस् र त्यस्तै प्रकृतिका अन्य वाक्यहरू निर्माण गर्न प्रोत्साहित गर्नुहोस् ।
- विद्यार्थीहरूबाट निर्मित वाक्यहरू कक्षामा प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।
- मिल्यो/मिलेन बाँकी विद्यार्थीहरूलाई मूल्याङ्कन गर्न प्रोत्साहित गर्नुहोस् र अन्तिममा मात्र शिक्षकले आवश्यक सुधारात्मक सुझाव दिनुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

निम्न लिखित प्रश्नको उत्तर भन्न र लेख्न लगाई प्रतिबिम्बन/मूल्याङ्कन कार्य सम्पन्न गर्नुहोस् :

(क) तल दिइएका शब्दको अर्थ भन्नुहोस् :

प्रतिबन्धित, समाजवादी, फुकुवा, निर्वासित ।

(ख) तल दिइएका शब्दलाई वाक्यमा प्रयोग गर्न लगाई मौखिक उत्तर दिन लगाउनुहोस् :

मताधिकार, औपचारिक, प्रसिद्धी, होनहार, अविस्मरणीय ।

**५. सिर्जनात्मक कार्य**

- निम्न लिखित शब्दहरूलाई वाक्यमा प्रयोग गरी ल्याउन निर्देन दिनुहोस् :

  अत्याधुनिक, स्मरणीय, प्रतिबन्धित, संलग्न, पाक्षिक, गुणस्तरीय, अधिकार, स्तुत्य ।

| दिन : तेस्रो | समय ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : क्लारा जेटकिन (जीवनी)**

**पाठ्यवस्तु : पठन बोध र प्रश्नोत्तर**

**अपेक्षित सिप विकास : पढाइ र लेखाइ**

**१. विशिष्ट उद्देश्य**

(क) पाठका अनुच्छेदको मौन पठन गरी सोधिएका प्रश्नहरूको उत्तर दिन

**२. शैक्षणिक सामग्री**

बोध प्रश्न सूची र फलाटिन पाटी

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १**

- विद्यार्थीलाई पाठको कुनै सानो अनुच्छेद दिई द्रुत लेखन प्रतियोगात्मक क्रियकलाप गराउनुहोस् । ठिकसँग छिटो लेख्ने तिन जनालाई कक्षा अगाडि ल्याएर ताली बजाई सम्मान गर्नुहोस् र आज गरिने क्रियाकलापको जानकारी दिनुहोस् ।

**क्रियाकलाप २**

- शिक्षकले तयार पारेर ल्याएको एउटा अनुच्छेद र त्यसको प्रश्नोत्तरको नमुना प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई बोध प्रश्नको उत्तर दिने तरिकाबारे छलफल गर्न लगाई निष्कर्ष निकाल्न सहयोग पुऱ्याउनुहोस् ।
- विद्यार्थीहरूलाई उपयुक्त समूहमा विभाजन गर्नुहोस् र पाठको अभ्यासको प्रश्न न. ८ अनुच्छेद पढी सो सम्बन्धी बोध प्रश्नको उत्तर लेख्न  निर्देश गर्नुहोस् ।

**क्रियाकलाप ३**

- समूह कार्य हुँदै गर्दा प्रत्येक समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।
- समूह कार्य सकिएपछि पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र एउटा समूहको प्रस्तुति लगत्तै बाँकी समूहलाई टिप्पणी र सुधारका लागि सुझाव दिन प्रोत्साहित गर्नुहोस् ।

**क्रियाकलाप ४**

- विद्यार्थीहरूलाई उपयुक्त समूहमा विभाजन गर्नुहोस् र पाठको अभ्यासको प्रश्न न. ९ र १० का प्रश्नको उत्तर लेख्न  निर्देश गर्नुहोस् ।
- सबै समूहको प्रस्तुति सकिएपछि विद्यार्थी समूहले क्रियाकलापको क्रममा प्रदर्शन गरेका सकारात्मक पक्षको प्रशंसा गर्दै थप सुधारका लागि उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

- पाठको दसौँ अनुच्छेद सरसर्ती पढ्न लगाई निम्न लिखित प्रश्नको उत्तर भन्न लगाउनुहोस् :

  (क) क्लारा पार्टीको निर्णयको कुन कुरामा असहमत भइन् ?

  (ख) विश्व युद्धको विरोध गर्दा उनले के कस्ता सास्ती बेहोर्नु पऱ्यो ?

## ५. गृहकार्य

- पाठको पाँचौं अनुच्छेद राम्ररी पढी तलका प्रश्नहरूको उत्तर लेखेर ल्याउन निर्देशन दिनुहोस् :

  (क) तत्कालीन जर्मन सरकारलाई कुन कुरा मन परेन ?

  (ख) ओसिप र क्लाराले जर्मन छोड्नुको कारण के थियो ?

  (ग) त्यस समयमा युरोपमा कस्ता प्रकारका विवाहलाई मान्यता दिइन्थ्यो ?

  (घ) यस अनुच्छेदका लागि उपयुक्त शीर्षक के हुन सक्छ ?

| दिन : चौथो | समय ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : क्लारा जेटकिन (जीवनी)**

**पाठ्यवस्तु : छोटो उत्तर लेखन**

**अपेक्षित सिप विकास : पढाइ र लेखाइ**

**१. विशिष्ट उद्देश्य : यस** पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) जीवनी पाठ पढी त्यसबाट सोधिएका प्रश्नको छोटो उत्तर लेख्न

## २. शैक्षणिक सामग्री

- प्रश्नसूची र छोटो उत्तरको नमुना

## ३. सिकाइ सहजीकरण प्रक्रिया

**क्रियाकलाप - १**

- विद्यार्थीहरूलाई पाठको कुनै एक अनुच्छेद दिई अनुलेखन क्रियाकलाप गराउनुहोस् र जसले छिटो र शुद्धसँग लेख्यो त्यसलाई कक्षा अगाडि उभ्याएर ताली बजाई सम्मान गर्न लगाउनुहोस् । त्यसपछि आज अध्ययन गरिने पाठ्यवस्तु शैक्षणिक पाटीमा लेखी जानकारी दिनुहोस् :

**क्रियाकलाप - २**

- विद्यार्थीहरूलाई आफूले तयार गरेर लगेको पाठको छोटो उत्तर लेख्ने प्रश्नको उत्तर नमुना प्रदर्शन गर्नुहोस् र त्यसको संरचना पक्षबारे केही समय छलफल गर्न दिनुहोस् :

**छोटो उत्तर दिने प्रश्न र उत्तरको नमुना**

प्रश्न : (क) क्लारा कसरी ओसिपसँग नजिक भइन् ?

त्यतिबेला जर्मनमा महिलाहरूले पूर्ण रूपमा मतदानको अधिकार र सम्पत्तिमाथिको अधिकार पाएका थिएनन् । पुरुषको अनुमतिबिना घरबाहिर जान पाउँदैनथे । राजनीतिक पार्टीमा महिलाहरूको संलग्नता k|ltalGwt थियो । श्रमिक महिलाहरू घर र कारखाना पनि उत्तिकै उत्पीडनमा थिए । महिलामाथिका यस्ता विभेदहरू क्लारालाई मन परेनन् । उनी महिलाहरूका विभेद कसरी हटाउने भन्ने विषयमा चिन्तन गर्न थालिन् । यसैबिचमा उनको भेट रसियन मूलका ओसिप जेटकिनसँग भयो । वैज्ञानिक तथा समाजवादी विचारका ओसिपको विचारबाट उनी प्रभावित भई उनी उनको नजिक हुन पुगिन । वैज्ञानिक ;dfhjfbL विचारका ओसिपको विचारबाट उनी प्रभावित भइन् । बिस्तारै क्लारा र ओसिपबिचमा प्रेम सम्बन्ध पनि स्थापित भयो । धेरैपछि दुवै जना पेरिस पुगेपछि मात्र उनीहरूको अनौपचारिक विवाह गर्न पुगे । उनीहरूबाट म्याक्सिम र कोन्स्टाइन नामका दुई छोराहरू पनि जन्मिए ।

- विद्यार्थीबाट आएको निष्कर्षलाई समाहित गर्दै छोटो उत्तर लेख्दा ध्यान दिनुपर्ने कुरालाई प्रस्ट पार्नुहोस् :

**क्रियाकलाप - ३**

- माथिका कुरामा विद्यार्थीलाई स्पष्ट पारिसकेपछि विद्यार्थीहरूलाई समावेशी तरिकाले उपयुक्त समूहमा विभाजन गर्नुहोस् र पाठको अभ्यासको प्रश्न न. १२ को (ख) देखि (ङ) को छोटो उत्तर दिने प्रश्नको उत्तर दिन निर्देश गर्नुहोस् ।
- विद्यार्थीले लेख्दै गर्दा प्रत्येक समूहमा पुगी कामको अवलोकन गर्नुहोस् र आवश्यक सहजीकरण गर्नुहोस् ।
- लेख्ने कार्य पूरागरिसकेपछि समूह समूहका समूह नेताबाट सो लेखेको उत्तर कक्षामा पढेर सुनाउन निर्देश गर्नुहोस् ।
- प्रत्येक समूहको प्रस्तुतिपछि  अर्को समूहलाई सो प्रस्तुतिको टिप्पणी गर्न प्रोत्साहित गर्नुहोस् ।
- अन्तमा विद्यार्थीले विभिन्न क्रियाकलापमा प्रदर्शित गरेका सबल पक्षको प्रशंसा गर्दै आफ्नो निष्कर्षसहित उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

**४. मूल्याङ्कन**

- निम्न लिखित प्रश्नहरू सोधी मूल्याङ्कन कार्य सम्पन्न गर्नुहोस् :

  (क) छोटो उत्तर लेख्दा कुन कुन पक्षमा ध्यान दिनुपर्ने रहेछ ?

**५. गृहकार्य/परियोजना कार्य**

- विद्यार्थीलाई पाठको अभ्यासभित्रको प्रश्न न. १० को उत्तर लेखेर ल्याउने परियोजना कार्य दिनुहोस् ।

| **दिन : पाँचौं  र छैटौ** | **समय :  ४५ मिनेट** |
|---|---|

**पाठ शीर्षक : क्लारा जेटकिन (जीवनी)**

**पाठ्यवस्तु : लामो उत्तर लेखन**

**लक्षित सिप विकास  : लेखाइ**

**१. विशिष्ट उद्देश्य : यस** पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) पाठबाट सोधिएका लामो प्रश्नको उत्तर दिन

**२. शैक्षणिक सामग्री**

पाठ्यपुस्तक र लामो उत्तर लेखेको नमुना

**३. सिकाइ सहजीकरण क्रियाकलाप**

**क्रियाकलाप १**

- विद्यार्थीमा भएका कुनै विशिष्ट प्रतिभा प्रदर्शन गर्न केही समय दिई विद्यार्थीहरूलाई उत्प्रेरित गर्नुहोस् र सोही सन्दर्भलाई जोड्दै आजको कक्षामा गरिने मुख्य विषय वस्तुबारे जानकारी दिनुहोस् ।

**क्रियाकलाप २**

- सर्वप्रथम सबै विद्यार्थीलाई पाठको गहन पठन गर्न निर्देशन दिनुहोस् ।
- शिक्षकले लगेको लामो उत्तर दिने प्रश्नोत्तरको नमुना प्रदर्शन गर्नुहोस् । सोको संरचना र लेखन शैलीबारे विद्यार्थीलाई छलफल गर्न लगाई लेख्ने तरिकाकाबारेमा स्पष्ट पार्नुहोस् ।

**क्रियाकलाप ३**

- विद्यार्थीलाई उपयुक्त समावेशी समूहमा विभाजन गरी प्रति समूह एक प्रश्न पर्ने गरी तल दिइएका प्रश्नको लामो उत्तर लेख्न निर्देशन दिनुहोस् :

  प्रश्नहरू :

  (क) क्लारा जेटलिन किन अन्तर्राष्ट्रिय महिला दिवसकी प्रणेता हुन् ? पुष्टि गर्नुहोस् ।

  (ख) महिला हक अधिकारका लागि क्लारा जेटलिनले के कस्ता काम गरिन् विवेचना गर्नुहोस् ।
- विद्यार्थी समूहले लेख्दै गर्दा प्रत्येक समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।

- समूह कार्य सकिएपछि पालैपालो समूह नेतामार्फत प्रस्तुतीकरण गर्न लगाई बाँकी समूहलाई टिप्पणीका लागि प्रोत्साहित गर्नुहोस् ।
- अन्तमा विद्यार्थी समूहले प्रदर्शन गरेका सकारात्मक पक्षको प्रशंसा गर्दै सुधारका लागि उपयुक्त पृष्ठपोषण दिई कक्षा कार्य सम्पन्न गर्नुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

- निम्न लिखित प्रश्न सोधी प्रतिबिम्बन/मूल्याङ्कन कार्य सम्पन्न गर्नुहोस् :

  (क) क्लाराको जीवनबाट हामीले सिक्नुपर्ने कुराहरू के के देखिन्छन् ? स्पष्ट पार्नुहोस् ।

**५. परियोजना कार्य**

- कुनै हिमाल वा पहाडको आरोहरण गर्दा आफूले अनुभव गरेको वा अरू कसैको अनुभव सङ्कलन गरी २५०-३०० शब्दसम्मको रचना तयार पारी ल्याउनुहोस् ।

| **दिन : सातौँ** | **समय : ४५ मिनेट** |
|---|---|

**पाठ शीर्षक : क्लारा जेटकिन (जीवनी)**

**पाठ्यवस्तु : निर्देशित जीवनी लेखन**

**अपेक्षित सिप विकास : सिर्जनात्मक कार्य (लेखाइ)**

**१. विशिष्ट उद्देश्य : यस** पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुनेछन् :

(क) दिइएका बुँदाहरूका आधारमा जीवनी लेख्न

**२. शैक्षणिक सामग्री**

निर्देशित बुँदाका आधारमा जीवनी लेखेको नमुना र फलाटिन पाटी

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप - १**

- विद्यार्थीहरूलाई पाठको कुनै एक अनुच्छेद दिई अनु लेखन क्रियाकलाप गराउनुहोस् र जसले छिटो र शुद्धसँग लेख्यो त्यसलाई कक्षा अगाडि उभ्याएर ताली बजाई सम्मान गर्न लगाउनुहोस् ।
- आज अध्ययन गरिने पाठ्यवस्तु शैक्षणिक पाटीमा लेखी त्यसकोबारेमा जानकारी दिनुहोस् ।

**क्रियाकलाप - २**

- विद्यार्थीहरूलाई आफूले तयार गरेर लगेको निर्देशित बुँदाका आधारमा जीवनी लेखेको नमुना प्रदर्शन गर्नुहोस् र त्यसको संरचना पक्षबारे केही समय छलफल गर्न दिनुहोस् :

निर्देशित बुँदाका आधारमा जीवनी लेखेको नमुना :

प्रश्न : दिइएका बुँदाहरूका आधारमा छोटो जीवनी तयार पार्नुहोस् :

नाम : डायमन शमशेर राणा

जन्मस्थान : पाल्पा जिल्लाको तानसेन बजार

जन्ममिति : वि.सं. १९७५ असार २१

पिता : बुध शमशेर ज.ब.रा.

माता : मोहन कुमारी राणा

शिक्षा : पाँच वर्षको उमेरदेखि पढाइ प्रारम्भ र म्याट्रिक परीक्षाको तयारी गर्दागर्दै पिताको देहान्त भएकाले पढाइ स्थगित । तर प्रशस्त पुस्तकहरूको अध्ययन ।

योगदान तथा कृतिहरू :

- आफू राणा भएकाले अनिवार्य सैनिक सेवामा संलग्न
- राणाको कठोर शासन पाएपछि राणा शासनबाट विरक्तिएका
- राणा शासन विरुद्ध कलम चलाएका

**उपन्यास लेखन :**

- वसन्ती (२००६), सेतो बाघ (२०३०), प्रतिबद्ध (२०३४), सत्प्रयास (२०३८), अनिता (२०४३) र धनको धब्बा (२०५१), गृहप्रवेश (२०५९) आदि ।
- ऐतिहासिक उपन्यासको आधुनिकता ल्याउने उपन्यासकार
- प्रजातन्त्रका पक्षमा कलम चाउने सहित्यकार
- नेपालमा प्रजातन्त्र स्थापनार्थ योगदान
- थुप्रै मान सम्मान र पदकबाट विभूषित
- नेपाली ऐतिहासिक उपन्यास लेखनका केन्द्रीय प्रतिभा ।

उत्तर :

**उपन्यासकार डायमन शमशेर राणा**

डायमन शमशेर राणाको जन्म पाल्पा जिल्लाको तानसेन बजारमा वि.सं. १९७५ असार २१ गते भएको हो । उनका पिता बुध शमशेर ज.ब.रा. र माता मोहन कुमारी राणा हुन् । पाँच वर्षको उमेरदेखि उनको पढाइ प्रारम्भ गरेका थिए । पिताको अचानक मृत्यु भएको कारण उनले म्याट्रिक परीक्षाको तयारी गर्दागर्दै परीक्षा दिन पाएनन् । तर उनले घरमा बसीबसी धेरै किसिमका पुस्तकहरूको स्वाध्ययन गरेका थिए ।

राणाकालमा उनले सैनिक सेवामा केही समय काम गरे । काम गर्दै जाँदा राणाहरूको कठोर शासन देखेपछि राणा शासनबाट विरक्तिएर सो पेसा छाडे । अब उनले राणा शासनका विरुद्धमा कलम चलाउन थाले । उनले आफ्नो जीवन कालमा  वसन्ती (२००६), सेतो बाघ (२०३०), प्रतिबद्ध (२०३४), सत्प्रयास (२०३८), अनिता (२०४३) र धनको धब्बा (२०५१) गृहप्रवेश (२०५९) आदि उपन्यासहरू लेखे । यी सबै उनका ऐतिहासक उपन्यास हुन् । यी उपन्यासमा राणाहरूको अन्याय र अत्याचारलाई देखाइएको छ । उनले राणा शासन अन्त्य गर्ने काममा पनि सघाएका थिए ।

उनले दिएका अमूल्य योगदानका कारण उनले विभिन्न संघसंस्थाबाट अनेकन् मान सम्मान र पदकबाट प्राप्त गरेका छन् । देशमा प्रजातन्त्र ल्याउन योगदान पुऱ्याउने व्यक्तिका रूपमा उनलाई बिर्सन सकिँदैन । यति धेरै ऐतिहासिक विषयमा उपन्यास लेख्ने अरू साहित्यकार छैनन् । त्यसैले उनलाई ऐतिहासिक उपन्यास लेखनका केन्द्रीय प्रतिभा भनिन्छ । डायमन शमशेर राणा हाम्रा प्रेरणाका मुहान हुन् । हाल उनी मरेर गए तापनि उनका योगदानहरू  अमर छन् ।

**क्रियाकलाप - ३**

- विद्यार्थीबाट आएको निष्कर्षलाई समाहित गर्दै निर्देशित बुँदाका आधारमा जीवनी लेख्दा ध्यान दिनुपर्ने कुरालाई प्रस्ट पार्नुहोस् :

**क्रियाकलाप - ४**

- त्यसपछि विद्यार्थीहरूलाई उपयुक्त समूहमा विभाजन गरी निम्न लिखित बुँदाहरू दिई जीवनी लेख्न निर्देशन दिनुहोस् :

तल दिइएका बुँदाका आधारमा एउटा जीवनी लेख्नुहोस् :

नाम : गोविन्दबहादुर मल्ल 'गोठाले'

जन्म : वि. सं. १९७९ असार २६, ओमबहाल, काठमाडौ

आमा र बुबा : आनन्दमाया मल्ल र ऋद्धिबहादुर मल्ल

शिक्षा : आई. एस्सी

कृति :

(क) कथा : कथा सङ्ग्रह (२००३), कथैकथा (२०१६), प्रेम र मृत्यु (२०३९), बार कथा (२०५२)

(ख) उपन्यास : पल्लो घरको झ्याल (२०१६), अपर्णा (२०५३)

(ग) नाटक : भुसको आगो (२०१८), दोष कसैको छैन (२०२७), च्यातिएको पर्दा (२०३९), भोको घर (२०३४)

पुरस्कार : त्रिभुवन प्रज्ञा पुरस्कार (२०४२), वेदनिधि पुरस्कार (२०४७), पहलमानसिंह स्वाँर पुरस्कार (२०५७) आदि

मृत्यु : वि. सं. २०६७, मङ्सिर २७

- विद्यार्थीले लेख्दै गर्दा प्रत्येक समूहमा पुगी कामको अवलोकन गर्नुहोस् र आवश्यक सहजीकरण गर्नुहोस् ।
- लेख्ने कार्य पूरागरिसकेपछि समूह समूहका समूह नेताबाट सो जीवनी लेखेको कक्षामा पढेर सुनाउन निर्देश गर्नुहोस् ।
- प्रत्येक समूहको प्रस्तुतिपछि अर्को समूहलाई सो प्रस्तुतिको टिप्पणी गर्न प्रोत्साहित गर्नुहोस् ।
- अन्तमा विद्यार्थीले विभिन्न क्रियाकलापमा प्रदर्शित गरेका सबल पक्षको प्रशंसा गर्दै आफ्नो निष्कर्षसहित उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

निम्न लिखित प्रश्नहरू सोधी मूल्याङ्कन कार्य सम्पन्न गर्नुहोस् :

(क) निर्देशित बुँदाहरूको आधारमा जीवनी लेख्दा कुन कुन कुरामा ध्यान दिनुपर्ने रहेछ ?

**५. सिर्जनात्मक कार्य**

- तलको बुँदामा आधारित भई एउटा जीवनी लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

तल दिइएका बुँदाका आधारमा एउटा जीवनी लेख्नुहोस् :

नाम : विश्वेश्वर प्रसाद कोइराला (चुडामणि न्वारानको नाउा)

जन्म : १९७१ भाद्र २४ गते

जन्मस्थान : भारतका बनारस

पिता! माता: कृष्णप्रसाद कोइराला र दिव्या कोइराला

शिक्षा : बिए र बिएल उत्तीर्ण

व्यक्तित्व र विशेषता: नेपालका प्रजातान्त्रिक नेता, प्रथम जन निर्वाचित प्रधानमन्त्री, प्रथम आधुनिक मनोवैज्ञानिक कथाकार, फ्रायडवादी कथाकार, साधारण व्यक्तित्व

कृतिहरू : चन्द्रवदन (शारदा -१९९२)। दोषी चस्मा (कथा सङ्ग्रह) स्वेत भैरवी (कथा सङ्ग्रह) तिन घुम्ती, नरेन्द्र दाइ, सुम्निमा, मोदीआइन, हिटलर र यहुदी, बाबुआमा र छोरा (उपन्यास) आफ्नो कथा, जेल जर्नल (आत्म वृतान्त) आदि ।

मृत्यु : २०३९ साल साउन, काठमाडौं ।

**शिक्षकका लागि थप अध्ययन सामग्री**

१. निर्देशित बुँदाका आधारमा जीवनी लेख्दा ध्यान दिनुपर्ने कुराहरू :

- सर्वप्रथम दिइएका बुँदाहरू सरसर्ती पढ्ने ।
- दिएइका बुँदामा जन्मदेखि शिक्षा सम्मका कुरा, कृति तथा योगदान कुरा र सम्मान र मृत्यु कहाँ लेखिएको छ, ठम्याउने ।
- लेख्न सुरु गर्दा पहिलो अनुच्छेदमा जन्मदेखि शिक्षासम्मका बुँदालाई पूर्ण वाक्य बनाई समावेश गर्ने ।
- दोस्रो अनुच्छेदमा योगदन तथा कृतिदेखि विशेषतासम्मका बुँदालाई पूर्ण वाक्य बनाई समावेश गर्ने ।
- तेस्रो वा अन्तिम अनुच्छेदमा सम्मान, पुरस्कारदेखि मृत्यु र अमरत्वका बुँदालाई पूर्ण वाक्य बनाई समावेश गर्ने ।
- अन्त्यमा जीवनीको माथिल्लो भागमा जसको जीवनी लेखिएको हो उसको नाम शीर्षकका रूपमा राख्ने ।
- जीवनीको भाषा सरल र सहज हुन आवश्यक हुन्छ । मौलिक शैलीको प्रयोग गरी लेखाइलाई रोचक भने बनाउन सकिन्छ ।
- जसको जीवनी लेखिएको हो उनकाबारेमा आफूले जानेको केही कुरा भए थपेर लेख्न सकिन्ट तर अनावश्यक र काल्पनिक, कुरा समावेश गर्नु हुँदैन ।

| दिन : आठौँ | समय : ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : क्लारा जेटकिन (जीवनी)**

**पाठ्यवस्तु : व्याकरण (लिङ्ग, वचन, पुरुष, आदर, करण अकरण आधारमा वाक्य परिवर्तन)**

**लक्षित सिप विकास : कार्यमूलक व्याकरण**

**१. विशिष्ट उद्देश्य : यस** पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

- लिङ्ग, वचन, पुरुष, आदर, करण अकरण आधारमा वाक्य परिवर्तन गर्न

**२. शैक्षणिक सामग्री**

- वाक्य तालिका, वाक्यसूची र फलाटिन पाटी

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १**

- विद्यार्थीहरूलाई पाठको कुनै अनुच्छेदको द्रुत लेखन प्रतियोगिता गराई उत्प्रेरणात्मक क्रियाकलाप गराउनुहोस् । आजको विषय वस्तुको परिचय दिई कक्षामा गरिने मुख्य क्रियाकलापकाबारेमा जानकारी दिनुहोस् ।

**क्रियाकलाप २**

- विद्यार्थीहरूलाई उपयुक्त समूहमा विभाजन व्याकरण खण्डको प्रश्न न. १ को क्रियाकलाप गर्न दिनुहोस् । समूह कार्य सकिएपछि पालैपालो प्रस्तुतीकरण गर्न लगाई गल्ती गरेकोमा सुधारका लागि सहजीकरण गर्नुहोस् ।

**क्रियाकलाप ३**

- विद्यार्थीहरूलाई उपयुक्त समूहमा विभाजन गरी व्याकरण अभ्यासको प्रश्न न. २ को क्रियाकलाप गर्न निर्देशन दिनुहोस् ।
- प्रत्येक विद्यार्थी समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् । समूह कार्य सकिएपछि पालैपालो प्रस्तुतीकरण गर्न लगाई नमिलेका स्थानमा मिलाउन लगाउनुहोस् ।

**क्रियाकलाप ३**

- विद्यार्थीहरूलाई उपयुक्त समूहमा विभाजन गरी व्याकरण अभ्यासको प्रश्न न. ३ का क्रियाकलाप गर्न निर्देशन दिनुहोस् ।
- प्रत्येक विद्यार्थी समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् । समूह कार्य सकिएपछि पालैपालो प्रस्तुतीकरण गर्न लगाई नमिलेका स्थानमा मिलाउन लगाउनुहोस् ।
- अन्तमा विद्यार्थी कार्यको सकारात्मक पक्षको प्रशंसा गर्दै सुधार गर्नुपर्ने पक्षहरूबारे आवश्यक पृष्ठपोषणसहित कक्षा कार्य सम्पन्न गर्नुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

तल दिइएका वाक्यहरूलाई कोष्ठकमा दिइएको निर्देशनअनुसार वाक्य परिवर्तन गर्न लगाउनुहोस् ।

(क) ऊ घर गई । (पुलिङ्ग)

(ख) तिमी बाठा छौ । (उच्च आदरार्थी)

(ग) ऊ आफू पनि काम गर्छ । (अकरण)

(घ) म अल्छी छु, त्यसले प्रगति गर्न सनि सकिनँ ।  (द्वितीय पुरुष)

(ङ) ऊ आएपछि म सहयोग गरुँला । (स्त्रीलिङ्ग)

(च) मैले उनलाई बोलाएँ । (अकरण)

(छ) तिमी खाना छिटोछिटो खाऊ । (अनादर)

(ज) तिमीहरू ज्यँदै असल छौ । (तृतीय पुरुष)

(झ) तिनीहरू चाँडै घर फर्के । (एक वचन)

**५. सिर्जनात्मक कार्य**

- सबै लिङ्ग, पुरुष, वचन र आदर प्रयोग भएका एक एक वाक्य निर्माण गरी ल्याउने सिर्जनात्मक कार्य दिनुहोस् ।

**दिन : नवौं र दसौा**　　　　**समय : ४५ मिनेट**

**पाठ शीर्षक : क्लारा जेटकिन (जीवनी)**

**पाठ्यवस्तु : व्याकरण ( काल र पक्षका आधारमा वाक्य परिवर्तन)**

**लक्षित सिप विकास : कार्यमूलक व्याकरण**

**१. विशिष्ट उद्देश्य : यस** पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

- सबै काल र पक्षका आधारमा वाक्य परिवर्तन गर्न

**२. शैक्षणिक सामग्री**

वाक्य तालिका, वाक्यसूची र फलाटिन पाटी

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १**

- विद्यार्थीहरूलाई पाठको कुनै अनुच्छेदको श्रुति लेखन प्रतियोगिता गराई उत्प्ररणात्मक क्रियाकलाप गराउनुहोस् । त्यसपछि आजको विषय वस्तुको परिचय दिई कक्षामा गरिने मुख्य क्रियाकलापकाबारेमा जानकारी दिनुहोस् ।

**क्रियाकलाप २**

| काल | सामान्य | पूर्ण | अपूर्ण | अभ्यस्त | अज्ञात |
|---|---|---|---|---|---|
| वर्तमान | म गीत गाउँछु । | मैले गीत गाएको छु । | म गीत गाउँदै छु । | | |
| भूत | मैले गीत गाएँ । | मैले गीत गाएको थिए। | म गीत गाउँदै थिए। | म गीत गाउँथें । | मैले गीत गाएछु । |

| | | | | | |
|---|---|---|---|---|---|
| भविष्यत् | म गीत गाउने छु । | मैले गीत गाएको हुने छु । | म गीत गाउँदै हुने छु । | | |

- विद्यार्थीहरूलाई उपयुक्त समूहमा विभाजन गरी माथि दिइएको काल र पक्ष तालिका अध्ययन गर्न लगाई तिनीहरूको बिचमा भएको भिन्नताकाबारेमा छलफल गर्न लगाई निष्कर्ष निकाल्न निर्देश गर्नुहोस् ।
- विद्यार्थी समूहबाट आएको निष्कर्षलाई समाहित गर्दै सबै कालका पक्षमा रूप चलाउने प्रक्रियाबारेमा प्रशिक्षण दिनुहोस् ।

**क्रियाकलाप ३**

- विद्यार्थीहरूलाई उपयुक्त समूहमा विभाजन गरी व्याकरण अभ्यासको प्रश्न न. ४ को क्रियाकलाप गर्न निर्देशन दिनुहोस् ।
- प्रत्येक विद्यार्थी समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् । समूह कार्य सकिएपछि पालैपालो प्रस्तुतीकरण गर्न लगाई नमिलेका स्थानमा मिलाउन लगाउनुहोस् ।
- अन्तमा विद्यार्थी कार्यको सकारात्मक पक्षको प्रशंसा गर्दै आवश्यक पृष्ठपोषणसहित कक्षा कार्य सम्पन्न गर्नुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

तल दिइएका वाक्यहरूलाई कोष्ठकमा दिइएको निर्देशन अनुसार परिवर्तन गर्न लगाउनुहोस् ।

(क) ऊ घर गई । (सामान्य वर्तमान)

(ख) तिमी बाठा छौ । (पूर्ण वर्तमान)

ग) ऊ आफू पनि काम गर्छ । (अपूर्ण वर्तमान)

(घ) म परिश्रमी छु । (सामान्य भूत)

(ङ) ऊ आउला । (पूर्ण भूत)

(च) मैले उनलाई बोलाएँ । (अपूर्ण भूत)

(छ) म खेल्ने मात्र गर्छु । (अभ्यस्त भूत)

(ज) तिमीहरू ज्यादै असल छौ । (अज्ञात भूत)

(झ) तिनीहरू चाँडै घर फर्के । (सामान्य भविष्यत्)

(ञ) हामी खेत खन्छौं । (पूर्ण भविष्यत्)

(ट) ऊ मामाघर जान्छ । (अपूर्ण भविष्यत्)

**५. सिर्जनात्मक कार्य**

- सबै कालका सबै पक्षको प्रयोग गरी एक एक वाक्य निर्माण गरी ल्याउने सिर्जनात्मक कार्य दिनुहोस् ।

**थप क्रियाकलाप**

**विद्यार्थीहरूलाई निम्नानुसारका प्रश्नहरूको उत्तर लेख्न लगाई उनीहरूको सिकाइको मूल्याङ्कन गर्न सक्नु हुने छ :**

१. तलका शब्द प्रयोग गरी वाक्य निर्माण गर्नुहोस् : २

उल्लङ्घन, निर्वासित ।

२. तल दिइएका वाक्यहरूलाई कोष्ठकमा दिइएको निर्देशन अनुसार परिवर्तन गर्न गर्नुहोस् : ६

(क) तिमी किन घरमा मात्र बस्छौ ? (उच्च आदर)

(ख) हामी राम्रा काम मात्र गर्छौं । (एक वचन)

(ग) ऊ आफू पनि काम गर्छ । (अपूर्ण वर्तमान)

(घ) ऊ आउला । (पूर्ण भूत)

(ङ) म खेल्ने मात्र गर्छु । (अभ्यस्त भूत)

(च) तिमीहरू ज्यँदै असल छौ । (अज्ञात भूत)

४. तल दिइएका बुँदाका आधारमा एउटा जीवनी लेख्नुहोस् : ४

तल दिइएका बुँदाका आधारमा एउटा जीवनी लेख्नुहोस् :

नाम : विश्वेश्वर प्रसाद कोइराला

जन्म : १९७१ भाद्र २४ गते

जन्मस्थान : भारतका बनारस

पिता / माता: कृष्णप्रसाद कोइराला र दिव्या कोइराला

शिक्षा : बिए र बिएल उत्तीर्ण

व्यक्तित्व र विशेषता: नेपालका प्रजातान्त्रिक नेता, प्रथम जन निर्वाचित प्रधानमन्त्री, प्रथम आधुनिक मनोवैज्ञानिक कथाकार, फ्रायडवादी कथाकार, साधारण व्यक्तित्व

कृतिहरू : चन्द्रवदन (शारदा -१९९२)। दोषी चस्मा (कथा सङ्ग्रह) स्वेत भैरवी (कथा सङ्ग्रह)

तिन घुम्ती, नरेन्द्र दाइ, सुम्निमा, मोदीआइन, हिटलर र यहुदी, बाबुआमा र छोरा (उपन्यास)

आफ्नो कथा, जेल जर्नल (आत्म वृतान्त) आदि ।

मृत्यु : २०३९ साल साउन, काठमाडौं ।

५. तलकामध्ये कुनै एक प्रश्नको लामो उत्तर दिनुहोस् : ८

(क) क्लारा जेटकिन किन अन्तर्राष्ट्रिय महिला दिवसकी प्रणेता हुन् ? पुष्टि गर्नुहोस् ।

(ख) महिला हक अधिकारका लागि क्लारा जेटकिनले के कस्ता काम गरिन् ? विवेचनात्मक उत्तर दिनुहोस् ।

पाठ : १३

निबन्ध

# जय भुँडी

एकाइगत पाठ्यवस्तु विभाजन तालिका

| क्र.स. | पाठ्यवस्तु | पाठ्यभार |
|---|---|---|
| १. | हाउभाउसहित सस्वर पठन र शुद्धोच्चारण | १ |
| २. | शब्दार्थ र वाक्यमा प्रयोग | १ |
| ३. | पठन बोध  र प्रश्नोत्तर | २ |
| ४. | सङ्क्षिप्त उत्तर लेखन | १ |
| ५. | व्याख्या | २ |
| ६. | निबन्ध लेखन | १ |
| ७. | श्रुतिसम भिन्नार्थक शब्द, उखान टुक्का र संयोजक | १ |
| ८. | व्याकरण (वाक्यका प्रकार र वाक्य परिवर्तन) | १ |
| | जम्मा | १० |

**दिन : पहिलो** **समय ४५ मिनेट**

**पाठ शीर्षक : जय भुँडी (निबन्ध)**

**पाठ्यवस्तु : हाउभाउसहित सस्वर पठन  र शुद्धोच्चारण**

**लक्षित सिप विकास  : सुनाइ र बोलाइ र पढाइ**

**१. विशिष्ट उद्देश्य**

(क) पाठका विषयवस्तु हाउभाउसहित पठन गर्न

(ख) पाठका उच्चारणगत समस्या भएका शब्दहरू शुद्धसँग उच्चारण गर्न

**२. शैक्षणिक सामग्री**

पाठ्यपुस्तक

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १**

- विद्यार्थीहरूलाई आफूलाई मन परेका कुनै पनि व्यक्तिको भूमिका अभिनय गरेर देखाउन समय दिनुहोस् र त्यसपछि आजको दिनमा गरिने मुख्य क्रियाकलापहरूकाबारेमा जानकारी दिएर उत्प्रेरणात्मक क्रियाकलाप सञ्चालन गर्नुहोस् ।

**क्रियाकलाप २**

- विद्यार्थीहरूलाई निबन्धलाई के कसरी हाउभाउसहित वाचन गर्ने सम्बन्धमा एकछिन छलफल गर्न लगाई एउटा शिक्षकले पाठको कुनै पात्रको हाउभाउसहित वाचन गरेर विद्यार्थीलाई नमुना प्रदर्शन गर्नुहोस् । त्यसपछि एक एक अनुच्छेद हाउभाउसहित पालैपालो पठन गर्न लगाउनुहोस् ।
- हाउभाउसहित पठन गर्दा नमिलेका स्थानमा पठन कार्य त्यही रोकी आफूले आदर्श वाचन गरी सोअनुसार पुनः वाचन अभ्यास गराउनुहोस् ।

**क्रियाकलाप ३**

- विद्यार्थीहरूलाई पाठका अनुच्छेदहरूबाट आफूलाई उच्चारणगत समस्या भएका शब्द खोजी भन्न लगाउनुहोस् । ती शब्दलाई शैक्षणिक पाटीमा टिपी बारम्बार उच्चारण अभ्यास गराउनुहोस् ।

**क्रियाकलाप ४**

- विद्यार्थीहरूलाई पाठको अभ्यासको १, २, ३ र ६ का क्रियाकलापहरू गर्न लगाई गल्ती पाइएमा सुधार गर्न लगाउनुहोस् ।
- विद्यार्थीहरूलाई उपयुक्त समावेशी समूहमा विभाजन गरी बोलाइ अभ्यासको प्रश्न न. ७ र ९ का क्रियाकलाप गर्न लगाउनुहोस् । विद्यार्थीले क्रियाकलाप लेख्दै गरेको समयमा प्रत्येक समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

(क) तलका शब्दहरूलाई शुद्ध उच्चारण गर्न लगाउनुहोस् :

दृष्टान्त, मार्क्स, संहार, कुम्भकर्ण, भ्याकुर ।

(ख) पढाइ अभ्यासको प्रश्न न. १२ का प्रश्नहरू सोध्नुहोस् ।

**५. परियोजना कार्य**

अभ्यासको प्रश्न न. ४ र ५ का प्रश्नको उत्तर लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

| दिन: दोस्रो | समय : ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : जय भुँडी (निबन्ध)**

**पाठ्यवस्तु : शब्दार्थ र वाक्यमा प्रयोग**

**लक्षित सिप विकास : पढाइ र लेखाइ**

**१. विशिष्ट उद्देश्य : यस** पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) पाठमा प्रयुक्त नयाँ शब्दहरूको अर्थ बताउन

(ख) उखानहरूको प्रयोग गरी अर्थयुक्त वाक्य बनाउन

**२. शैक्षणिक सामग्री**

- शब्दार्थ सूची र वाक्यसूची र फलाटिन पाटी

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १**

- विद्यार्थीहरूलाई कुनै मस्तिष्क मन्थन सम्बन्धी प्रश्न दिई उत्प्रेरणात्मक क्रियाकलाप सञ्चालन गर्नुहोस् ।सोही सन्दर्भलाई जोडी आजको कक्षामा गरिने मुख्य क्रियाकलापकाबारेमा जानकारी दिनुहोस् ।

**क्रियाकलाप २**

- विद्यार्थीहरूलाई पाठका अनुच्छेदहरूमा अर्थ बोध गर्न नयाँ लागेका शब्दहरू भन्न लगाउनुहोस् । ती शब्दलाई शैक्षणिक पाटीमा लेख्नुहोस् । तत्पश्चात् शब्दार्थपत्ती प्रदर्शन गरी शब्दार्थ शिक्षण विधिबाट अर्थ बोध गराउनुहोस् ।

**क्रियाकलाप ३**

- शिक्षकले आफूले लगेको वाक्यमा प्रयोग गरेको नमुना वाक्यसूची प्रदर्शन गर्नुहोस् र त्यस्तै प्रकृतिका अन्य वाक्यहरू निर्माण गर्न प्रोत्साहित गर्नुहोस् ।

- विद्यार्थीहरूबाट निर्मित वाक्यहरू कक्षामा प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।
- मिल्यो/मिलेन बाँकी विद्यार्थीहरूलाई मूल्याङ्कन गर्न प्रोत्साहित गर्नुहोस् र अन्तिममा मात्र शिक्षकले आवश्यक सुधारात्मक सुझाव दिनुहोस् ।

**क्रियाकलाप ४**

- विद्यार्थीहरूलाई उपयुक्त समावेशी समूहमा विभाजन गरी बोलाइ अभ्यासको प्रश्न न. १० का क्रियाकलाप गर्न लगाउनुहोस् । विद्यार्थीले क्रियाकलाप लेख्दै गरेको समयमा प्रत्येक समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।
- अन्तमा विद्यार्थीले प्रदर्शन गरेका सकारात्मक क्रियाकलापको प्रशंसा गर्दै उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

### ४. प्रतिबिम्बन/मूल्याङ्कन

निम्न लिखित प्रश्नको उत्तर भन्न लगाई प्रतिबिम्बन/मूल्याङ्कन कार्य सम्पन्न गर्नुहोस् :

(क) तल दिइएका शब्दको अर्थ भन्नुहोस् :

दृष्टान्त, परलोक, ब्यारेक, परचक्री, हाउडे, भ्याकुर ।

(ख) तल दिइएका उखानलाई वाक्यमा प्रयोग गर्न लगाई मौखिक उत्तर दिन लगाउनुहोस् :

हात्तीको मुखमा जिरा, हात मुख जोड्नु, गुनासो गर्नु, डाडो काट्नु ।

### ५. सिर्जनात्मक कार्य

निम्न लिखित शब्दहरूलाई वाक्यमा प्रयोग गरी ल्याउन निर्देशन दिनुहोस् :

अत्याधुनिक, स्मरणीय, प्रतिबन्धित, संलग्न, पाक्षिक, गुणस्तरीय, अधिकार, स्तुत्य ।

| दिन : तेस्रो र चौथो | समय ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : जय भुँडी (निबन्ध)**

**पाठ्यवस्तु : पठन बोध र प्रश्नोत्तर**

**लक्षित सिप विकास : पढाइ र लेखाइ**

**१. विशिष्ट उद्देश्य : यस** पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

- पाठको गहन पठन गरी सोधिएका प्रश्नहरूको उत्तर भन्न र लेख्न

### २. शैक्षणिक सामग्री

न्युजप्रिन्टमा ठुला अक्षरले लेखिएको प्रश्न सूची ।

### ३. सिकाइ सहजीकरण प्रक्रिया

**क्रियाकलाप १**

- शब्दावलीबाट अनुमान विधिबाट विद्यार्थीहरूलाई उत्प्रेरणा जगाउनुहोस् । आजको घन्टीमा गरिने मुख्य क्रियाकलापलाई शैक्षणिक पाटीमा लेखी विद्यार्थीहरूलाई सोसम्बन्धी जानकारी गराउनुहोस् ।

**क्रियाकलाप २**

- विद्यार्थीहरूलाई समावेशी ढङ्गले उपयुक्त समूहमा विभाजन गर्नुहोस् र अभ्यासको प्रश्न न. १४ को अनुच्छेद पढी सोसम्बन्धी प्रश्नोत्तर गर्न निर्देश गर्नुहोस् ।
- विद्यार्थीले पढे नपढेको शिक्षकले अवलोकन गर्दै जानुहोस् र सिकाइमा पछिपरेका विद्यार्थी समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।
- विद्यार्थीले माग गरेमा शिक्षकले कुनै एक प्रश्नको नमुना उत्तर भनेर वा लेखेरसमेत प्रस्तुत गर्नुहोस् ।
- विद्यार्थीले समूह कार्य गर्दा समान सहभागिता भए नभएको ख्याल गर्नुहोस् र अलमलमा परेको व्यक्ति वा समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।

- समूह कार्यको समय समाप्त भएपछि पालैपालो विद्यार्थी समूहबाट निर्मित संयुक्त उत्तर समूह नेताबाट कक्षामा सुनाउन लगाउनुहोस् । एउटा समूहको प्रस्तुतीकरण सकिएपछि बाँकी समूहलाई ध्यानपूर्वक सुनेर सुधारका लागि सुझाव दिन प्रोत्साहित गर्नुहोस् ।

**क्रियाकलाप ३**

- विद्यार्थीहरूलाई समावेशी ढङ्गले उपयुक्त समूहमा विभाजन गर्नुहोस् र अभ्यासको प्रश्न न. २० को क्रियाकलाप गर्न निर्देश गर्नुहोस् ।
- समूह कार्यको समय समाप्त भएपछि पालैपालो विद्यार्थी समूहबाट निर्मित संयुक्त उत्तर समूह नेताबाट कक्षामा सुनाउन लगाउनुहोस् । एउटा समूहको प्रस्तुतीकरण सकिएपछि बाँकी समूहलाई ध्यानपूर्वक सुनेर सुधारका लागि सुझाव दिन प्रोत्साहित गर्नुहोस् ।
- अन्त्यमा विद्यार्थी समूहका सकारात्मक क्रियाकलापहरूको प्रशंसा गर्दै थप सुधारका लागि उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

- विद्यार्थीहरूलाई उपयुक्त समूहमा विभाजन गरी पाठको पाचौँ अनुच्छेद पढ्न लगाई तलका प्रश्नहरूको उत्तर लेखेर भन्न निर्देश गर्नुहोस्:

(क) निबन्धकारले भुँडीलाई के को रूपमा चित्रण गरेका छन् ?

(ख) भुँडीको जोहो गर्नु भनेको के हो ?

(ग) भुँडी पूजाका लागि हाम्रा कैयौा पुर्खाले परचक्रीको दैलो कुरे भन्नुको अर्थ के हो ?

(घ) स्वयम् र जाग्राम शब्दको अर्थ लेख्नुहोस् ।

(ङ) यस अनुच्छेदलाई सुहाउने शीर्षक के हुन सक्छ ?

**५. सिर्जनात्मक कार्य**

- विद्यार्थीहरूलाई लेखाइ अभ्यासको २० न. को प्रश्नको उत्तर लेखेर ल्याउन निर्देश गर्नुहोस् ।

| दिन : पाँचौा | समय ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : जय भुँडी (निबन्ध)**

**पाठ्यवस्तु : सङ्क्षिप्त उत्तर लेखन**

**अपेक्षित सिप विकास : पढाइ र लेखाइ**

**१. विशिष्ट उद्देश्य : यस** पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुनेछन् :

(क) पाठ पढी त्यसबाट सोधिएका सङ्क्षिप्त प्रश्नको उत्तर दिन

**२. शैक्षणिक सामग्री**

प्रश्नसूची र सङ्क्षिप्त उत्तरको नमुना

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १**

- विद्यार्थीहरूलाई पाठको कुनै एक अनुच्छेद दिई अनु लेखन क्रियाकलाप गराउनुहोस् र जसले छिटो र शुद्धसँग लेख्यो त्यसलाई कक्षा अगाडि उभ्याएर ताली बजाई सम्मान गर्न लगाउनुहोस् । त्यसपछि आज अध्ययन गरिने पाठ्यवस्तु शैक्षणिक पाटीमा लेखी जानकारी दिनुहोस् :

**क्रियाकलाप २**

- विद्यार्थीहरूलाई आफूले तयार गरेर लगेको पाठको सङ्क्षिप्त प्रश्नको उत्तर नमुना प्रदर्शन गर्नुहोस् र त्यसको संरचना पक्षबारे केही समय छलफल गर्न लगाई सङ्क्षिप्त प्रश्नको उत्तर दिने तरिकाकाबारेमा प्रशिक्षण दिनुहोस् ।

**क्रियाकलाप - ३**

- विद्यार्थीहरूलाई समावेशी तरिकाले उपयुक्त समूहमा विभाजन गर्नुहोस् र पाठको अभ्यासको प्रश्न न. १८ को (क) देखि (ग) सम्मका सङ्क्षिप्त उत्तर दिने प्रश्नको उत्तर दिन फरक फरक समूहलाई निर्देश गर्नुहोस् ।
- विद्यार्थीले लेख्दै गर्दा प्रत्येक समूहमा पुगी कामको अवलोकन गर्नुहोस् र आवश्यक सहजीकरण गर्नुहोस् ।
- लेख्ने कार्य पूरागरिसकेपछि समूह समूहका समूह नेताबाट सो सङ्क्षिप्त उत्तर लेखेको कक्षामा पढेर सुनाउन निर्देश गर्नुहोस् ।
- प्रत्येक समूहको प्रस्तुतिपछि अर्को समूहलाई सो प्रस्तुतिको टिप्पणी गर्न प्रोत्साहित गर्नुहोस् ।
- अन्तमा विद्यार्थीले विभिन्न क्रियाकलापमा प्रदर्शित गरेका सबल पक्षको प्रशंसा गर्दै आफ्नो निष्कर्षसहित उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

निम्न लिखित प्रश्नहरू सोधी प्रतिबिम्बन/मूल्याङ्कन कार्य सम्पन्न गर्नुहोस् :

(क) जय भुँडी निबन्धमा कुन कुन किसिमका भुँडीको चर्चा गरिएको छ ?

**५. गृहकार्य**

- विद्यार्थीलाई पाठको अभ्यासभित्रको प्रश्न न. १८ को (घ) को उत्तर लेखेर ल्याउने गृहकार्य दिनुहोस् ।

**शिक्षकका लागि थप अध्ययन सामग्री**

१. सङ्क्षिप्त उत्तर लेख्दा ध्यान दिनुपर्ने कुराहरू :

- सवभन्दा पहिले बुझ्नुपर्ने कुरा सङ्क्षिप्त उत्तर भनेको एक दुई वाक्यमा दिइने छोटो उत्तर होइन । यसमा प्रश्नले सोधेको उत्तरलाई सबैले बुझ्ने गरी कम्तीमा पाँचदेखि सात वाक्यको लामो पारेर उत्तर दिनुपर्छ ।
- यसमा भनेको कुरालाई सबैले बुझ्ने र स्पष्ट बनाउन केही उदाहरण दिनु राम्रो हुन्छ ।
- किताबमा भएको उत्तर वा साथीले लेखेको उत्तर जस्ताको तस्तै (हुबहु) सार्नु हुन्न । लेख्दा आफ्नै भाषा र शैलीको प्रयोग गर्नुपर्छ ।
- उत्तरको सुरुवातमा नै ‘किनभने, यसको उत्तर के हो भने’ जस्ता कुराबाट गर्न हुन्न । प्रारम्भमा कुनै महत्त्वपूर्ण आधार वाक्य राख्दा उत्तम हुन्छ ।
- प्रश्नले उत्तर जुन शैलीमा मागेको छ त्यही शैलीमा सबै कुरा समेटिने गरी अन्तिम वाक्य लेख्नुपर्छ ।

| दिन : छैटौँ र सातौ | समय : ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : जय भुँडी (निबन्ध)**

**पाठ्यवस्तु : व्याख्या**

**लक्षित सिप विकास : लेखाइ**

**१. विशिष्ट उद्देश्य :** यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :

(क) पाठमा प्रयोग भएका विशिष्ट पङ्क्तिहरूको व्याख्या गर्न

**२. शैक्षणिक सामग्री**

- व्याख्याको नमुना तालिका, फलाटिन पाटी

**३. सिकाइ सहजीकरण प्रक्रिया**

मुख्य क्रियाकलाप

**क्रियाकलाप १**

- गत दिनको गृहकार्य ठाउँठाउँबाट प्रस्तुतीकरण गर्न लगाई उनीहरूले गरेका राम्रा पक्षहरूको प्रशंसा गर्दै विद्यार्थीलाई पाठप्रति उत्प्रेरित गर्नुहोस् र आज अभ्यास गरिने विषय वस्तुकाबारेमा जानकारी दिनुहोस् ।

**क्रियाकलाप २**

- सर्वप्रथम विद्यार्थीलाई पाठको कुनै एक विशिष्ट पङ्क्तिको व्याख्या गरेको नमुना प्रदर्शन गर्नुहोस् र व्याख्या गर्दा आदि, मध्य र अन्त्य भागमा के के लेखिन्छ भन्ने कुरामा छलफल चलाउन लगाई निष्कर्ष निकाल्न प्रोत्साहित गर्नुहोस् :

**व्याख्याको नमुना प्रश्नोत्तर**

व्याख्या गर्नुहोस्:

"आखिर सत्य कुरो यही हो, 'येनकेन प्रकारेण उदरं परिपूरयेत' ।"

प्रस्तुत विशिष्ट पङ्क्तिले प्रत्येक मान्छेको भुँडी भर्नुपर्ने वास्तविकतालाई र विसङ्गतिलाई प्रकट गरेको पाइन्छ । जसले जे जे कुरा गरे पनि मानिस नखाईकन बाँच्न सक्दैन । खाना उसको जिउने आधारभूत आवश्यकता हो । खानेकुरा जुटाउने काममा ऊ दिनरात खटिरहेको छ । कोही मरिमरी काम गरेर, कोही मागेर, कोही ठगेर त कोही अरूमाथि अन्याय गरेर आआफ्ना भुँडीको जोहो गरेका छन् । जसरी भए पनि भुँडी भर्नु जो कोही मानिसको वाध्यता हो । यसमा कसैको दुई मत छैन ।

सच्चा कमाइ र परिश्रम गरेर भुँडीको जोहो गर्नु स्वभाविक पक्ष हो । आफ्नो भुँडी भरेपछि अरूको भोका भुँडीलाई दान र सहयोग गर्नु मानवीय कर्तव्य हो । तर यहाँ के विडम्बना छ भने आजकल मान्छेहरू पापी, अधर्मी र हाँडीघोप्टे भएका छन् । आफू काम नगर्ने तर अरूले दु:ख गरेर कमाएको सम्पत्ती चोरेर, ठगेर, भ्रष्टाचार वा अन्याय गरेर हडप्ने प्रवृत्ति बढ्दो छ । आफूले जसरी पनि धेरै कमाउने र सन्तानदर्सन्तानलाई पुग्ने सम्पत्ती जोड्ने कुप्रवृत्ति बढ्दै गएको छ । आफूलाई सुख भए पुग्यो अरू जेसुकै गरून् भन्ने मानसिकताले धनी र गरिब बिचको खाल्डो ठुलो हुँदैछ । यस्तो स्वार्थ र शक्ति भएका मान्छेमा कहिले विवेक आउला र समतामूलक समाजको निर्माण होला भन्ने चिन्ताले सर्वसाधारण बस्नु परेको छ ।

यहाँ बाँच्नको लागि सबैले न्यूनतम एक छाक खान पाउनु पर्छ । पद र शक्तिको दुरुपयोग गरी मै खाउा लाउा भन्ने वर्तमान ठुलाठालुको कुप्रवृत्तिको अन्त्य हुनुपर्छ । खानै नपाएर गरिबहरू भोकभोकै मर्नुपर्ने स्थिति हुन्न । यसो हुन सकेमा सबैको कल्याण हुन्छ । यस्तै प्रकृतिको आशय माथिको पङ्क्तिमा पाइन्छ ।

- विद्यार्थीबाट आएको निष्कर्षलाई समाहित गर्दै व्याख्या गर्ने तरिकाकाबारेमा स्पाट धारणा दिनुहोस् ।

**क्रियाकलाप ३**

- विद्यार्थीहरूलाई उपयुक्त समूहमा विभाजन गरी लेखाइ अभ्यासको प्रश्न न.२१ (क) को व्याख्या गर्न निर्देशन दिनुहोस् ।
- विद्यार्थीले काम सम्पन्न गरेपछि विद्यार्थीहरूलाई ठाउँठाउँबाट प्रस्तुतीकरण गर्न लगाई आपसमा टिप्पणी र सुधार गर्न विद्यार्थीहरूलाई नै प्रोत्साहित गर्नुहोस् ।
- अन्त्यमा विद्यार्थीले प्रदर्शन गरेका सबल पक्षहरूको प्रशंसा गर्दै थप सुधारका लागि उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

## ४. प्रतिबिम्बन/मूल्याङ्कन

- व्याख्या गर्ने अभ्यास गरेको आधारमा विद्यार्थीहरूलाई व्याख्या गर्ने तरिकाकाबारेमा विभिन्न प्रश्न सोधी प्रतिबिम्बन/मूल्याङ्कन कार्य सम्पन्न गर्नुहोस् ।

## ५. गृहकार्य

- लेखाइ अभ्यासको प्रश्न न.२१ (ख) को व्याख्या गरेर ल्याउन निर्देशन दिनुहोस् ।

### शिक्षकका लागि थप सामग्री

१. व्याख्या गर्दा ध्यान दिनुपर्ने कुराहरू :

- व्याख्या गर्नु भनेको दिइएको भनाइलाई सबैले स्पष्ट हुने गरी विस्तार गरी लेख्नु हो ।
- व्याख्या गर्दा पाठको सन्दर्भ र प्रसङ्ग खुलाउनु आवश्यक पर्दैन ।
- यसमा आफ्ना अनुभव र विचारलाई पनि समावेश गर्न पाइन्छ ।
- दिइएको हरफको अर्थलाई स्पष्ट पार्न उदाहरण, उपमा आदिलाई पनि दिन सकिन्छ ।
- व्याख्या गर्दा पहिलो अनुच्छेदमा दिइएको उद्धरण वा हरफको परिचय दिई त्यसमा आफ्नो सहमति वा असहमति भएको कुरा २, ३ वाक्यमा उल्लेख गर्ने ।
- दोस्रो अनुच्छेदमा त्यसले भन्न खोजेका कुरालाई स्पष्ट हुने गरी विस्तारपूर्वक आलोचनात्मक विचार दिने ।
- तेस्रो अनुच्छेदमा आफ्नो विचार सहितको निष्कर्ष २, ३ वाक्यमा दिने ।

| दिन : आठौँ | समय : ४५ मिनेट |
| --- | --- |

**पाठ शीर्षक : जय भुँडी (निबन्ध)**

**पाठ्यवस्तु : निबन्ध लेखन**

**लक्षित सिप विकास : सिर्जनात्मक लेखाइ**

## १. विशिष्ट उद्देश्य

(क) सामाजिक विषयमा आधारित भई निबन्ध लेख्न

## २. शैक्षणिक सामग्री

निबन्धको शीर्षक सूची, निबन्ध लेखनका लागि निर्देशित बुँदासूची

## ३. सिकाइ सहजीकरण प्रक्रिया

**क्रियाकलाप १**

- विद्यार्थीलाई **अन्ताक्षरी शब्द खेल विधि**को प्रयोग गरी पाठप्रति उत्प्ररणा जगाउनुहोस् र सो सन्दर्भलाई जोड्दै आजको कक्षामा हुने निबन्ध लेखन अभ्यासकाबारेमा जानकारी दिनुहोस् ।

**क्रियाकलाप २**

- विद्यार्थीहरूलाई उपयुक्त समूहमा विभाजन गर्नुहोस् । ती समूहलाई तलका निबन्धका विषयहरू शैक्षणिक पाटीमा दिनुहोस् र ती मध्ये कुनै एक विषयमा निबन्ध लेख्नका लागि निम्न लिखित निर्देशन दिनुहोस् :

**निबन्धमा विषय :**

(क) लागु पदार्थको दुर्व्यसन

(ख) महिला हिंसा

(ग) अपाङ्गप्रति भेदभाव

(घ) बेरोजगारी

- समूहले शीर्षक छानेपछि ती समूहलाई त्यसकोबारेमा निबन्ध लेख्नका लागि निम्न लिखित निर्देशन दिनुोस् :

> - पहिलो अनुच्छेदमा : विषयको परिचय र त्यसको वर्तमान अवस्था
> - दोस्रो अनुच्छेदमा : ती समस्या आउनुका कारण र त्यसले पारेका सामाजिक प्रभाव
> - तेस्रो अनुच्छेदमा : विभिन्न निकायबाट ती समस्या समाधानका लागि भएका प्रयास र सम्बन्धित क्षेत्रले अझै गर्न बाँकी कामहरू
> - अन्तिम अनुच्छेदमा : यसको समाधानका लागि आफ्ना सुझाव र निष्कर्ष ।

- माथिको निर्देशनमा विद्यार्थीबाट अस्पष्ट भएका कुनै प्रश्न आएमा त्यसलाई स्पष्ट हुने गरी उत्तर दिनुहोस् ।

  उक्त निबन्ध लेखन कार्य गर्दा विद्यार्थीलाई **यताउति हिँड्दै अन्तरक्रिया गर्ने विधिको प्रयोग** गर्न सकिने जानकारी दिनुहोस् ।

**क्रियाकलाप २**

- विद्यार्थीहरूले निबन्ध लेख्दै गर्दा शिक्षकले अवलोकनकर्ता र सहजकर्ताको भूमिका निर्वाह गर्दै अलमलिएका समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।
- लेखन कार्य सकिएपछि पालैपालो समूह नेतामार्फत प्रस्तुतीकरण गर्न लगाई विद्यार्थीहरूबाटै मूल्याङ्कन गर्न प्रोत्सहित गर्नुहोस् । एक समूहको प्रस्तुतिपछि सो समूहलाई अरू समूहले ताली बजाई सम्मान गर्ने संस्कारको विकास गराउनुहोस् ।
- अन्त्यमा सुधार गर्नुपर्ने पक्षमाथि छलफल गराई समग्रमा उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

- सामाजिक विषयमा निबन्ध लेख्दा ध्यान दिनुपर्ने कुराहरूकाबारेमा प्रश्नहरू सोधी प्रतिबिम्बन/मूल्याङ्कन कार्य सम्पन्न गर्नुहोस् ।

**५. परियोजना कार्य**

- विर्द्यीहरूलाई पाठको सिर्जनात्मक अभ्यासको प्रश्न न. १ र २ का विषयमध्ये कुनै एक विषयमा निबन्ध लेखेर ल्याउन निर्देश गर्नुहोस् ।

**शिक्षकका लागि थप अध्ययन सामग्री**

**१. अन्ताक्षरी शब्द खेल विधि**

> विद्यार्थीलाई उपयुक्त समूहमा विभाजन गर्ने । शिक्षकले कुनै एक समूहलाई एउटा शब्द भनिदिने । त्यसपछि दिइएको शब्दको अन्तको अक्षरबाट नयाँ शब्द बनाउन विद्यार्थी समूहलाई पालैपालो समय दिने । सो क्रियाकलाप गर्दै जाँदा अन्तमा जुन समूहले १० सेकेन्डभित्र शब्द बनाउन सक्दैन वा बनाएको शब्दको अर्थ हुँदैन सो समूह अनुत्तीर्ण हुन्छ । यसका लागि ५ मिनेट सयम दिने ।

**२. यताउति हिँड्दै अन्तरक्रिया गर्ने विधि**

> समूहका सबै विद्यार्थीहरू आफ्नो विषयवस्तु/प्रश्नसम्बन्धी प्रश्न वा समस्याको उत्तरको खोजीका लागि यताउति जता पनि हिंड्दै दुई वा सोभन्दा धेरै जनासँग अन्तरक्रिया गर्न सक्ने र प्रश्नको उत्तर पत्ता लगाई आफ्नै समूहमा आई साझा उत्तर बनाई लेखेर प्रस्तुतीकरण गर्ने ।

| **दिन : नवौं** | **समय : ४५ मिनेट** |
|---|---|

**पाठ शीर्षक : जय भुँडी (निबन्ध)**

**पाठ्यवस्तु : श्रुतिसम भिन्नार्थक शब्द, उखान टुक्का र संयोजक**

**लक्षित सिप विकास : शब्दभण्डार विकास**

**१. विशिष्ट उद्देश्य**

(क) श्रुतिसम भिन्नार्थक शब्दको पहिचान गरी प्रयोग गर्न

(ख) टुक्का र उखानको प्रयोग गरी वाक्य निर्माण गर्न

(ग) संयोजक शब्दको प्रयोग गरी वाक्य निर्माण गर्न

**२. शैक्षणिक सामग्री**

- टुक्का र उखानको सूची र फलाटिन पाटी

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १**

- विद्यार्थीलाई तल दिइएका जोडी शब्दको फरक फरक अर्थ भन्नुपर्ने मस्तिष्क मन्थन क्रियाकलाप गराई पाठप्रति उत्प्रेरणा जगाउनुहोस्र सोही सन्दर्भलाई जोडी आज गरिने मुख्य क्रियाकलापकाबारेमा जानकारी दिनुहोस् :

  शब्द जोडी : शव -सब, शीत- सित, गर्भ -गर्व, मैना -महिना, दिशा- दिसा ।

**क्रियाकलाप २**

- विद्यार्थीहरूलाई उपयुक्त समूहमा विभाजन गर्नुहोस् । ती समूहलाई पाठको अभ्यासको प्रश्न न. १६ मा दिएका श्रुतिसम भिन्नार्थक शब्दको फरक फरक अर्थ खुल्ने गरी एक एक ओटा वाक्य निर्माण गर्न निर्देशन दिनुहोस् ।
- विद्यार्थीहरूले लेख्दै गर्दा शिक्षकले सहजकर्ताको भूमिका निर्वाह गर्दै अलमलिएका समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् र अन्त्यमा समूह कार्य ठाउँठाउँबाट प्रस्तुतीकरण गर्न लगाई गल्ती भएकोमा सुधार गरी सार्न लगाउनुहोस् ।

**क्रियाकलाप ३**

- विद्यार्थीहरूलाई निम्न लिखित पदावली दिई तिनमा कुन कुन टुक्का हुन् र कुन कुन उखान हुन् छुट्याउन लगाई मौखिक रूपमा भन्न लगाउनुहोस् :

  नाक बजाउनु, जसले मह काढ्छ, उसले हात चाट्छ, डाँडो काट्नु, मागीमागी छोराको बिहे, बाादरको पुच्छर लौरो न हतियार, जोहो गर्नु, हाडीँघोप्टे हुनु, जो होचो उसका मुखमा घोचो हातमखु जोर्नु, ठन्डाराम हुनु, हात्तीको मुखमा जिरा,। इन्द्रको अगाडि स्वर्गको कुरा ।

**उखान र टुक्कालाई वाक्यमा प्रयोग गरिएको नमुना**

| | |
|---|---|
| टुक्का : | आलु खानु (फेल हुनु) |
| वाक्य : | उसले कक्षा ९ को परीक्षामा आलु खाएछ । |
| टुक्का : | नाक काट्नु (इज्जत जानु) |
| वाक्य : | मेरो भाइले अर्काको कुखुरा चोरेर परिवारको नाकै काट्यो । |
| उखान : | मागीमागी छोराको बिहे । |
| वाक्य : | आफूसँग एक पैसा नभएर खाजा खान बिस रुपियाा छोरीसँग मागेर अफिस आएको छु । साथी किरण भने मागीमागी छोराको बिहे भनेझैं मासु चिउरा खुवाउन पो आग्रह गर्छ । |
| उखान : | इन्द्रको अगाडि स्वर्गको बात । |
| वाक्य : | महाकाव्यसमेत लेखिसकेका कविका अगाडि दस कक्षामा पढ्ने रेशमले छन्दको कुरा गर्नु भनेको इन्द्रको अगाडि स्वर्गको कुरा सरह हो । |

नोट: टुक्कालाई एउटै वाक्यलाई अर्थ खुल्ने गरी वाक्य बनाउन सकिन्छ भने उखानलाई एकभन्दा बढी वाक्य बनाएर अर्थ स्पष्ट हुने गरी वाक्य बनाउन सकिन्छ ।

- विद्यार्थीहरूलाई उपयुक्त समूहमा विभाजन गर्नुहोस् । ती समूहलाई माथिकै टुक्का तथा उखानको प्रयोग गरी वाक्य निर्माण गर्न निर्देशन दिनुहोस् ।

- विद्यार्थीले वाक्य निर्माण गर्दा प्रत्येक समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।
- लेखन कार्य सकिएपछि पालैपालो समूह नेतामार्फत प्रस्तुतीकरण गर्न लगाई विद्यार्थीहरूबाटै मूल्याङ्कन गर्न प्रोत्सहित गर्नुहोस् । एक समूहको प्रस्तुतिपछि सो समूहलाई अरू समूहले ताली बजाई सम्मान गर्ने संस्कारको विकास गराउनुहोस् ।

**क्रियाकलाप ४**

- विद्यार्थीहरूलाई एकल रूपमा व्याकरण अभ्यासको प्रश्न न. १ मा दिएका संयोजक शब्दलाई वाक्यमा प्रयोग गरेर सुनाउन निर्देशन दिनुहोस् । नमिलेको वाक्य भनेमा आफूले सुधार गरी सार्न लगउनुहोस् ।
- अन्तमा आजको कक्षामा विद्यार्थीले प्रदर्शन गरेका महत्त्वपूर्ण पक्षको प्रशंसा गर्दै समग्रमा थप सुधार गर्नुपर्ने पक्ष औंल्याई उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

- विद्यार्थीहरूलाई पाठको बोलाइ अभ्यासको प्रश्न न. ८ मा दिइएका उखान र टुक्कालाई वाक्यमा प्रयोग गर्न लगाई प्रतिबिम्बन/मूल्याङ्कन कार्य सम्पन्न गर्नुहोस् ।

**५. परियोजना कार्य**

- विद्यार्थीहरूलाई पाठको सिर्जनात्मक अभ्यासको प्रश्न न. ३ को कार्य गरेर ल्याउन निर्देश गर्नुहोस् ।

**शिक्षकका लागि थप अध्ययन सामग्री**

**टुक्का**

वाक्यमा प्रयोग हुँदा सामान्य वा सोझो अर्थलाई छोडी अभिव्यक्तिलाई कसिलो व्यङ्ग्यपूर्ण बनाउने र विशिष्ट अर्थ बहन गर्ने पदावलीलाई टुक्का भनिन्छ । यसले भनाइलाई कसिलो खरो बनाउँछ । यसले भाषामा सोझो अर्थ नदिई व्यङ्ग्यपूर्ण अर्थ दिने काम गर्दछ । जस्तै:

बिलखबन्दमा पर्नु (अलमलमा पर्नु), तिन छक पर्नु (अचम्म मान्नु), ठाडो पुच्छर लगाउनु (भाग्नु) आदि ।

**उखान**

वाक्यात्मक रूपमा प्रयोग गरिने परम्परादेखि चल्दै आएको सूत्रात्मक भनाइलाई उखान भनिन्छ । उखानलाई लोकोक्ति पनि भनिन्छ । यसको प्रयोगले भाषिक अभिव्यक्तिमा मिठास र रोचकता आउँछ । उखानले वाक्यमा सोझो अर्थभन्दा बाङ्गो अर्थ बढी दिन्छ । जस्तै : कच्चा वैद्यको मात्रा यमपुरीको यात्रा, आलु खाएर पेडाको धाक, एक हातले ताली बज्दैन, आदि ।

| दिन : दसौँ | समय : ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : जय भुँडी (निबन्ध)**

**पाठ्यवस्तु : व्याकरण (वाक्यका प्रकार र वाक्य परिवर्तन)**

**लक्षित सिप विकास : कार्यमूलक व्याकरण**

**१. विशिष्ट उद्देश्य**

(क) सरल, मिश्र र संयुक्त वाक्यका प्रकार पहिचान गर्न

(ख) एक किसिमको वाक्यलाई अर्को प्रकारमा परिवर्तन गर्न

**२. शैक्षणिक सामग्री**

- वाक्यको परिचय र प्रकार लेखिएको चार्ट, वाक्यसूची र फलाटिन पाटी

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १**

- विद्यार्थीलाई उनीहरूमा विद्यमान कसनै प्रतिभा प्रदर्शनका लागि केही समय दिई पाठप्रति उत्प्रेरणा जगाउनुहोस् र सोही सन्दर्भलाई जोडी आज गरिने मुख्य क्रियाकलापकाबारेमा जानकारी दिनुहोस् :

**क्रियाकलाप २**

- विद्यार्थीहरूलाई तलको वाक्यका किसिम लेखिएको चार्ट प्रदर्शन गर्नुहोस् र ती वाक्यमा भएका भिन्नता पहिचान गर्न छलफल गर्न लगाई निष्कर्ष निकाल्न गलाउनुहोस्। :

| सरल वाक्य | मिश्र वाक्य | संयुक्त वाक्य |
|---|---|---|
| पानी परेर बाटो हिलो भयो। | जब पानी पऱ्यो तब बाटो हिलो भयो। | पानी पऱ्यो अनि बाटो हिलो भयो। |
| मह काढ्नेले हात चाट्छ। | जसले मह काढ्छ उसले हात चाट्छ। | उसले मह काढ्यो र उसैले हात चाट्यो। |
| इच्छा भएको ठाउँमा उपाय हुन्छ। | जहाँ इच्छा हुन्छ, त्यहाँ उपाय हुन्छ। | इच्छा हुन्छ र उपाय निस्कन्छ। |

- विद्यार्थीबाट आएको निष्कर्षलाई समाहित गर्दै वाक्यका प्रकारबारे स्पष्ट धारणा दिनुहोस्

**क्रियाकलाप ३**

- विद्यार्थीहरूलाई उपयुक्त समूहमा विभाजन गर्नुहोस्। ती समूहलाई व्याकरण अभ्यासको प्रश्न न. ३ मा उदाहरण सहित दिइएका वाक्य परिवर्तनका नमुनाहरू हेरी दिइएका वाक्यहरू निर्देशन अनुसार परिवर्तन गर्न निर्देशन दिनुहोस्।
- विद्यार्थीहरूले लेख्दै गर्दा शिक्षकले सहजकर्ताको भूमिका निर्वाह गर्दै अलमलिएका समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् र अन्त्यमा समूह कार्य ठाउँठाउँबाट प्रस्तुतीकरण गर्न लगाई गल्ती भएकोमा सुधार गरी सार्न लगाउनुहोस्।

**क्रियाकलाप ४**

- विद्यार्थीहरूलाई निम्न लिखित वाक्यहरू दिई निर्देशन अनुसार वाक्य परिवर्तन गर्न लगाउनुहोस् :

  (क) मैले उसलाई बोलाए तर ऊ आएन। (सरल वाक्य)

  (ख) मैले उसलाई बोलाए तर ऊ आएन। (मिश्र वाक्य)

  (ग) तिमी खाएर विद्यालय जाऊ। (संयुक्त वाक्य)

  (घ) रमेश आयो अनि सरिता विद्यालय गई। (सरल वाक्य)

  (ङ) धनमान पढी लेखी ठूलो मान्छे भएर नाम कमाउन चाहन्छ। (संयुक्त वाक्य)

- प्रत्येक समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस्।
- लेखन कार्य सकिएपछि पालैपालो समूह नेतामार्फत प्रस्तुतीकरण गर्न लगाई विद्यार्थीहरूबाटै मूल्याङ्कन गर्न प्रोत्सहित गर्नुहोस्।
- अन्तमा आजको कक्षामा विद्यार्थीले प्रदर्शन गरेका महत्त्वपूर्ण पक्षको प्रशंसा गर्दै थप सुधार गर्नुपर्ने पक्ष औंल्याई उपयुक्त पृष्ठपोषण दिनुहोस्।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

- तलका वाक्य परिवर्तन गर्न लगाएर प्रतिबिम्बन/मूल्याङ्कन कार्य सम्पन्न गर्नुहोस्।

  (क) ऊ आफू पनि काम गर्दै अरूलाई पनि काम गराउँछ। (संयुक्त वाक्य)

(ख) मिहिनत गर्ने मान्छे कहिल्यै असफ हुँदैन । (मिश्र वाक्य)

(ग) उसले काम गरेको छ र सबैलाई रिझाएको छ । (सरल वाक्य)

## ५. गृहकार्य

- विद्यीहरूलाई कोष्ठकमा दिइएको निर्देशन अनुसार तलका वाक्यलाई परिवर्तन गरेर ल्याउन निर्देश गर्नुहोस् :

(क) इच्छा भएको ठाउँमा उपाय हुन्छ । (मिश्र वाक्य)

(ख) जहिले ऊ आउला, त्यसै बेला म सहयोग गरुँला । (संयुक्त वाक्य)

(ग) जसले राम्ररी मिहिनत गर्छ, ऊ सफल हुन्छ । (सरल वाक्य)

(घ) उसले काम गरेको छ र सबैलाई रिझाएको छ । (मिश्र वाक्य)

(ङ) अनन्त घर गएर भात खायो । (संयुक्त वाक्य)

**शिक्षकका लागि अध्ययन सामग्री :**

१. वाक्यको परिचय र किसिम

क. सरलवाक्य

वाक्यलाई टुङ्ग्याउने एउटा मात्र समापक क्रिया भएको वाक्यलाई सरल वाक्य भनिन्छ । एउटा वाक्यमा एउटा मात्र समापक क्रिया रहेसम्म त्यो सरल वाक्य नै हुन्छ । जस्तैः अल्छी मान्छेले प्रगति गर्न सक्दैन ।

ख. मिश्रवाक्य

एउटा अधीन र अर्को स्वाधीन उपवाक्य मिली एउटै वाक्य बनेको छ भने त्यस्तो वाक्यलाई मिश्र वाक्य भनिन्छ । मिश्र वाक्यमा मिसिएर आउने उपवाक्यहरूलाई जोड्न सामान्यतः सापेक्ष संयोजकहरू (जे, जुन, जहिले, जहाँ, जसरी, जो, जसले) आएका हुन्छन् । जस्तैः जुन मान्छे अल्छी छ, त्यसले प्रगति गर्न सक्दैन ।

ग. संयुक्त वाक्य

दुई वा सोभन्दा बढी स्वाधीन उपवाक्य भएको वाक्यलाई संयुक्त वाक्य भनिन्छ । संयुक्तवाक्यमा कम्तीमा दुई ओटा स्वतन्त्र वाक्य हुनै पर्छ । संयुक्त वाक्यभित्र रहेका स्वतन्त्र उपवाक्यहरूलाई जोड्न सामान्यतः निरपेक्ष संयोजकहरू (र, तर, अनि, तैपनि, हुनत, नत्र, किनभने, त्यसैले, तसर्थ, किनकि आदि) लागेका हुन्छन् । जस्तैः ऊ अल्छी भयो अनि प्रगति गर्न सकेन ।

### थप क्रियाकलाप

**विद्यार्थीहरूलाई निम्नानुसारका प्रश्नहरूको उत्तर लेख्न लगाई उनीहरूको सिकाइको मूल्याङ्कन गर्न सक्नु हुने छ :**

१. तलका उखान र टुक्कालाई वाक्यमा प्रयोग गर्नुहोस् : २

हात्तीको मुखमा जिरा, हातमुख जोड्नु ।

२. शुद्ध पारी सार्नुहोस् : २

प्रतेक भुँडी मिलेर देश वा समाजको विसाल भुँडी बन्छ र सवै भुँडी जुद्दा विकराल रूप वोध हुन्छ ।

बिराट् रूप वोध हुन्छ ।

३. कोष्ठकमा दिइएको सङकेतका आधारमा तलका वाक्यहरू परिवतर्न गर्नुहोस् : ४

(क) पानी परेर बाटो हिलो भयो । (संयुक्त वाक्य)

(ख) आकाश गर्ज्यो र पानी पऱ्यो । (मिश्र वाक्य)

(ग) जब घाम लाग्यो तब न्यानो भयो । (सरल वाक्य)

(घ) जहाँ काफल पाक्छ त्यहाँ चरी नाच्छ । (सरल वाक्य)

४. तल दिइएकामध्ये कुनै एक उद्धरणको व्याख्या गर्नुहोस् : ४

(क) भुँडी पूजा गर्नु प्राणीमात्रको प्रमुख कर्तव्य हो ।

(ख) सबैका भुँडी उस्तै र उत्रै भए पनि नैवेद्य ग्रहणका तरिकाहरू विभिन्न किसिमका हुन्छन् ।

५. तलकामध्ये कुनै एक विषयमा निबन्ध लेख्नुहोस् : ८

(क) मलाई मनपर्ने ठाउँ (ख) शान्ति र विकास (ग) नेपालमा जलस्रोत

पाठ १४

कविता **म सडक बोल्दै छु**

एकाइगत पाठ्यवस्तु विभाजन तालिका

| क्र.स. | पाठ्यवस्तु | पाठ्यभार |
|---|---|---|
| १. | लयबद्ध वाचन र शुद्धोच्चारण | १ |
| २. | शब्दार्थ र वाक्यमा प्रयोग | १ |
| ३. | भावार्थ र पठन बोध | २ |
| ४. | सङ्क्षिप्त उत्तर लेखन | १ |
| ५. | सप्रसङ्ग व्याख्या | २ |
| ६. | अनुच्छेद रचना | १ |
| ७. | वर्णविन्यास (सुरुको अक्षर ह्रस्व तथा दीर्घ इकार र ह्रस्व उकार) | १ |
| ८. | वाक्य संश्लेषण र विश्लेषण | १ |
| | जम्मा | १० |

**दिन : पहिलो** **समय ४५ मिनेट**

**पाठ शीर्षक : म सडक बोल्दै छु (कविता)**

**पाठ्यवस्तु : लयबद्ध वाचन र शुद्धोच्चारण**

**लक्षित सिप विकास : सुनाइ र बोलाइ**

१. **विशिष्ट उद्देश्य : यस** पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) कविताका हरफहरूलाई लयबद्ध बाचन गर्न

(ख) कवितामा प्रयुक्त उच्चारणगत समस्या भएका नयाँ शब्दहरूलाई शुद्धसँग उच्चारण गर्न

२. **शैक्षणिक सामग्री**

शब्दपत्तीहरू र गोजीतालिका

३. **सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १**

- शिक्षकले कुनै एउटा गीत वा कविता लयबद्ध वाचन गर्दै कक्षामा प्रवेश गरी विद्यार्थीहरूलाई पनि कुनै गीत वा कविता वाचन गर्न उत्प्रेरित गर्नुहोस् । त्यसपछि आज अध्ययन गरिने कविताको विषयवस्तुबारे जानकारी गराउनुहोस् ।
- शिक्षकले कविताका हरफहरू दुई तिन पटक लयबद्ध आदर्श वाचन गरी सुनाउनुहोस् ।
- सुरुमा एक एक हरफ शिक्षकले पहिले वाचन गर्ने र त्यसपछि सबै विद्यार्थीहरूलाई पूरै समूहगत रूपमा दुई तिन पटक लयबद्ध वाचन अभ्यास गराउनुहोस् ।

- केटी समूहले पहिलो हरफ र केटा समूहले दोस्रो हरफ वाचन गर्ने अभ्यास गराउनुहोस् । यस क्रियाकलाप विद्यार्थीले गर्दै जाँदा विद्यार्थीले गरेका क्रियाकलापको अवलोकन गरी एकल अभ्यास गराउनुपर्ने देखिएका विद्यार्थीहरूको पहिचान गर्नुहोस् ।
- ती विद्यार्थीहरूलाई दुई दुई हरफ एकल रूपमा वाचन गर्ने अभ्यास गराउनुहोस् ।

**क्रियाकलाप २**

- तत्पश्चात् विद्यार्थीहरूबाट उच्चारणगत समस्या भएका शब्दहरूको माग गर्नुहोस् र शैक्षणिक पाटीमा टिप्दै जानुहोस् ।
- ती टिपिएका शब्दहरूको शुद्धोच्चारण गर्न पहिले विद्यार्थीलाई नै प्रोत्साहित गर्नुहोस् र अन्त्यमा आफूले लगेको लक्षित शब्दहरूको शब्दपत्ती गोजीतालिका मार्फत प्रदर्शन गरी शुद्ध उच्चारण गर्ने अभ्यास बारम्बार गराउनुहोस् ।
- दोस्रो भाषा नेपाली भएका र ढिलो सिकाइ क्षमता भएका विद्यार्थीको उच्चारणगत समस्यामा बढी संवेदनशील भई आवश्यक थप अभ्यास गराई सहयोग पुऱ्याउनुहोस् ।

**क्रियाकलाप ३**

- विद्यार्थीहरूलाई पाठको अभ्यासमा दिइएका प्रश्न न. १ देखि ३ सम्मका क्रियाकलाप गराउनुहोस् ।
- अन्त्यमा सबै विद्यार्थीका क्रियाकलाप समेटिने गरी समग्रमा उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

- आजको पाठमा सिकेका नयाँ कुराहरू आआफ्नो कापीमा टिपोट गर्न लगाउनुहोस् र साथीभाइका बिचमा छलफल गर्न केही समय दिनुहोस् ।

**५. परियोजना कार्य**

- आफूले लेखेको वा मनपर्ने गीत वा कविता लेखेर ल्याउने परियोजना कार्य दिनुहोस् ।

| दिन : दोस्रो | समय ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : म सडक बोल्दै छु (कविता)**

**पाठ्यवस्तु : शब्दार्थ र वाक्यमा प्रयोग**

**लक्षित सिप विकास : पढाइ र लेखाइ**

**१. विशिष्ट उद्देश्य :** यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

- पाठमा प्रयुक्त नयाँ शब्दहरूको अर्थ बताउन र वाक्यमा प्रयोग गर्न

**२. शैक्षणिक सामग्री**

शब्दार्थ सूची, वाक्यसूची र फलाटिन पाटी

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १**

- गत दिनमा दिइएको परियोजना विद्यार्थीहरूबाट भन्न लगाई सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।
- प्रत्येक प्रस्तुतिपछि र ताली बजाई सम्मान गर्न लगाउनुहोस् र सोही सन्दर्भलाई जोड्दै आज कक्षामा गरिने कामकाबारेमा जानकारी दिनुहोस् ।

**क्रियाकलाप २**

- गत दिनको गृहकार्यमा सङ्कलित शब्दहरू समेत अन्य अर्थबोध गर्न कठिन लागेका नयाँ शब्दहरू खोजी गरी विद्यार्थीहरूलाई कापीमा टिपोट गर्न लगाउनुहोस् र ती नयाँ शब्दहरू विद्यार्थीबाट माग गरी शैक्षणिक पाटीमा टिप्दै जानुहोस् ।
- पाटीमा टिपिएका शब्दहरूको अर्थ भन्न सर्वप्रथम विद्यार्थीहरूलाई नै प्रोत्साहित गर्नुहोस् । विद्यार्थीबाट अर्थ आउन नसकेका शब्दहरूका सम्बन्धमा आफूले लगेको सामग्री प्रदर्शन गरी अर्थबोध गराई अन्त्यमा आआफ्नो कापीमा टिपोट गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ३**

- शिक्षकले आफूले लगेको वाक्यमा प्रयोग गरेको नमुना वाक्यसूची एकएक गरी प्रदर्शन गर्दै जानुहोस् र त्यस्तै प्रकृतिका वाक्यहरू निर्माण गर्न हिँड्दै अन्तरक्रिया गर्दै विधिको प्रयोग गरी नयाँ वाक्य निर्माण गर्न प्रोत्साहित गर्नुहोस् ।
- विद्यार्थीहरूबाट निर्मित वाक्यहरू कक्षामा प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।
- मिल्यो/मिलेन बाँकी विद्यार्थीहरूलाई मूल्याङ्कन गर्न प्रोत्साहित गर्नुहोस् र अन्तिममा मात्र शिक्षकले आवश्यक सुधारात्मक सुझाव दिनुहोस् ।

**क्रियाकलाप ४**

- विद्यार्थीहरूलाई उपयुक्त समूहमा विभाजन गरी बोलाइ अभ्यासको प्रश्न न. ४,५ र ६ का क्रियाकलापहरू गर्न निर्देशन दिनुहोस् ।
- समहू कार्य हुँदा प्रत्येक समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।
- समूह कार्यलाई प्रस्तुतीकरण गर्न लगाई सुधार गर्नुपर्ने भएमा उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

- तल दिइएका प्रश्नको उत्तर  भन्न लगाई प्रतिबिम्बन/मूल्याङ्कन कार्य सम्पन्न गर्नुहोस् :

(क) तलका शब्दको अर्थ भन्नुहोस् :

कवाज, शब्दहीन, अपेक्षा, साधन, छेकथुन, ताँती ।

(ख) तलका शब्दको प्रयोग गरी अर्थयुक्त वाक्य निर्माण गरी भन्नुहोस् :

कवाज, अपेक्षा, साधन, छेकथुन ।

**५. परियोजना कार्य**

- लेखाइ अभ्यासको प्रश्न न. ११ को पर्यायवाची शब्द पतता लगाई ल्याउने परियोजना कार्य दिनुहोस् ।

| दिन : तेस्रो  र चौथो | समय ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : म सडक बोल्दै छु  (कविता)**

**पाठ्यवस्तु :  भावार्थ र पठन बोध**

**लक्षित सिप विकास  :  लेखाइ**

**१. विशिष्ट उद्देश्य :  यस** पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) कविताका निर्दिष्ट पङ्क्तिहरूको भावार्थ लेख्न

(ख) निर्दिष्ट अनुच्छेद पठन गरी सोधिएका प्रश्नहरूको उत्तर दिन

**२. शैक्षणिक सामग्री**

भावार्थ लेखिएको नमुना

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १**

- उत्प्रेरणाका लागि विद्यार्थीहरूलाई पाठको प्रश्न न. १२ को श्रुति लेखन क्रियाकलाप गराई पछि किताब हेरेर गल्ती भएका स्थानमा सच्याउन लगाउनुहोस् र आज गरिने मुख्य क्रियाकलापकाबारेमा जानकारी दिनुहोस् ।

**क्रियाकलाप २**

- विद्यार्थीहरूलाई उपयुक्त समूहमा विभाजन गरी कविताका कुनै चार पङ्क्तिको भावार्थ लेखिएको नमुना प्रदर्शन गर्नुहोस् । सो नमुना अध्ययन गर्न निर्देश गरी भावार्थ लेख्ने तरिकाकाबारेमा छलफल गर्न लगाई निष्कर्ष निकाल्न समय दिनुहोस् ।
- विद्यार्थीबाट आएको निष्कर्षलाई समाहित गर्दै भावार्थ लेख्ने तरिकाबारे लघु प्रवचन दिई स्पष्ट पार्नुहोस् ।

**क्रियाकलाप ३**

- विद्यार्थीहरूलाई उपयुक्त समूहमा विभाजन गरी प्रति समूह कविताका एक श्लोक पर्ने गरी भावार्थ लेख्न निर्देशन दिनुहोस् ।
- समूह कार्य हुँदा प्रत्येक समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।
- समूह कार्य सकिएपछि पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।
- बाँकी समूहलाई मूल्याङ्कनका लागि प्रोत्साहित गर्नुहोस् ।
- केही गल्ती देखिएमा सच्याउन लगाई सुधार गरी सार्न लगाउनुहोस् ।

**क्रियाकलाप ४**

- विद्यार्थीहरूलाई उपयुक्त समूहमा विभाजन गरी प्रश्न न. ९ को अनुच्छेद पठन बोध गरी उत्तर लेख्नुपर्ने क्रियाकलाप गर्न निर्देशन दिनुहोस् ।
- समूह कार्य हुँदा प्रत्येक समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।
- समूह कार्य सकिएपछि पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।
- बाँकी समूहलाई मूल्याङ्कनका लागि प्रोत्साहित गर्नुहोस् ।
- केही गल्ती देखिएमा सच्याउन लगाई सुधार गरी सार्न लगाउनुहोस् ।
- अन्तमा शिक्षकले विद्यार्थीका सबल पक्षहरूको प्रशंसा गर्दै सुधार गर्नुपर्ने पक्षहरूबारे समग्रमा उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

- विद्यार्थीलाई भावार्थ लेख्दा ध्यान दिनुपर्ने कुराहरूकाबारेमा विभिन्न प्रश्नहरू सोधी प्रतिबिम्बन/मूल्याङ्कन कार्य सम्पन्न गर्नुहोस् ।

**५. परियोजना कार्य**

- अभ्यासको प्रश्न न. १५ मा दिइएको अभ्यास गरेर ल्याउने परियोजना कार्य दिनुहोस् ।

**शिक्षकका लागि थप सहयोगी सामग्री :**

प्रसिद्ध कवयित्री पारिजातबाट लेखिएको यो कवितामा सडकलाई मानवको रूपमा प्रस्तुत गरेकी छिन् । यसैमार्फत उनले नेपालका सडकको जर्जर स्थितिलाई उजागर गर्दै मानिस आफैंको अकर्मण्यताप्रति व्यङ्ग प्रहार गरेकी छिन् । प्रस्तुत छ, यस कविताको सङ्क्षिप्त भावार्थ :

१. म पहाड र चट्टानहरू Anfl:6ª गरी निर्माण गरिएको र सम्भार नगरिएको lgZrn निश्चल सडक हुँ । म हेर्दा सर्पको आकारमा देखिए पनि सााच्चैमा अरूको गलामा बाधिएर वा सलल बगेर आम मानिसलाई तसाउने सर्प भने कदापि होइन ।

२. जतिसुकै मान्छेहरू र सवारीका साधनहरू रातोदिन ताँती बाँधेर हिंडे, गुडे, कुदे पनि मैले कहिल्यै

छेकथुन गरेको छैन । म जोगीमारा, नागढुङ्गा, कुर्लिनघाट, ओडारे भिर, लाङ्रे भिर र बाँदरे भिरजस्ता ठाउँबाट बस खसाल्ने पनि होइन । त्यस्ता ठाउँबाट दुर्घटना घटाई त्रासद मृत्यु गराउनेमा किन मेरो नाम आउँछ < आफूले सडकलाई चुस्त र दुरुस्त नराखी आफू गल्ती गरेर मलाई गाली गर्नुको कुनै औचित्य छैन ।

३. म त एक निर्जीव सडक हुा । मलाई बाढीले डुबाउन सक्छ र कुनै पनि बेलामा पहिरोले पुर्न सक्छ । पानीको e]n तह लगाएमा र माटोढुङ्गा पन्छाएमा फेरि देखिन सक्छु । मसँग यति नै ck]lff राख्नु उपयुक्त हन्छ । तर बाढीले सडक नै बगायो र पहिरोमा सडक पुरियो भन्नेजस्ता आरोप नलगाऊ । म आफैं हराउने र भााचिने वा बिग्रने वस्तु होइन ।

४. मलाई झुर, खत्तम र रद्दी सडक भनेर लाञ्छना लगाउनेहरू गम्भीर भएर सोच । तिमी आफू सद्दे, राम्रो भएको र सुरक्षित यात्रा गर्न चाहने मान्छेहरूले मलाई सरापेर भएन । सडक किन यस्तो भयो ? भन्ने कुरा तिनीहरूलाई सोध जसले सडक निर्माण र सम्भारको जिम्मेवारी लिएका छन् । तर एउटा मजस्तो शब्दहीन सडकलाई सारा दोष थुपारेर पानीमाथिको ओभानो बन्न नखोज । आफूले आफूलाई सुधार ।

| दिन : पाँचौा | समय ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : म सडक बोल्दै छु (कविता)**

**पाठ्यवस्तु : सङ्क्षिप्त उत्तर लेखन**

**अपेक्षित सिप विकास : पढाइ र लेखाइ**

१. **विशिष्ट उद्देश्य :** यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुनेछन् :

(क) पाठ पढी त्यसबाट सोधिएका सङ्क्षिप्त प्रश्नको उत्तर दिन

२. **शैक्षणिक सामग्री**

प्रश्नसूची र सङ्क्षिप्त उत्तरको नमुना

३. **सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १**

- विद्यार्थीहरूलाई पाठको कुनै एक अनुच्छेद दिई अनु लेखन क्रियाकलाप गराउनुहोस् र जसले छिटो र शुद्धसँग लेख्यो त्यसलाई कक्षा अगाडि उभ्याएर ताली बजाई सम्मान गर्न लगाउनुहोस् । त्यसपछि आज अध्ययन गरिने पाठ्यवस्तु शैक्षणिक पाटीमा लेखी जानकारी दिनुहोस् :

**क्रियाकलाप २**

- विद्यार्थीहरूलाई आफूले तयार गरेर लगेको पाठको कुनै एक सङ्क्षिप्त प्रश्नको उत्तर नमुना प्रदर्शन गर्नुहोस् र त्यसको संरचना पक्षबारे केही समय छलफल गर्न लगाई सङ्क्षिप्त प्रश्नको उत्तर दिने तरिकाकाबारेमा प्रशिक्षण दिनुहोस् ।

**क्रियाकलाप ३**

- विद्यार्थीहरूलाई समावेशी तरिकाले उपयुक्त समूहमा विभाजन गर्नुहोस् र पाठको अभ्यासको प्रश्न न. १३ को (क) देखि (ग) सम्मका सङ्क्षिप्त उत्तर दिने प्रश्नको उत्तर दिन फरक फरक समूहलाई निर्देश गर्नुहोस् ।
- विद्यार्थीले लेख्दै गर्दा प्रत्येक समूहमा पुगी कामको अवलोकन गर्नुहोस् र आवश्यक सहजीकरण गर्नुहोस् ।
- लेख्ने कार्य पूरागरिसकेपछि समूह समूहका समूह नेताबाट सो सङ्क्षिप्त उत्तर लेखेको कक्षामा पढेर सुनाउन निर्देश गर्नुहोस् ।
- प्रत्येक समूहको प्रस्तुतिपछि अर्को समूहलाई सो प्रस्तुतिको टिप्पणी गर्न प्रोत्साहित गर्नुहोस् ।
- अन्तमा विद्यार्थीले विभिन्न क्रियाकलापमा प्रदर्शित गरेका सबल पक्षको प्रशंसा गर्दै आफ्नो निष्कर्षसहित उपयुक्त पृष्ठपोषण दिनुहोस् । प्रस्तुतिपछि

४. **प्रतिबिम्बन/मूल्याङ्कन**

- निम्न लिखित प्रश्नहरू सोधी प्रतिबिम्बन/मूल्याङ्कन कार्य सम्पन्न गर्नुहोस् :

  (क) सङ्क्षिप्त उत्तर लेख्दा कुन कुन पक्षमा ध्यान दिनुपर्ने रहेछ ?

**५. गृहकार्य**

- पाठको अभ्यासको प्रश्न न. १३ को (घ) र (ङ) का सङ्क्षिप्त उत्तर दिने प्रश्नको उत्तर लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

## शिक्षकका लागि थप अध्ययन सामग्री

**१. सङ्क्षिप्त उत्तर लेख्दा ध्यान दिनुपर्ने कुराहरू**

- सबभन्दा पहिले बुझ्नुपर्ने कुरा सङ्क्षिप्त उत्तर भनेको एक दुई वाक्यमा दिइने छोटो उत्तर होइन । यसमा प्रश्नले सोधेको उत्तरलाई सबैले बुझ्ने गरी कम्तीमा ५ देखि ७ वाक्यको लामो पारेर उत्तर दिनुपर्छ ।
- यसमा भनेको कुरालाई सबैले बुझ्ने र स्पष्ट बनाउन केही उदाहरण दिनु राम्रो हुन्छ ।
- किताबमा भएको उत्तर जस्ताको तस्तै (हुबहु) सार्नु हुन्न । लेख्दा आफ्नै मौलिक भाषा र शैलीको प्रयोग गर्नुपर्छ ।
- उत्तरको सुरुवातमा नै 'किनभने, यसको उत्तर के हो भने' जस्ता कुराबाट गर्न हुन्न । प्रारम्भमा कुनै महत्त्वपूर्ण आधार वाक्य राख्दा उत्तम हुन्छ ।
- प्रश्नले उत्तर जसरी मागेको छ त्यही शैलीमा सबै कुरा समेटिने गरी अन्तिम वाक्य लेख्नुपर्छ ।

| दिन : छैटौंर सातौं | समय ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : म सडक बोल्दै छु (कविता)**

**पाठ्यवस्तु : सप्रसङ्ग व्याख्या**

**लक्षित सिप विकास : लेखाइ अभिव्यक्ति**

**१. विशिष्ट उद्देश्य :** यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

- कविताका विशिष्ट पङ्क्तिको सप्रसङ्ग व्याख्या गर्न

**२. शैक्षणिक सामग्री**

- सप्रसङ्ग व्याख्या गरिएको नमुना

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १**

- कुनै मुक्तक, चुट्किला, गाउँ खाने कथा, गीत, कवितामध्ये कुनै एक सुनाई वा विद्यार्थीलाई नै भन्न लगाई उत्प्रेरणात्मक क्रियाकलाप सम्पन्न गर्नुहोस् । आज कक्षामा गरिने मुख्य क्रियाकलापबारे शैक्षणिक पाटीमा लेखी विद्यार्थीहरूलाई जानकारी गराउनुहोस् ।

**क्रियाकलाप २**

- शिक्षकले कवितका कुनै दुई हरफको सप्रसङ्ग व्याख्याको नमुना शैक्षणिक सामग्री प्रदर्शन गर्नुहोस् र सप्रसङ्ग व्याख्या गर्ने तरिकाकाबारेमा छलफल गराउनुहोस् । त्यसपछि उनीहरूले दिएका निष्कर्षलाई समाहित गर्दै सप्रसङ्ग व्याख्या गर्ने तरिकाकाबारेमा विद्यार्थीलाई थप स्पष्ट पार्नुहोस् :

**सप्रसङ्ग व्याख्याको नमुना**

“बेकाल मर्ने यतिका त्रासद मृत्युहरूको म जिम्मेवार छैन

मलाई गाली नगर । ”

प्रस्तुत हरफ कक्षा १० को पाठ्यपुस्तकको ‘म सडक बोल्दै छु’ कविताबाट साभार गरिएको हो । यस कविताका रचनाकार कवयित्री पारिजात हुन् । यस कवितालाई पनि उनको मूल कृति ‘बैसालु वर्तमान’ बाट निकालिएको पाइन्छ । यस कवितामा कवयित्रीले सडकमा कैयौ मानिसको त्रासद मृत्युको कारण निर्जीव सडक नभएर मानिस नै यसको दोषी हो भन्ने प्रसङ्गमा माथिका हरफलाई व्यक्त गरेको पाइन्छ ।

वास्तवमा सडक स्थिर र निश्चल वस्तु हो । मान्छेले आफ्नै भुल र गल्तीका कारणले अनेकौ सडकमा अनेकौ घटना तथा दुर्घटना गर्दछ । मानिसहरू पक्की र पराकिलो सडक बनाउँदैनन् । तर कुनै दुर्घटनामा परी अकालमा ज्यान गयो र त्रासद मृत्यु भयो भने सडक खराब भएको कारणले वा सडक साघुरो भएको कारणले वा सडकमा खाल्डाखुल्डी भएको कारणले वा सडक घुमाउरो कारणले वा सडक कच्ची भएको कारणले ती सबै खाले दुर्घटनाहरूको दोष जति मानिसले सडकमाथि थुपार्छ । यो दुभाग्यपूर्ण कुरा हो । मानिसले राम्रो र फराकिलो सडक बनाए त कुनै पनि दुर्घटना नै हुँदैन । त्यतातिर ध्यान नदिने मानिसको प्रवृत्ति राम्रो होइन भन्ने पक्षमा माथिको भनाइ छ । यस कवितांशले मानवीय गल्तीबाट हुने सडक दुर्घटनाप्रति कत्ति पनि ध्यान नदिने उल्टो निर्जीव सडकलाई गाली गरेर पानी माथिको ओभानो हुने दुष्प्रचारप्रति व्यङ्ग वाण प्रहार गरेको पाइन्छ ।

यसरी माथिका हरफले आफू गल्ती गर्ने तर दोष जति अरू निमुखामाथि थोपर्ने हाम्रो सामाजिक प्रवृत्तिप्रति दुःख र निन्दा प्रकट गरेको छ । गद्य शैलीमा लेखिएको पारिजातको यो कविता सामाजिक सचेतना अभिवृद्धि गर्न सफल छ ।

**क्रियाकलाप ३**

- विद्यार्थीहरूलाई उपयुक्त समूहमा विभाजन गरी पाठको अभ्यासको प्रश्न न. १४ का दुई प्रश्नहरूमध्ये एक समूहलाई एउटा मात्र पर्ने गरी प्रत्येक समूहलाई आफ्नै मौलिक शैलीमा सप्रसङ्ग व्याख्या गर्न निर्देश गर्नुहोस् ।
- समूह कार्य समाप्त भएपछि समूहको नेताबाट पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र बाँकी समूहलाई पृष्ठपोषणका लागि प्रोत्साहित गर्नुहोस् ।
- अन्त्यमा धेरै राम्रो लेख्ने समूहलाई आजको उत्कृष्ट समूह घोषणा गर्नुहोस् र शिक्षकले विद्यार्थीका सबल पक्षहरूको प्रशंसा गर्दै सुधार गर्नुपर्ने पक्षहरूबारे समग्रमा उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

## ४. प्रतिबिम्बन/मूल्याङ्कन

- प्रत्येक विद्यार्थीलाई तलका हरफको सप्रसङ्ग व्याख्या गर्न लगाई प्रतिबिम्बन/मूल्याङ्कन कार्य सम्पादन गर्नुहोस् ।

  सडक हुँ कहिल्यै भाँचिन्न

  मसँग यति नै ck]lff राख

## ५. परियोजना कार्य

- पाठको अभ्यासको प्रश्न न. १६ को विवेचना गर्ने प्रश्नको उत्तर लेखेर ल्याउने परियोजना कार्य दिनुहोस् ।

## शिक्षकका लागि थप अध्ययन सामग्री

### १. सप्रसङ्ग व्याख्या गर्ने तरिका

- पहिलो अनुच्छेदमा त्यो कवितांश वा गद्यांश अंश कुन पाठबा निकालिएको हो र त्यसका रचनाकार को हुन् भन्ने कुरा खुलाउनुहोस् । त्यसपछि ती अंश कुन सिलसिलामा प्रस्तुत भएका हुन् प्रस्ट पार्नुहोस् ।
- दोस्रो अनुच्छेदमा दिएका कविताका अंशले भन्न खोजेका कुरालाई स्पष्ट हुने गरी व्याख्या गर्नुहोस् ।
- तेस्रो वा अन्तिम अनुच्छेदमा त्यस कवितांशले दिएको सन्देशसहितको निष्कर्ष दिनुहोस् ।

| दिन :आठौँ | समय :४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : म सडक बोल्दै छु (कविता)**

**पाठ्यवस्तु : अनुच्छेद रचना**

**लक्षित सिप विकास : सिर्जनात्मक र आलोचनात्मक सिपको विकास**

१. **विशिष्ट उद्देश्य :** यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

- आफ्नो अनुभवमा आधारित कुनै पनि विषयमा आलोचनात्मक अनुच्छेदको रचना गर्न

२. **शैक्षणिक सामग्री**

अनुच्छेदको नमुना

३. **सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १**

- तलको अनुच्छेद पढ्न लगाउनुहोस् र त्यसको संरचना पक्ष र विचारकोबारेमा छलफल गर्न लगाई उत्प्रेरणात्मक क्रियाकलाप सञ्चालन गर्नुहोस् र यसै सन्दर्भलाई जोडी आजको कक्षामा गरिने मुख्य क्रियाकलापकाबारेमा जानकारी दिनुहोस् :

नमुना अनुच्छेद :

बेरोजगारी

आफ्नो योग्यता र क्षमता अनुसारको काम नपाएको अवस्थालाई बेरोजगारी भनिन्छ । यही कारणले कैयौा नेपाली युवाहरू रोजगारीका लागि विदेश गइरहेका छन् । यसले बेरोजगारीको समस्यालाई कम गरे पनि स्वदेशको युवा शक्ति बाहिर जाँदा देशमा भने काम गर्ने मानिसको खाचो हुँदैछ । आफ्नै व्यवसाय र उद्योग गरी कमाउनेको पनि नेपालमा कमी देखिन्नन् । तर सबैले यसो गर्न पाएका छैनन् । वास्तवमा विदेश काम गर्न जानु मान्छेको रहर होइन यो बाध्यतात्मक कर हो । फेरि विदेशमा गएर पैसा कमाउन पनि कहाँ सजिलो छ र ? यस क्रममा कैयौाले विदेशमा गएर अनेकन् समस्यालाई झेल्दै पनि आएका छन् । पारिवारिक सुखबाट बञ्चित छन् । विदेश बन्दो छ भने नेपाल खस्कादो छ । बेरोजगारीको यो विकराल समस्या आउनुमा कसैले हाम्रो विदेशिने मानसिकतालाई दोष दिएका छन् भने धेरैले राज्यको बेवास्तामाथि औँलो ठड्याएका छन् । यसको संवेदनशीलतालाई राज्यले समयमानै बुझेर स्वदेशमा नै रोजगारीको व्यवस्था गर्न सकेमा र हाम्रो पनि रहरै रहरमा विदेशिने मानसिकतामा परिवर्तन ल्याउन सकेमा नेपालबाट धेरै मात्रामा बेरोजगारीको समस्या घटाउन सकिन्छ ।

- विद्यार्थीबाट आएको निष्कर्षलाई समेट्दै अनुच्छेदको परिचय दिनुहोस् :

कुनै पनि विषयमा आधारित भई आफ्ना स्वतन्त्र विचारलाई छोटोमिठो तरिकाले एउटै अनुच्छेदमा अभिव्यक्त गर्ने कलालाई अनुच्छेद रचना भनिन्छ ।

**क्रियाकलाप २**

- शिक्षकले कवितका कुनै दुई हरफको सप्रसङ्ग व्याख्यो नमुना शैक्षणिक सामग्री प्रदर्शन गर्नुहोस् र सप्रसङ्ग व्याख्या गर्ने तरिकाकाबारेमा छलफल गराउनुहोस् । त्यसपछि उनीहरूले दिएका निष्कर्षलाई समाहित गर्दै सप्रसङ्ग व्याख्या तरिकाकाबारेमा विद्यार्थीलाई थप स्पष्ट पार्नुहोस् :

आफ्नै विचार मात्र नथोपरी अरू पक्ष विपक्षका विचारलाई पनि समावेश गरी समालोचनात्मक ढङ्गले अनुच्छेदको रचना गरिन्छ भने त्यसलाई सिर्जनात्मक तथा आलोचनात्मक अनुच्छेद भनिन्छ । माथि दिइएको अनुच्छेदमा यस्तै समालोचनात्मक अनुच्छेदका गुण छन् ।

**क्रियाकलाप ३**

- विद्यार्थीहरूलाई उपयुक्त समूहमा विभाजन गरी तलका विषयहरूमध्ये कुनै एक विषय छानी **यताउति हिँड्दै अन्तरक्रिया गर्ने विधिको प्रयोग गरी** समालोचनात्मक अनुच्छेद लेख्न निर्देह गर्नुहोस् :

(क) इन्टरनेटको प्रयोग (ख) प्रौढ शिक्षा (ग) रोजगारमूलक शिक्षा (घ) कर्म नै पूजा

- समूह कार्य हुँदा प्रत्येक समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।
- समूह कार्य समाप्त भएपछि समूहको नेताबाट पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र बाँकी समूहलाई पृष्ठपोषणका लागि प्रोत्साहित गर्नुहोस् ।
- अन्तमा आजको कक्षामा विद्यार्थीले प्रदर्शन गरेका सकारात्मक पक्षको प्रशंसा गर्दै थप सुधार गर्नुपर्ने कुरा औँल्याई कक्षा कार्य सम्पन्न गर्नुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

- विद्यार्थीलाई समालोचनात्मक अनुच्छेद लेख्दा विचार पुऱ्याउनुपर्ने कुरा सम्बन्धी प्रश्न सोधी प्रतिबिम्बन/मूल्याङ्कन कार्य सम्पन्न गर्नुहोस् ।

**५. परियोजना कार्य**

- तलका विषयमा एक एक अनुच्छेल लेखी ल्याउन निर्देशन दिनुहोस् :

(क) भूकम्प (ख) बाढी पहिरो

| **दिन : नवौँ** | **समय : ४५ मिनेट** |
|---|---|

**पाठ शीर्षक : म सडक बोल्दै छु (कविता)**

**पाठ्यवस्तु : वर्णविन्यास (सुरुको अक्षर ह्रस्व तथा दीर्घ इकार र ह्रस्व उकार)**

**लक्षित सिप विकास : शुद्ध लेखन**

**१. विशिष्ट उद्देश्य :** यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

- सुरुका अक्षर ह्रस्व र दीर्घ लेखिने शब्दहरूको पहिचान गर्न

**२. शैक्षणिक सामग्री**

- श्रुति लेखनका लागि अनुच्छेद र फलाटिन पाटी

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १**

- विद्यार्थीलाई पाठ बाहेकको कुनै एक अनुच्छेद श्रुति लेखन गर्न लगाई पछि शुद्ध लेखेको सामग्री प्रदर्शन गरेर उत्प्रेरणात्मक क्रियाकलाप सम्पन्न गर्नुहोस् र सोही सन्दर्भलाई जोड्दै आज कक्षामा गरिने मुख्य क्रियाकलापबारे विद्यार्थीहरूलाई जानकारी गराउनुहोस् ।

**क्रियाकलाप २**

- विद्यार्थीहरूलाई उपयुक्त समूहमा विभाजन गरी पाठको अभ्यासको प्रश्न न. १७ र १८ का क्रियाकलाप गर्न निर्देशन दिनुहोस् ।
- समूह कार्य हुँदै गर्दा प्रत्येक समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।
- समूह कार्य समाप्त भएपछि समूहको नेताबाट पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र बाँकी समूहलाई टिप्पणी र सुधारका लागि प्रोत्साहित गर्नुहोस् ।

**क्रियाकलाप ३**

- विद्यार्थीहरूलाई उपयुक्त समूहमा विभाजन गरी पाठको अभ्यासको प्रश्न न. १९ र २० का क्रियाकलाप गर्न निर्देशन दिनुहोस् ।
- समूह कार्य हुँदै गर्दा प्रत्येक समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।
- समूह कार्य समाप्त भएपछि समूहको नेताबाट पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र बाँकी समूहलाई टिप्पणी र सुधारका लागि प्रोत्साहित गर्नुहोस् ।

- अन्तमा आजको कक्षामा विद्यार्थीले प्रदर्शन गरेका सकारात्मक पक्षको प्रशंसा गर्दै थप सुधार गर्नुपर्ने कुरा औंल्याई कक्षा कार्य सम्पन्न गर्नुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

- तलका वाक्यलाई शुद्धसँग सार्न लगाई प्रतिबिम्बन/मूल्याङ्कन कार्य सम्पादन गर्नुहोस् ।

(क) दीदीकि मीतिनी भीनाजूले दीएको टुकिमा बत्ति बालि पढीरहेकी छीन् ।

(ख) धिर र विर मान्छे आफ्नो नितिमा बसि जिवन बिताउँछन् ।

**५. परियोजना कार्य**

- तलका वाक्यलाई शुद्धसँग लेखेर ल्याउने गृहकार्य दिनुहोस् :

(क) म इश्वरको पुजा गर्ने मान्छे भए पनी भुतप्रेतमा वीश्वास राख्दिना ।

(ख) सबैले जिवले मुल रूपमा आफ्नो रित अनूसारको प्रित जगाएकै छन् ।

(ग) ग्रिष्म ऋतूमा तिव्र गर्मि हूने हुँदा शितल पाउन कठीन हुन्छ ।

| दिन : दसौँ | समय : ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : म सडक बोल्दै छु (कविता)**

**पाठ्यवस्तु : वाक्य संश्लेषण र विश्लेषण**

**लक्षित सिप विकास : कार्यमूलक व्याकरण**

**१. विशिष्ट उद्देश्य :** यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

- दिइएका वाक्यलाई संश्लेषण र विश्लेषण गर्न

**२. शैक्षणिक सामग्री**

वाक्य संश्लेषण र विश्लेषणको नमुना र फलाटिन पाटी

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १**

- कुनै मुक्तक, चुट्किला, गाउँ खाने कथा, गीत, कवितामध्ये कुनै एक सुनाई वा विद्यार्थीलाई नै भन्न लगाई उत्प्रेरणात्मक क्रियाकलाप सम्पन्न गर्नुहोस् । आज कक्षामा गरिने मुख्य क्रियाकलापबारे शैक्षणिक पाटीमा लेखी विद्यार्थीहरूलाई जानकारी गराउनुहोस् ।

**क्रियाकलाप २**

- विद्यार्थीहरूलाई उपयुक्त समावेशी समूहमा विभाजन गरी वाक्य संश्लेषण र विश्लेषण गरेको नमुना सामग्री प्रदर्शन गर्नुहोस् र तिनीहरूका बिचको भिन्नता पहिचान गरी निष्कर्ष निकाल्न केही समय दिनुहोस् :

नमुना सामग्री:

| वाक्य विश्लेषण | वाक्य संश्लेषण |
|---|---|
| ऊ घर जान्छ । ऊ भात खान्छ । | ऊ घर गएर भात खान्छ /ऊ घर जान्छ र भात खान्छ । |
| उसले मह काढ्छ । उसले हात चाट्छ । | जसले मह काढ्छ, उसैले हात चाट्छ / मह काढ्नेले हात चाट्छ । |

- विद्यार्थी समूहबाट आएको निष्कर्षलाई समाहित गर्दै वाक्य संश्लेषण र विश्लेषण गर्ने तरिकाबारे स्पष्ट धारणा दिनुहोस् ।

**क्रियाकलाप ३**

- विद्यार्थीहरूलाई उपयुक्त समावेशी समूहमा विभाजन गरी पाठको व्यकरण अभ्यासको प्रश्न न. १ र २ मा दिइएका कार्य गर्न निर्देशन दिनुहोस् ।

- समूह कार्य हुँदै गर्दा प्रत्येक समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।
- समूह कार्य समाप्त भएपछि समूहको नेताबाट पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र बाँकी समूहलाई टिप्पणी र सुधारका लागि प्रोत्साहित गर्नुहोस् ।

**क्रियाकलाप ४**

- विद्यार्थीहरूलाई उपयुक्त समूहमा विभाजन गरी पाठको व्याकरण अभ्यासको प्रश्न न. ३ र ४ मा दिइएका कार्य गर्न निर्देशन दिनुहोस् ।
- समूह कार्य हुँदै गर्दा प्रत्येक समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।
- समूह कार्य समाप्त भएपछि समूहको नेताबाट पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र बाँकी समूहलाई टिप्पणी र सुधारका लागि प्रोत्साहित गर्नुहोस् ।
- अन्त्यमा धेरै राम्रो लेख्ने समूहलाई आजको उत्कृष्ट समूह घोषणा गर्नुहोस् र शिक्षकले विद्यार्थीका सबल पक्षहरूको प्रशंसा गर्दै सुधार गर्नुपर्ने पक्षहरूबारे समग्रमा उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

- तलका वाक्यलाई संश्लेषण गर्न लगाई प्रतिबिम्बन/मूल्याङ्कन कार्य सम्पादन गर्नुहोस् ।

(क) म साधै उत्तीर्ण हुन्छु । म राम्ररी पढ्दिना । (संयुक्त वाक्य)

(ख) मलाई निद्रा लाग्यो । सुत्ने ओछ्यान छैन । (सरल वाक्य)

(ग) पानी परेकोले बाटो हिलो भयो । (मिश्र वाक्य)

(घ) नपढ्नाले मैले दु:ख पाए । (सरल वाक्य)

(ङ) मलाई कार किन्ने मन छ । मसँग पैसा छैन । (संयुक्त वाक्य)

**५. गृहकार्य**

- तल दिइएका वाक्यलाई कोष्ठकमा दिइएको निर्देशन अनुसार गरेर ल्याउन निर्देशन दिनुहोस् :

(क) ऊ आयो । थचक्क बस्यो । (वाक्य संश्लेषण)

(ख) जो अल्छी छ उसले कहिल्यै सुख पाउँदैन । (वाक्य विश्लेषण)

(ग) म त्यहाँ जान्छु । त्यहाँ मेरो सम्मान हुन्छ । (वाक्य संश्लेषण)

(घ) ऊ अल्छी भएकाले उसले पछि धेरै दु:ख पाउँछ । (वाक्य विश्लेषण)

(ङ) आकाश खुल्ला छ । आज रमाइलो हुन्छ । (वाक्य संश्लेषण)

(च) मैले आाप किनें तर केरा किनिना । (वाक्य विश्लेषण)

## शिक्षकका लागि थप अध्ययन सामग्री

**१. वाक्य संश्लेषण/विश्लेषण प्रक्रिया**

एकभन्दा बढी सरल वाक्यहरूलाई मिलाएर एउटै वाक्य निर्माण गरिन्छ भने त्यसलाई वाक्य संश्लेषण भनिन्छ । संश्लेषित वाक्यलाई अलग अलग सरल वाक्यमा टुक्रयाउने कार्यलाई वाक्य विश्लेषण भनिन्छ । त्यस्तै गरी एक किसिमको वाक्यलाई अर्को किसिमको वाक्यमा रूपान्तरण गर्ने कार्यलाई वाक्यान्तरण भनिन्छ ।

**२. एक किसिमको वाक्यलाई अर्को किसिममा वाक्यान्तरण गर्ने तरिका**

**१. सरल वाक्यबाट सरल वाक्यमा संश्लेषण गर्ने तरिका**

एक भन्दा वर्ग सरल वाक्यलाई एउटै सरलवाक्यमा संश्लेषण गर्दा एउटा क्रियालाई समापक अवस्थामै राखी अरू क्रियालाई असमापक बनाई वाक्य संश्लेषण गरिन्छ । जस्तै:

(क) अनन्त घर गयो । रामले भात खायो ।

अनन्त घर गएर भात खायो । (संश्लेषण)

अत: सरल वाक्यलाई सरल वाक्यमै संश्लेषण गर्न सरल वाक्यमा भएका समापिका क्रियाको धातुमा 'दै, एर, न, ई' जस्ता प्रत्यय लगाई असमापिका क्रिया बनाएर गरिन्छ ।

**२. सरल वाक्यबाट मिश्र वाक्यमा संश्लेषण**

(क) घाम लाग्यो । न्यानो भायो ।

जब घाम लाग्यो तब न्यानो भयो । (संश्लेषण)

(ख) म काम गर्छु । दिनेश काम गर्छ ।

म जुन काम गर्छु दिनेश त्यही काम गर्छ । (संश्लेषण)

अत: सरल वाक्यलाई मिश्र वाक्य बनाउन सापेक्ष संयोजकको प्रयोग गर्नुपर्छ ।

**३. सरल वाक्यहरूलाई संयुक्त वाक्यमा संश्लेषण**

(क) मलाई भोक लाग्यो । यहाँ खाना छैन ।

मलाई भोक लाग्यो तर यहाँ खाना छैन । (संश्लेषित वाक्य)

अत: सरल वाक्यलाई संयुक्त वाक्यमा बदल्न निरपेक्ष संयोजकको प्रयोग गर्नुपर्छ ।

**४. वाक्य संश्लेषण गर्ने अन्य तरिकाहरू**

(अ) केही पद लोप गराएर । जस्तै:

(क) मदन परिश्रमी छ । मदन धेरै धन कमाउँछ ।

परिश्रमी मदन धेरै धन कमाउँछ । (संश्लेषण)

(आ) नामीकरण गरेर । जस्तै:

(क) विनेदले खेल्यो । विनोद फुर्तिलो भयो ।

खेल्नाले विनोद फुर्तिलो भयो । (संश्लेषण)

(इ) विशेषणीकरण गरेर । जस्तै:

(क) आँप कुहिएछ । आपा गन्हाउँछ ।

कुहिएको आाप गन्हाउँछ ।

(ई) क्रियायोगीकरण गरेर । जस्तै :

(क) उमेश निदाउँछ । उमेश सुत्छ ।

उमेश निदाउन सुत्छ । (संश्लेषण)

**थप क्रियाकलाप**

**विद्यार्थीहरूलाई निम्नानुसारका प्रश्नहरूको उत्तर लेख्न लगाई उनीहरूको सिकाइको मूल्याङ्कन गर्न सक्नु हुने छ :**

१. तलका शब्द र अर्थको जोडा मिलाउनुहोस् : २

| **शब्द** | **अर्थ** |
|---|---|
| शब्दहीन : | स्थिर |
| अपेक्षा : | लहर |
| निश्चल : | इच्छा |
| ताँती : | चालु |
| | बोल्न नसक्ने |

२. कोष्ठकमा दिइएको मिल्दो शब्द राखी वाक्य पूरागर्नुहोस् : २

(क) स्मृति शब्दको पर्यायवाची शब्द .... हो । (स्मरण, झलक, सम्झना)

(ख) वजन शब्दको पर्यायवाची शब्द....... हो । ( उमेर, भार, तराजु)

(ग) नगर .........शब्द हो । (अनेकार्थक, सङ्क्षिप्त, श्रुतिसम भिन्नार्थक)

(घ) भिर शब्दको विपरीतार्थक शब्द.... हो । (पहरा, सम्म, डााडो)

३. तलका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् : २

साधन, छेकथुन ।

४. शुद्ध पारी सार्नुहोस् : २

राम्रो निति लिएर हिँड्ने विरको कामलाई सबैले स्विकार गरी उसको पुजा गर्न पछि पर्दैनन् ।

५. तलका वाक्यलाई एउटै वाक्यमा संश्लेषण गरी लेख्नुहोस् : ४

(क) नेपाल प्राकृतिक रूपले आकषर्क छ । नेपाल रमणीय छ ।

(ख) नेपालमा सगरमाथा छ । सगरमाथा संसारकै सर्वोच्च शिखर हो ।

(ग) नेपाल पहाडै पहाडले भरिएको छ । पहाडमा पदयात्रा रमाइलो हुन्छ ।

(घ) आज पानी पर्दैन । आज रोपाईा हुन्न ।

(ङ) तिमी मलाई माया गर । तिमी मलाई माया नगर । मलाई मतलब छैन ।

५. तल दिइएकामध्ये कुनै एक उद्धरणको सप्रसङ्ग व्याख्या गर्नुहोस् : ४

(क) यात्रु बाहक बस र माल बाहक ट्रक
जुधाउने म होइन
मैले भनेर ट्याङ्करले
बसलाई पास नदिएको होइन ।

(ख) सडक हुँ,कहिल्यै भाँचिन्नँ
मसँग यति नै अपेक्षा राख ।

६. तलकामध्ये कुनै एक प्रश्नको सङ्क्षिप्त उत्तर दिनुहोस् : ४

(क) म सडक बोल्दै छु कविताले कसरी व्यङ्ग गरेको पाइन्छ ?

(ख) म सडक बोल्दै छु कविताले के सन्देश दिएको छ ?

**पाठ १५**

**एकाङ्की** # टीका

एकाइगत पाठ्यवस्तु विभाजन तालिका

| **क्र.स.** | **पाठ्यवस्तु** | **पाठ्यभार** |
|---|---|---|
| १. | सस्वरवाचन, शब्दार्थ र वाक्यमा प्रयोग | १ |
| २. | हाउभाउसहित पठन | १ |
| ३. | सङ्क्षिप्त उत्तर | १ |
| ४. | सप्रसङ्ग व्याख्या | १ |
| ५. | तार्किक उत्तर | १ |
| ६. | संवादको रचना | ३ |
| ७. | कारक र विभक्तिको पहिचान र प्रयोग | २ |
| | जम्मा | १० |

**दिन : पहिलो** **समय ४५ मिनेट**

**पाठ शीर्षक : टीका (एकाङ्की)**

**पाठ्यवस्तु : सस्वरवाचन, शब्दार्थ र वाक्यमा प्रयोग**

**लक्षित सिप विकास : सुनाइ र लेखाइ**

**१. विशिष्ट उद्देश्य**

यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) पाठका अनुच्छेद शुद्धसँग सस्वरवाचन गर्न

(ख) पाठमा प्रयुक्त नयाँ शब्दहरूको अर्थ बताउन

(घ) पाठमा प्रयुक्त नयाँ शब्दहरूलाई वाक्यमा प्रयोग गर्न

**२. शैक्षणिक सामग्री**

- शब्दार्थपत्ती, वाक्यसूची र गोजीतालिका

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १**

- विद्यार्थीहरूलाई **अन्ताक्षरी शब्द खेल विधि**को प्रयोग गरी उत्प्रेरणा जगाउनुहोस् र सोही सन्दर्भलाई जोड्दै आज गरिने मुख्य क्रियाकलापकाबारेमा जानकारी दिनुहोस् ।

**क्रियाकलाप २**

- विद्यार्थीहरूलाई पाठका अनुच्छेदहरू सरसर्ती सस्वरवाचन गर्न लगाउनुहोस् ।
- सस्वरवाचन गर्दा आफूलाई अर्थ बोध गर्न नयाँ लागेका शब्दहरू भन्न लगाउनुहोस् ।
- ती शब्दलाई शैक्षणिक पाटीमा लेख्नुहोस् । तत्पश्चात् शब्दार्थपत्ती प्रदर्शन गरी शब्दार्थ शिक्षण विधिको प्रयोग गरी अर्थ बोध गराउनुहोस् ।

**क्रियाकलाप ३**

- शिक्षकले आफूले लगेको वाक्यमा प्रयोग गरेको नमुना वाक्यसूची प्रदर्शन गर्नुहोस् र त्यस्तै प्रकृतिका अन्य वाक्यहरू निर्माण गर्न प्रोत्साहित गर्नुहोस् ।
- विद्यार्थीहरूबाट निर्मित वाक्यहरू कक्षामा प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।
- मिल्यो/मिलेन बाँकी विद्यार्थीहरूलाई मूल्याङ्कन गर्न प्रोत्साहित गर्नुहोस् र अन्तिममा मात्र शिक्षकले आवश्यक सुधारात्मक सुझाव दिनुहोस् ।
- विद्यार्थीलाई आफूले वाक्यमा प्रयोग गरेर लगेको वाक्य सूची प्रदर्शन गर्नुहोस् र विद्यार्थीलाई उपयुक्त समूहमा विभाजन गरी यस्तै प्रकृतिका अन्य वाक्य निर्माण गर्न निर्देशन दिनुहोस् :

**वाक्यमा प्रयोग गरिएको नमुना**

हंसले ठाउँ छोड्नु - हिजोको बाढीमा खोला तर्दा त मेरो हंसले ठाउँ छाडेको थियो ।

खिन्न - परीक्षा बिग्रेर हो कि उमा आज खिन्न देखिन्छिन् ।

मुद्रा - हिजो रातभरि नसुतेर हो कि दिनेको मुद्रा मलिन देखिन्छ ।

रोटी पोल्नु - अस्तिको सेल रोटी आज पो पोलेर खाइयो ।

चचहुई - दसैमा चचहुई गरी पिङ खेल्दाको मज्जा नै अर्कै हुन्छ ।

चिरञ्जीवी - जसले जस्तो आसिक दिए पनि मान्छे कहा चिरञ्जीवी हुन सक्छ र ?

## ४. प्रतिबिम्बन/मूल्याङ्कन

- शब्द र अर्थ मिल्ने गरी जोडा मिलाउनुहोस् ।

| **शब्द** | **अर्थ** |
|---|---|
| खिन्न | राम्रो खबरको लच्छिन |
| मुद्रा | चेतना हराउनु |
| डिबिया | लामो समय बाँच्ने, दीर्घजीवी |
| बर्ख | टुकी, पानस |
| डाँक | दु:खी, उदास |
| हंसले ठाउँ छोड्नु | अनुहार |
| चिरञ्जीवी | वर्ष, साल |

- माथिकै केही शब्दलाई वाक्यमा प्रयोग गर्न लगाई मौखिक उत्तर दिन लगाउनुहोस् ।

## ५. परियोजना कार्य

- पाठको अभ्यासको प्रश्न न. ४ को उत्तर लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

| दिन : दोस्रो | समय ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : टीका (एकाङ्की)**

**पाठ्यवस्तु : भूमिका अभिनयसहित सस्वर पठन**

**लक्षित सिप विकास : पठन बोध**

**१. विशिष्ट उद्देश्य**

(क) पाठका अनुच्छेदहरू भूमिका अभिनयसहित पठन गरी सोसम्बन्धी सोधिएका प्रश्नहरूको उत्तर दिन

**२. शैक्षणिक सामग्री**

पाठ्यपुस्तक

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १**

- विद्यार्थीहरूलाई आफूलाई मन परेका कुनै पनि व्यक्तिको भूमिका अभिनय गरेर देखाउन केही समय दिई सिकाइप्रति उत्प्रेरणा जगाउनुहोस् र सोही सन्दर्भलाई जोड्दै आजको दिनमा गरिने मुख्य क्रियाकलापको जानकारी दिनुहोस् ।

क्रियाकलाप २

- विद्यार्थीहरूलाई एकाङ्कीलाई के कसरी हाउभाउसहित वाचन गर्ने सम्बन्धमा एकछिन छलफल गर्न लगाई शिक्षकले पाठको कुनै एक पात्रको भूमिका अभिनयसहित वाचन गरेर विद्यार्थीलाई नमुना प्रदर्शन गर्नुहोस् । त्यसपछि विभिन्न विद्यार्थीलाई पाठका पात्र अनुसारको विभिन्न भूमिका दिई पालैपालो भूमिका अभिनयसहित पठन गर्न लगाउनुहोस् ।
- भूमिका अभिनयसहित पठन गर्दा नमिलेका स्थानमा पठन कार्य त्यहीा रोकी आफूले आदर्श वाचन गरी सोअनुसार पुन: वाचन अभ्यास गराउनुहोस् ।

क्रियाकलाप ३

- विद्यार्थीहरूलाई उपयुक्त समावेशी समूहमा विभाजन गरी अभ्यासको प्रश्न न. ५ र ६ का क्रियाकलाप गराउनुहोस् । थप सुधार गर्नुपर्ने भए उपयुक्त सुझाव दिनुहोस् ।

क्रियाकलाप ४

- विद्यार्थीहरूलाई उपयुक्त समावेशी समूहमा विभाजन गरी अभ्यासको प्रश्न न. ९ को क्रियाकलाप गराउनुहोस् । थप सुधार गर्नुपर्ने भए उपयुक्त सुझाव दिनुहोस् ।

क्रियाकलाप ५

- विद्यार्थीहरूलाई उपयुक्त समावेशी समूहमा विभाजन गरी लेखाइ अभ्यासको प्रश्न न. १६ र १९ का लेखन क्रियाकलाप गर्न लगाउनुहोस् । विद्यार्थीले क्रियाकलाप लेख्दै गरेको समयमा प्रत्येक समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

- विद्याथीलाई पाठका कुनै पनि अनुच्छेद दिई हाउभाउसहित पठन गर्न लगाई प्रतिबिम्बन/मूल्याङ्कन कार्य सम्पन्न गर्नुहोस् ।

**५. परियोजना कार्य**

- पाठमा प्रयोग गरिएका कथ्य शब्दहरूको सूची बनाई त्यसको लेखाइमा हुने शुद्ध रूप लेखेर ल्याउने परियोजना कार्य दिनुहोस् ।

| दिन : तेस्रो | समय ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : टीका (एकाङ्की)**

**पाठ्यवस्तु : सङ्क्षिप्त उत्तर लेखन**

**लक्षित सिप विकास : लेखाइ**

१. **विशिष्ट उद्देश्य : यस** पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुनेछन् :

(क) पाठ पढी त्यसबाट सोधिएका सङ्क्षिप्त प्रश्नको उत्तर दिन

२. **शैक्षणिक सामग्री**

पाठ्यपुस्तक र सङ्क्षिप्त उत्तरको नमुना

३. **सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १**

- विद्यार्थीहरूलाई पाठको कुनै एक अनुच्छेद दिई अनु लेखन क्रियाकलाप गराउनुहोस् र जसले छिटो र शुद्धसँग लेख्यो त्यसलाई कक्षा अगाडि उभ्याएर ताली बजाई सम्मान गर्न लगाउनुहोस् । त्यसपछि आज अध्ययन गरिने पाठ्यवस्तु शैक्षणिक पाटीमा लेखी जानकारी दिनुहोस् :

**क्रियाकलाप २**

- विद्यार्थीहरूलाई आफूले तयार गरेर लगेको पाठको सङ्क्षिप्त प्रश्नको उत्तर नमुना प्रदर्शन गर्नुहोस् र त्यसको संरचना पक्षबारे केही समय छलफल गर्न लगाई सङ्क्षिप्त प्रश्नको उत्तर दिने तरिकाकाबारेमा प्रशिक्षण दिनुहोस् ।

**क्रियाकलाप - ३**

- विद्यार्थीहरूलाई समावेशी तरिकाले उपयुक्त समूहमा विभाजन गर्नुहोस् र पाठको अभ्यासको फरक फरक समूहलाई पर्ने गरी प्रश्न न. ११ को (क) देखि (घ) सम्मका सङ्क्षिप्त उत्तर दिने प्रश्नको उत्तर दिन फरक फरक समूहलाई निर्देश गर्नुहोस् ।
- विद्यार्थीले लेख्दै गर्दा प्रत्येक समूहमा पुगी कामको अवलोकन गर्नुहोस् र आवश्यक सहजीकरण गर्नुहोस् ।
- लेख्ने कार्य पूरागरिसकेपछि समूह समूहका समूह नेताबाट सो सङ्क्षिप्त उत्तर लेखेको कक्षामा पढेर सुनाउन निर्देश गर्नुहोस् ।
- प्रत्येक समूहको प्रस्तुतिपछि  अर्को समूहलाई सो प्रस्तुतिको टिप्पणी गर्न प्रोत्साहित गर्नुहोस् ।
- अन्तमा विद्यार्थीले विभिन्न क्रियाकलापमा प्रदर्शित गरेका सबल पक्षको प्रशंसा गर्दै आफ्नो निष्कर्षसहित उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

४. **प्रतिबिम्बन/मूल्याङ्कन**

- निम्न लिखित प्रश्नहरू सोधी प्रतिबिम्बन/मूल्याङ्कन कार्य सम्पन्न गर्नुहोस् :

  (क) सङ्क्षिप्त उत्तर लेख्दा कुन कुन पक्षमा ध्यान दिनुपर्ने रहेछ ?

५. **गृहकार्य**

- विद्यार्थीलाई पाठको अभ्यासभित्रको प्रश्न न. ११ को (ङ)  को उत्तर लेखेर ल्याउने गृहकार्य  दिनुहोस् ।

| दिन : चौथो | समय ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : टीका (एकाङ्की)**

**पाठ्यवस्तु : सप्रसङ्ग व्याख्या**

**लक्षित सिप विकास : लेखाइ**

१. **विशिष्ट उद्देश्य : यस** पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

- पाठका विशिष्ट पङ्क्तिको सप्रसङ्ग व्याख्या गर्न

२. **शैक्षणिक सामग्री**

सप्रसङ्ग व्याख्या गरिएको नमुना

३. **सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १**

- कुनै मुक्तक, चुट्किला, गाउँ खाने कथा, गीत, कवितामध्ये कुनै एक सुनाई वा विद्यार्थीलाई नै भन्न लगाई उत्प्रेरणात्मक क्रियाकलाप सम्पन्न गर्नुहोस् । आज कक्षामा गरिने मुख्य क्रियाकलापबारे शैक्षणिक पाटीमा लेखी विद्यार्थीहरूलाई जानकारी गराउनुहोस् ।

**क्रियाकलाप २**

- पाठका कुनै एक विशिष्ट पङ्क्तिको सप्रसङ्ग व्याख्यो नमुना शैक्षणिक सामग्री प्रदर्शन गर्नुहोस् र सप्रसङ्ग व्याख्या गर्ने तरिकाकाबारेमा छलफल गराउनुहोस् । उनीहरूले दिएका निष्कर्षलाई समाहित गर्दै सप्रसङ्ग व्याख्या तरिकाकाबारेमा विद्यार्थीलाई थप स्पष्ट पार्नुहोस् ।

**क्रियाकलाप ३**

- विद्यार्थीहरूलाई उपयुक्त समूहमा विभाजन गरी पाठको अभ्यासको प्रश्न न. १२ का तिन प्रश्नहरूमध्ये एक समूहलाई एउटा मात्र पर्ने गरी (क) र (ख) को आफ्नै मौलिक शैलीमा सप्रसङ्ग व्याख्या गर्न निर्देश गर्नुहोस् ।
- समूह कार्य समाप्त भएपछि समूहको नेताबाट पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र बाँकी समूहलाई टिप्पणीका लागि प्रोत्साहित गर्नुहोस् ।
- धेरै राम्रो लेख्ने समूहलाई आजको उत्कृष्ट समूह घोषणा गर्नुहोस् र ताली बजाई सम्मान गर्न लगाउनुहोस् ।
- अन्तमा शिक्षकले विद्यार्थीका सबल पक्षहरूको प्रशंसा गर्दै सुधार गर्नुपर्ने पक्षहरूबारे उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

४. **प्रतिबिम्बन/मूल्याङ्कन**

- पाठको अभ्यासको प्रश्न न. १२ को (ग) मा दिइएको गद्यांशको सप्रसङ्ग व्याख्या गर्न लगाई प्रतिबिम्बन/मूल्याङ्कन कार्य सम्पादन गर्नुहोस् ।

५. **परियोजना कार्य**

- पाठको अभ्यासको प्रश्न न. ६ को प्रश्नको उत्तर लेखेर ल्याउने परियोजना कार्य दिनुहोस् ।

| दिन : पाँचौं | समय : ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : टीका (एकाङ्की)**

**पाठ्यवस्तु : स्वतन्त्र रचना**

**लक्षित सिप विकास : तार्किक शिल्प विकास (लेखाइ)**

१. **विशिष्ट उद्देश्य**

यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

- दिइएको विषय वस्तु वा प्रश्नमा आधारित भएर आफ्नो स्वतन्त्र तथा मौलिक विचारहरू अभिव्यक्त गर्न

## २. शैक्षणिक सामग्री

स्वतन्त्र तार्किक रचनाको नमुना

## ३. सिकाइ सहजीकरण क्रियाकलाप

### क्रियाकलाप १

- गत दिनको परियोजना कार्य प्रस्तुतीकरण गर्न लगाई विद्यार्थीहरूमा उत्प्रेरणा जगाउनुहोस् र सोही प्रसङ्गलाई जोड्दै आजको कक्षामा विद्यार्थीले गर्नुपर्ने मुख्य कामकाबारेमा जानकारी गराउनुहोस् ।

### क्रियाकलाप २

- आफूले लगेको पाठको अभ्यासमा दिइएको  कुनै तार्किक उत्तर दिने प्रश्नोत्तरको नमुना प्रदर्शन गर्नुहोस् ।
- विद्यार्थीहरूलाई उपयुक्त समूहमा विभाजन गरी सो नमुना सामग्री पढी तार्किक उत्तर दिने तरिकाकाबारेमा एउटा निष्कर्ष निकाल्न केही समय दिनुहोस् :

**तार्किक उत्तर दिने प्रश्नोत्तरको नमुना :**

प्रश्न : यस एकाङ्कीको शीर्षक 'टीका' कत्तिको ठिक छ ? तर्कसहित आफ्नो धारणा लेख्नुहोस् ।

उत्तर :

'टीका' एकाङ्कीका रचनाकार भीमनिधि तिवारी हुन् । मेरो विचारमा एकाङ्कीकारले यस एकाङ्कीको शीर्षकलाई अत्यन्त उपयुक्त हुने गरी राखेको देखिन्छ ।

यो एकाङ्कीको कथावस्तु दसैंको टीकाको सेरोफेरोमा सुरु भई सोही सन्दर्भमा टुङ्गिएको पाइन्छ । धेरैजसो संवादहरू टीकासँग  नै सम्बन्धित छन् । यसले गर्दा यस पाठको नाम 'टीका' नै बढी सान्दर्भिक देखिन्छ । यस एकाङ्कीको मुख्य उद्देश्य एउटा परिवारको प्रमुख सदस्य चाडवाड वा टीकाको बेलामा विदेशिन पुगेर एक वर्ष बितेको र मुख्य चाडमा पनि अबेरसम्म घरमा नआउँदा अन्य पारिवारिक सदस्यको मनोदसालाई दर्शाउनु हो । यसरी पाठको मुख्य उद्देश्यलाई समेटिने गरी राखिएको यो टीका शीर्षक ज्यँदै प्रभावकारी छ । यस एकाङ्कीका  पात्रहरूमा आमै, सुन्तली, कालु र कमानसिंह छन् । यीमध्येका कुनै पनि पात्रको नामबाट शीर्षक राखे पनि पाठको उद्देश्यलाई समेट्दैन । सबै पात्रको एउटै टीकाको चिन्ता र चासो बढी छ । सबै पात्रको मनोभावना र विचारलाई समेटिने भएकाले टीका शीर्षक नै बढी सार्थक र उपयुक्त देखिन्छ ।

माथिका सबै पक्षलाई केलाउँदा पाठको उद्देश्य र मर्मलाई पूर्ण रूपमा समेटिने यस पाठको शीर्षक 'टीका' नै अत्यन्त सार्थक, प्रभावकारी र सान्दर्भिक देखिन्छ ।

- विद्यार्थी समूहबाट आएको निष्कर्षलाई समाहित गर्दै तर्क दिने प्रश्नको उत्तर दिने तरिकाबारे स्पष्ट धारणा दिनुहोस् ।

### क्रियाकलाप ३

<u>नमुना प्रश्नहरू</u>

- कथाका  पात्र लालको पछिल्लो जीवन कस्तो भयो होला ? अनुमान गरी लेख्नुहोस् ।
- kf7sf] clGtd cg'R5]b k9\g'xf];\ / To;kl5 s] eof] xf]nf < cg'dfg u/L n]Vg'xf];\ .

- विद्यार्थीहरूलाई उपयुक्त समूहमा विभाजन गरी पाठको प्रश्न न. १३ को ततर्क दिने प्रश्नको उत्तर लेख्न निदेशन दिनुहोस् ।
- विद्यार्थीहरूले लेखन कार्य गर्दै जाँदा अलमल र समस्या देखिएका स्थानमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।
- विद्यार्थीले गरेका कार्यलाई पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र बाँकी विद्यार्थीहरूलाई प्रतिक्रियाका लागि प्रोत्साहित गर्नुहोस् ।

- अन्त्यमा विद्यार्थीहरूले सम्पन्न गरेका सकारात्मक क्रियाकलापहरूको प्रशंसा गर्दै आउँदा दिनमा थप सुधार गर्नुपर्ने पक्षहरू औँल्याई समग्रमा उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

- तर्क दिने प्रश्नको उत्तर दिादा ध्यान दिनुपर्ने कुराहरू के के हुन् भन्ने प्रश्नको उत्तर भन्न लगाई प्रतिबिम्बन/मूल्याङ्कन कार्य सम्पन्न गर्नुहोस् ।

**५. गृहकार्य**

- पाठको अभ्यासको प्रश्न न. ८ को उत्तर लेखेर ल्याउने कार्य दिनुहोस् ।

**शिक्षकका लागि गप अध्ययन सामग्री**

१. तार्किक प्रश्नको उत्तर दिने तरिका :

- पहिलो अनुच्छेदमा दिइएको विषवस्तुसँग आफू सहमत वा असहमत भएको कुरा प्रस्टसँग राख्ने ।
- दोस्रो अनुच्छेदमा तपाईंको विचारलाई पुष्टि गर्ने आधार तथा विभिन्न तर्कहरू दिने ।
- तेस्रो अनुच्छेदमा आफ्ना तर्कहरूबाट आएको निष्कर्ष दिने ।

| दिन : छैटौं, सातौंर आठौं | समय : ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : टीका (एकाङ्की)**

**पाठ्यवस्तु : संवाद लेखन**

**लक्षित सिप विकास : संवाद लेखन सिप विकास**

**१. विशिष्ट उद्देश्य**

यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

- दिइएको विषयमा आधारित भएर संवादको रचना गर्न

**२. शैक्षणिक सामग्री**

- संवादको नमुना

**३. सिकाइ सहजीकरण क्रियाकलाप**

**क्रियाकलाप १**

- विद्यार्थीहरूलाई एक छात्रा र एक छात्र गरी दुई दुई जनाको बिचमा तलका विषयमध्ये उनीहरूले छानेको विषयमा कुराकानी केही समय दिई पाठप्रति उत्प्रेरणा जगाउनुहोस् र सोही प्रसङ्गलाई जोड्दै आजको कक्षामा विद्यार्थीले गरिने मुख्य कामकाबारेमा जानकारी गराउनुहोस् ।

**क्रियाकलाप २**

- आफूले तयार गरेर लगेको संवादको नमुना प्रदर्शन गर्नुहोस् ।
- विद्यार्थीहरूलाई उपयुक्त समूहमा विभाजन गरी सो नमुना सामग्री पढी संवाद लेख्ने तरिकाकाबारेमा निष्कर्ष निकाल्न केही समय दिनुहोस् :

**संवाद लेखनको नमुना :**

**समयको सदुपयोग गरौं**

पात्र : अजय र मिना

स्थान : घर जाने बाटो

समय : बेलुकी ४ बजेपछि

(हाल कक्षा १० मा अध्ययनरत मिना र अजय एकै गाउँका साथी हुन् । धेरै दिनपछि उनीहरू आज सँग ै कुराकानी गर्दै घर फर्किँदै छन् ।)

अजय : ए, मिना ! आज त हामी सँगै घर जान परिएछ । एउटै गाउँका भए पनि सँगै घर नफर्केको धेरै भयो त ।

मिना : हो त नि । तिमी कता म कता भने जस्तो ? म चाँडै घर फर्कन्छु, तिमी कता जान्छौ कुन्नि ? त्यसैले होला ।

अजय : कता जानु खै ? यसो साथीहरूसँग घुम्यो, मोबाइलमा गीत हाल्यो, गीत सुन्यो । कहिलेकाहीँ बजारतिर हल्लियो । यस्तै मोजमा छु । अब त फाइनल जााच आयो भन्छन् । पासै नहुने पो हुँ कि भन्ने डर पो लागेको छ त ।

मिना : उमेरमा खेल्न र घुम्न त कसलाई मन लाग्दैन ? तर आफ्नो मुख्य उद्देश्य चाहीँ भुल्नु हुन्न भनेर म त पढाइमा नै व्यस्त छु । एक महिना भो, मोबाइल पनि स्विच अफ गरेकी छु । अनि तिम्रो तयारी कस्तो छ त ?

अजय : के साधेको होला ? खत्तम छ के ।

मिना : तिमी फुटबलतिर लाग्यौ । मैले त छ महिनासम्म ट्युसन पढे । अहिले त मोटामोटी परीक्षाको तयारी पूराभयो । यसो दोहोऱ्याएर हेर्न मात्र बाँकी छ ।

अजय : लौ तिमीले त अचम्मै पो गरिछौँ । खेलतिर लागेर मैले त किताब पल्टाएकै छैन । के पो गर्ने होला ?

मिना : खै के गर्ने भन्नु नि । तिमीलाई पहिल्यै ट्युसन जाऔँ भन्दा मानेनौ । कुन समयमा के गर्ने भन्ने कुरा नजान्दा यस्तै हुन्छ । खेल्न, घुम्न र रमाइलो गर्न मलाई चाहि मन नलाग्ने हो र ? हामीले समयलाई बुझेर काम गर्नुपर्छ । समयको दुरुपयोग गरयो भने पछि धेरै धोका पाइन्छ । देखेनौ, बरमझियाका वृजेश र लक्ष्मनियाँ फेसबुकको फ्यान भएर पढ्दा पढ्दै कुलेलम ठोके । अहिले पछुताउँदै छन् रे । हाम्रै टोलको लखनलाई हेर न । पढ्दै नपढी फेसबुक चलाएर र त्यसैमा आउने कार्टुन र खेलमा लठ्ठ परेर ९ कक्षामा नै फेल भएको ? के मसँग चाहिँ मोबाइल छैन र ? कक्षामा म किन प्रथम भएकी ? हेर, आफूसँग भएको वस्तु र समयको सदुपयोग पो गर्न जान्नुपर्छ ।

अजय : (लाचार र अनुनयको भावले) हो, मिना । तिमीले त मेरो आँखा खोली दियौ । मैले त मुख्य पढ्ने बेलामा घुमेर र मोबाइल खेलेर खत्तमै पो गरोछु । कक्षा १० पास नगरे त बर्बादै हुन्छ । फेल भए त बाआमा र समाजको अगाडि मुख देखाउनै लाज हुन्छ । के पो गरूा, मिना ?

मिना : के गर्नु नि ? परीक्षा आउन अझै दुई महिना बाँकी छ । खुब मिहिनेत गर्ने नि ।

अजय : कसरी खै ? (टाउकामा हात राखेर सुईय.... गर्दै विरक्तिन्छ)

मिना : अब जे हुनु भइसक्यो । मान्छेले जीवनमा हरेश खानु हुँदैन । अब घुम्ने, खेल्ने र मोबाइलमा झुन्डिने काम बन्द गर । बिहान चाँडै उठेर तिमी मकहाँ नबुझेका कुरा सिक्न आऊ । म सिकाउँला । त्यस्तै स्कुलबाट घर सँग सँगै फर्किने गरौँ । बाटोमा पनि पढाइकैबारेमा प्रश्नोत्तर गर्दै आउँला । बेलुकी फेरि मिलेर पढाइकै अभ्यास गरौँ । तिमीलाई सिकाउँदा मलाई पनि झन् आउँछ । दुवैलाई फाइदा हुन्छ । कि कसो ?

अजय : (प्रसन्न मुद्रामा) हो, मिना । तिमीले मलाई धेरै राम्रो सल्लाह दियौ । मैले त ढुङ्गा खोज्दा देवतै पाए जस्तो भो त । तिम्रो गुन म कहिल्यै म बिर्सने छैन । म भरे बेलुकीदेखि नै तिम्रो घरमा आउँछु । धेरै मिहिनेत गर्छु ।

मिना : ल, ठिक छ त । ओहो ! कुरा गर्दागर्दै घरमा नै आइपुगिएछ । म त लागेँ है ।

अजय : हुन्छ ल मिना । म घरमा गई चाँडै लुगा फेरेर किताब लिई तिमीकहाँ आउँछु ।

मिना : ल, ल, चाँडै आऊ । यहाँ मिलेर गरे कुनचाहिँ काम असम्भव छ र ? (दुवै जना आआफ्नो घरतिर लाग्दछन् ।)

- विद्यार्थी समूहबाट आएको निष्कर्षलाई समाहित गर्दै संवाद लेख्ने तरिकाकाबारेमा स्पष्ट धारणा दिनुहोस् । विद्यार्थीबाट आएका हरेक जिज्ञासालाई परिपूर्ति गर्नुहोस् ।

**क्रियाकलाप ३**

- विद्यार्थीहरूलाई उपयुक्त समूहमा विभाजन गरी पाठको प्रश्न न. १४ को संवाद लेख्ने प्रश्नको उत्तर लेख्न निदेशन दिनुहोस् ।
- विद्यार्थीहरूले लेखन कार्य गर्दै जाँदा अलमल र समस्या देखिएका स्थानमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।
- विद्यार्थीले गरेका कार्यलाई पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र बाँकी विद्यार्थीहरूलाई प्रतिक्रियाका लागि प्रोत्साहित गर्नुहोस् ।
- अन्त्यमा विद्यार्थीहरूले सम्पन्न गरेका सकारात्मक क्रियाकलापहरूको प्रशंसा गर्दै आउँदा दिनमा थप सुधार गर्नुपर्ने पक्षहरू औंल्याई समग्रमा उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

- संवाद लेख्दा ध्यान दिनुपर्ने कुराहरू के के हुन् भन्ने प्रश्नको उत्तर भन्न लगाई प्रतिबिम्बन/मूल्याङ्कन कार्य सम्पन्न गर्नुहोस् ।

**५. गृहकार्य**

- पाठको अभ्यासको प्रश्न न. १६ को संवाद लेखेर ल्याउने कार्य दिनुहोस् ।

## शिक्षकका लागि थप अध्ययन सामग्री

### १. संवाद लेख्ने÷लेखाउने तरिका

- दिइएको प्रश्नले के मागेको हो त्यसलाई राम्ररी बुझौँ ।
- मनमनै दुई वा तिन पात्रको छनोट गरौँ ।
- पहिला शीर्षक लेखौँ ।
- त्यसपछि पात्रको नाम र नाता र स्थान उल्लेख गरौँ ।
- त्यसमुनि कोष्ठकमा संवाद हुन लागेको परिस्थितिलाई राखौँ ।
- संवादको प्रारम्भ औपचारिक भेटघाटको कुराकानीबाट सुरु गरौँ ।
- कुराकानीको प्रारम्भमा सुन्दर, शान्त र सौहार्दपूर्ण वातावरण निर्माण गरौँ ।
- केही क्षणपछि आपसमा कुरा बाझेको वा द्वन्द्वको स्थिति सिर्जना गरौँ ।
- अन्त्यतिर सत्यको जित र असत्य वा खराब पक्षको हार देखाऔँ ।
- अन्त्यमा दुबै जना सकारात्मक निष्कर्षमा पुगेको देखाऔँ ।
- स्मरण रहोस्, संवादको ठाउँठाउँमा पात्रले परिस्थितिअनुसार गरेको हाउभाउलाई कोष्ठकमा उल्लेख गरौँ ।

| दिन : नवौँ र दसौ | समय : ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : टीका (एकाङ्की)**

**लक्षित सिप विकास : कार्यमूलक व्याकरण**

**पाठ्यवस्तु : व्याकरण (कारक र विभक्ति)**

**१. विशिष्ट उद्देश्य : यस** पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

- वाक्यमा प्रयोग भएका नामिक पदको कारक पहिचान गर्न
- विभक्ति चिह्नलाई सही ठाउँमा प्रयोग गर्न

**२. शैक्षणिक सामग्री**

कारक र विभक्ति पहिचान तालिका, वाक्य सूची र फलाटिन पाटी

**३. सिकाइ सहजीकरण क्रियाकलाप**

**क्रियाकलाप १**

- विद्यार्थीहरूलाई तलका प्रश्न दिई खाली स्थानमा मिल्दो कुरा राख्न लगाई उत्प्रेरणात्मक क्रियाकलाप सञ्चालन गर्नुहोस् र सोही प्रसङ्गलाई जोड्दै आजको कक्षामा विद्यार्थीले गरिने मुख्य कामकाबारेमा जानकारी गराउनुहोस् :

प्रश्न : तलका खाली ठाउँमा उपयुक्त विभक्ति चिह्न लेखी वाक्य पूरागर्नुहोस् :

(क) आज म ..........ज्यँदै भोक लागेको छ ।

(ख) रमेश .............खेत खनेको थियो ।

(ग) उसको खेत .......थुप्रै चराहरू छन् ।

(घ) रातो कलम .......चिठी लेखियो ।

(ङ) आज ................मैले काम सुरु गरो ।

**क्रियाकलाप २**

- आफूले तयार गरेर लगेको कारक र विभक्ति पहिचान गर्ने तालिका प्रदर्शन गर्नुहोस् ।
- विद्यार्थीहरूलाई उपयुक्त समूहमा विभाजन गरी तालिका अध्ययन गरी कारक र भिक्तिका बबारेमा निष्कर्ष निकाल्न केही समय दिनुहोस् :

**कारक र विभक्ति पहिचान तालिका**

| क्र. स. | उदाहरण वाक्य | नामिक पद | विभक्ति चिह्न | विभक्ति | कारक | सम्बन्ध–अर्थ |
|---|---|---|---|---|---|---|
| १. | रमेश लेख्छ । | रमेश | ले, बाट | प्रथमा | कर्ता | काम गर्ने |
| २. | ऊ बहिनीलाई फुल्याउँछ । | बहिनी | लाई | द्वितीया | कर्म | गरिने बस्तु |
| ३. | हरि लठ्ठीले भाइलाई कुट्छ । | लठ्ठी | ले, बाट, द्वारा, सित, सँग , साथ | तृतीया | करण | गर्ने साधन |
| ४. | मैले आमालाई मिठाई ल्याए । | आमा | लाई, लागि, निम्ति | चतुर्थी | सम्प्रदान | कामको समर्पण |
| ५. | सहरबाट बल्ल आइयो । | सहर | देखि, बाट, भन्दा | पञ्चमी | अपादान | विच्छेदन, अवधि |
| ६. | उसको छोरो घर आयो । | ऊ | को, का, की, रो, रा, री, नो, ना, नी | षष्ठी | ........ | भेदक |
| ७. | खाटमा तकिया छ । | खाट | मा, माथि, मध्ये, उपर, तिर, तर्फ | सप्तमी | अधिकरण | आधार |
| ८. | ए भाइ ! खबर के छ ? | | ए, ओ, हे | सम्बोधन | ......... | बोलाउनु |

- विद्यार्थी समूहबाट आएको निष्कर्षलाई समाहित गर्दै कारक र विभक्तिको पहिचान गराउनुहोस् । यस क्रममा विद्यार्थीबाट आएका हरेक जिज्ञासालाई परिपूर्ति गर्नुहोस् ।

**क्रियाकलाप ३**

- विद्यार्थीहरूलाई उपयुक्त समावेशी समूहमा विभाजन गरी व्याकरणको प्रश्न न. १ को तालिकाको थप अध्ययन गर्न लगाई प्रश्न न. २ को क्रियाकलाप गर्न निदेशन दिनुहोस् ।
- समूह कार्य हुँदै गर्दा प्रत्येक समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।
- समूहले गरेका कार्यलाई पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र बाँकी समूहलाई टिप्पणी र सुधारका लागि प्रोत्साहित गर्नुहोस् । गल्ती भएका स्थानमा त्यसकाबारेमा स्पष्ट पारी सुधार गरिदिनुहोस् ।

**क्रियाकलाप ४**

- अर्को समावेशी समूहमा विभाजन गरी तलका प्रश्नको उत्तर लेख्न निदेशन दिनुहोस् :

प्रश्न : रेखाङ्कित नामिक पदको कारक पहिचान गरी लेख्नुहोस् :

(क) कृष्णले केशवलाई कलम दियो ।

(ख) आफ्नो काम कसैले सघाएको होइन ।

(ग) हर्कले मलाई कुट्यो ।

(घ) गुरुले लठ्ठीले कुट्नुभयो ।

(ङ) छानोमाथि घिरौंला फलेका छन् ।

(च) मबाट ठुलो गल्ती भयो ।

(छ) अनिता हासियाले घास काट्छे ।

(ज) मैले उसलाई ठुलो गुन लगाएको छु ।

(झ) हाम्रो घरमा धेरै बाखा छन् ।

(ञ) उसको मनमा पाप मात्र छ ।

- समूह कार्य हुँदै गर्दा प्रत्येक समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।
- समूहले गरेका कार्यलाई पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र बाँकी समूहलाई टिप्पणी र सुधारका लागि प्रोत्साहित गर्नुहोस् । गल्ती भएका स्थानमा त्यसकाबारेमा स्पष्ट पारी सुधार गरिदिनुहोस् ।
- अन्त्यमा विद्यार्थीहरूले सम्पन्न गरेका सकारात्मक क्रियाकलापहरूको प्रशंसा गर्दै थप सुधार गर्नुपर्ने पक्षहरू औंल्याई उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

- तलका प्रश्नको उत्तर लेख्न लगाई प्रतिबिम्बन/मूल्याङ्कन कार्य सम्पन्न गर्नुहोस् :

प्रश्न : रेखाङ्कित नामिक पदको कारक पहिचान गरी लेख्नुहोस् :

(क) बद्रीले बजारबाट बदाम ल्याई हातले फुटाउँदै खाए ।

(ख) उसले राजेशलाई हातले प्याट्ट ढाडमा हिर्काए ।

(ग) बिनाले टिनालाई एउटा कलम सानो बट्टामा राखेर उपहार दिइन् ।

(घ) अहमदले बजारबाट कुर्ता ल्याई छोरीलाई दिए ।

(ङ) चम्पाले चमेलीलाई चरिकोटबाट चाउचाउ ल्याई पकाएर चम्चाले खुवाइन् ।

## ५. परियोजना कार्य

(क) रेखाङ्कित शब्दहरूको कुन कुन कारक हुन् ? पहिचान गरी लेख्नुहोस् :

घनश्याम बिहान सबेरै उठ्छन् र श्रीमती रमिलालाई उठाउछन् । चियापानपछि नै उनीहरू काममा खटिन्छन् । घनश्याम खुकुरीले घाँस झार्न थाल्छन् । रमिला घाँस बटुल्दै गाईवस्तुलाई हालिदिन्छिन् । दुवै जना मिलेर खाना बनाउँछन् र छोराछोरीलाई खुवाउँछन् । त्यसपछि उनीहरू घरबाट खेततिर लाग्छन् ।

(ख) विभिन्न कारक र विभक्तिको प्रयोग गरी शैक्षिक भ्रमण जाँदाको वर्णन गर्नुहोस् र त्यसमा प्रयोग भएका कारक र विभक्तिलाई रेखाङ्कन गरेर ल्याउने परियोजना कार्य दिनुहोस् ।

### शिक्षकका लागि थप अध्ययन सामग्री

१. कारक र विभक्ति परिचय :

कारक : क्रियासँग प्रत्यक्ष सम्बन्ध राख्ने नाम वा सर्वनामलाई कारक भनिन्छ ।

विभक्ति : नामिक पद कारकका पछाडि आएर वाक्य वा अन्य पदसँग सम्बन्ध गाँस्ने पदहरूलाई नै विभक्ति चिह्न भनिन्छ । जस्तै: ले, लाई, बाट, द्वारा, लागि, देखि, को, रो, नो, मा, माथि, आदि ।

२. कारक र विभक्तिका प्रकार :

१. कर्ता कारक :

क्रियाको सम्बन्ध काम गर्ने नामिक पदसँग स्थापित हुन्छ भने त्यो कर्ता कारक हुन्छ । कर्ता कारकमा प्रथमा विभक्ति (ले, बाट) लाग्दछ । कर्ता कारकमा विभक्ति चिह्न नलाग्न पनि सक्छ । जस्तै :

हर्कले भात खान्छ । (विभक्ति लागेको) । हर्क भात खान्छ । (विभक्ति नलागेको)

२. कर्म कारक :

क्रियाको सम्बन्ध (कार्यव्यापार) को असर जुन नामिक पदमा पर्दछ , त्यो कर्म कारक हो । कर्म कारकमा द्वितीया विभक्ति चिह्न लाग्दछ । कर्म कारकमा पनि विभक्ति चिह्न नलाग्न पनि सक्छ । जस्तै :

उमेशले भाइलाई कुट्छ । (विभक्ति लागेको) । उमेश भाइ कुट्छ । (विभक्ति नलागेको)

३. करण कारक :

जुन नामिक पदले क्रियाको कार्यव्यापार गर्ने साधन, हेतु वा कारण बोध गराउँछ, त्यसलाई करण कारक भनिन्छ । करण कारकमा तृतीया विभक्ति चिह्न लाग्छ । जस्तै: म चकले कालोपाटीमा लेख्छु ।

४. सम्प्रदान कारक :

क्रियाले गर्ने कार्यव्यापार जुन नामिक पदसँग लक्षित हुन्छ, त्यो नै सम्प्रदान कारक हो । यस कारकमा चतुर्थी विभक्ति चिह्न लाग्छ । जस्तै: हरिले मलाई कलम दियो ।

५. अपादान कारक :

क्रियाले गरेको कामको अवधि वा विच्छेदनको सम्बन्ध देखाउने नामिक पदलाई अपादान कारक भनिन्छ । यो कारकमा पञ्चमी विभक्ति चिह्न लाग्दछन् । जस्तै: हरि पर्खालबाट खस्यो । म घण्टौंदेखि तिमीलाई कुरिरहेको छु ।

६. सम्बन्ध कारक :

क्रियाको कार्यव्यापारले जुन नामिक पदसँग सम्बन्ध वा स्वामित्व जनाउँदछ, त्यो पद नै सम्बन्ध कारक हो । यस कारकमा षष्ठी विभक्ति चिह्न लाग्दछन् । जस्तै: उनको घरमा गाई छ । हाम्रो देश राम्रो छ । आफ्नो केही काम छैन ।

माथिका वाक्यहरूमा प्रयोग भएका नामिक पदहरूले भेदकको काम गरेका हुँदा तिनीहरू सम्बन्ध कारक हुन् ।

*नोट : सम्बन्ध कारकलाई कारककै रूपमा नलिई षष्ठी विभक्तिको रूपमा मात्र लिनु उपयुक्त हुन्छ ।*

७. अधिरकण कारक :

क्रियाले गर्ने कार्यव्यापारको आधार अर्थात् समय, ठाउँ, विषय आदि जनाउने नामिक पद नै अधिकरण कारक हो । यस कारकमा सप्तमी विभक्ति चिह्न लाग्दछन् । जस्तै: छानामाथि घिरौंला फलेका छन् । रूखमा चरो छ ।

८. सम्बोधन विभक्ति:

ए ! , हे ! , ओ !, रे ! , जस्ता चिह्नहरूलाई सम्बोधन विभक्ति भनिन्छ । यसले कुनै कारकसँग सम्बन्ध राख्दैन । जस्तै: ओ ! केटा तिमी कता जान लागेका हौ ?

## थप क्रियाकलाप

**विद्यार्थीहरूलाई निम्नानुसारका प्रश्नहरूको उत्तर लेख्न लगाई उनीहरूको सिकाइको मूल्याङ्कन गर्न सक्नु हुने छ :**

१. तलका शब्द र अर्थको जोडा मिलाउनुहोस् : २

| **शब्द** | **अर्थ** |
|---|---|
| खिन्न | लामो समय बाँच्ने, दीर्घजीवी |
| मुद्रा | टुकी, पानस |
| डिबिया | दु:खी, उदास |
| चिरञ्जीवी | बाकस |
| | अनुहार |

२. शुद्ध पारी सार्नुहोस् : २

आमैले भन्नुभयो यो वर्ष किन एस्तो ढिलो ? सधैा त फुलपातिभित्रै आइपुग्थिस ।

३. तलका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् : २

हंसले ठाउँ छोड्नु, पो ।

४. तलको वाक्यबाट रेखाङ्कित नामिक पदको कारक पहिचान गरी लेख्नुहोस् : २

चतुरमानले चमेलीलाई चाउचाउ किनेर ल्याई चम्चाले खुवाए ।

५. तल दिइएकामध्ये कुनै एक उद्धरणको सप्रसङ्ग व्याख्या गर्नुहोस् : ४

(क) एक पाइलो हिँडे पनि आफ्नै भुइँमा हिँड्नुपर्छ, एक थोपा पसिना चुहाए पनि आफ्नै माटाका डल्लामा चुहाउनुपर्छ ।

(ख) दस लोटा पानी अटाएको गाग्रोमा एक मुठी बढी कसो नअटाउला त ?

६. तलकामध्ये कुनै एक प्रश्नको मात्र सङ्क्षिप्त उत्तर दिनुहोस् : ४

(क) पैसाका निम्ति विदेश गएका कमानसिंहलाई आमैले के भनेर सम्झाइन् ?

(ख) टीका एकाङ्कीले दिएको मूल सन्देश प्रस्ट पार्नुहोस् ।

७. स्वरोजगारलाई महत्त्व दिऔ भन्ने विषयमा दुई साथीहरूका बिचमा हुने कुराकानीलाई समेटी एउटा संवादको रचना गर्नुहोस् । ४

पाठ १६

कथा

# माउजङ बाबुसाहेबको कोट

एकाइगत पाठ्यवस्तु विभाजन तालिका

| क्र.स. | पाठ्यवस्तु | पाठ्यभार |
|---|---|---|
| १. | सस्वरवाचन र शुद्ध उच्चारण | १ |
| २. | शब्दार्थ र वाक्यमा प्रयोग | १ |
| ३. | सस्वर पठन र प्रश्न निर्माण | १ |
| ४. | बुँदा टिपोट र सारांश लेखन | २ |
| ५. | पठन बोध र छोटो उत्तर लेखन | १ |
| ६. | लामो उत्तर लेखन | १ |
| ७. | निर्देशित कथा लेखन | १ |
| ८. | व्याकरण (वाच्य परिवर्तन) | २ |
| | जम्मा | १० |

**दिन : पहिलो** **समय ४५ मिनेट**

**पाठ शीर्षक : माउजङ बाबुसाहेबको कोट (कथा)**

**पाठ्यवस्तु : मौन पठन र शुद्ध उच्चारण**

**लक्षित सिप विकास : सुनाइ र लेखाइ**

१. **विशिष्ट उद्देश्य : यस** पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) पाठको मौन पठन गर्न

(क) पाठमा प्रयुक्त नयाँ शब्दहरूको शुद्ध उच्चारण गर्न

२. **शैक्षणिक सामग्री**

वाक्यसूची र गोजीतालिका

३. **सिकाइ सहजीकरण प्रक्रिया**

क्रियाकलाप १

- विद्यार्थीहरूलाई जोडीमा पढाइ विधिबाट उत्प्रेरणा जगाउनुहोस् र सोही सन्दर्भलाई जोड्दै आज गरिने मुख्य क्रियाकलापकाबारेमा जानकारी दिनुहोस् ।

**क्रियाकलाप २**

- विद्यार्थीलाई पाठको मौन पठन गर्न लगाउनुहोस् र पाठमा देखिएका उच्चारणगत समस्या भएका शब्द भन्न लगाउनुहोस् । ती शब्दलाई शैक्षणिक पाटीमा टिपी बारम्बार उच्चारण अभ्यास गराउनुहोस् ।
- आफूले लगेको वाक्य सूची पछि प्रदर्शन गर्नुहोस् र ती शब्दलाई पनि बारम्बार उच्चारण अभ्यास गराउनुहोस् ।

क्रियाकलाप ३

- शिक्षकले पाठको नवौँ अनुच्छेद पढेर सुनाउनुहोस् र विद्यार्थीलाई पालैपालो त्यसको सारांश भन्न लगाउनुहोस् ।

- विद्यार्थीलाई सुनाइ अभ्यासको प्रश्न न. २ र ३ का क्रियाकलापहरू गराउनुहोस् । विद्यार्थीले कुनै गल्ती गरेमा सुधार गरिदिनुहोस् ।
- अन्तमा उपयुक्त पृष्ठपोषण दिई कक्षा कार्य सम्पन्न गर्नुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

- तलका शब्दलाई शुद्धसँग उच्चारण गर्न लगाउनुहोस् :

  क्रोधी, चक्षु, पर्यन्त, धृष्टता, तीक्ष्ण, तात्कालिक, औदार्य, क्लेश, वस्तुत:, निर्विकार, अभ्यस्त ।

**५. सिर्जनात्मक कार्य**

- गत दिनहरूको अध्ययन र अभ्यासका आधारमा पाठको अभ्यासको प्रश्न न. १५ को उत्तर लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

## शिक्षकका लागि थप अध्ययन सामग्री

**१. जोडीमा पढाइ विधिबाट उत्सुकता पैदा तरिका**

| |
|---|
| पाठ पढाउनु अघि विद्यार्थीहरूलाई दुई दुई जोडीमा रहन निर्देश गर्नुहोस् र ५ मिनेटको समय दिई निर्दिष्ट पाठका अनुच्छेद एउटालाई पढ्न र अर्कोलाई सार भन्न र फेरि अर्को अनुच्छेद सार भन्नेलाई पढ्न र पढ्नेलाई सार भन्न लगाउनुहोस् । |

| दिन : दोस्रो | समय ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : माउजङ बाबुसाहेबको कोट (कथा)**

**पाठ्यवस्तु : शब्दार्थ र वाक्यमा प्रयोग**

**लक्षित सिप विकास : पढाइ र लेखाइ**

**१. विशिष्ट उद्देश्य : यस** पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) पाठमा प्रयुक्त नयाँ शब्दहरूको अर्थ बताउन

(ख) शब्दको प्रयोग गरी अर्थयुक्त वाक्य बनाउन

**२. शैक्षणिक सामग्री**

शब्दार्थ सूची, वाक्यसूची र फलाटिन पाटी

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १**

- विद्यार्थीहरूलाई कुनै मस्तिष्क मन्थन सम्बन्धी प्रश्न दिई उत्प्रेरणात्मक क्रियाकलाप सञ्चालन गर्नुहोस् ।सोही सन्दर्भलाई जोडी आजको कक्षामा गरिने मुख्य क्रियाकलापकाबारेमा जानकारी दिनुहोस् ।

**क्रियाकलाप २**

- विद्यार्थीहरूलाई पाठका अनुच्छेदहरूमा अर्थ बोध गर्न नयाँ लागेका शब्दहरू भन्न लगाउनुहोस् । ती शब्दलाई शैक्षणिक पाटीमा लेख्नुहोस् । तत्पश्चात् शब्दार्थपत्ती प्रदर्शन गरी शब्दार्थ शिक्षण विधिको प्रयोग गरी अर्थ बोध गराउनुहोस् ।

**क्रियाकलाप ३**

- शिक्षकले आफूले लगेको वाक्यमा प्रयोग गरेको नमुना वाक्यसूची प्रदर्शन गर्नुहोस् र त्यस्तै प्रकृतिका अन्य वाक्यहरू निर्माण गर्न प्रोत्साहित गर्नुहोस् ।
- विद्यार्थीहरूबाट निर्मित वाक्यहरू कक्षामा प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।

- मिल्यो/मिलेन बाँकी विद्यार्थीहरूलाई मूल्याङ्कन गर्न प्रोत्साहित गर्नुहोस् र अन्तिममा मात्र शिक्षकले आवश्यक सुधारात्मक सुझाव दिनुहोस् ।

**क्रियाकलाप ४**

- विद्यार्थीहरूलाई पाठको अभ्यासको ६ को क्रियाकलापहरू गर्न लगाई गल्ती पाइएमा सुधारात्मक शिक्षण गर्नुहोस् ।
- अन्तमा उपयुक्त पृष्ठपोषण दिई कक्षा कार्य सम्पन्न गर्नुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

- तलका प्रश्नहरूबाट प्रतिबिम्बन/मूल्याङ्कन कार्य सम्पन्न गर्नुहोस् :

(क) तलका शब्द र अर्थलाई जोडा मिलाउनुहोस् :

| शब्द | अर्थ |
|---|---|
| उत्कण्ठा | मन, हृदय |
| उपहास | विकार नहुने, खराब नहुने |
| निर्विकार | गिल्ला, खिसी, बदनामी, निन्दा |
| क्षोभ | सीमा नभएको, ज्यादा |
| उद्विग्न | गुन मान्ने, गरेको गुन देख्ने |
| कृतज्ञ | छटपटी, चिन्तित, आकुल व्याकुल |
| कदाचित् | पीडा, वेदना |
| असीम | धेरै असन्तोष, क्रोध, रिस |

(ख) तल दिइएका शब्दलाई वाक्यमा प्रयोग गर्न लगाई मौखिक उत्तर दिन लगाउनुहोस् :

बिर्ता, उद्दण्ड, जफत, चक्षु, विरूप, धृष्टता ।

**५. गृहकार्य**

तलका शब्दलाई वाक्यमा प्रयोग गरी ल्याउने निर्देशन दिनुहोस् :

बिर्ता, उद्दण्ड, जफत, आमाचकारी, चक्षु, विरूप, धृष्टता, अभिमान, बडप्पन, तन, क्षमाशील, मूक, परिमेय, अन्तर्चिन्तन, विषाद, रफु ।

| दिन : तेस्रो | समय ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : माउजङ बाबुसाहेबको कोट (कथा)**

**पाठ्यवस्तु : सस्वर पठन बोध र प्रश्न निर्माण**

**लक्षित सिप विकास : पढाइ र लेखाइ**

**१. विशिष्ट उद्देश्य**

यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) कथाका अनुच्छेदलाई सस्वर पठन गरी सोधिएका छोटो प्रश्नका उत्तर दिन

(ख) प्रश्न निर्माण सिपको विकास गर्न

**२. शैक्षणिक सामग्री**

पाठ्यपुस्तक

**३. सिकाइ सहजीकरण प्रक्रिया**

क्रियाकलाप - १

- शिक्षकले विद्यार्थीहरूलाई तलका घटनाहरू दिनुहोस् र कुन ती घटनाहरू (क), (ख), (ग), र (घ) मध्ये बढ्दो क्रममा मनमनै मिलाई चाडो उत्तर भन्नुपर्ने प्रश्न दिनुहोस् र जसले चाडो मिलाई भन्न सक्छ उसलाई सबैले ताली बजाई सम्मान गर्न लगाउनुहोस् र सोही प्रसङ्गलाई जोड्दै आज गरिने मुख्य क्रियाकलापकाबारेमा जानकारी गराउनुहोस् :

  प्रश्न :

  (क) बालक जागिर खान्छ र आफ्नो जीविका गर्छ ।

  (ख) बालक बुढो भएर विश्राम लिन्छ ।

  (ग) बालक जन्मिन्छ र बढी खेल्न रुचाउँछ ।

  (घ) बालकले धेरै पढलेख गर्छ ।

  सही क्रम : ग,घ,क,ख

**क्रियाकलाप - २**

- विद्यार्थीहरूलाई कथालाई पालैपालो सस्वरवाचन गर्न लगाउनुहोस् र पठन गर्दै जाँदा पढाइको यति र गति नमिलाएमा, लेख्य चिह्न अनुसार नपढेमा र शुद्ध र स्पष्टसँग नपढेमा, शिक्षकले सो स्थानमा सच्याउन लगाई पढ्ने अभ्यास गराउनुहोस् ।

**क्रियाकलाप - ३**

- पठन समय समाप्त भएपछि किताब बन्द गर्न लगाई विद्यार्थीहरूलाई समावेशी तरिकाले उपयुक्त समूहमा विभाजन गर्नुहोस् र लेखाइ अभ्यासको प्रश्न न. १२ मा दिइएका प्रश्नहरूको प्रति समूह एक एक प्रश्न पर्ने गरी उत्तर लेख्न निर्देशन दिनुहोस् ।
- विद्यार्थीले लेख्दै गर्दा प्रत्येक समूहमा पुगी कामको अवलोकन गर्नुहोस् र आवश्यक सहजीकरण गर्नुहोस् ।
- लेख्ने कार्य पूरागरिसकेपछि समूह समूहका समूह नेताबाट सो गरेको कार्य कक्षामा पढेर सुनाउन निर्देश गर्नुहोस् ।
- प्रत्येक समूहको प्रस्तुतिपछि अर्को समूहलाई सो प्रस्तुतिप्रति टिप्पणी गर्न प्रोत्साहित गर्नुहोस् । अन्तमा आफ्नो निष्कर्षसहित थप सुधारका लागि उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

**क्रियाकलाप - ४**

- विद्यार्थीलाई पाठ्यपुस्तकको अभ्यासभित्रको प्रश्न न. ८ को निर्देशन अनुसार के, कहाँ, कहिले, कसरी, किन, प्रश्नार्थक वाक्य बनाउन लगाई प्रस्तुतीकरण गर्न लगाउनुहोस् र ठाउँठाउँबाट प्रस्तुतीकरण गर्न लगाउनुहोस् । नमिलेको पाइएमा सुधार गरी सार्न लगाउनुहोस् ।
- विद्यार्थीले कक्षामा प्रदर्शित गरेका सबल पक्षको प्रशंसा गर्दै थप सुधार गर्नुपर्ने पक्षहरू औल्याई उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

- छोटो उत्तर दिने प्रश्नको उत्तर कस्तो हुनुपर्छ ? भन्ने प्रश्न विद्यार्थी समक्ष राखी सोको उत्तर भन्न लगाएर प्रतिबिम्बन/मूल्याङ्कन कार्य सम्पन्न गर्नुहोस् ।

**५. परियोजना कार्य**

- कथाको अन्तपछि माउजङ बाबुसाहेबको विचारमा के कस्तो परिवर्तन आयो होला ? अनुमान गरी लेख्नुहोस् ।

| दिन : चौथो र पाँचौा | समय ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : माउजङ बाबुसाहेबको कोट (कथा)**

**पाठ्यवस्तु : बुँदा टिपोट र सारांश**

**लक्षित सिप विकास : पढाइ र लेखाइ**

## १. विशिष्ट उद्देश्य

यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) निर्दिष्ट अनुच्छेद पढी त्यसबाट मुख्य बुँदा टिपोट गरी सारांश लेख्न

## २. शैक्षणिक सामग्री

पाठ्यपुस्तक

## ३. सिकाइ सहजीकरण प्रक्रिया

**क्रियाकलाप - १**

- विद्याथीलाई पाठको कुनै एक सानो अनुच्छेदको द्रुत लेखन प्रतियोगितात्मक क्रियाकलाप गराई उत्प्रेरित गर्नुहोस् र सोही प्रसङ्गलाई जोड्दै आज अध्ययन गरिने क्रियाकलापकाबारेमा जानकारी गराउनुहोस् :

**क्रियाकलाप - २**

- विद्यार्थीहरूलाई उपयुक्त समूहमा विभाजन गर्नुहोस् र गत पाठमा गरिएका अभ्यासका आधारमा पाठको अभ्यासको प्रश्न न. ९ मा दिइएको अनुच्छेदबाट चार ओटा बुँदा टिपोट गरी सारांश लेख्न निर्देशन दिनुहोस् ।
- विद्यार्थी समूहले लेख्दै गर्दा प्रत्येक समूहमा पुगी कामको अवलोकन गर्नुहोस् र आवश्यक सहजीकरण गर्नुहोस् ।
- लेख्ने कार्य पूरागरिसकेपछि समूहका समूह नेताबाट सो गरेको कार्य कक्षामा पढेर सुनाउन निर्देश गर्नुहोस् ।
- प्रत्येक समूहको प्रस्तुतिपछि अर्को समूहलाई सो प्रस्तुतिप्रति टिप्पणी गर्न प्रोत्साहित गर्नुहोस् । त्यसमा कुनै कमी कमजोरी देखिएमा सुधार गरी सार्न लगाउनुहोस् ।

**क्रियाकलाप - ३**

- विद्यार्थीहरूलाई अर्को उपयुक्त समूहमा विभाजन गर्नुहोस् र गत पाठमा गरिएका अभ्यासका आधारमा पाठको अभ्यासको प्रश्न न. १३ मा दिइएको अनुच्छेदबाट चार ओटा बुँदा टिपोट गरी सारांश लेख्न निर्देशन दिनुहोस् ।
- विद्यार्थी समूहले लेख्दै गर्दा प्रत्येक समूहमा पुगी कामको अवलोकन गर्नुहोस् र आवश्यक सहजीकरण गर्नुहोस् ।
- लेख्ने कार्य पूरागरिसकेपछि समूहका समूह नेताबाट सो गरेको कार्य कक्षामा पढेर सुनाउन निर्देश गर्नुहोस् ।
- प्रत्येक समूहको प्रस्तुतिपछि अर्को समूहलाई सो प्रस्तुतिप्रति टिप्पणी गर्न प्रोत्साहित गर्नुहोस् । त्यसमा कुनै कमी कमजोरी देखिएमा सुधार गरी सार्न लगाउनुहोस् ।
- अन्तमा विद्यार्थीले आजका विभिन्न क्रियाकलापमा प्रदर्शित गरेका सबल पक्षको प्रशंसा गर्दै थप सुधार गर्नुपर्ने पक्षहरू औल्याई कक्षा कार्य सम्पन्न गर्नुहोस् ।

## ४. प्रतिबिम्बन/मूल्याङ्कन

- पाठको सत्रौा अनुच्छेदबाट चार बुँदा टिपोट गर्नलगाई त्यसैबाट सारांश भन्न लगाउनुहोस् ।

## ५. परियोजना कार्य

- गत पाठहरूमा गरिएको अभ्यासका आधारमा पाठको अभ्यासको प्रश्न न. १४ को उत्तर लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

### शिक्षकका लागि थप अध्ययन सामग्री

**१. बोध प्रश्नको उत्तर दिँदा ध्यान दिनुपर्ने कुराहरू**

- सबभन्दा पहिले दिइएका प्रश्नहरू राम्ररी पढ्ने ।
- अनुच्छेद पढ्दा प्रश्नको उत्तर कहाँ छ भन्ने कुरा राम्ररी ठम्याई त्यसमा रेखाङ्कन गर्ने ।
- अनुच्छेदमा भएको वाक्यलाई जस्ताको तस्तै नसार्ने ।
- आफ्नै छोटो र मिठो शैली प्रयोग गरी बढीमा दुई वाक्यमा उत्तर दिने ।
- जुन कालमा प्रश्न साधेको छ त्यही कालमा उत्तर दिने ।

| दिन : छैटौं | समय : ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : माउजङ बाबुसाहेबको कोट (कथा)**

**पाठ्यवस्तु : पठन बोध र छोटो प्रश्नोत्तर**

**लक्षित सिप विकास : पढाइ र लेखाइ**

**१. विशिष्ट उद्देश्य**

यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :

(क) पाठ पढी सोधिएका छोटो (सङ्क्षिप्त) उत्तर दिने प्रश्नको उत्तर लेख्न

(ख) निर्दिष्ट अनुच्छेद पढी सोधिएका प्रश्नहरूको उत्तर दिन

**२. शैक्षणिक सामग्री**

- प्रश्नोत्तरको नमुना र फलाटिन पाटी

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १**

- विद्यार्थीहरूमा अन्तर्निहित कुनै प्रतिभा प्रदर्शन गर्न लगाई पाठप्रति उत्प्रेरणा जगाउनुहोस् र सोही सन्दर्भलाई जोड्दै आज अभ्यास गरिने  मुख्य विषय शैक्षणिक पाटीमा लेखी त्यसकोबारेमा सङ्क्षिप्त जानकारी दिनुहोस् :

**क्रियाकलाप - २**

- विद्यार्थीहरू समक्ष निम्न लिखित प्रश्नसूची प्रदर्शन गर्नुहोस् र पाठ पढी ती प्रश्नका उत्तर पहिचान गर्न १० मिनेटको समय दिनुहोस् :

  प्रश्न : तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :

  (क) माउजङ बाबुसाहेवको स्वभाव कस्तो थियो ?

  (ख) माउजङ बाबुसाहेवले नयाँ कोट किन्न नचाहनुको कारण के हो ?

  (ग) 'माउजङ बाबुसाहेबको विचार कस्तो थियो ?

  (घ) 'माउजङ बाबुसाहेबको कोट' कथाको शीर्षक के कति कारणले उपयुक्त छ ?

- समय समाप्त भएपछि किताब बन्द गर्न लगाउनुहोस् ।
- विद्यार्थीहरूलाई उपयुक्त समावेशी समूहमा विभाजन गरी गत पाठहरूमा सङ्क्षिप्त वा छोटो उत्तर लेख्ने तरिकाको अध्ययन र अभ्यास गरेका आधारमा प्रति समूह एउटा प्रश्न पर्ने उत्तर लेख्नका लागि निर्देशन दिनुहोस् ।

- विद्यार्थीले कथा लेख्दै गर्दा प्रत्येक समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।
- लेख्ने कार्य पूरागरिसकेपछि समूह समूहका समूह नेताबाट सो कथा कक्षामा पढेर सुनाउन निर्देश गर्नुहोस् ।
- प्रत्येक समूहको प्रस्तुतिपछि  अर्को समूहलाई सो प्रस्तुतिको टिप्पणी गर्न प्रोत्साहित गर्नुहोस् ।
- अन्तमा विद्यार्थीले आजको कक्षामा प्रदर्शित गरेका सबल पक्षको प्रशंसा गर्दै सुधार गर्नुपर्ने पक्षहरू औल्याई कक्षा कार्य सम्पन्न गर्नुहोस् ।

**क्रियाकलाप - ३**

- विद्यार्थीहरूलाई उपयुक्त समावेशी समूहमा विभाजन गर्नुहोस् र पाठको अभ्यासको प्रश्न न. १० मा दिइएको अनुच्छेदको गहन पठन गरी त्यसमुनि सोधिएका प्रश्नहरूको उत्तर लेख्न निर्देशन दिनुहोस् ।
- विद्यार्थी समूहले लेख्दै गर्दा प्रत्येक समूहमा पुगी कामको अवलोकन गर्नुहोस् र आवश्यक सहजीकरण गर्नुहोस् ।
- लेख्ने कार्य पूरागरिसकेपछि समूहका समूह नेताबाट सो गरेको कार्य कक्षामा पढेर सुनाउन निर्देश गर्नुहोस् ।
- प्रत्येक समूहको प्रस्तुतिपछि  अर्को समूहलाई सो प्रस्तुतिप्रति टिप्पणी गर्न प्रोत्साहित गर्नुहोस् । शिक्षकले कुनै गल्ती देखेमा सुधार गरी सार्न लगाउनुहोस् ।
- अन्तमा विद्यार्थीले आजका विभिन्न क्रियाकलापमा प्रदर्शित गरेका सबल पक्षको प्रशंसा गर्दै थप सुधार गर्नुपर्ने पक्षहरू औल्याई कक्षा कार्य सम्पन्न गर्नुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

तलको प्रश्न सोधी प्रतिबिम्बन/मूल्याङ्कन कार्य सम्पन्न गर्नुहास् :

(क) माउजङ बाबुसाहेबको घरको स्थिति कस्तो थियो ? छोटो उत्तर दिनुहोस् ।

**५. गृहकार्य**

(क) 'माउजङ बाबुसाहेबको कोट' कथाले के कस्तो सन्देश दिएको छ ? छोटो उत्तर लेखी ल्याउनुहोस् ।

| दिन : सातौँ | समय : ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : माउजङ बाबुसाहेबको कोट (कथा)**

**पाठ्यवस्तु : लामो उत्तर लेखन**

**लक्षित सिप विकास  : लेखाइ**

**१. विशिष्ट उद्देश्य**

यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :

(क) पाठ पढी सोधिएका लामो उत्तर दिने प्रश्नको उत्तर लेख्न

**२. शैक्षणिक सामग्री**

प्रश्नोत्तरको नमुना र फलाटिन पाटी

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १**

- विद्यार्थीहरूलाई आफ्नो गाउँ टोलमा प्रचलित कुनै कथा भन्न लगाई पाठप्रति उत्प्रेरणा जगाउनुहोस् र सोही सन्दर्भलाई जोड्दै आज अभ्यास गरिने  मुख्य विषय शैक्षणिक पाटीमा लेखी त्यसकोबारेमा सङ्क्षिप्त जानकारी दिनुहोस् ।

**क्रियाकलाप - २**

- विद्यार्थीहरू समक्ष निम्न लिखित प्रश्नसूची प्रदर्शन गर्नुहोस् र पाठ पढी ती प्रश्नका उत्तर पहिचान गर्न १० मिनेटको समय दिनुहोस् :

  प्रश्न : तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :

  (क) राणाकालमा माउजङ बाबुसाहेवको कस्तो अवस्था थियो ? कथाको आधारमा चर्चा गर्नुहोस् ।

  (ख) २००७ पछि माउजङ बाबुसाहेवले पूरानै कोट माया गर्नुको कारण के देखिन्छ ? उल्लेख गर्नुहोस् ।

  (ग) २००७ पछि पनि माउजङ बाबुसाहेबको चरित्रमा परिवर्तन नआउनका कारण के के हुन सक्छन् ? विश्लेषण गर्नुहोस् ।

  (घ) माउजङ बाबुसाहेब कस्तो मनोविज्ञानमा बााचेका व्यक्ति हुन् ? स्पष्ट पार्नुहोस् ।
- समय समाप्त भएपछि किताब बन्द गर्न लगाउनुहोस् ।
- विद्यार्थीहरूलाई उपयुक्त समावेशी समूहमा विभाजन गरी गत पाठहरूमा लामो उत्तर लेख्ने तरिकाको अध्ययन र अभ्यास गरेका आधारमा प्रति समूह एउटा प्रश्न पर्ने उत्तर लेख्नका लागि निर्देशन दिनुहोस् ।
- विद्यार्थीले कथा लेख्दै गर्दा प्रत्येक समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।
- लेख्ने कार्य पूरागरिसकेपछि समूह समूहका समूह नेताबाट सो कथा कक्षामा पढेर सुनाउन निर्देश गर्नुहोस् ।
- प्रत्येक समूहको प्रस्तुतिपछि  अर्को समूहलाई सो प्रस्तुतिको टिप्पणी गर्न प्रोत्साहित गर्नुहोस् ।
- अन्तमा विद्यार्थीले आजको कक्षामा प्रदर्शित गरेका सबल पक्षको प्रशंसा गर्दै सुधार गर्नुपर्ने पक्षहरू औल्याई कक्षा कार्य सम्पन्न गर्नुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

तलको प्रश्न सोधी प्रतिबिम्बन/मूल्याङ्कन कार्य सम्पन्न गर्नुहोस् :

(क) 'माउजङ बाबुसाहेबको कोट' कथामा के कस्तो मनोविज्ञानको चित्रण गरिएको छ ? विवेचना गर्नुहोस् ।

**५. गृहकार्य**

- व्याकरण खण्डको प्रश्न न. ५ मा दिइएको कार्य गरेर ल्याउन निर्देशन दिनुहोस् ।

| **दिन : आठौं** | **समय : ४५ मिनेट** |
|---|---|

**पाठ शीर्षक : माउजङ बाबुसाहेबको कोट (कथा)**

**पाठ्यवस्तु : निर्देशित कथा लेखन**

**लक्षित सिप विकास  : सिर्जनात्मक कार्य (लेखाइ)**

**१. विशिष्ट उद्देश्य : यस** पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :

(क) दिइएका निर्देशित बुँदाहरूका आधारमा कथाको रचना गर्न

**२. शैक्षणिक सामग्री**

निर्देशित बुँदाका आधारमा कथा लेखेको नमुना र फलाटिन पाटी

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १**

- विद्यार्थीहरूलाई उनीहरूले जानेको कथा कथन क्रियाकलाप गराई पाठप्रति उत्प्रेरणा जगाउनुहोस् र सोही सन्दर्भलाई जोड्दै आज अभ्यास गरिने  मुख्य विषय शैक्षणिक पाटीमा लेखी त्यसकोबारेमा सङ्क्षिप्त जानकारी दिनुहोस् ।

**क्रियाकलाप - २**

- विद्यार्थीहरूलाई उपयुक्त समावेशी समूहमा विभाजन गर्नुहोस् । त्यसपछि आफूले तयार गरेर लगेको निर्देशित कथा लेखनको नमुना प्रदर्शन गर्नुहोस् र निर्देशित कथा लेख्ने तरिकाकाबारेमा छलफल गरी निष्कर्ष निकाल्न केही समय दिनुहोस् :

प्रश्न : दिइएका बुँदाहरूका आधारमा छोटो कथा तयार पार्नुहोस् :

कुनै एक ठाउँमा केही कमिलाहरू बस्ने गर्नु - कमिलाहरूकै नजिकैमा एउटा झ्याउाकिरी पनि बस्नु - कमिलाहरूले जाडोका लागि दिनहु खानेकुरा जम्मा गर्नु - झ्याउाकिरी भने काम नगरी सधैँ गीत मात्र गाएर बस्नु - कमिलाहरूले काम गरेको देखेर उल्टो तिनीहरूलाई गिज्याउनु र गीत गाउन बोलाउनु - कमिलाहरूले झ्उाकिरीको कुरा नसुनी आफ्नो काम गरिरहनु - कमिलाहरूले धेरै खानेकुरा जम्मा पार्नु - एक महिनापछि जाडो सुरु हुनु - झ्याउाकिरीलाई भोक लाग्नु - कमिलाहरूसँग खानेकुरा माग्नु - कमिलाहरूले समयमा अल्छी गरेर मिहिनेत नगर्दाको फल यस्तै हुन्छ भन्ने जवाफ दिई खानेकुरा नदिनु ।

<u>आलस्यले दु:ख निम्त्याउँछ</u>

गर्मीको समय थियो । कुनै एक जङ्गलको छेउमा केही कमिलाहरू बस्ने गर्थे । ती कमिलाहरूकै नजिकैमा एउटा झ्याउाकिरी पनि बस्दथ्यो । कमिलाहरूले जाडोका लागि दिनहु मिहिनत गरी खानेकुरा जम्मा गर्ने काम गर्थे । झ्याउाकिरी भने काम नगरी सधै गीत मात्र गाएर बस्दथ्यो । ऊ कमिलाहरूले काम गरेको देखेर उल्टो तिनीहरूलाई बेलाबेलामा गिज्याउने पनि गर्दथ्यो । कहिलेकाहीँ त ऊ “ए ! कमिलाहरू हो, के काम मात्र गरिरहन्छौ ? आओ, ए कमिलाहरू हो, मिलेर गीत गाऔं” भन्थ्यो । कमिलाहरूले त्यो अल्छी झ्याउाकिरीको कुरा सुन्दै नसुनी आफ्नो काम लगातार गरिरहन्थे । यसो गरेर कमिलाहरूले जाडो महिनाका लागि धेरै खानेकुरा जम्मा पारिसकेका थिए ।

एक महिनापछि जाडोको मौसम सुरु भयो । जताततै हिउा परेको थियो । यही समयमा झ्याउाकिरीलाई भोक लाग्यो । बाहिर निस्केर खाना खोज्न पनि निकै जाडो थियो । एक दुई दिन त भोकै बस्यो । भोकले मर्नै आाटेपछि सहनै नसकेर ऊ कमिलाहरूको छेउमा गयो र केही खानेकुरा दिनका लागि अनुरोध गर्‍यो । कमिलाहरूले पहिले उसले काममा अल्छी गरेको र उनीहरूलाई जिस्क्याएको सम्झेका थिए । उनीहरूले झोक्किदै “काम गर्ने बेलामा अल्छी गर्ने र गीत गाएर बस्ने, हामीसँग खानासाना केही छैन, जाऊ ।” भन्ने जवाफ दिए । अल्छी झ्याउाकिरी समयमा काम नगरेकोमा पछुताउँदै र रुँदै आफ्नो दुलोतिर गयो ।

यसरी यस कथाले ‘जाँगरिलाको मुखमा माछा र मासु, अल्छीका आाखामा आासु’ भन्ने शिक्षा दिएको पाइन्छ ।

- माथिको कथाका बुँदा र कथा पढेर निर्देशित बुँदाका आधारमा कथा लेख्ने तरिकाकाबारेमा विद्यार्थीबाट आएको निष्कर्षलाई समाहित गर्दै निर्देशित कथा लेख्दा ध्यान दिनुपर्ने कुरालाई प्रस्ट पार्नुहोस् :

**क्रियाकलाप - ३**

- विद्यार्थीहरूलाई उपयुक्त समूहमा विभाजन गरी निम्न लिखित बुँदाहरू दिई कथा लेखन निर्देशन दिनुहोस् :

कुनै वनमा धेरै परेवाहरू बस्ने गरेका - वनको नजिकै किसानको खेत हुनु - सधैँ परेवाहरूले खेतमा गई धान खाने गर्नु - किसानले परेवाहरूलाई मार्न जाल थाप्नु - परेवाहरूमध्ये बुढो परेवाले जाल देख्नु र त्यहाँ नजान सबै परेवालाई भन्नु - बुढो परेवाको कुरा कसैले नसुन्नु -धान खान जाँदा अरू सबै परेवा जालमा पर्नु - जालमा परेका परेवाहरूले पछुताउँदै जालबाट बचाउने जुक्ति निकाल्न बुढो परेवालाई अनुरोध गर्नु - बुढो परेवाले किसान आएर जाल झिक्दा तिमीहरू सबैले मरेजस्तै गर्नु र जाल झिकेपछि सबै एकसाथ भुर्र उड्नु भन्ने सल्लाह दिनु - उनीहरूले पनि बुढो परेवाले सिकाएजस्तै गर्नु - बुढाको सल्लाहबाट सबै परेवा बााच्नु - आफूभन्दा अग्रजले दिएको सल्लाह नमान्दा दु:ख पाइने सन्देश ।

- विद्यार्थीले कथा लेख्दै गर्दा प्रत्येक समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।
- लेख्ने कार्य पूरागरिसकेपछि समूह समूहका समूह नेताबाट सो कथा कक्षामा पढेर सुनाउन निर्देश गर्नुहोस् ।
- प्रत्येक समूहको प्रस्तुतिपछि अर्को समूहलाई सो प्रस्तुतिको टिप्पणी गर्न प्रोत्साहित गर्नुहोस् ।

- अन्तमा विद्यार्थीले आजको कक्षामा प्रदर्शित गरेका सबल पक्षको प्रशंसा गर्दै सुधार गर्नुपर्ने पक्षहरू औल्याई कक्षा कार्य सम्पन्न गर्नुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

निम्न लिखित प्रश्नहरू सोधी प्रतिबिम्बन/मूल्याङ्कन कार्य सम्पन्न गर्नुहोस् :

(क) निर्देशित बुँदाहरूको आधारमा कथा लेख्दा कुन कुन कुरामा ध्यान दिनुपर्ने रहेछ ?

**५. सिर्जनात्मक कार्य**

(क) तपाईंको गाउँटोलमा प्रचलित कुनै एउटा लोक कथा लेखेर ल्याउनुहोस् ।

(ख) तलका बुँदाहरू पढी एउटा कथा तयार पारेर ल्याउनुहोस् ।

| |
|---|
| एउटा देशका राजा गाउँतिर घुम्न निस्कनु - एउटै उमेरका उस्तै र उत्रै आकारका सुगालाई पिंजडामा राखेर सुगा बेच्न हिंडिरहेको मानिससित भेट हुनु - सुगाको मोल सोध्नु - सुगावालले एउटाको सय रुपियाा र अर्काको पाँच रुपियाा बताउनु - मोलको अन्तर सुगा किन्ने आफैंले थाहा पाउँछ भन्नु - राजाले सुगाहरू लगेर सुत्ने कोठाको बाहिर राख्न लगाउनु - बिहान एउटा सुगाले मिठा मिठा श्लोक र स्तुति भन्न थाल्नु - अर्काले अश्लील गाली मात्र गर्नु - एउटा सुगाले राम्रो कुरा र अर्कोले नराम्रो कुरा मात्र बोलेकोमा राजाले मन्त्रीसँग जिज्ञासा राख्नु - विद्वान्को घरमा पालिएकाले मिठो बोलेको र मूर्खको घरमा पालिएकाले अश्लील बोलेको जवाफ पाउनु - सङ्गत अनुसारको फल हुन्छ भन्ने सन्देश । |

## शिक्षकका लागि थप अध्ययन सामग्री

### १. निर्देशित कथा लेख्नका लागि ध्यान दिनुपर्ने कुराहरू

| |
|---|
| १. दिइएका बुँदाहरूलाई राम्ररी पढी त्यसको मुख्य उद्देश्य र सन्देश पहिचान गर्नुहोस् । |
| २. कथामा उल्लेख भएको घटना र पात्र सुहाउँदो समय र ठाउँको उल्लेख गर्नुहोस् । |
| ३. त्यसपछि दिइएका बुँदाहरूको आधारमा कथाको सुरु, मध्य र अन्त्य भागलाई विस्तार गर्दै जानुहोस् । |
| ४. कथान्तसम्म कथाको उद्देश्य पूराहुने गरी कथाको विषयवस्तु र घटनालाई अगाडि बढाउनुोस् । |
| ५. कथाको घटना र परिवेश परिवर्तनसँगै अनुच्छेद पनि बदल्नुहोस् । |
| ६. दिइएका बुँदाका आधारमा घटना र परिवेशलाई सीमित बनाउनुहोस् । |
| ७. कथालाई रोचक र यथार्थपरक बनाउन छोटा संवाद राख्न सक्नुहुन्छ । |
| ८. बुँदामा दिएभन्दा बढी घटना र पात्रहरू थप्दा कथा धेरै लामो हुन जान्छ । |
| ९. कथाको भाषा सरल, सहज र मौलिक हुनुपर्छ । |
| १०. कथा तयार भइसकेपछि कथाको मुख्य उद्देश्य समेटिने बढीमा तिन शब्दको शीर्षक दिनुहोस् । |

| दिन : नवौं र दसौा | समय : ४५ मिनेट |
|---|---|

**पाठ शीर्षक : माउजङ बाबुसाहेबको कोट (कथा)**

**पाठ्यवस्तु : व्याकरण (वाच्य परिवर्तन)**

**लक्षित सिप विकास : कार्यमूलक व्याकरण**

**१. विशिष्ट उद्देश्य**

यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :

(क) कर्तृ, कर्म र भाव वाच्य पहिचान गर्न

(ख) कर्तृ वाच्यलाई कर्म तथा भाव वाच्यमा परिवर्तन गर्न

## २. शैक्षणिक सामग्री

वाच्य पहिचान तालिका, वाक्यसूची र फलाटिन पाटी

## ३. सिकाइ सहजीकरण प्रक्रिया

**क्रियाकलाप १**

- विद्यार्थीहरूलाई तलको मस्तिष्क मन्थन सम्बन्धी प्रश्न राखी उत्प्रेरणा जगाउनुहोस् र सोही प्रसङ्गलाई जोड्दै आज गरिने मुख्य विषय शैक्षणिक पाटीमा लेखी त्यसकोबारेमा सङ्क्षिप्त जानकारी दिनुहोस् :

  प्रश्न :

> एउटा साथीले भन्यो - म त हिजो बिहानै उठेँ । नास्ता खाएँ । केहीबेर पत्रिका हेरेँ । स्कुल गएँ । पाँच पिरियड पढाएँ । चार बजेपछि घर फर्केँ । अनि एकछिन् मस्त सुतेँ ।
>
> अर्को साथीले त्यही कुरालाई यसरी भन्यो - आफू त हिजो बिहानै उठियो । नास्ता खाइयो । स्कुल गइयो । पाँच पिरियड पढाइयो । चार बजेपछि घर फर्किइयो । अनि एकछिन् मस्त सुतियो ।
>
> अब भन्नुहोस् यी दुई साथीको दुई तरिकाको भनाइमा के फरक पाउनुभयो ?

क्रियाकलाप - २

- विद्यार्थीहरूलाई उपयुक्त समावेशी समूहमा विभाजन गर्नुहोस् । त्यसपछि आफूले तयार गरेर निम्न लिखित वाच्यका किसिम भएको तालिका प्रदर्शन गरी वाच्यका किसिम पहिचान गर्न केही समय दिनुहोस् :

| कर्तृ वाच्य | कर्म वाच्य | भाव वाच्य |
|---|---|---|
| (क) मैले गीत गाउँ । | मबाट गीत गाइयो । | - |
| (ख) म त घरमा नै बस्छु । | - | आफू त घरमा नै बसिन्छ । |
| (ग) ऊ कथा पढ्दै छ । | ऊबाट कथा पढिँदै छ । | - |
| (घ) उनी भोलि पोखरा जाने छिन् । | - | भोलि पोखरा गइने छ । |
| (ङ) नमिता भाइहरूलाई पिट्छिन् । | नमिताबाट भाइहरू पिटिइन्छन् । | - |

- विद्यार्थीहरूबाट आएको निष्कर्षलाई समाहित गरी तलको सामग्रीबाट वाच्य र वाच्य परिवर्तन सम्बन्धी धारणा दिनुहोस् :

> वाच्यको सामान्य अर्थ भनाइ हो । एक किसिमको भनाइलाई अर्को भङ्गितमा प्रस्तुतीकरण गर्नु नै वाच्य परिवर्तन हो । व्याकरण प्रयोजनका आधारमा क्रिया र नामको सम्बन्ध व्यक्त गर्ने वाक्यको विधान वा प्रकारलाई वाच्य भनिन्छ । वाच्यमा क्रियाको विषय वा भनाइ केसँग प्रधानता छ भन्ने कुरा देखाइन्छ । कुनै पनि वाच्यको मुख्य भनाइको सम्बन्ध क्रियासँग हुने हुँदा क्रियाको रूप अर्थात् लिङ्ग, वचन, पुरुष आदिबाट वाच्यलाई चिन्न सकिन्छ ।
>
> वाच्य परिचय र परिवर्तन हुने प्रक्रिया
>
> - क्रियाको असर र फल कर्तामा परेका वाक्यहरू कर्तृ वाच्य हुन् ।
> - क्रियाको व्यापार र फलको असर कर्ममा परेको भने ती कर्म वाच्य हुन् ।
> - क्रियाको  व्यापार फल पनि क्रियाको भावमा परेको छ भने ती वाक्यहरू भाव वाच्य हुन् ।
>
> अत: कर्तृ वाच्य सकर्मक, अकर्मक दुबै हुन सक्छन् । वाच्य परिवर्तन गर्दा कर्तृ वाच्य सकर्मक भए कर्म

वाच्य बनाइन्छ, अकर्मक भए भाव वाच्य बनाइन्छ । त्यस्तै वाच्य परिवर्तन गर्दा कर्म वा भाव वाच्यलाई कर्तृ वाच्यमा रूपान्तरण गरिन्छ ।

**क्रियाकलाप - ३**

- विद्यार्थीहरूलाई उपयुक्त समूहमा विभाजन गरी व्याकरण अभ्यासको प्रश्न न. १ र २ मा दिइएको वाच्य परिवर्तन सम्बन्धी क्रियाकलाप गर्न निर्देशन दिनुहोस् ।
- विद्यार्थीले लेख्दै गर्दा प्रत्येक समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।
- लेख्ने कार्य पूरागरिसकेपछि समूह समूहका समूह नेताबाट गरेको काम भन्न लगाउनुहोस् ।
- प्रत्येक समूहको प्रस्तुतिपछि  अर्को समूहलाई सो प्रस्तुतिमा कुनै गल्ती देखिएमा टिप्पणी गर्न प्रोत्साहित गर्नुहोस् ।

**क्रियाकलाप - ४**

- विद्यार्थीहरूलाई उपयुक्त समूहमा विभाजन गरी व्याकरण अभ्यासको प्रश्न न. ३ र ४ मा दिइएको वाच्य परिवर्तन सम्बन्धी क्रियाकलाप गर्न निर्देशन दिनुहोस् ।
- विद्यार्थीले लेख्दै गर्दा प्रत्येक समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।
- लेख्ने कार्य पूरागरिसकेपछि समूह समूहका समूह नेताबाट गरेको काम भन्न लगाउनुहोस् ।
- प्रत्येक समूहको प्रस्तुतिपछि  अर्को समूहलाई सो प्रस्तुतिमा कुनै गल्ती देखिएमा टिप्पणी गर्न प्रोत्साहित गर्नुहोस् ।
- अन्तमा विद्यार्थीले आजको कक्षामा प्रदर्शित गरेका सबल पक्षको प्रशंसा गर्दै सुधार गर्नुपर्ने पक्षहरू औल्याई कक्षा कार्य सम्पन्न गर्नुहोस् ।

**४. प्रतिबिम्बन/मूल्याङ्कन**

- कोष्ठकमा दिइएको सङ्केतका आधारमा वाच्य परिवर्तन गरी भन्नुहोस् :

(क) एलिनाले उपन्यास लेखिन् । (कर्म वाच्य)

(ख) अशोक विज्ञान पढ्दैछन् ।  (कर्म वाच्य)

(ग) इमानले किस्सा सुनाएर हामीलाई हँसाए । (भाव वाच्य)

(घ) निर्मला छमछम नाचिन् । (भाव वाच्य)

(ङ) अब्दुलद्वारा धेरै खेलियो । (कर्तृ वाच्य)

(च) सङ्गीताबाट गीतहरू गाइए । (कर्तृ वाच्य)

**५. गृहकार्य**

- कोष्ठकमा दिइएको सङ्केतका आधारमा वाच्य परिवर्तन गरी ल्याउनुहोस् :

(क) बद्री दिउसै निदाउँछ । (भाववाच्य)

(ख) आज फुटबल खेल खेलिदै छ । (कर्तृवाच्य)

(ग) म धेरै किसिमका लुगा लगाउँछु । (कर्मवाच्य)

(घ) मनोजद्वारा भकुन्डो खेलिन्छ । (कर्तृवाच्य)

(ङ) हरि सधैं छिटोछिटो हिँड्छ । (भाववाच्य)

## शिक्षकका लागि थप अध्ययन सामग्री

१. वाच्यका प्रकार र वाच्य परिवर्तन :


वाच्य तिन किसिमका छन् ।

१. कर्तृ वाच्य    २. कर्म वाच्य    ३. भाव वाच्य

उदाहरण :

| **कर्तृ वाच्य** | **कर्म वाच्य** |
|---|---|
| अजबले रमेशलाई पिट्यो । (सकर्मक) | अजबद्वारा रमेश पिटियो । |
| दिनेश खेत खन्छ । (सकर्मक) | दिनेशबाट खेत खनिन्छ । |
| निताले घर पोती । (सकर्मक) | निताद्वारा घर पोतियो । |
| **कर्तृ वाच्य** | **भाव वाच्य** |
| विनोद विद्यालय जाँदै छ । (अकर्मक) | विनोदद्वारा विद्यालय गइँदै छ । |
| हामीहरू दिनभर सुत्छौं । (अकर्मक) | हामीहरूद्वारा दिनभर सुतिन्छ । |

२. वाच्य परिवर्तन गर्ने तरिकाको तालिका :




३. वाच्य परिवर्तन गर्ने तरिका :

१. कर्तृ वाच्यमा भएको **ले** विभक्ति चिह्न हटाएर त्यसको सट्टा **द्वारा÷बाट** राख्नु पर्छ । जस्तै :
मैले यो काम गरें । मबाट यो काम गरियो ।

२. वाक्यमा भएका विभिन्न पक्ष वा भावका धातुमा **इ** थपेर कालअनुसारका रूप चलाउनु पर्छ । जस्तै :
रमेश खेत खन्दै छ । रमेशबाट खेत खनिदैछ ।

३. कर्तृ वाच्यलाई कर्म वा भाव वाच्य बनाउँदा कर्तामा द्वारा वा बाट जे राखे पनि हुन्छ । जस्तै :
म किताबहरू लेख्छु । (कर्तृ वाच्य)
मबाट किताबहरू लेखिन्छन् ÷ मद्वारा किताबहरू लेखिन्छन् ।

५. भाव वाच्यमा कर्ता राख्नु अनिवार्य छैन । जस्तै :
हामी दिनभर घरमा नै बस्छौं । (कर्तृ वाच्य) दिनभर घरमा नै बसिन्छ । (भाववाच्य)
ऊ मुसुमुसु हाँस्यो । (कर्तृ वाच्य) मुसुमुसु हाँसिन्छ । (भाववाच्य)

६. कर्तृ वाच्यको कर्ता **म त** भएमा वाच्य परिवर्तन गर्दा त्यसको सट्टा **आफू त** राखिन्छ । जस्तै :
म त चाँडै घर जान्छु ।
आफू त चाँडै घर गइन्छ ।

७. कर्म वाच्यमा बहुवचनिक कर्मपद भएमा क्रियापद पनि कर्मअनुसार बहुवचनिक नै क्रियापदको प्रयोग गर्नुपर्छ । जस्तै :
उसले गाईहरू लखेट्यो ।
उसबाट गाईहरू लखेटिए ।

## थप क्रियाकलाप

**विद्यार्थीहरूलाई निम्नानुसारका प्रश्नहरूको उत्तर लेख्न लगाई उनीहरूको सिकाइको मूल्याङ्कन गर्न सक्नु हुने छ :**

१. तलका शब्द र अर्थको जोडा मिलाउनुहोस् : २

| शब्द | अर्थ |
|---|---|
| चक्षु : | सीमा नभएको, ज्यादा |
| उपहास : | गुन मान्ने, गरेको गुन देख्ने |
| कृतज्ञ : | गिल्ला, खिसी |
| असीम : | आँखा |
| | घमण्ड |

४. कोष्ठकमा दिइएको निर्देशनअनुसार वाच्य परिवर्तन गर्नुहोस् : ३

(क) उसले धेरै गाईहरू किनेर ल्यायो । (कर्म वाच्य )

(ख) म त हिजो दिनभर मस्त सुतें । (भाव वाच्य)

(ग) उमाबाट किताबहरू किनिन्छन् । (कर्तृ वाच्य)

५. तल दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् : ५

गृहमन्त्रीको दौडाहा हुने भएकाले उनको स्वागतको प्रबन्ध मिलाउने समितिले माउजङ बाबुसाहेबलाई निम्त्याएको थियो । नेपालगन्ज बजारमा जानुभन्दा एक दिनअघि नै बडो सावधानीसाथ बाबुसाहेबले आफैंले काटेलाई राम्ररी सुकाएर ब्रस लगाउन थाले । धुलोको मुस्लो नै उठेको जस्तो थियो । कहिले पनि ब्रस लगाएकै रहेनछ । उनले सुसारे, सहयोगी, बैठकेदेखि रानीसाहेबलाई समेत झपारे । "क्या हो यो ? आफैले नगरे हेर्ने देख्ने कोही पनि छैन, होइन के ? यो रास धुलो यो कोटमा । यसलै त यसको रङ नै धमिलिएको । नत्र रङ उठ्ने खालको हो र यो । धुलैधुलोले भरिभराउ पारेर सक्कली रङ नै सखाप भएको पो त । जति गरे पनि धुलो निस्कन छोड्दैन ।" बाबुसाहेबले बडो मुस्किलका साथ कोटलाई झारझुर गरी किलामा झुन्ड्याए । माथिबाट एउटा झुत्रोले बेरे । एउटा कुरा बिझ्न थाल्यो "कति ठाउँमा कोट खुम्चिएको रहेछ । इस्त्री गर्नुपर्ने हो, यहाँ गाउँमा कसलाई दिने ? समस्या नै जटिल थियो । भोलि बिहानै आठ बजे बडा हाकिमकहाँ जानु नपर्ने ..।"

प्रश्नहरू :

(क) माउजङ बाबुसाहेबलाई के कामको लागि निम्ता थियो ?

(ख) उनले कोटलाई कसरी सफा गरे ?

(ग) उनको अर्को समस्या कस्तो थियो ?

(घ) सखाप र जटिल शब्दको अर्थ लेख्नुहोस् ।

(ङ) यस अनुच्छेदका लागि उपयुक्त हुने शीर्षक लेख्नुहोस् ।

६. प्रश्न न. ५ मा दिइएको अनुच्छेदबाट चार ओटा बुँदा टिपोट गरी सारांशसमेत लेख्नुहोस् : ५

७. तल दिइएका बुँदाहरूका आधारमा एउटा छोटो कथा तयार पार्नुहोस् : ५

एउटा देशका राजा गाउँतिर घुम्न निस्कनु - एउटै उमेरका उस्तै र उत्रै आकारका सुगालाई पिंजडामा राखेर सुगा बेच्न हिंडिरहेको मानिससित भेट हुनु - सुगाको मोल सोध्नु - सुगावालले एउटाको सय रुपियाा र अर्काको पाँच रुपियाा बताउनु - मोलको अन्तर सुगा किन्ने आफैंले थाहा पाउँछ भन्नु - राजाले सुगाहरू लगेर सुत्ने कोठाको बाहिर राख्न लगाउनु - बिहान एउटा सुगाले मिठा मिठा श्लोक र स्तुति भन्न थाल्नु - अर्काले अश्लील गाली मात्र गर्नु - एउटा सुगाले राम्रो कुरा र अर्कोले नराम्रो कुरा मात्र बोलेकोमा राजाले मन्त्रीसँग जिज्ञासा राख्नु - विद्वान्को घरमा पालिएकाले मिठो बोलेको र मूर्खको घरमा पालिएकाले अश्लील बोलेको जवाफ पाउनु - सङ्गत अनुसारको फल हुन्छ भन्ने सन्देश ।